# पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी कविताको सर्वेक्षण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी

**शोभा अधिकारी**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०६५

पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी कविताको सर्वेक्षण - शोभा अधिकारी २०६५

सहप्रा.डा. महादेव अवस्थी
शोधनिर्देशक

# पचासको दशक (वि.सं. २०५०–५९) का नेपाली प्रगतिवादी कविताको सर्वेक्षण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
शोभा अधिकारी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६५

## शोधनिर्देशकको मन्तव्य

नेपाली एम.ए. (शैक्षिक वर्ष २०६२/०६४) दोस्रो वर्षका विद्यार्थी शोभा अधिकारीले **पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी कविताको सर्वेक्षण** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यस शोधअध्ययनमा उहाँले आफ्ना स्नातकोत्तरस्तरीय उपाधिका समयगत र सामग्रीगत सीमाका बीचमा रहेर पनि निकै परिश्रमपूर्वक उपलब्ध सामग्रीको विश्लेषण गरी मौलिक निष्कर्ष प्रस्तुत गर्नुभएको छ । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका निम्ति सिफारिस गर्दछु ।

...............................

सहप्रा डा. महादेव अवस्थी
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा शोभा अधिकारीले त्रि.वि स्नातकोत्तर तह (एम.ए) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गर्नुभएको **पचासको दशक (वि.सं. २०५०–२०५९) का नेपाली प्रगतिवादी कविताको सर्वेक्षण** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदी ....................

२. शोधनिर्देशक सहप्रा. डा. महादेव अवस्थी ...................

३. बाह्य परीक्षक उपप्रा. हेमनाथ पौडेल .....................

मिति...................

# कृतज्ञताज्ञापन

**पचासको दशक (वि.सं. २०५०-२०५९) का नेपाली प्रगतिवादी कविताको सर्वेक्षण** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष, दसौं पत्रको प्रयोजनार्थ आदरणीय गुरु सह.प्रा.डा. महादेव अवस्थीज्यूको निर्देशनमा तयार पारेकी हुँ । उहाँले आफ्ना विविध व्यस्तताहरूबीच आफ्नो अमूल्य समयको पर्वाह नगरी मलाई प्रेरणा, सुझाव, सल्लाह र निर्देशन दिनु भएकाले नै यो शोधपत्र यस रूपमा तयार हुन सकेको हो । यसका लागि श्रद्धेय गुरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदीप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यस्तै अनुपलब्ध पुस्तक पत्रपत्रिकाहरू उपलब्ध गराई हरहमेशा सहयोग र उत्प्रेरणा प्रदान गर्नुहुने गुरु सुकुम शर्माप्रति पनि म आभारी छु । सामग्री सङ्कलन कार्यमा सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालय, प्रगतिशील लेखक सङ्घ, वेदना प्रकाशन परिवार र जनसांस्कृतिक महासंघको अमूल्य सहयोग पनि मेरा लागि अत्यन्त उल्लेखनीय रहेको छ ।

'पचासको दशकका नेपाली प्रगतिवादी कविताको सर्वेक्षण' शीर्षक आफैंमा पनि जटिल र चुनौतीपूर्ण थियो । विभागद्वारा यस शीर्षकमा शोधलेखनमा स्वीकृति प्राप्त भएपछि कविताकृतिहरूको खोज अत्यन्त जटिल बनेको थियो । कविता सङ्ग्रह, खण्डकाव्य र महाकाव्यहरू यो दशकमा प्रशस्त मात्रामा लेखिएका भए पनि राजनीतिक सङ्क्रमणमा गुज्रिएको यो समयका कृतिहरू बजारमा उपलब्ध हुनु अत्यन्त कठिन थियो । स्नातकोत्तरस्तरीय शोधलेखन र समयसीमाका कारण प्रशस्त मात्रामा खोजअनुसन्धान हुन सकेन । सामग्री सङ्कलनको जटिल समयमा आफूसँग भएका कृतिहरू दिएर शोधपत्र तयार पार्न सहयोग गर्नु हुने रत्नराज्य क्याम्पसका गुरु हेमनाथ पौडेलप्रति म ऋणी छु । त्यसैगरी केही स्रष्टाहरू स्वयम्ले गर्नुभएको सहयोग र उहाँहरुको जागरुकता मेरा लागि अविस्मरणीय बनेको छ । शोधका क्रममा सामग्री उपलब्ध गराएर तथा कविहरूसँग सम्पर्कको माध्यम बताएर अत्यन्त सहयोग गर्नु हुने विवेक सिर्जनशील प्रकाशन प्रा.लि. का विजयराज आचार्यप्रति पनि आभार व्यक्त गर्दछु साथै शोधसीमा र सामग्रीको सहज प्राप्यताका अभावकाबीच तयार भएको यस शोधपत्रलाई भविष्यका अरू साहित्यप्रेमी अध्येताहरूले अझ फराकिलो ढङ्गमा अध्ययन, अनुसन्धान गरी अगाडि बढाउनुहुनेछ भन्ने आशा एवम् विश्वास लिएकी छु ।

अनेक बाधाअड्चन तथा अप्ठ्याराहरू आइपर्दा पनि मलाई उचित साधन, समय र वातावरण दिएर मेरो अध्ययनलाई निरन्तरता दिनुहुने मेरा आदरणीय आमा जुनु अधिकारी तथा बुबा कृष्णप्रसाद अधिकारीप्रति आजीवन ऋणी रहनेछु साथै बहिनी प्रभा अधिकारी र भाइ प्रदीप अधिकारीप्रति पनि अनुगृहीत छु ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा हरक्षण सहयोग गर्नुहुने मेरा सहृदयी मित्रहरू अमृता रेग्मी र सोम घिमिरेको सहयोग मेरो लागि अविस्मरणीय छ । त्यस्तै साथीहरु योगेन्द्रमणि दाहाल, शोभा गिरी र उमेश पोखरेल, रमेशकुमार पौडेल, तोम सिटौलालाई पनि सम्झन चाहन्छु । सङ्कलित सामग्रीहरू झर्को नमानीकन शुद्धताका साथ टङ्कन गरिदिने 'जी' कम्प्युटर सेन्टरका जितेन महर्जनलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

**शोभा अधिकारी**
**शैक्षिक सत्र २०६२/६४**
**रोल नं. ७**
**त्रि.वि. नेपाली केन्द्रीय विभाग**

# विषयसूची


पृष्ठ

**पहिलो परिच्छेद**

**शोधपरिचय** १–६

**१.१ शोधशीर्षक** १

**१.२ शोधको प्रयोजन** १

**१.३ विषयपरिचय** १

**१.४ समस्याकथन** २

**१.५ शोधकार्यको उद्देश्य** २

**१.६ पूर्वकार्यको समीक्षा** २

**१.७ शोधकार्यको औचित्य र महत्त्व** ५

**१.८ शोधकार्यको सीमाङ्कन** ५

**१.९ शोधविधि** ६

**१.१० शोधपत्रको रूपरेखा** ६

**दोस्रो परिच्छेद**

**प्रगतिवादको सैद्धान्तिक मान्यता र कवितामा त्यसको प्रयोग** ७–२६

**२.१ प्रगतिवाद : सैद्धान्तिक परिचय** ७

**२.१.१ प्रगतिवादको दार्शनिक आधार** ८

**२.१.२ द्वन्द्वात्मक भौतिकवाद** ८

**२.१.३ ऐतिहासिक भौतिकवाद** १०

**२.२ कलासाहित्यमा प्रगतिवादी दृष्टिकोण** १२

**२.२.१ कलासाहित्यको प्रयोजन र वर्गीय पक्षधरता** १४

**२.२.२ अन्तर्वस्तु र रूपबीच द्वन्द्वात्मक सम्बन्ध** १७

**२.३ कवितामा प्रगतिवादको प्रयोग** २१

**तेस्रो परिच्छेद**

**पचासको दशक (वि.सं. २०५०–०५९) का नेपाली प्रगतिवादी कवितासङ्ग्रह** २७–७९

**३.१ नेपाली प्रगतिवादी कवितालेखनमा पचासको दशक** २७

**३.२ पचासको दशक (वि.सं. २०५०–५९) का कवितासङ्ग्रहहरूको सर्वेक्षण** २९

**३.२.१ बैसालु वर्तमान (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३२

**३.२.२ गोविन्दले ठीक भन्यो (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३३

**३.२.३ क्षितिजभित्रका गाउँहरू (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३४

**३.२.४ बन्दी आस्थाहरू (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३५

**३.२.५ बोको खस्यो (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३६

**३.२.६ राष्ट्रले शोक धुन बजाएको छ (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३७

**३.२.७ सङ्कल्प (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३८

**३.२.८ सरोज ओलीका कविता (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३९

**३.२.९ रगतको मूल्य (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ३९

**३.२.१० आकुञ्चन (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४०

**३.२.११ लहरिएका आकाङ्क्षाहरू (२०५२) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४१

**३.२.१२ असमर्थ श्लोक (२०५२) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४२

**३.२.१३ म उभिएको ठाउँ (२०५२) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४२

**३.२.१४ हुरीका स्पन्दनहरू (२०५२) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४३

**३.२.१५ यक्ष प्रश्नहरू (२०५३) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४४

**३.२.१६ तानाशाहलाई प्रश्न (२०५३) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४४

**३.२.१७ आजका स्वरहरू (२०५३) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४५

**३.२.१८ सृष्टिकर्ता (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४६

**३.२.१९ शङ्कैशङ्का (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४७

**३.२.२० बाघले घाँस खायो (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४७

**३.२.२१ तुवाँलोभित्र र तुवाँलोबाहिर (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४८

**३.२.२२ समयान्तर/दुर्घटनाहरू (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ४९

**३.२.२३ परिवेश र म (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण** ५०

३.२.२४ मृत्युपर्व होइन मेरो देश (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५०

३.२.२५ युद्धघोष (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५१

३.२.२६ पाइलाहरू शिखरतिर उकासिदै गर्दा (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५२

३.२.२७ यात्रा मुक्तिशिखरको (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५३

३.२.२८ म प्रतिध्रुवीय यात्री (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५४

३.२.२९ घाम छेक्ने पहाड (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५४

३.२.३० मनका गुनासा (२०५६) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५५

३.२.३१ इतिहासको यस घडीमा (२०५६) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५६

३.२.३२ सेतो दरबारको छेउबाट (२०५६) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५७

३.२.३३ अभिव्यक्तिका सुत्रहरू (२०५६) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५८

३.२.३४ देश कहाँ छ ? (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ५९

३.२.३५ हातहरू (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६०

३.२.३६ यसपल्ट पनि बाली लागेन (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६१

३.२.३७ माफ गर बहिनी चिन्न सकिन (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६२

३.२.३८ जुनको देशबाट (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६३

३.२.३९ फिलिङ्गो (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६४

३.२.४० नालिस (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६४

३.२.४१ शहीदको सम्झना (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६५

३.२.४२ युग नृत्य (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६६

३.२.४३ यात्रा (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६७

३.२.४४ कुहिरो र काग (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६८

३.२.४५ अचेतन मनहरू (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ६९

३.२.४६ अराजक अक्षरहरू (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७०

३.२.४७ बगिरहेको सुनकोशी (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७१
३.२.४८ आमाछोरी (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७२
३.२.४९ जिन्दगीको सन्धिसर्पन (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७३
३.२.५० आस्था, ओ मेरी प्रिया (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७४
३.२.५१ प्रहर (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७५
३.२.५२ पुतली र भुसिल्किरा (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७६
३.२.५३ शताब्दीको पहिलो बिहानी (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७६
३.२.५४ परिवेश (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७७
३.२.५५ यसरी देश मरिरहेछ (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण ७८

**चौथो परिच्छेद**

**पचासको दशक (वि.सं. २०५०–५९) का नेपाली प्रगतिवादी खण्डकाव्य** ८०–९५

४.१ पचासको दशक (वि.सं. २०५०–५९) का नेपाली प्रगतिवादी खण्डकाव्यहरू ५०
४.२ पचासको दशक (वि.सं. २०५०–५९) का नेपाली प्रगतिवादी खण्डकाव्यहरूको सर्वेक्षण ८०
४.२.१ मुक्तिका मुटु (२०५०) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण ८०
४.२.२ गतिमान् गण्डकी (२०५०) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण ८२
४.२.३ लाली (२०५३) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण ८४
४.२.४ विजयका बाँसुरी (२०५३) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण ८६
४.२.५ श्रद्धाञ्जली (२०५७) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण ८९
४.२.६ आगोको यात्रा (२०५७) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण ९१
४.२.७ बन्दी र चन्द्रागिरि (२०५८) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण ९३

**पाँचौं परिच्छेद**

**पचासको दशक (वि.सं. २०५०–५९) का नेपाली प्रगतिवादी महाकाव्य** ९६–१०८

५.१ पचासको दशक (वि.सं. २०५०–५९) का नेपाली प्रगतिवादी महाकाव्यहरू ९६

५.२ पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी महाकाव्यहरूको सर्वेक्षण ९६

५.२.१ सोल्मू (२०५३) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण ९६

५.२.२ औंसीका फूलहरू (२०५४) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण ९८

५.२.३ पुष्पाञ्जलि (२०५७) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण १००

५.२.४ शहीद गाथा (२०५७) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण १०३

५.२.५ सिमाना (२०५८) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण १०५

५.२.६ गौरीशङ्कर (२०५८) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण १०६

छैटौं परिच्छेद

**निष्कर्षात्मक उपसंहार** १०९-११८

६.१ उपसंहार १०९

६.२ निष्कर्ष ११२

सन्दर्भग्रन्थसूची ११९-१२५

# सङ्क्षेपीकृत शब्दसूची

| *सङ्क्षिप्त रूप* | *पूर्णरूप* |
|---|---|
| अनु. | अनुवाद |
| ई. | इस्वी सन् |
| सं | सम्पादक |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| दो.सं. | दोस्रो संस्करण |
| ते.सं. | तेस्रो संस्करण |
| चौ.सं. | चौथो संस्करण |
| पाँ.सं. | पाँचौं संस्करण |
| छै.सं. | छैटौं संस्करण |
| सम्पा. | सम्पादन |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम सम्वत् |
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |
| सा. | साप्ताहिक |
| प्र.ले.स. | प्रगतिशील लेखक सङ्घ |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक **पचासको दशक (वि.सं. २०५०–२०५९) का नेपाली प्रगतिवादी कविताको सर्वेक्षण** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

जीवन र जगतलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट हेर्नु मार्क्सवाद हो भने सोहीअनुसार साहित्य सिर्जना गर्नु प्रगतिवाद हो । प्रगतिवादले चेतनाको स्रोत ईश्वर वा आत्मालाई नमानेर वस्तु, पदार्थ र समाजको उत्पादन सम्बन्धलाई मान्दछ र समाजको यही उत्पादन सम्बन्धलाई केन्द्र बनाएर जीवनको यथार्थवादी अभिव्यक्ति गर्ने साहित्य नै प्रगतिवादी साहित्य हो । समाजमा व्याप्त रहेका सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक शोषणको अन्त्य गर्दै समतामूलक समाजको निर्माणका लागि क्रान्तिकारी र जागरणधर्मी स्वर उराल्नु नै प्रगतिवादी साहित्यको मुख्य उद्देश्य हो ।

वि.सं. २००७ सालको राजनीतिक क्रान्ति र कम्युनिष्ट पार्टीको स्थापना सँगसँगै सुरु भएको नेपाली प्रगतिवादी कविता धाराले समयको गतिशीलता सँगसँगै विभिन्न घुम्ती पनि पार गरिसकेको छ । वि.सं. २००८ मा प्रकाशित कृष्णचन्द्रसिंह प्रधानको 'भन्ज्याङ्गनिरै' कवितासङ्ग्रहबाट औपचारिक यात्रा थालनी गरेको नेपाली प्रगतिवादी कविता आज एक सशक्त धाराका रूपमा स्थापित भएको छ । द्वन्द्वात्मक भौतिकवादी ढङ्गबाट समाजवादी यथार्थवादी कथ्य र कथन पद्धतिको स्पष्ट निर्वाह गरी कविता रचना गर्नु नै प्रगतिवादको पहिचानगत विशेषता हो । धरणीधर कोइराला, महानन्द सापकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल लगायतका कविहरूको सबल पृष्ठभूमि पाएर हुर्कदै आएको प्रगतिवादी कविताले युद्धप्रसाद मिश्र, पारिजात, कृष्णचन्द्रसिंह प्रधान, भूपी शेरचन, जनकप्रसाद हुमागाई, केवलपुरे किसान, गोकुल जोशी, कृष्ण सेन 'इच्छुक', विमल निभा, रामचन्द्र भट्टराई, बलभद्र भारती, पूर्णविराम, ईश्वरचन्द्र ज्ञवाली, मित्रलाल पंज्ञानी, अनिल श्रेष्ठ, रामप्रसाद ज्ञवाली, अनिल पौडेल, अमर गिरी लगायतका कविहरूलाई पनि जन्माइसकेको छ ।

पचासको दशकबाट निकै मौलाएर आएका नेपाली प्रगतिवादी कविताहरूको स्पष्ट अध्ययन नभएको परिप्रेक्ष्यमा तिनै कविताहरूको सर्वेक्षण यस शोधकार्यमा गरिएको छ ।

## १.४ समस्याकथन

यस शोधकार्यको क्षेत्र वि.सं. २०५० देखि २०५९ सालसम्म प्रकाशित भएका नेपाली प्रगतिवादी कविता, खण्डकाव्य र महाकाव्यहरूको सर्वेक्षण गर्नु हो । द्वन्द्वात्मक तथा ऐतिहासिक, भौतिकवादी विश्व दृष्टिकोणमा आधारित रहेर आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक शोषणका विरुद्ध सचेत भई लेखिएका नेपाली प्रगतिवादी कविता, खण्डकाव्य र महाकाव्यहरूको पहिचान यस शोधकार्यमा गरिएकोले यसका समस्याहरू निम्नलिखित रहेका छन्-

१. प्रगतिवादको सैद्धान्तिक र दार्शनिक आधार के हो र कवितासम्बन्धी प्रगतिवादी मान्यता केकस्तो छ ?

२. पचासको दशक (वि.सं. २०५०-२०५९) का नेपाली प्रगतिवादी कवितासङ्ग्रहहरू केकस्ता छन् ?

३. पचासको दशकमा केकस्ता नेपाली प्रगतिवादी खण्डकाव्यहरू रचिए ?

४. पचासको दशकमा रचिएका नेपाली प्रगतिवादी महाकाव्यहरू केकस्ता छन् ?

## १.५ शोधकार्यको उद्देश्य

पचासको दशकका प्रगतिवादी कविता, खण्डकाव्य र महाकाव्यको सर्वेक्षण गर्नु यस शोधको मूल उद्देश्य हो । उल्लिखित शोध समस्याहरूका परिप्रेक्ष्यमा शोधका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

१. प्रगतिवादको सैद्धान्तिक दार्शनिक आधार पहिल्याई कवितासम्बन्धी प्रगतिवादी मान्यताको निक्र्यौल गर्नु ।

२. पचासको दशकका नेपाली प्रगतिवादी कवितासङ्ग्रहहरूको प्रवृत्तिगत सर्वेक्षण गर्नु ।

३. पचासको दशकका नेपाली प्रगतिवादी खण्डकाव्यहरूको प्रवृत्तिगत सर्वेक्षण गर्नु ।

४. पचासको दशकका नेपाली प्रगतिवादी महाकाव्यहरूको प्रवृत्तिगत सर्वेक्षण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

यस शोधकार्यको समस्यामा उल्लिखित विषयहरूको समग्र अध्ययन र विश्लेषण हालसम्म भएको पाइँदैन । समग्र अध्ययन नभए तापनि स्नातकोत्तर शोधपत्रहरू, पुस्तकाकार कृतिहरू, समीक्षात्मक कृतिहरू र फुटकर लेखहरू भने

प्रशस्त रहेका छन् । यस शोधकार्यसँग सम्बन्धित केही महत्त्वपूर्ण पूर्वकार्यहरू यसप्रकार छन् :

जगदीशचन्द्र भण्डारीद्वारा लिखित **साहित्य : चिन्तन र विवेचना** (२०५०) प्रगतिवादी काव्यधारासँग सम्बन्धित कृति हो । यसमा प्रगतिवादी नेपाली कविताको परम्परा र प्रमुख कविहरूका काव्य प्रवृत्तिका सम्बन्धमा चर्चा गरिएको छ । यस पुस्तकले शोधकार्यका केही समस्या समाधानमा सहयोगी भूमिका खेलेको छ ।

चैतन्यले 'कलम' पत्रिकाको (७ : १, पौष, २०५१) मा प्रकाशित 'समकालीन नेपाली कविता : एक संक्षिप्त मूल्याङ्कन' शीर्षकको लेखमा आजको नेपाली प्रगतिवादी कविताले नेपाली समाजको अहिलेको वर्गसङ्घर्षको यथार्थलाई सही ढङ्गले अभिव्यक्ति दिने काम गरिरहेको बताएका छन् । यस लेखले पचासको दशकका नेपाली प्रगतिवादी काव्यहरूको प्रवृत्ति केलाउन धेरै सहयोग पुऱ्याएको छ ।

ऋषिराज बरालले 'कलम' (४ : १/१३-१४, वैशाख २०५३) मा 'प्रगतिवादी नेपाली कविता र यथार्थबोधको प्रश्न' शीर्षकको लेखमा नयाँ जनवादको पक्षधर बन्दै जनमुक्तिका लागि चलाइएका लडाइँबाट स्वर र सङ्गीत लिएर सिर्जना गरिएका प्रगतिवादी कविताहरूले यथार्थको गत्यात्मक पक्षलाई संश्लेषण गरी कलात्मक उद्बोधन गरेका तथ्य प्रस्तुत गरेका छन् । बरालको उक्त लेख शोधकार्यका लागि सहयोगी बनेको छ ।

जगदीशचन्द्र भण्डारीले 'प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास (२०००-२०१७) (विद्यावारिधि शोधप्रबन्ध, २०५३)' शीर्षकको शोधप्रबन्धमा २०००-२०१७ सालबीचको सीमामा केन्द्रित भई सो अवधिमा सिर्जित प्रगतिवादी कविताहरूको चिरफार गरेका छन् ।

ताराकान्त पाण्डेयले 'द्वन्द्वरत वर्तमान र वर्तमानको कविता लेखन' शीर्षकमा 'कलम' पत्रिका (५ : २/१५, असार, २०५४) मा एक लेख प्रकाशित गर्दै नेपालमा चलेको जनयुद्धको समयमा रचना गरिएका कविताहरूको विश्लेषण गरेका छन् ।

ताराकान्त पाण्डेयले 'प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ' (विद्यावारिधि, शोधप्रबन्ध, त्रि.वि. २०५५) शीर्षकको शोधपत्रमा २०१७ पूर्वको कविता सिर्जनालाई ऐतिहासिक सन्दर्भमा राख्दै २०१७ देखि २०४५ को अवधिमा सिर्जित प्रगतिवादी कवितालाई विशेष केन्द्रित गरेका छन् । प्रस्तुत शोधपत्रमा विश्लेषित कवितामा यथार्थलाई पर्याप्त आभ्यन्तरीकरण गरी त्यसलाई आवेगात्मक संश्लेषण प्रदान गरिएको छ ।

चैतन्यले 'कलम' (८ : १/२१-२४, मङ्सीर-माघ २०५६) मा 'इतिहासको यस घडीमा' कवितासङ्ग्रहको समीक्षात्मक विश्लेषण प्रस्तुत गरेका छन् । 'इच्छुक रचित 'इतिहासको यस घडीमा' शीर्षक कवितासङ्ग्रहबारे' नाम दिइएको प्रस्तुत लेखमा चैतन्यले इच्छुक यस कवितासङ्ग्रह मार्फत् प्रगतिवादी काव्यकलाका निष्ठावान् शिल्पी बन्न पुगेको विचार व्यक्त गरेका छन् ।

अनिरुद्ध तिमसिनाले 'प्रलेस' पत्रिकाको (७ : १३, फागुन, २०५९) 'समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू' शीर्षकको समीक्षात्मक लेखमा आजका नपाली कविताको मूलधार प्रगतिवादी- प्रगतिशील कविता धारा नै हो भन्दै यो अझ व्यापक, विस्तृत र विशिष्ट बन्दै अगाडि बढिरहेको चर्चा गरेका छन् । समकालीन यथार्थलाई अभिव्यञ्जना गर्ने दृष्टिले होस् वा युगबोधका दृष्टिले प्रगतिवादी कविताको अग्रता देखिन्छ भन्दै उनले मूल प्रवृत्ति यथार्थवादलाई बनाएका प्रगतिवादी कविताहरू वैचारिक स्पष्टता, पारदर्शिता र क्रान्तिदर्शिताका साथ अघि बढेका र रूपवादी, भाववादी वा आधुनिकतावादी प्रवृत्तिलाई छाडेर सुधारवादी दिशातर्फ उन्मुख देखिएको बताएका छन् । यस लेखबाट शोधपत्रमा समाविष्ट कविताहरूको सर्वेक्षण गर्ने कार्यमा सहयोग पुगेको छ ।

रमेशप्रसाद भट्टराईले 'वेदना' (१:३३, जेठ २०६३ गणतन्त्रकविता विशेषाङ्क) मा 'गणतन्त्र र नेपाली कविता' शीर्षकको लेख मार्फत् २००७ देखि २०६२/६३ सम्मका कविताहरूको समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् । उक्त लेखमा उनले २०५० को दशक नेपाली राजनीतिमा उथलपुथलकारी दशकका रूपमा रहेको तथा लोकतन्त्रका लागि समर्पित जनताले आन्दोलन गरी ल्याएको बहुदलीय प्रजातन्त्रमा भ्रष्टाचार, पदलोलुपता र दरबारिया षडयन्त्र बढ्दै गएको बताएका छन् । देश सशस्त्र द्वन्द्वको मारमा परी नेपाली जनताले भोगेका पीडा, दमन र हत्याका यथार्थ चित्र यस समयका कविताहरूमा रहेको भट्टराई बताउँछन् । प्रस्तुत लेखले शोधका कवितासङ्ग्रहहरूको प्रवृत्तिगत विश्लेषण गर्न सघाउ पुऱ्याएको छ ।

हेमनाथ पौडेलले 'झिसमिसे' (४१ : २९, माघ-फागुन-चैत्र, २०६४) पत्रिकामार्फत 'प्रगतिवादी नेपाली कविता पृष्ठभूमि, प्रारम्भ र विकास' शीर्षकको समीक्षात्मक लेखमा नेपाली प्रगतिवादी कविताको उठानविन्दुदेखि लिएर हालसम्मका प्रगतिवादी कविताहरूको चर्चा गरेका छन् । नेपाली प्रगतिवादी कविताको विकास प्रक्रियालाई धारागत रुपमा छुट्याउँदै प्रस्तुत लेखमा पचासको दशकका कविता कृतिहरु र फुटकर कविहरूका बारेमा पनि सूचना दिइएको छ । वैचारिक सशक्तताका साथ राजनीतिक सामाजिक उथलपुथलका घटना र

परिघटनाको चापबाट गुज्रँदै युगीन यथार्थको प्रस्तुति यस चरणका कविताहरूले गरेका कुरा पौडेलले उल्लेख गरेका छन् । यस शोधपत्रका लागि प्रस्तुत लेखले निकै सहयोगी भूमिका खेलेका छ ।

मातृका पोखरेल विशेष अङ्कका रुपमा प्रकाशित 'जनमत' (वर्ष २४, पूर्णाङ्क १२६, २०६४) यस शोधपत्रका लागि महत्त्वपूर्ण आधार सामग्रीका रुपमा रहेको छ । कवि मातृका पोखरेलका जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी विविध सामग्रीहरू प्रस्तुत भएको जनमतको यस अङ्कले मातृका पोखरेलको कविता कृतिलाई विश्लेषण गर्न सघाउ पुऱ्याएको छ ।

'नौलो बिहानी' (वर्ष ११, अङ्क १, २०६५) मा राजेन्द्र सुवेदीले ''बन्दी र चन्द्रागिरि' का कवि इच्छुक विचार, कला र संवेदनाका सङ्गममा' शीर्षकको समीक्षात्मक लेख प्रस्तुत गरेका छन् । कवि इच्छुकद्वारा लिखित 'बन्दी र चन्द्रागिरि' लाई विविध कोणबाट विश्लेषण गरिएको प्रस्तुत लेख यस शोधपत्रका लागि निकै सहयोगी सामग्री बनेको छ ।

माथि उल्लेख गरिएका विभिन्न पुस्तकहरू शोधपत्रहरू तथा पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर समीक्षात्मक लेखहरू प्रस्तुत शोधकार्यका लागि महत्त्वपूर्ण आधारसामग्रीका रूपमा रहेका छन् ।

### १.७ शोधकार्यको औचित्य र महत्त्व

पूर्वकार्यको समीक्षाबाट के स्पष्ट भएको छ भने नेपाली प्रगतिवादी कविताबारे केही पूर्व अध्ययनहरू भएका छन् तर पछिल्ला चरणका प्रगतिवादी कविताहरूका सन्दर्भमा कुनै अनुसन्धानमूलक कार्य भएको छैन । तसर्थ पचासको दशकका प्रगतिवादी कविताको अनुसन्धानमूलक अध्ययन गर्नु नै यस शोधको औचित्यपूर्ण र महत्त्वपूर्ण प्राज्ञिक कार्य ठहरिन आउँछ । वि.सं. २०५० सालदेखि २०५९ सम्मका प्रगतिवादी कवितासङ्ग्रह, खण्डकाव्य र महाकाव्यहरूको पहिचान गरी तिनको प्रवृत्तिगत सर्वेक्षण गरिएको हुनाले यस शोधबाट निकै नयाँ कुराहरू प्रकाशमा आएका छन् । त्यसैले यस शोधको औचित्य स्वतः स्पष्ट छ ।

### १.८ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा वि.सं. २०५० देखि २०५९ सम्म प्रथम प्रकाशनका रूपमा प्रकाशित नेपाली प्रगतिवादी कवितासङ्ग्रह, खण्डकाव्य र महाकाव्यहरूको सर्वेक्षण गरिएको छ ।

१.	वि.सं. २०५० भन्दा अघि र २०५९ भन्दा पछिका कुनै पनि काव्य कृतिलाई यस अध्ययनभित्र समेटिएको छैन ।

२.	यस शोधपत्रमा वि.सं. २०५० देखि २०५९ सालबीचमा नै प्रकाशित भए पनि फुटकर रूपका कविताहरूको अध्ययन गरिएको छैन ।

३.	नेपाली प्रगतिवादी कविता, खण्डकाव्य र महाकाव्यहरूको सर्वेक्षण गर्ने क्रममा शोधका समयमा प्राप्त भएसम्मका सम्पूर्ण कृतिहरूको प्रवृत्तिगत सर्वेक्षण यस शोधकार्यमा गरिएको छ ।

४.	देश बाहिरबाट प्रकाशित भएका कुनै पनि काव्य कृतिलाई शोधकार्यमा समावेश गरिएको छैन ।

५.	कवितासङ्ग्रहहरूको प्रवृत्तिगत सर्वेक्षण गर्ने क्रममा मार्क्सवादी विश्वदृष्टिकोणमा आधारित भएर मात्र प्रवृत्ति केलाइएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्दा सामग्री सङ्कलनका लागि प्रमुख रूपमा पुस्तकालयीय अध्ययन पद्धतिलाई अंगालिएको छ । यसका साथै विषय विशेषज्ञसँग सम्पर्क गरी उनीहरूसँगको छलफल र अन्तर्वार्ताबाट पनि सामग्री सङ्कलन गरिएको छ । आवश्यकता अनुसार आगमनात्मक र निगमनात्मक दुवै पद्धतिको अनुशरण गर्दै वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्न परिच्छेदहरूमा विभाजन गरी शोधपत्र तयार पारिएको छ ।

१. पहिलो परिच्छेद : शोधपत्रको परिचय

२. दोस्रो परिच्छेद : प्रगतिवादको सैद्धान्तिक मान्यता र कवितामा त्यसको प्रयोग

३. तेस्रो परिच्छेद : पचासको दशकका प्रगतिवादी कविताहरूको सर्वेक्षण

४. चौथो परिच्छेद : पचासको दशकका प्रगतिवादी खण्डकाव्यहरूको सर्वेक्षण

५. पाँचौ परिच्छेद : पचासको दशकका प्रगतिवादी महाकाव्यहरूको सर्वेक्षण

६. छैटौं परिच्छेद : निष्कर्षात्मक उपसंहार

अन्त्यमा सन्दर्भसामग्री सूची राखिएको छ ।

## दोस्रो परिच्छेद

# प्रगतिवादको सैद्धान्तिक मान्यता र कवितामा त्यसको प्रयोग

### २.१ प्रगतिवाद : सैद्धान्तिक परिचय

प्रगतिवाद विश्व साहित्यमा नै बहुचर्चित साहित्य सिद्धान्त हो । यो मार्क्सवादी सौन्दर्यशास्त्रका रूपमा स्थापित रहेको छ । जर्मनीका कार्ल मार्क्स (१८१८-१८८३) ले आफ्ना सहकर्मी फेडरिक एङ्गेल्स (१८२०-१८९५) सँग मिलेर प्रतिपादन गरेको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादलाई नै मार्क्सवाद भनिन्छ । यही मार्क्सवादी दार्शनिक धरातलबाट नै प्रगतिवाद निर्मित भएको हो ।[१] प्रगतिवाद यथार्थविरोधी साहित्य सिद्धान्त नभएर यथार्थलाई क्रान्तिकारी दृष्टिकोणका रूपमा हेर्ने साहित्य सिद्धान्त हो । अतः कलासाहित्यमा प्रचलित यथार्थवादी चिन्तन परम्पराले प्रगतिवादी साहित्य सिद्धान्तको पृष्ठभूमिको निर्माण गरेको हुँदा प्रगतिवादको ऐतिहासिक परम्पराको अध्ययनका क्रममा प्रगतिवादपूर्व यथार्थवादी चिन्तन परम्पराले खेलेको भूमिकालाई बिर्सन मिल्दैन ।[२] नेपाली बृहत् शब्दकोशले यसलाई मार्क्सवादबाट प्रभावित साहित्य-सिद्धान्तका रूपमा चिनाएको छ ।[३] यसले सर्वहारा वर्गको मुक्तिका पक्षमा वकालत गर्दछ । धार्मिक आडम्बर, अन्धविश्वास र पुँजीवादी- सामन्तवादी शोषणका विरुद्ध आवाज उठाउँदै मानवीय चेतना, श्रम र भौतिक संसारप्रति यसले विश्वास राख्दछ । यसले मान्छे र मान्छेको श्रम तथा शक्तिलाई परिवर्तनको वाहक ठान्दै मान्छेद्वारा मान्छेमाथि गरिने शोषण, दमन, उत्पीडनको विरोध गर्दै स्वच्छ, स्वस्थ र सुन्दर समाजको निर्माणतर्फ जुट्न जनआह्वान गर्दछ । अतः यिनै दृष्टिकोण, मान्यता, प्रवृत्ति र आदर्शहरूको साहित्यिक अभिव्यक्तिलाई प्रगतिवाद भनिन्छ ।[४] 'प्रगतिवाद' शब्दको अर्थको विश्लेषण गर्दा यसले बुझाउने सामान्य अर्थ यथास्थितिका विरुद्धको सामान्य प्रगति वा उन्नति नभई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनमा आधारित विशिष्ट साहित्यिक मान्यताका रूपमा नै यसको विशिष्ट तात्पर्य प्रकट हुन आउँछ । प्रगतिशील साहित्य वा विचारमा यथास्थितिका विरुद्धको आलोचना सामान्य रूपमा रहन्छ तर त्यो मार्क्सवादमा आधारित वा त्यससँग सम्बन्धित हुनैपर्ने अपरिहार्यता

---

१ ऋषिराज बराल, **प्रगतिवाद,** (विराटनगर : हाम्रो साहित्य सदन, २०४९) पृ. १ ।

२ देवीप्रसाद गौतम, **प्रगतिवाद : परम्परा र मान्यता** (काठमाडौं : श्रीमती मुना गौतम, २०४९) पृ. ७ ।

३ वासुदेव त्रिपाठी, बल्लभमणि दाहाल (सम्पा.), **नेपाली बृहत् शब्दकोश** छै.सं. (काठमाडौं : ने.रा.प्र.प्र., २०६०), पृ. ८१३ ।

४ कुमारबहादुर जोशी, **पाश्चात्य साहित्यका प्रमुख वाद,** दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०५१) पृ. ६७ ।

रहँदैन भने प्रगतिवाद चाहिँ मार्क्सवादकै दार्शनिक मान्यतामा आधारित हुनुपर्ने अपरिहार्यता रहन्छ ।

### २.१.१ प्रगतिवादको दार्शनिक आधार

प्रगतिवादको मूल दर्शन मार्क्सवाद हो । मार्क्सवाद अनुप्राणित विचारधारा प्रगतिवाद भएकाले प्रगतिवादलाई बुझ्नका लागि मार्क्सवादको ज्ञान अपरिहार्य हुन्छ ।[५] प्रकृति र सामाजिक जीवनको व्याख्या विश्लेषणमा मार्क्सवादले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई आधार बनाएको छ । तसर्थ मार्क्सवादी दर्शन भौतिकवादी दर्शन हो । मार्क्सवाद जीवनजगत्को वैज्ञानिक किसिमले व्याख्या गर्ने र जीवनजगत्लाई बदल्न चाहने अथवा जीवनजगत्का परम्परागत स्वरूपलाई बदलेर नयाँ रूप दिन चाहने दर्शन हो ।[६] एकातर्फ मार्क्सवाद प्रकृति र समाजको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी किसिमले व्याख्या विश्लेषण गर्ने दर्शनका रूपमा परिचित छ भने अर्कोतर्फ समाजलाई बदल्नका निम्ति सही बाटो देखाउने र परिवर्तनको प्रक्रियालाई विस्तृत बनाउने वैज्ञानिक दर्शनका रूपमा पनि स्थापित छ । मार्क्सवाद जीवनजगत्को वस्तुवादी व्याख्या गर्ने दर्शन भएकाले साहित्य तथा कला चिन्तनसँग पनि यसको सम्बन्ध छ । मार्क्सवादी दर्शन अनुसार कलासाहित्य सामाजिक जीवनबाट पृथक् रहन सक्तैन र यसले जीवनका आर्थिक, सामाजिक सङ्घर्षलाई नै आफ्नो आधारभूमि बनाउँछ । प्रगतिवादका दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद भएको हुनाले तल यी दुवैका बारेमा क्रमशः चर्चा गरी त्यसपछि प्रगतिवादी कलासाहित्य सम्बन्धी सौन्दर्यशास्त्रीय दृष्टिको चर्चा गरिएको छ ।

### २.१.२ द्वन्द्वात्मक भौतिकवाद

साहित्य र कलाका क्षेत्रमा द्वन्द्वात्मक भौतिकवाद सिधा र स्पष्ट रूपमा देखिंदैन तर कुनै पनि वस्तुलाई बुझ्न र व्याख्या विश्लेषण गर्न द्वन्द्ववाद र भौतिकवाद प्रगतिवादका आधार स्तम्भ हुन् । द्वन्द्ववाद र भौतिकवाद मार्क्सवादी विश्व दृष्टिकोण भए पनि यिनीहरूको व्याख्या मार्क्सवादको उदयपूर्व नै क्रमशः जर्मन दार्शनिक हेगेल र फायरवाखबाट दार्शनिक रूपमा भइसकेको थियो तर मार्क्स र एङ्गेल्सले हेगेल र फायरवाखका दर्शनमा रहेको आदर्शवादी धार्मिक

---

[५] रविलाल अधिकारी, **प्रगतिवादी नेपाली समालोचनाको विश्लेषणात्मक अध्ययन**, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०५४), पृ. ११ ।

[६] देवी गौतम, पूर्ववत्, पृ. २८ ।

नैतिक आवरणलाई हटाएर[७] द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको प्रतिपादन गरेका हुन् । यस दृष्टिकोण अनुसार द्वन्द्ववादले द्वन्द्वात्मक तरिकाले प्राकृतिक घटनालाई हेर्छ, अध्ययन गर्दछ र बुझ्दछ भने भौतिकवादले भौतिक पद्धतिले प्राकृतिक घटनाको व्याख्या र विश्लेषण गर्दछ । द्वन्द्ववादी र भौतिकवादी दृष्टिकोण प्रकृतिमा हुने द्वन्द्वको अध्ययन र व्याख्या गर्ने कुरामा मात्र सीमित देखिंदैनन् । यी अवधारणाहरू समाजमा घट्ने घटनाहरूलाई बुझ्ने, अध्ययन गर्ने, व्याख्या गर्ने र समाजलाई समुन्नत गरिने दर्शनका रूपमा विकसित भएका हुन् ।

ग्रिसेली भाषाको 'डाइलेगो', अङ्ग्रेजीको 'डायलेक्टिस' शब्दको समानार्थी शब्द नै 'द्वन्द्ववाद' हो । विरोधी पक्षहरूको तर्कमा भएका अन्तर्विरोधहरूलाई खोजेर खण्डन गर्ने र तथ्य कुरा पत्ता लगाउने कलालाई 'डाइलेगो' शब्दले बुझाए पनि प्रकृतिका घटनामा निरन्तर देखिने परिवर्तन र परिवर्तन हुनुभन्दा अगाडि प्रकृतिमा रहेका आन्तरिक विरोधी शक्तिहरूका विरोधी तत्त्वहरूको सङ्घर्षले गर्दा नै प्रकृतिमा परिवर्तन वा विकास हुने द्वन्द्वात्मक प्रक्रियालाई द्वन्द्ववादले बुझाउँछ । त्यसैगरी भौतिकवादका लागि अङ्ग्रेजी 'मटिअरिअलिज्म' शब्द प्रचलित छ । म्याटरले पदार्थलाई बुझाउँछ भने 'मटिअरिअलिज्म' भनेको पदार्थवादी चिन्तन हुन आउँछ । यसै चिन्तनलाई नेपाली भाषामा भौतिकवादी चिन्तन भनिन्छ ।

द्वन्द्ववादी मान्यताले संसारका हरेक कुरालाई विनाशशील र परिवर्तनशील ठानेको छ । द्वन्द्ववादका निष्कर्ष अनुसार प्रत्येक पुरानो वस्तु समाप्त हुन्छ र त्यसलाई नयाँले विस्थापित गर्दछ । पदार्थ वा प्रकृतिमा तथा सामाजिक व्यवस्थामा समेत हुने यस प्रकारको परिवर्तनका पछाडि तीन किसिमका कारणहरू सक्रिय रहन्छन् भन्ने द्वन्द्ववादी मान्यता छ । पदार्थमा परिवर्तन ल्याउने ती तीन नियम हुन्- (क) विपरीत तत्त्वबीच एकता, सङ्घर्ष र रूपान्तरण (ख) मात्राको गुणमा परिवर्तन (ग) निषेधको निषेध ।

द्वन्द्ववादको पहिलो नियमले कुनै पनि वस्तुभित्र दुई विपरीत तत्त्व हुन्छन् भन्ने कुरा बताउँदै तिनका बीच एक सीमासम्म एकत्व पनि हुने र सँगसँगै सङ्घर्ष वा द्वन्द्व पनि चलिरहने अनि त्यसकै परिणति स्वरूप क्रमशः वस्तुमा मात्रात्मक र गुणात्मक परिवर्तन आउने कुरा स्वीकार गर्दछ । लेनिनले यस नियमलाई द्वन्द्ववादको सार मानेका छन् ।[८] गति र परिवर्तनसम्बन्धी द्वन्द्ववादको दोस्रो नियम अनुसार

---

[७] ऋषिराज बराल, पूर्ववत्, पृ. ४ ।

[८] भिक्टर आफानास्येभ, **दर्शनशास्त्रको प्रारम्भिक ज्ञान** (अनु. राजेन्द्र मास्के, सन् १९८५ मस्को : प्रगति प्रकाशन) पृ. ९० ।

विपरीत तत्त्वहरूबीचको सङ्घर्षका क्रममा पहिला मात्रात्मक परिवर्तनले स्वरूप ग्रहण गर्छ र त्यो क्रम एउटा निश्चित विन्दुमा पुगेपछि गुणात्मक परिवर्तन घटित हुन्छ । यसरी पदार्थमा परिवर्तनको प्रक्रिया अकस्मात घटित हुने नभई क्रमिक विकासका सन्दर्भमा घटित हुने कुरा द्वन्द्ववादले स्वीकार गरेको छ । द्वन्द्ववादको निषेधको निषेधसम्बन्धी नियमले चाहिँ वस्तुमा हुने परिवर्तनका सन्दर्भमा नयाँ वस्तुले पुरानोलाई विस्थापित गरी त्यसको ठाउँ लिने र समयक्रममा त्यो नयाँ वस्तु पनि पुरानो भई पुनः अर्को नयाँले त्यसलाई विस्थापित गर्ने कुरा बताउँछ । यसरी नयाँले पुरानोको निषेध गर्नु र त्यो नयाँ पनि पुनः अर्कोद्वारा निषेधित हुनुलाई नै द्वन्द्ववादी दर्शनमा निषेधको निषेध भनिएको छ ।[९]

द्वन्द्वात्मक भौतिकवादको स्पष्ट तात्पर्य भनेको भौतिकवादलाई द्वन्द्वात्मक दृष्टि प्रदान गर्नु र पदार्थको द्वन्द्वात्मक प्रकृतिलाई केन्द्र बनाएर जीवनजगत्को भौतिकवादी व्याख्या गर्नु हो । द्वन्द्वात्मक गुणबाटै पदार्थको अस्तित्व सम्भव हुन्छ र यही पदार्थ प्राथमिक सत्य हो जसमाथि समग्र मानवचेतना आधारित छ ।

### २.१.३ ऐतिहासिक भौतिकवाद

द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरूलाई इतिहासका क्षेत्रमा प्रयोग गरिएपछि ऐतिहासिक भौतिकवादको प्रवर्तन हुन्छ । मार्क्सले द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरूलाई प्रकृतिको क्रियाकलापमा मात्र सीमित नराखी सामाजिक जीवनको विकासक्रमलाई बुझ्न र व्याख्या गर्न उपयोग गरे । भौतिकवादका जुन नियमहरू अन्तर्गत प्रकृतिका सम्पूर्ण क्रियाव्यापार सञ्चालित हुन्छन्, तिनै नियमहरू अन्तर्गत सामाजिक जीवनमा पनि विकास र परिवर्तन घटित हुन्छ ।[१०] ऐतिहासिक भौतिकवादका दृष्टिमा भौतिक साधन (सम्पदा)को उत्पादन र पुनरुत्पादन, समाजविकास र सामाजिक अस्तित्वको अनिवार्य शर्त हो ।[११]

सामाजिक जीवन र इतिहासको विकासमा उत्पादनपद्धति र उत्पादक शक्तिहरूलाई नै ऐतिहासिक भौतिकवादले मूल कारक मानेको पाइन्छ । अर्कोतर्फ उत्पादनपद्धति र उत्पादक शक्तिका सम्बन्धका कारक सामाजिक जीवनको विकास

---

९ ताराकान्त पाण्डेय, **प्रगतिवाद र कविता** (काठमाडौं : शीला योगी, २०५६) पृ. ३ ।

१० जनेश्वर वर्मा, **मार्क्सवादको मूल सिद्धान्त**, अनु. चन्द्रनरसिंह राजभण्डारी, (काठमाडौं : विविध पुस्तक भण्डार, चौ.सं. २०६३), पृ. ४७ ।

११ ज. बेर्बेस्किना र अरूहरू (सम्पा.), **ऐतिहासिक भौतिकवाद क्या है ?** (मस्को : प्रगति प्रकाशन, सन् १९८६) पृ. ५२ ।

हुने गर्दछ र त्यसले आर्थिक विकासमा पनि प्रभाव पार्छ । उत्पादनमा मानिसहरूले उपयोगमा ल्याउने साधनहरू र उत्पादकहरूको उत्पादन अनुभव तथा श्रम, सीप आदि मिलेर उत्पादक शक्ति बन्ने गर्दछन् । उत्पादनका साधनहरूलाई उत्पादक शक्तिहरूबाट सञ्चालित गरेपछि ती साधनहरू शक्तिमा परिवर्तन हुन्छन् । उत्पादनमा परिवर्तन र विकास सधैं उत्पादक शक्तिहरूमा परिवर्तन, विकास र अझ सबभन्दा पहिले उत्पादनका साधनहरूमा परिवर्तन र विकास भएपछि मात्र हुन्छ ।[१२]

समाज विकासमा सामाजिक चेतनाको भूमिका अपरिहार्य देखिन्छ । सामाजिक व्यवस्था जस्तो छ त्यसकै सापेक्षतामा सामाजिक विचार, कानुन, नैतिकता, धर्म, विज्ञान, कला आदिको विकास हुन्छ भने यथार्थ जीवन चेतनाद्वारा निर्धारित नभै जीवनद्वारा चेतना निर्धारित हुन्छ भन्ने मार्क्सको भनाइ छ । समाजका तह, वर्गसङ्घर्ष, आर्थिक आधार र माथिल्लो बनोट, समाज विकासको निर्णायक शक्ति, इतिहास निर्माणमा व्यक्तिको भूमिका, राज्य, सामाजिक क्रान्ति र समाज विकासमा सामाजिक चेतनाको भूमिका लगायतका विषयमा छानविन गर्ने काम ऐतिहासिक भौतिकवादले गर्छ । मार्क्स र एङ्गेल्सले ऐतिहासिक भौतिकवादी सिद्धान्तको प्रतिपादन र त्यस सिद्धान्तका आधारमा सामाजिक जीवन र इतिहासको विकास प्रक्रियाको व्याख्या र विश्लेषण गर्दै आजसम्मको सामाजिक जीवनलाई आदिम साम्यवादी समाज, दास समाज, सामन्ती समाज, पुँजीवादी समाज र समाजवादी समाज गरी पाँच प्रकारमा विभाजन गरेका छन् ।[१३] प्रत्येक व्यवस्थाहरूले आफैमा अन्तर्विरोधहरूबाट सङ्घर्षशील हुँदै पछिल्लो व्यवस्थाका निम्ति बाटो तयार गरिदिएका हुन् । ऐतिहासिक भौतिकवादी दृष्टिकोण अनुसार आदिम साम्यवादको विघटनदेखि मानवजातिको इतिहास वर्गहरूबीच सङ्घर्ष हुँदै आएको छ । वर्गसङ्घर्ष नै प्रगतिको स्रोत हो र वर्गसङ्घर्षले नै पुरानो व्यवस्थालाई हटाएर नयाँ व्यवस्थाको जन्म गराएको छ ।[१४]

यसप्रकार ऐतिहासिक भौतिकवादी दार्शनिक मान्यताले मानव समाज तथा ऐतिहासिक विकासक्रमलाई नवीन ढङ्गबाट व्याख्या गरेको छ र मानवचेतनाको इतिहासलाई पनि भौतिक विकास सँगसँगै अगाडि बढाएको छ ।

---

[१२] जोसेफ स्तालिन, **द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद,** (काठमाडौं : प्रगति प्रकाशन, २०३४), पृ. १३ ।

[१३] जोसेफ स्तालिन, पूर्ववत्, पृ. ३३ ।

[१४] जगदीशचन्द्र भण्डारी, **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण,** (काठमाडौं : मुन्नी भण्डारी, २०५५) पृ. ९ ।

## २.२ कलासाहित्यमा प्रगतिवादी दृष्टिकोण

प्रगतिवादी साहित्यको मूल दार्शनिक आधार मार्क्सवाद हो । कलासाहित्य सम्बन्धी प्रगतिवादी चिन्तन भनेको मार्क्सवादी साहित्य चिन्तन हो । प्रकृति, समाज र इतिहाससम्बन्धी द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको संस्थापनाबाट प्रगतिवादी साहित्यको दार्शनिक आधार निर्माण भएको हो ।[१५] प्रगतिवादले कलासाहित्यलाई प्रयोजनपरक मानव क्रियाकलाप मान्दछ । मानिसलाई परिवर्तनका निम्ति अग्रगामी, सङ्घर्षशील, शौर्यपूर्ण कार्य सम्पन्न गर्न सक्ने जुझारु सक्रिय क्रान्तिकारी, सङ्गठित शक्तिका रूपमा विकसित गर्ने कार्यमा सहयोग गर्नु तथा जीवनजगत्का शोषण, दमन, उत्पीडन, अन्याय, भेदभाव, असमान व्यवहार आदि सबै किसिमका पीडाबाट मानव जातिलाई मुक्ति दिलाउने कार्यमा आम श्रमशील साहित्यकार एवम् कलाकारहरूलाई संलग्न गराउनु प्रगतिवादको मूल लक्ष्य हो । कला वा साहित्य सामाजिक चेतनाकै एउटा रूप हो । त्यसमा हुने परिवर्तन वा विकासलाई पनि सामाजिक सत्तामा हेरिनुपर्छ भन्ने दृष्टिकोण राख्ने मार्क्स र एङ्गेल्सले मानवजीवन र तिनका बौद्धिक क्रियाकलापहरू भौतिक उत्पादन प्रक्रियामा आधारित हुन्छन् भन्ने मान्यता राखेको पाइन्छ ।[१६]

प्रगतिवाद एक प्रकारको वैज्ञानिक कलाचिन्तन हो जसले कलासाहित्य र यसको प्रयोजनलाई नितान्त भौतिक र व्याख्येय रूपमा ग्रहण गरेको छ । कलासाहित्यको उद्भवका सम्बन्धमा प्रगतिवादी चिन्तकहरूले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई नै आधार बनाएका छन् । प्रगतिवादले कलासाहित्यलाई भाववादी आदर्शवादी रूपमा नहेरी यसको उद्भव र निर्माणलाई सामाजिक-ऐतिहासिक सन्दर्भमै हेर्दछ । यस अनुसार सर्वहारा वर्गीय दृष्टिकोण अङ्गाल्नु, सामूहिक उन्नयनमा विश्वास गर्नु र व्यक्तिगत स्वार्थको विरोध गर्दै शोषक वर्गका विरुद्ध हुने सङ्घर्षको दृढ समर्थन गर्नु प्रगतिवादको मुख्य लक्ष्य हो ।[१७]

मार्क्सवादी चिन्तक एवम् कला समीक्षकहरू कलासाहित्यलाई श्रम र आर्थिक क्रियाको उपज ठान्दछन् । यस सम्बन्धमा चर्चा गर्दै एङ्गेल्स मानव इतिहासको विकासक्रममा मानव हातहरूद्वारा सर्वप्रथम विकसित ढुङ्गे हतियारको

---

[१५] देवी गौतम, पूर्ववत्, पृ. ३९ ।

[१६] जगदीशचन्द्र भण्डारी, **प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास (२०००-२०१७)**, (अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध, त्रिभुवन विश्वविद्यालय, २०५३), पृ. १८ ।

[१७] निनु चापागाई, **यथार्थवादी रचना दृष्टि र विवेचना**, (काठमाडौं : दिल वरदान र महिम चापागाईं, २०५१), पृ. ४२ ।

घटनालाई विशिष्ट मानक घटना मान्दछन् ।[१८] उक्त भनाइबाट मान्छेले बाँच्नका लागि प्रकृतिसँग गरेको सङ्घर्षकै क्रममा कलाको पनि निर्माण भएको हो भन्ने ठहर गर्न सकिन्छ । एङ्गेल्सको धारणालाई अगाडि बढाउँदै प्लेखानोभले कलासाहित्यलाई सामाजिक वस्तुको रूपमा लिंदै श्रमको उद्भव कलाको उद्भव भन्दा पहिला भएको बताएका छन् । उनका अनुसार मान्छेले वस्तुहरूलाई सर्वप्रथम उपयोगितावादी दृष्टिले हेर्दछ र त्यसपछि मात्रै त्यसबारे सौन्दर्यात्मक दृष्टिको निर्माण गर्दछ ।[१९]

अस्ट्रियाली चिन्तक अनर्स्ट फिसरका विचारमा पनि कला कार्य (श्रम) कै एउटा रूप हो र श्रम मान्छेको एउटा विशिष्ट गतिविधि हो ।[२०] उनी कलाको जन्म लगभग मान्छेको जन्मसँगै भएको ठान्दछन् । उनको विश्लेषणमा कला मान्छे र उसको विशिष्ट गतिविधि श्रमसँगै जोडिएको र त्यसकै उपजका रूपमा स्वीकार गरिएको देखिन्छ । फिसरका अनुसार मानवताको उदयकालमा कलाको सौन्दर्यसँग कुनै ज्यादा सम्बन्ध थिएन र कुनै प्रकारको सौन्दर्यात्मक इच्छासँग पनि कलाको कुनै लेनदेन थिएन । त्यतिबेला कला मानव समष्टिद्वारा जीवित रहनका लागि गरिने सङ्घर्षमा एउटा जादुमयी उपकरण या हतियार थियो ।[२१] हावर्ड फास्टले कलालाई संश्लेषण प्रक्रिया मान्दै कलाकार कुनै यन्त्र होइन र कहिल्यै हुन सक्दैन भनेका छन् । सर्जकले जीवनका सामग्रीहरूबाटै आफ्ना सिर्जनाहरू प्रस्तुत गर्ने तर्क फास्टको छ ।[२२]

कवितालाई मानव मनका प्राचीनतम कला व्यापारहरूमध्ये एक ठान्ने चिन्तक क्रिस्टोफर कडवेलले कविताको उद्भवकै सम्बन्धमा आफ्नो चिन्तनलाई केन्द्रित गर्दै आदिम कालमा सामूहिक कार्य व्यापारलाई निर्विघ्न सम्पन्न गर्न र सरल बनाउन आयोजना गरिने सामूहिक अनुष्ठानहरूमा प्रयोग गरिने ओजपूर्ण लयात्मक भाषिक रूपबाटै कविताको जन्म भएको बताएका छन् ।[२३] कवितालाई उत्पादनशील आर्थिक क्रियाको परिणाम ठान्ने कड्वेलको विचारमा सामूहिक

---

[१८] कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स, **साहित्य और कला अनु**. रमेश सिन्हा (लखनऊः इण्डिया पब्लिसर्स, सन् १९८४), पृ. १३४ ।

[१९] जी.वी. प्लेखानोभ, **आर्ट एण्ड सोसियल लाइफ,** (नयाँ दिल्ली : पिपुल्स पब्लिसिङ हाउस, सन् १९५३), पृ. १०२ ।

[२०] अर्न्स्ट फिसर, **कलाकी जरुरत,** अनु. रमेश उपाध्याय (नयाँ दिल्ली : राजकमल प्रकाशन, सन् १९९०) पृ. १८ ।

[२१] ऐजन, पृ. ४० ।

[२२] हावर्ड फास्ट, **साहित्य र यथार्थ,** अनु. डा. जगदीशचन्द्र भण्डारी र संजीव दास श्रेष्ठ, (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, दो.सं., २०६०), पृ. २४ ।

[२३] क्रिस्टोफर कडवेल, **विभ्रम और यथार्थ,** अनु. भगवानसिंह (नयाँ दिल्ली : राजकमल प्रकाशन, सन् १९९०), पृ. २६-२७ ।

कार्यव्यापारकै बीचबाट सामूहिक आवश्यकताका रूपमा कलाको उद्भव भएको हो । जर्ज थम्सनले पनि कवितालाई सामूहिक श्रमकै परिणाम बताएर कलाको उद्भवमा श्रमको भूमिकालाई औंल्याएका छन् । समाजबाट अलग्याएर कलाको अध्ययन गर्न नसकिने कुरा बताउँदै कड्वेल 'कलाको मोती' समाजरूपी सिपीबाटै उत्पन्न भएको हो भन्दछन् ।[२४]

प्रगतिवादी कलाचिन्तनका उठानकर्ता मार्क्सले भाववादी कला मान्यताको खण्डन गर्दै विचारधाराको कुनै छुट्टै इतिहास नभएको र त्यो मूलतः सामाजिक जीवनकै इतिहास भएको कुरा बताएर कलासाहित्यलाई दैवी वस्तु नभई सामाजिक सङ्घर्ष वा अन्तर्विरोधपूर्ण सामाजिक जीवनकै एउटा मूर्त रूप हो भनेका छन् । उनीपछिका कलाचिन्तकहरू सबैले कलासाहित्यलाई समाज र भौतिक जीवनकै उत्पादन ठानेको देखिन्छ । समालोचक कृष्णचन्द्रसिंह प्रधानका अनुसार कवि, कलाकार, साहित्यकार समाजका सहृदय व्यक्ति समाज निर्माता र समाजप्रहरी हुन् । त्यसैले उनीहरूको सहानुभूति, सहयोग उत्पीडित वर्गपट्टि हुने र पुरानो पतनोन्मुख वर्गका पक्षमा कलाकारहरू नलाग्ने स्पष्ट पारिएको छ । कला वा साहित्य जीवनमूलक हुने भएकाले रूपवाद वा कलावादको खण्डन गर्दै उदीयमान उत्पीडित वर्गको चाहना, आशा, आकाङ्क्षा, आदर्श र अवस्थाको उद्घाटन साहित्यकारहरूले गर्दछन् ।[२५]

यसरी कलासाहित्यको उद्भवदेखि यसको विकास प्रक्रिया समेतका सन्दर्भमा प्रगतिवादी कलाचिन्तनले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणलाई मूल आधार बनाउँदै यसलाई पूर्णतः श्रम र समाजसँग जोड्ने काम गरेको छ । अन्ततः श्रमनिर्मित कलासाहित्य मूल रूपमा सामाजिक संरचना, त्यसमा हुने द्वन्द्व र परिवर्तनकै प्रक्रिया अनुकूल परिवर्तित हुँदै जाने गर्दछ ।

### २.२.१ कलासाहित्यको प्रयोजन र वर्गीय पक्षधरता

प्रगतिवादलाई निश्चित मूल्य, मान्यतामा आधारित तथा वर्गीय साहित्यको विशिष्ट स्वरूपमा रहेको कलासाहित्यको रूपमा लिइन्छ । कलासाहित्यले इन्द्रियातीत आनन्द प्रदान गर्छ र यो स्वान्त : सुखायका निम्ति सिर्जना गरिन्छ भन्ने जस्ता अवस्तुवादी तर्क र विचारलाई मार्क्सवाद र मार्क्सवादी कला मान्यताले अस्वीकार गर्दछ ।[२६] मार्क्सवाद आफैंमा भौतिकवादी र वस्तुनिष्ठ दर्शन भएकाले

---

[२४] ऐजन, पृ. ११ ।

[२५] कृष्णचन्द्रसिंह प्रधान, **भञ्ज्याङनिरै** (काठमाडौं : कृष्णचन्द्रसिंह प्रधान, २००८), पृ. १२ ।

[२६] ताराकान्त पाण्डेय, **प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ**, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०५५), पृ. ११ ।

समाज, मान्छे र दृश्य प्रकृतिभन्दा परको वस्तु वा अनुभूतिलाई यसले यथार्थ र वस्तुसङ्गत ठान्दैन । त्यसैले कलासाहित्यबाट प्राप्त हुने आनन्दलाई पनि यसले सामाजिक अनुभूतिकै सापेक्षतामा हेर्ने गर्दछ । यस सम्बन्धमा चर्चा गर्ने क्रममा प्रगतिवादी साहित्य चिन्तकहरूले समाज र मानवीय सापेक्षतामै यसको प्रयोजनलाई हेरेका छन् । प्रगतिवादी साहित्यले एउटा वर्गको पक्ष लिने र अर्को वर्गका विरुद्ध विद्रोह गर्ने मात्र नभई नवीन र समुन्नत समाज सिर्जनाका निम्ति पनि सहयोग पुऱ्याउने गर्दछ । त्यसैले युग निर्माता असंख्य उत्पीडित श्रमजीवीहरूको सङ्घर्ष र तिनीहरूको स्वर्णिम भविष्यलाई उद्घाटन गर्ने साहित्य नै प्रगतिवादी साहित्य हो ।

कलासाहित्यको चर्चा गर्दै रुसी चिन्तक प्लेखानोभले श्रमको उदय कलाको उदयभन्दा पूर्व भएको बताएका छन् । सामान्यतया मान्छेले वस्तुहरूलाई सर्वप्रथम उपयोगिताकै दृष्टिले हेर्ने र त्यसपछि मात्र त्यसका सम्बन्धमा सौन्दर्यात्मक दृष्टिकोणको निर्माण गर्ने उनले उल्लेख गरेका छन् । यसबाट के स्पष्ट हुन्छ भने मान्छेका लागि सबै वस्तु सुन्दर हुँदैनन्, जुन वस्तु उसका लागि उपयोगी हुन्छ र उसको अस्तित्व रक्षामा सहायक हुन्छ त्यही वस्तु नै सुन्दर कहलिन्छ ।[२७]

कविताको उद्भवको चर्चा गर्ने चिन्तकद्वय क्रिस्टोफर कड्वेल र जर्जथम्सनले सामूहिक मानवीय श्रमलाई अझ सरल पार्ने र प्रकृतिमाथि नियन्त्रण प्राप्त गर्ने उद्देश्यले आयोजित सामूहिक अनुष्ठानहरूमा गाइने सामूहिक लयबद्ध गीतबाटै कविताको जन्म भएको बताएर कलासाहित्यबारे आफ्ना धारणा व्यक्त गरेका छन् । कला आफ्नो उत्पत्तिदेखि नै श्रमसँग जोडिएको छ र आदिम युगमा मानवीय कार्यलाई अझ सरल बनाउन कलाको जन्म भएको मान्यता राख्ने फिसर पनि कलासाहित्यको प्रयोजनमूलक उद्देश्य रहने कुरा स्विकार्छन् । कलालाई सामूहिक उत्पादन मान्ने फिसरले मानवताको उदयकालमा कलाको सम्बन्ध सौन्दर्यसँग ज्यादा नभई बाँच्नका लागि गरिने मानवीय श्रम र सङ्घर्षलाई शक्तिशाली बनाउने तर्फ थियो भन्दछन् ।

वर्गविहीन समाजको समय अर्थात् मानव सभ्यताको उदय कालमा पनि मानवजीवनकै समृद्धि र परिष्कृति तथा त्यसपछि सौन्दर्यरुचिको प्रयोजनका निम्ति कलासाहित्यको जन्म भएको हो । आजको वर्गविभाजनयुक्त जटिल सामाजिक संरचनाका समयमा पनि कलासाहित्यले मानवहितकै वकालत गरिरहेको छ र भोलि स्थापना हुने वर्गविहीन साम्यवादी समाजमा पनि यसले यही कार्य पूरा गर्नेछ ।

---

[२७] जी.वी. प्लेखानोभ, पूर्ववत्, पृ. १७६ ।

प्रगतिवादीहरूका विचारमा मानवहित र विश्व मानवप्रेम कलासाहित्यको प्रयोजनमा आवश्यक कुरा हो तर वर्ग विभाजनको यो स्थितिमा वर्ग निरपेक्ष समष्टि मानवहित र समष्टि मानवतावाद असम्भ कुरा हो । वर्ग विभाजनको जटिलताले मान्छे-मान्छेलाई सम्पन्न र विपन्न, शोषक र शोषित, उत्पीडक र उत्पीडित जस्ता दुई विपरीत वर्गमा छुट्याइरहेका बेला समष्टि मानवहितको कल्पना सम्भव नहुने कुरामा मार्क्सवादी चिन्तकहरू एकमत छन् ।[२८] विश्व पुँजीवाद आफ्नो विकास र उत्पीडनको पराकाष्ठामा पुगेको तथा सँगसँगै बहुसङ्ख्यक सर्वहारा जनता उत्पीडन, दुःखकष्ट र यातना भोग्दै अन्धकार वर्तमानमा बाँच्न विवश भएको आजको अवस्थामा कलासाहित्यले कुन दिशातर्फ आफूलाई लैजाने भन्ने कुरामा प्रगतिवादी चिन्तकहरू नै अन्यौलमा देखिन्छन् । वर्गसङ्घर्ष नै समाज विकासको मूल आधार हो भन्दै मार्क्स-एङ्गेल्सले हालसम्म अस्तित्वमा रहेका सबै समाजहरूको इतिहास वर्गसङ्घर्षको इतिहास हो भनेका छन् ।[२९] कलासाहित्यको उपयोगितालाई वर्गीय सन्दर्भमा हेर्नुपर्ने मार्क्स-एङ्गेल्सका पूर्ववर्ती धारणाहरूलाई अझ दह्रो रूपमा प्रस्तुत गर्दै लेनिनले हालको वर्ग विभाजित समाजमा स्वतन्त्र साहित्य र कलाको कुनै अस्तित्व नहुने जिकिर गरेका छन् ।[३०] लेनिनले वर्ग विभाजित समाजमा लगाइने स्वतन्त्र साहित्य अथवा लेखकीय स्वतन्त्रताको नारालाई बुर्जुवा अथवा अराजकतावादी हल्ला बताएर सर्वहारा पक्षधर साहित्यलाई वास्तविक स्वतन्त्र साहित्य बताएका छन् ।

मजदुर, किसान, सैनिक र सहरी निम्न पुँजीपति वर्गका नब्बे प्रतिशत विशाल जनसमूहलाई जनता शब्दले परिभाषित गर्दै माओले कलासाहित्यले तिनै विशाल समूहको सेवा र पक्षपोषण गर्नुपर्ने बताएका छन् ।[३१] कलासाहित्यमा मानवस्वभाव, मानवप्रेम, मानवता, राग-विराग जस्ता कुराहरू रहन्छन् भन्ने कुराप्रति उनको सहमति छ तर वर्ग विभाजित समाजमा यी सबै कुरालाई वर्गीय सन्दर्भबाट अलग्याएर हेर्न नसकिने उनी बताउँछन् । तसर्थ वर्ग समाजमा मानव स्वभाव र मानवप्रेमजस्ता कुरा स्पष्ट वर्गीय धरातलमै निर्मित हुने र निर्वर्गीय हुन नसक्ने माओको धारणा रहेको छ । यसप्रकार कलासाहित्यको स्वभाव र प्रकृतिबारे प्रगतिवादी धारणा पनि स्पष्ट हुन्छ । लेनिन र माओले कलासाहित्यका अन्य पक्षका

[२८] ताराकान्त पाण्डेय, **प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ**, पूर्ववत्, पृ. ३१ ।

[२९] कार्ल मार्क्स-फ्रेडरिक एङ्गेल्स, **कम्युनिष्ट पार्टीको घोषणापत्र**, अनु. निरञ्जन गोविन्द वैद्य (काठमाडौं : प्रगति प्रकाशन, २०४८), पृ. २६ ।

[३०] लेनिन, **सङ्कलित रचनाएँ**, खण्ड १ (मस्को : प्रगति प्रकाशन, सन् १९८८), पृ. २१८ ।

[३१] माओत्सेतुङ, **सङ्कलित रचनाहरू**, भाग ३, अनु. खगेन्द्र सङ्ग्रौला (काठमाडौं : सिर्जनशील प्रकाशन, २०५७), पृ. ५१ ।

साथै वर्गीय पक्षधरताका सम्बन्धमा व्यक्त गरेका उपर्युक्त धारणाहरू समग्र प्रगतिवादी कला चिन्तनमा स्थापित रहेका छन् ।

समग्रमा हेर्दा समाज वर्गीय रहँदासम्म कलासाहित्य वर्गीय हुन्छ तर पूर्ण साम्यवाद आई वर्गीय समाजको स्वरूप हराउने र कलासाहित्य समेत वर्गविहीन बन्ने परिप्रेक्ष्यमा पुँजीवादका विरुद्ध लड्न परेका खण्डमा कलासाहित्य वर्गीय हुनैपर्ने मान्यतालाई माथिका अभिव्यक्तिहरूले स्पष्ट पारेका छन् ।

### २.२.२ अन्तर्वस्तु र रूपबीच द्वन्द्वात्मक सम्बन्ध

प्रकृतिका हरेक वस्तुभित्र परस्पर अन्तर्विरोध र द्वन्द्वात्मक सम्बन्धको व्याख्या गर्ने मार्क्सवादले कलासाहित्यमा पनि अन्तर्वस्तु र रूपबीच परस्पर अन्तर्विरोधको स्थिति र द्वन्द्वात्मक सम्बन्धको व्याख्या गरेको छ । मार्क्सवादीहरूका अनुसार रूप र अन्तर्वस्तुका बीच तुलना गर्दा अन्तर्वस्तु प्रमुख रहे पनि रूप तत्त्वको बेवास्ता गर्नु हुँदैन । भौतिक पक्ष, बाह्य अवस्थाहरू, सत्ता र त्यस्तै खालका अन्य परिघटनाहरूलाई अन्तर्वस्तु भन्न सकिन्छ भने मानसिक पक्ष चेतना र त्यस्तै खालका अन्य परिघटनाहरू रूप हुन् । सार वा अन्तर्वस्तुको गति वा विकासबाट रूप पक्ष पछि पर्दै जान्छ र सारसित त्यसको अन्तर्विरोध सुरु हुन्छ । पुरानो रूप र क्रमशः विकसित एवम् गतिशील नयाँ सार (अन्तर्वस्तु) बीचको अन्तर्विरोधमा पुरानो रूप प्रायः नष्ट भई त्यस ठाउँमा नयाँ रूप प्रतिस्थापन हुन्छ । मार्क्सका विचारमा आर्थिक विकास सामाजिक जीवनको भौतिक जग हो, त्यसको अन्तर्वस्तु हो र कानुनी, राजनीतिक तथा धार्मिक, दार्शनिक विकास उक्त अन्तर्वस्तुको विचारधारात्मक रूप हो त्यसको अधिरचना हो ।[३२] मार्क्सवादी दर्शनले यो अन्तर्विरोध कलासाहित्यदेखि प्रकृतिका अन्य क्षेत्रहरूमा पनि हुने कुरा बताएको छ ।[३३]

मार्क्सवादी कला चिन्तक अर्न्स्ट फिसर रूपलाई कुनै कालमा उपलब्ध सन्तुलनको अवस्थाको अभिव्यक्ति मान्छन् र अन्तर्वस्तुलाई गति र परिवर्तनको विशेषताले युक्त ठान्छन् । उनी रूपलाई रुढिवादी र अन्तर्वस्तुलाई क्रान्तिकारी भनी परिभाषित गर्छन् ।[३४] फिसरका अनुसार अन्ततः नयाँ अन्तर्वस्तुले नै नयाँ रूपलाई जन्म दिन्छ । मार्क्सवादी दृष्टिमा रूप र अन्तर्वस्तुबीच अन्तर्विरोध पनि हुन्छ तथा

---

[३२] जोसेफ स्टालिन, **सर्वहारा समाजवाद**, अनु. कृष्णदास श्रेष्ठ (काठमाडौं : सृजनशील प्रकाशन, २०५६), पृ. १० ।

[३३] शिवकुमार मिश्र, **मार्क्सवादी साहित्य-चिन्तन : इतिहास तथा सिद्धान्त**, (भोपाल : मध्य प्रदेश, हिन्दीग्रन्थ अकादमी, सन् १९७३) पृ. ३९० ।

[३४] अर्न्स्ट फिसर, **कलाकी जरुरत**, पूर्ववत्, पृ. १८ ।

द्वन्द्वात्मक सम्बन्ध र एकता पनि हुन्छ । कुनै सीमासम्म नयाँ अन्तर्वस्तुहरूले आफ्नो अभिव्यक्तिका लागि पुराना रूपहरूको प्रयोग गर्न सक्ने कुरा पनि फिसरले औंल्याएका छन् । कलाकृतिमा पात्रपात्राहरूको निर्माण रूप र अन्तर्वस्तुलाई प्रभावशाली बनाउन गरिन्छ र स्वयम् अन्तर्वस्तु र रूपले पनि पात्रपात्राहरूलाई सन्तुलित र कलात्मक उचाइ दिन सक्नुपर्छ भन्ने मार्क्स-एङ्गेल्सको स्पष्टोक्ति रहेको छ ।[३५] सामाजिक-आर्थिक संरचनामा परिवर्तन आएजस्तै अन्तर्वस्तु र रूपमा पनि परिवर्तन आउँदै जान्छ । यिनीहरू एकैपटक परिवर्तन नभई क्रमशः आफ्नो स्वभाव वा प्रकृति अनुसार परिवर्तित हुँदै जान्छन्, अन्ततः यी दुईबीचको गतिशीलतामा अन्तर्वस्तु अगाडि हुन्छ र त्यसमा आउने परिवर्तनले नै रूपलाई परिवर्तित गर्दछ । यसो हुनुको पछाडि अन्तर्वस्तु कुनै पदार्थ (साहित्य) को आधारभूत तत्त्व हुनु हो । त्यसैले प्रगतिवादीहरू रूप भन्दा अन्तर्वस्तुलाई नै प्रमुख महत्त्व दिन्छन् तर रूप अन्तर्वस्तुसँग भिन्न र निष्क्रिय रहन्छ भन्ने कुरा उनीहरू स्विकार्दैनन् । विचार धाराका तहको अधिरचनाले कहिलेकाहीँ आधारको परिवर्तनमा महत्त्वपूर्ण प्रभाव पारे जस्तै अन्तर्वस्तुबाट प्रभावित र परिवर्तित हुँदाहुँदै रूपले पनि अन्तर्वस्तुको परिवर्तनमा महत्त्वपूर्ण प्रभाव पार्दछ भन्ने कुरालाई मार्क्सवादीहरूले स्वीकार गर्दै आएका छन् ।[३६]

यसरी हेर्दा प्रगतिवादीहरूले अन्तर्वस्तुलाई नै निर्णायक माने पनि रूपको उपेक्षा चाहिँ गर्दैनन् । स्वतन्त्र रूपमा अन्तर्वस्तुको अस्तित्व नभई निश्चित रूप सहितको अन्तर्वस्तु मात्र अस्तित्वमा रहे जस्तै अन्तर्वस्तुरहित रूपको पनि अस्तित्व हुँदैन । रूपले कुनै निश्चित अन्तर्वस्तु वा सारकै अभिव्यक्ति गर्दछ । यही मार्क्सवादी दर्शनलाई आत्मसाथ गर्दै माओले येनान प्रवचनमा क्रान्तिकारी अन्तर्वस्तु र अधिक पूर्ण कलात्मक रूपको एकताबाटै गुणात्मक कृतिको निर्माण हुने बताएका छन् । तसर्थ रूप र अन्तर्वस्तुको सम्बन्ध मिलेको खण्डमा मात्र कला वा साहित्यको रूप उत्कृष्ट हुन सक्ने कुरातर्फ प्रगतिवादीहरू पूर्ण सकारात्मक देखिन्छन् ।

### (क) साहित्यिक अन्तर्वस्तुसम्बन्धी प्रगतिवादी स्थापना

कलासाहित्यको विश्लेषण र मूल्याङ्कनका परिप्रेक्ष्यमा अन्तर्वस्तुको महत्त्वपूर्ण भूमिका देखिन्छ । अन्तर्वस्तु के हो ? भन्ने प्रश्न उठ्दा कतै यसलाई वस्तुतत्त्व (कन्टेन्ट), कतै विषय (सब्जेक्ट), कतै विषयवस्तु (सब्जेक्ट म्याटर), कतै

---

[३५] ऋषिराज बराल, पूर्ववत्, पृ. २६ ।

[३६] भिक्टर आफानास्येभ, पूर्ववत्, पृ. १४९ ।

कथ्य (थिम), कतै विचार (आइडियलजी) र कतै अर्थ वा भाव (मिनिङ) जस्ता विभिन्न शब्द र सन्दर्भहरूमा अर्थ्याउने गरिएको पाइन्छ ।[३७]

फिसरका अनुसार कथ्य, अर्थ, सन्देश, विषयजस्ता शब्दको आशय झन्डै उही हो तर उनी बेग्ला-बेग्लै रूपमा यीमध्ये कुनै एकलाई अन्तर्वस्तु ठान्दैनन् । उनका विचारमा विषयवस्तुलाई अन्तर्वस्तुको स्तरसम्म उठाएर लैजाने तत्त्व कलाकारको प्रयास र चिन्तन हो किनभने कृतिमा के प्रस्तुत गरिएको छ त्यो मात्र अन्तर्वस्तु होइन, त्यसलाई कसरी प्रस्तुत गरिएको छ, कुन सन्दर्भमा र कुन स्तरको सामाजिक तथा व्यक्तिगत चेतनाका साथ प्रस्तुत गरिएको छ, त्यो पनि अन्तर्वस्तु हो ।[३८] मार्क्सले कुनै वस्तुका आन्तरिक तत्त्वहरूको परस्पर सम्बन्ध, प्रक्रियाहरू तथा अन्तर्विरोधी प्रवृत्तिहरूको एकतालाई अन्तर्वस्तु भनेका छन् ।[३९] मार्क्सवादी दर्शनका अर्का व्याख्याता भिक्टर आफानास्येभ अन्तर्वस्तुलाई सार (इसेन्स) का रूपमा लिंदै निश्चित वस्तु अथवा घटनाको निर्माण गर्ने तत्त्व र प्रक्रियाहरूको योग नै अन्तर्वस्तु हो भन्दछन् ।

मान्छे र प्रकृति नै बाहिरी संसारका केन्द्रीय विषय भएकाले यी दुईबीच चल्ने द्वन्द्व नै कलाकृतिको वस्तु हो तर समाज वर्गविभक्त छ भने चाहिँ समाजको मूल द्वन्द्व नै वर्गीय द्वन्द्व हुने भएकाले त्यसैबाट रचनात्मक जगतका वस्तुहरूको निर्धारण हुन सक्छ ।[४०] प्रगतिवादी दृष्टिकोणमा कलासाहित्य भनेको जीवनको कलात्मक पुनः सिर्जन र कलात्मक प्रतिबिम्बन हो साथै जीवनजगत्को यथार्थ प्रतिबिम्ब वा वस्तुजगत्को मूल्याङ्कनको आधार पनि हो । यस कोणबाट हेर्दा जीवनजगत्को संज्ञानात्मक तथा सौन्दर्यात्मक तत्त्वको समष्टिलाई अन्तर्वस्तु भन्न सकिन्छ र त्यसमा हुने मूल्याङ्कन गुणका कारण विचारधारात्मक तत्त्व पनि समाविष्ट हुन्छ । प्रगतिवादी चिन्तकहरू अन्तर्वस्तुको निर्माणमा विचारधारा अथवा विश्वदृष्टिकोणको महत्त्व उल्लेख हुने स्विकार्दछन् । यसको निर्माण प्रक्रियालाई हेर्दा समाजमा उपलब्ध बाह्य जीवन यथार्थ विषयीका रूपमा र कृतिभित्रको कलात्मक वस्तु चाहिँ विषयका रूपमा देखिन्छन् भने तिनका बीचको जैविक एकतालाई अन्तर्वस्तुका रूपमा लिइएको पाइन्छ ।[४१] यसरी बाह्य सामाजिक यथार्थ र कृतिमा

---

[३७] ताराकान्त पाण्डेय, **प्रगतिवाद र कविता**, पूर्ववत्, पृ. ३४ ।

[३८] अर्न्स्टफिसर, पूर्ववत्, पृ. १४१ ।

[३९] रोहिताश्व, **मार्क्सवादी सौन्दर्य शास्त्रकी भूमिका**, (नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन, सन् १९९१), पृ. १०१ ।

[४०] देवी गौतम, पूर्ववत्, पृ. १२७ ।

[४१] ऐजन, पृ. १२८ ।

प्रतिबिम्बित कलात्मक यथार्थमा लेखकको विश्व दृष्टिकोणको जैविक एकता भई अन्तर्वस्तुको निर्माण हुन्छ । लेखकको विश्वदृष्टिकोण आफैंमा अन्तर्वस्तु होइन तर यसले अन्तर्वस्तुको स्वरूप र प्रकृति एवम् त्यसको सौन्दर्य मूल्यलाई समेत प्रभाव पार्ने हुँदा प्रगतिवादीहरू यसलाई अन्तर्वस्तुको महत्त्वपूर्ण उपकरण मान्दछन् ।

कार्यात्मक भूमिकाका आधारमा हेर्दा कलासाहित्यले जीवनजगत्को संज्ञानात्मक, विचारात्मक तथा सौन्दर्यात्मक मूल्याङ्कन र पुनः सिर्जन गर्दछ । अन्ततः यिनै तत्त्वहरूको समुच्चय र एकत्वलाई कलासाहित्यको अन्तर्वस्तु भन्न सकिन्छ ।

**(ख) साहित्यिक रूप पक्षसम्बन्धी प्रगतिवादी स्थापना**

प्रगतिवादी कलासाहित्यमा अन्तर्वस्तुसँगै रूप पक्ष पनि सन्निकट भएर आएको हुन्छ । दर्शनशास्त्रमा रूपलाई अन्तर्वस्तुको सङ्गठन वा संरचनाका रूपमा हेरिएको पाइन्छ ।[४२] मार्क्सदेखि आजसम्मका सबै मार्क्सवादी चिन्तकहरूले रूप र अन्तर्वस्तुको सम्बन्धलाई विशेष महत्त्वका साथ प्रस्तुत गरेका छन् । रूप भन्नु नै कुनै वस्तु तत्त्वलाई भौतिक अस्तित्व प्रदान गर्ने संरचना हो जसलाई सामान्य अर्थमा आकृति भनिन्छ । जीवनजगत्मा रहेका वस्तुहरू कुनै न कुनै ढाँचा, आकृति वा संरचनामा अस्तित्ववान् छन् । ती सम्पूर्ण वस्तुहरू वस्तुतत्त्व (सार वा अन्तर्वस्तु) र रूपकै एकात्मक प्रस्तुति हुन् ।[४३] अन्तर्वस्तुका अभावमा रूपको कल्पना गर्न नसकिएझैं रूप वा संरचनाका अभावमा अन्तर्वस्तुको अस्तित्व रहँदैन । तसर्थ प्रगतिवादी कला चिन्तनमा अन्तर्वस्तु र रूपको एकतालाई अपरिहार्य मानिन्छ ।

कलाकारको वस्तुपक्षमा सम्बन्धित युग र जनताको मनोभाव, संवेदना र धारणामा सही स्थान रहन सक्छ भने त्यसको रूप पनि सहजै सुन्दर बन्न पुग्छ ।[४४] साहित्यका सन्दर्भमा रूपलाई दुई ढङ्गबाट हेर्न सकिन्छ । कुनै कृति बाह्य ढाँचाका रूपमा जस्तो देखिन्छ, त्यो रूपको एउटा प्रकार हो जसलाई कृतिको बाह्य आकृति वा बनोट भनिन्छ तर रूप यति मात्र होइन । कृतिको बाह्य ढाँचा वा स्थूल आकृतिको बनोटमा पनि केही आन्तरिक आवश्यक उपकरण वा अवयवहरूको बनोट आवश्यक हुन्छ । साहित्यका सन्दर्भमा बिम्ब, प्रतीक, अलङ्कार, भाषा लगायतका कुराहरूलाई संरचना निर्माणका आवश्यक आन्तरिक अवयव वा उपकरण मान्न सकिन्छ । यिनै अवयवहरूको एकता अर्थात् बुनोटबाटै बाह्य स्थूल

---

[४२] भिक्टर आफानास्येभ, पूर्ववत्, पृ. १४७ ।

[४३] ताराकान्त पाण्डेय, **प्रगतिवाद र कविता**, पूर्ववत्, पृ. ३७ ।

[४४] रविलाल अधिकारी, पूर्ववत्, पृ. ४१ ।

संरचनाको निर्माण हुन्छ । त्यसैले बनोट र बुनोट वा बाह्य र आन्तरिक संरचनाको समष्टि एकता नै रूप हो । चिन्तकहरूले समग्र रूप वा रूपात्मक सौन्दर्यलाई अंशी वा अङ्गी र त्यसका संरचक अवयवहरूलाई अंश वा अङ्गका रूपमा व्याख्या गर्दै कलासाहित्यको समग्र रूपलाई यिनै अंशी र अंश अथवा अङ्गी र अङ्गको संश्लिष्ट निर्मिति अथवा अविभाज्य एकत्वका रूपमा समेत प्रस्तुत गरेको पाइन्छ ।[४५]

अन्तर्वस्तुको अभिव्यक्तिका लागि वा त्यसलाई भौतिक अस्तित्व प्रदान गर्नका लागि कलासाहित्यमा रूपको अनिवार्य आवश्यकता ठहर्दछ । रूपलाई एक प्रकारको विजय मान्ने फिसर यसलाई दोहोरो समाधान मान्दछन् । अन्तर्वस्तुबाट जन्मिने कठिनाइहरूमाथिको विजयका रूपमा यो पहिलो मौलिक समाधान हो भने अन्तर्वस्तुलाई भौतिक अस्तित्व दिंदा भएको कठिनाइमाथि रूपका माध्यमद्वारा विजय प्राप्त गर्दा हुने आनन्दद्वारा सिर्जित समस्याको समाधान पनि रूप नै हो भन्ने कुरा व्यक्त गरेर फिसरले कलासाहित्यमा रूपको स्थान र प्रयोजनलाई उपयुक्त ढङ्गले प्रष्ट्याएका छन् ।

### २.३ कवितामा प्रगतिवादको प्रयोग

कविता भनेको मौखिक कलाका रूपमा रहेको साहित्यको एक विधा हो । साहित्यमा जीवनजगत्सम्बन्धी विषयवस्तुको कलात्मक भाषिक अभिव्यक्ति गरिन्छ भने त्यसै कलात्मक भाषिक अभिव्यक्तिको लयबद्ध एक प्रकार कविता हो । साहित्यका निबन्ध, आख्यान र नाटक जस्ता अरू विधाहरूमा झैं कवितामा पनि प्रगतिवादी सञ्चेतनाको समेत अभिव्यक्ति भएको भेटिन्छ । प्रगतिवाद भनेको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो । साहित्य कलाको उपयोगितालाई वर्गीय सापेक्षतामा हेर्दै कुरूपका विरुद्ध सुन्दरको, मृत्यु र विसङ्गतिका विरुद्ध जीवन र सङ्गतिको, निराशा र कुण्ठाविरुद्ध आशा र स्वस्थताको, प्रतिक्रियावाद र यथास्थितिवादका विरुद्ध क्रान्ति र परिवर्तनको पक्षपोषण गर्दै सर्वहारा मानवतावादको पक्षमा वकालत गर्नु यसको प्रवृत्तिगत विशेषता हो । प्रगतिवादका कला साहित्यिक मान्यताहरू कविताका क्षेत्रमा पनि लागू भएको पाइन्छ । कविताको विधागत ढाँचाबारे सर्वस्वीकृत मान्यताहरूप्रति सहमत भएर प्रगतिवादले केही विशिष्ट सन्दर्भमा विशिष्ट मान्यताहरू अगाडि सारेको छ । प्रगतिवादको दार्शनिक आधारको एउटा पक्ष ऐतिहासिक भौतिकवाद भएकाले कविताले ऐतिहासिक भौतिकवादी दृष्टिलाई नै अध्ययनको स्रोत बनाएको छ ।

---

[४५] रोहिताश्व, पूर्ववत्, पृ. १०२ ।

विशेषतः प्रगतिवाद जीवन, श्रम र जनताको सङ्घर्षसित घनिष्ठ सम्बन्ध राख्ने साहित्य सिद्धान्त हो ।

मानव समाजका वर्ग सङ्घर्षमा र प्रतिक्रियावादी सामन्ती-पुँजीवादी उत्पीडनका विरुद्ध किसान मजदुरले गर्ने आन्दोलनलाई सांस्कृतिक आधार प्रदान गर्नका निम्ति कविताले भूमिका खेल्छ । त्यसैले सर्वहारा वर्ग वा किसान मजदुरका समस्या र सङ्घर्षका आवाजलाई लयबद्ध र रम्य भाषामा सौन्दर्य चेतनाका साथ व्यक्त गरी कविले कविता रचेको हुन्छ । कवितालाई सर्वप्राचीन कलाव्यापार ठान्ने क्रिस्टोफर कड्वेलको विचारमा कविता मानव मनका प्राचीनतम कलाव्यापार मध्ये एक हो र यो सामूहिक श्रमकै बीचबाट आर्थिक क्रियाका रूपमा जन्मेको हो ।[४६] कविताको जन्म आदिम युगमा नै भइसकेको हो भन्ने धारणा कडवेलको रहेको छ । कुनै जातिको सुरुआतको इतिहासमा कविता कलासाहित्यको पृथक् विधाविशेषका रूपमा नभई सम्पूर्ण वाङ्मयसँग सम्बद्ध मिश्रित विधाका रूपमा रहेको थियो र त्यस्तो आदिम जातिको अवशेष आज पनि जहाँ छ त्यहाँ कविता यही रूपमा पाइनुका साथै पूर्णतया काव्यात्मक अर्थात् लयबद्ध वा छन्दोबद्ध रहेको धारणा कड्वेल व्यक्त गर्दछन् ।[४७] प्रगतिवादी काव्यचिन्तक कड्वेलले कविताबारे तीन महत्त्वपूर्ण सङ्केतहरूको व्याख्या गरेका छन् । पहिलो सङ्केत अनुसार कविताको जन्म मानव सभ्यताको आदिम युग अर्थात् आदिम जातिका समुदायमा भएका थियो । दोस्रो सङ्केत अनुसार आदिम कविता आजको जस्तो विशुद्ध कविता नभई सम्पूर्ण वाङ्मयसँग मिश्रित थियो र तेस्रो सङ्केत अनुसार कविता आरम्भमा नै पूर्णतया काव्यात्मक अर्थात् लयबद्ध र छन्दोबद्ध थियो ।

समाजवादी यथार्थवादले अन्तर्वस्तु तथा रूपको द्वन्द्वात्मकतालाई सापेक्षित महत्त्व दिंदै सर्वहारावादी मानवतावादप्रति प्रतिबद्धताकालागि समग्र सांस्कृतिककर्मीहरूलाई आह्वान गर्दछ ।[४८] मार्क्स-एङ्गेल्सले साहित्य कलाबारेका अवधारणा व्यक्त गर्ने क्रममा साहित्यमा युगको द्वन्द्वशील यथार्थलाई महत्त्व दिएका छन् । यसै आधारमा उनीहरूले हाइनेका कविताको प्रशंसा गर्दै बेयर्तलाई जर्मन सर्वहाराका पहिला र सबभन्दा महत्त्वपूर्ण कवि मानेका छन् । यथार्थ जगत्को भावनात्मक रङ्गले रङ्गिएको कविता बाह्य सामाजिक यथार्थबाट उठ्छ र

---

[४६] क्रिस्टोफर कडवेल, पूर्ववत्, पृ. १३ ।

[४७] ऐजन ।

[४८] ऋषिराज बराल, 'यथार्थ, यथार्थवाद र समाजवादी यथार्थवाद', **मार्क्सवाद र उत्तरआधुनिकतावाद,** (विराटनगर : सविता बराल, २०५२), पृ. १७ ।

आत्मप्रदेशतिर प्रवेश गर्छ । यसरी बाह्य जगत्बाट टिपिएका यथार्थले आत्मिक जगत्मा प्रवेश गरेपछि सामूहिक आवेगको ओजपूर्ण अभिव्यक्ति हुन्छ र कविता बन्छ । स्पष्ट रूपमा भन्नुपर्दा आत्माको बाह्यकरण र बाह्यको आभ्यन्तरीकरणका सङ्गमबाट कविताको निर्माण हुन्छ ।[४९] प्रगतिवादका प्रवृत्ति मूलतः दुई किसिमका रहेका छन् । पहिलोले सत्ता संस्कृति र त्यसलाई प्रतिनिधित्व गर्ने व्यक्ति र वर्गलाई सृजन केन्द्र बनाउँछ भने दोस्रोले समाज केन्द्रित प्रवृत्तिको अग्रगामी पक्षलाई प्रतिनिधित्व गर्दै समय सापेक्षित रूपबाट आफूलाई गतिवान् बनाएको हुन्छ । आदिम युगमा कविताहरू शुद्ध कविता नभई कविता, गीत र सङ्गीत प्रायः एकीकृत अवस्थामै रहेका थिए । कड्वेलको विचारमा सङ्गीतको जन्म पनि ठीक त्यतिबेलै भयो जतिबेला आदिम कविताको जन्म भयो । यसबारे थप व्याख्या गर्दै कड्वेल भन्छन् "आदिम समुदायमा मानिसहरूले आफ्नो नृत्यका तालबाट निकाल्ने आवाजहरू, अर्थहीन बोलीहरू अनि काठ र पत्थर बजाउँदै पैदा गर्ने कृत्रिम आवाजहरूबाटै नृत्य, कविता र सङ्गीतको जन्म भयो ।"[५०]

कविता सम्बन्धी अनुशीलनकर्ता जर्ज थम्सन कड्वेलका विचारसँग सहमत हुँदै कविताबारे यस्तो धारणा प्रस्तुत गर्दछन्:

> नृत्य, सङ्गीत र कविता तीन कलाहरू एकै रूपमा सुरु भएका हुन् । तिनीहरूको स्रोत सामूहिक श्रममा लागेका मानव शरीरहरूको लयात्मक गतिविधि थियो । यस गतिविधिका शारीरिक र मौखिक दुई तत्त्व थिए । पहिलो नृत्यको स्रोत थियो र दोस्रो भाषाको । लयात्मक स्वरूपलाई व्यक्त गर्ने सहज उच्चारहरूको प्रारम्भसँगै मानवीय भाषा, सामान्य भाषा र काव्य भाषाका रूपमा छुट्टिने क्रम सुरु भयो ।[५१]

यसरी थम्सन नृत्य, सङ्गीत र कविता आरम्भमा एकीकृत अवस्थामै रहेको र त्यसको जन्म आदिम मानिसहरूका लयात्मक गतिविधिबाट भएको तथ्य प्रस्तुत गर्छन् । तथापि कालान्तरमा गीतबाट छुट्टिएर कविताले पृथक विधागत रूप प्राप्त गरे पनि गीतका कोखबाट आनुवंशिक रूपमा यसले प्राप्त गरेको साङ्गीतिकता वा लयात्मकता यसको मूल पहिचानका रूपमा कायमै रहेको कुरा कविताको आधुनिक ढाँचा समेतबाट स्पष्ट हुन्छ । कवितालाई वाणी वा बोलीको विशिष्ट रूप ठान्दै

---

[४९] नारायण कुँवर, 'सामाजिक यथार्थ और कविताका आत्मसङ्घर्ष' **कविताका जनपद**, (नयाँ दिल्ली, राधाकृष्ण प्रकाशन प्रा.लि., ई.सं. १९९२), पृ. ४१ ।

[५०] क्रिस्टोफर कड्वेल, पूर्ववत्, पृ. १४ ।

[५१] जर्ज थम्सन, **मार्क्सिज्म एण्ड पोएट्री** (नयाँ दिल्ली : पिपल्स पब्लिसिङ हाउस, सन् १९५३), पृ. २३ ।

थम्सन आदिम युगमा श्रम वा उत्पादन सामूहिक प्रक्रियामा चल्दथ्यो र यसलाई सजिलो बनाउने आवश्यकताका बीचमा कविताको विकास भएको हो भन्दछन् । यसप्रकार कविताको आदि रूप बाणी हो भन्ने निष्कर्ष भेटिन्छ ।

आदिम समुदायमा कविताको आवश्यकता किन पऱ्यो भन्ने बारेमा प्रष्ट्याउँदै कड्वेलले भनेका विचारहरू निकै महत्त्वपूर्ण छन् । उनका अनुसार आदिम अवस्थामा प्राकृतिक विपद्का अदृश्य कारणहरूको सम्भावनाबाट मानिसहरू त्रस्त थिए भने अर्को तिर त्यसको निराकरणका लागि विशेष उपकरणको पनि आवश्यकता थियो ।[५२] यस सन्दर्भमा सामूहिक आवेगलाई अभिव्यक्त गर्ने आदिम कविता नै त्यस प्रकारको उपकरण बन्यो जसको कारण आदिम कवितामा रहेको लयात्मकता र अनुकूलित सामूहिक आवेग नै हो । त्यसैको उत्प्रेरणा र उपयोगद्वारा आदिम मान्छे विशिष्ट सामूहिक अनुक्रिया वा अनुष्ठानमा सम्मिलित हुन्थे र अघटित तर सम्भाव्य यथार्थ नकारात्मक भए त्यसको निराकरण र सकारात्मक भए त्यसको प्राप्तिको प्रयासमा उनीहरू सक्रिय रहन्थे ।

आदिम समाजमा भौतिक आवश्यकताबाटै कविताको उद्भव भएको हो भन्ने तथ्यलाई प्रगतिवादले स्थापित गरेको छ । कवितामा अन्तर्निहित लयात्मक गुणले नै सामूहिक आवेगलाई अनुकूलित बनाउँदै अनुक्रियालाई सरल बनाउँछ र प्रतिफलको निकट पुऱ्याउँछ भन्ने कुरा पनि यस सन्दर्भमा उल्लेखनीय छ । श्रमसित मानिसका क्रियाकलापलाई जोड्नु उसका आवेगको निर्धारण गर्नु र त्यसलाई उपयोगी आर्थिक दिशा दिनु नै आदिम समाजको मुख्य कार्य हो । आदिम समाजको केन्द्रीय आवश्यकता मानिने यस कार्यलाई कड्वेल आर्थिक कार्य बताउँछन् । उनी यस्तो आर्थिक कार्यको सम्पादनका लागि मान्छेका सहज वृत्तिलाई निर्देशित-अनुकूलित बनाउनु आवश्यक ठान्छन् । त्यस्तो सहज वृत्तिलाई निर्देशित गर्ने तत्त्व कविता हो र त्यसैले यसको जन्म पनि आर्थिक क्रियाबाटै भएको हो ।[५३]

प्रगतिवादी कवि, आलोचक आनन्ददेव भट्टका अनुसार प्रगतिवादी साहित्य जीवनमूलक साहित्य हो र यसले अग्रगामी चिन्तन र विचारलाई अङ्गालेर जीवनलाई विकृत पार्ने तत्त्वहरूप्रति विद्रोह गर्दछ र किसान-मजदुरहरूको श्रमको सम्मान गर्दै गलत बाटोमा लागेकाहरूलाई असल बाटो देखाउने गर्दछ ।[५४] समालोचक निनु चापागाईको भनाइमा मानव समाजबाट मानवजातिमाथि हुने सम्पूर्ण किसिमका

[५२] क्रिस्टोफर कड्वेल, पूर्ववत्, पृ. २५ ।

[५३] ऐजन ।

[५४] आनन्ददेव भट्ट, **व्यवहारिक समालोचना**, (काठमाडौं : भारद्वाज प्रकाशन, २०४८), पृ. ९ ।

शोषणको अन्त्य, मानवको मुक्ति वा साम्यवादी समाजको स्थापना व्यक्तिगत पुँजीको समाप्तिबाट मात्र सम्भव हुने हुँदा मानवसभ्यता, संस्कृति र इतिहासका निर्माता श्रमजीवी जनतामध्ये सबभन्दा क्रान्तिकारी तत्त्व सर्वहारा वर्ग हो । प्रगतिवादी साहित्यकारले सर्वहारा वर्गीय दृष्टिकोण अङ्गाल्दै सामूहिक उन्नयनमा विश्वास, व्यक्तिगत स्वार्थको विरोध एवम् शोषकवर्गका विरुद्ध हुने सङ्घर्षको दृढ समर्थन[५५] गर्नुपर्दछ भन्ने रहेको देखिन्छ ।

सम्पूर्ण कलालाई श्रमको उपज ठान्ने मार्क्स-एङ्गेल्सले पनि अन्ततः सर्वप्राचीन कला रूप कविता आदिम वर्गविहीन समाजमा सामूहिक श्रमकै माझ जन्मिएको हो भन्ने तर्क अगाडि सारेका छन् । सामूहिक अनुष्ठानमा प्रयोग गरिने लयबद्ध, ओजपूर्ण भाषाबाटै कविता जन्मेको हो भन्ने कुरालाई नेपाली समाजका सन्दर्भमा समेत पुष्टि गर्न सकिन्छ । समाजमा विवाह, व्रतबन्ध, पूजाआजा, खेतीपाती, मेलापर्वका साथै सामूहिक आयोजनाहरूमा आज पनि लयबद्ध तथा श्लोकबद्ध काव्यहरू गाइने गरिन्छन् ।

सामूहिक श्रमसँग जोडिएको कविताको लयबद्धताले एकातिर कार्यलाई सहज बनाउँछ भने अर्कातिर त्यसको कलात्मक अन्तर्वस्तु कार्यभारको आवश्यकतासँग जोडिने हुनाले त्यसले कार्यभारका पछाडि लुकेको सामूहिक आवेगलाई व्यक्त गर्दछ भन्ने धारणा कड्वेलले व्यक्त गरेका छन् तर आजको विकसित र वर्गविभक्त समाजमा कविताको प्रयोजन केवल सामूहिक अनुष्ठानमा सामूहिक अनुक्रियालाई सहज र अनुकूल बनाउनुमा मात्र सीमित छैन । गद्य कविताको विकाससँगै गीत भन्दा यो फरक छ तर यति हुँदाहुँदै पनि आफ्नो स्वभाव अनुसार कविताले आज सामूहिक आवेगलाई नै प्रष्फुटित गरिरहेको छ र गरिरहने छ । प्रगतिवादी चिन्तकहरूले कवितालाई आवेगको अभिव्यक्ति बताउँदै यो बलियो आवेगले सुसज्जित हुनुपर्ने विचार प्रकट गरेका छन् ।[५६] प्रगतिवाद समाजवादकै सांस्कृतिक पक्षसित सम्बद्ध प्रगतिशील तथा आमूल क्रान्तिकारी धारा हो । यसले मानव मूल्यको सही निर्माता उत्पादक मजदुरहरूको आकाङ्क्षासित आफूलाई जोडेर यथार्थलाई मूर्त रूप दिने काम गर्दछ । अतीतको क्रान्तिकारी परम्परालाई वर्तमानसित जोड्ने यस किसिमको साहित्यिक चिन्तन मानवको कलात्मक प्रगतिमा नयाँ आयाम हो ।[५७]

---

[५५] निनु चापागाई, पूर्ववत्, पृ. ४२ ।

[५६] आए छिङ, **कविताका सम्बन्धमा**, अनु. सञ्जीवदास श्रेष्ठ, (काठमाडौं : गुनिलो प्रकाशन, २०४५), पृ. १२-१३ ।

[५७] ऋषिराज बराल, **प्रगतिवाद**, पूर्ववत्, पृ. १३ ।

समग्रमा भन्नुपर्दा बुर्जुवा कवितासँग समाजवादी (प्रगतिवादी) कविता फरक मात्र नभई वर्ग विभक्त सममाजमा कविताको स्थिति पनि प्रष्टिन्छ । कविता वर्गविहीन आदिम समाजमा जन्मे पनि वर्गविभक्त समाजका जटिलताहरूबीच बाँच्नुपर्ने हुँदा यसमा स्वभावतः वर्गीय चरित्र प्रकट हुन पुग्यो । यो ऐतिहासिक आवश्यकता र अनिवार्यता थियो तर वर्गविहीन भावी साम्यवादी समाजमा कविताको आदिम रूप पुनः स्थापित हुने र वर्ग विभक्त समाजमा यसले ग्रहण गरेको वर्गीय स्वरूप पुनः पूर्णतया अन्त्य भई कविताले पूर्ण स्वतन्त्र मानव जातिको रागात्मक अभिव्यक्ति गर्ने कुरालाई पनि प्रगतिवादले दृढतापूर्वक स्वीकार गरेको छ ।

# तेस्रो परिच्छेद

# पचासको दशक (वि.सं. २०५०-०५९) का नेपाली प्रगतिवादी कवितासङ्ग्रह

## ३.१ नेपाली प्रगतिवादी कवितालेखनमा पचासको दशक

देशमा भइरहने सामाजिक तथा राजनीतिक परिवर्तनले त्यहाँको साहित्य-कलालाई व्यापक प्रभाव पारेको हुन्छ । नेपालमा वि.सं. २००७ सालको प्रजातन्त्र प्रादुर्भाव पश्चात अभिव्यक्ति तथा लेखन स्वतन्त्रता प्राप्त भएको हो । त्यसपछि वि.सं. २००७ साल, वि.सं. २०१७ साल, २०३६/३७ साल, २०४६ साल हुँदै विभिन्न समयमा नेपाली राजनीतिमा घटेका घटनाहरूकै सेरोफेरोमा साहित्य सिर्जना भइरहेका छन् । २०४६ सालको जनआन्दोलनले नेपाली जनजीवनको सामाजिक एवम् राजनीतिक क्षेत्रमा व्यापक परिवर्तन ल्यायो र त्यसको प्रत्यक्ष प्रभाव नेपाली साहित्यमा पनि पऱ्यो ।[५८] वि.सं. २००८ मा प्रकाशित कृष्णचन्द्रसिंह प्रधानको **भन्ज्याङ्गनिरै** कवितासङ्ग्रहबाट औपचारिक यात्राको थालनी गरेको नेपाली प्रगतिवादी कविता धाराले देशमा विभिन्न समयमा घटेका घटना, शासनपद्धति, जनआन्दोलन र जनयुद्धका विषयहरूलाई आफ्नो सिर्जनाको क्षेत्र बनाउँदै आएको छ । नेपाली कविताले समय सँगसँगै विभिन्न पद, सिद्धान्त र प्रवृत्तिहरूलाई आत्मसात् गर्दै राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक शोषणका विरुद्ध आवाज उठाउँदै आर्थिक र वर्गीय समानताका पक्षमा वकालत गर्दै आएको छ ।

पचासको दशक भन्नाले वि.सं. २०५० देखि २०५९ सालसम्मको अवधिलाई बुझिन्छ । यो समय नेपाली राजनीतिको सङ्क्रमणकालीन समय हो । तसर्थ नेपाली कविताका क्षेत्रमा पनि यो दश वर्ष सङ्क्रमणकालमा नै गुज्रिएको थियो । स्रष्टाहरूलाई शासकीय प्रताडना तथा सामन्ती अत्याचारका विरुद्ध निर्भीक भएर रचना तथा प्रकाशन गर्ने प्रजातान्त्रिक मौलिक हक र स्वतन्त्रता उपलब्ध रहे पनि अन्तर्विरोध चाहिँ चर्को थियो । यस्तै परिस्थितिमा उक्त दशकमा कविताको संख्यात्मक र गुणात्मक वृद्धि भने भइरह्यो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुन: स्थापना गरेपछि राजनीतिक व्यवस्थामा निकै खुकुलोपन आयो । आमजनताका साथै राजनीतिक दलका नेता, कवि, साहित्यकार र कलाकारहरू पनि स्वतन्त्र रूपमा

---

[५८] अनिरुद्ध तिमसिना, 'समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू', **प्रलेस**, (वर्ष ७, पूर्णाङ्क १३, २०५९), पृ. १५५ ।

अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्नतिर लागे तर यो क्रम धेरै लामो समय टिक्न सकेन । एकपछि अर्को गर्दै नेपाली राजनीतिमा विभिन्न जटिलताहरू बढ्दै जान थाले । सामन्तवादी, पुँजीवादी अत्याचार तथा निरङ्कुशतन्त्रका विरुद्ध खुलेआम विद्रोह गर्ने वातावरण नभए पनि आमजनतालाई आफ्ना हक र अधिकारका पक्षमा उत्रन अभिप्रेरणा गर्नेतर्फ यस दशकका स्रष्टाहरू प्रयत्नशील देखिन्छन् ।

कुनै पनि युगको यथार्थ सामाजिक, राजनीतिक परिवेशबाट निर्धारित हुने गर्दछ यसर्थ पचासको दशकका नेपाली प्रगतिवादी कविताहरूमा पनि तत्कालीन युगका प्रतिबिम्बहरू स्पष्ट देख्न सकिन्छ । वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात नेपाली राजनीतिक वृत्तमा घटेका घटना तथा त्यसले समाजमा पारेको प्रभावको सापेक्षतामा नै पचासको दशकका कविताहरू सृजना भएका छन् । २०४८ सालको आम निर्वाचन सँगसँगै सत्तासीनहरूले जनताका समस्याहरू समाधान गर्नुको बदला राष्ट्रियहित विपरीत सन्धि र सम्झौताहरू गर्न थाले यसले जनतामा आफूले चुनेर पठाएका प्रतिनिधिप्रति वितृष्णा बढ्न थाल्यो । टनकपुर सन्धि, महाकाली सन्धि लगायतका राष्ट्रियता विरोधी कार्यबाट जनआक्रोश बढ्दै गयो । सत्तामदको अहङ्कारले उन्मत्त भई दलका नेताहरू राज्यहिंसा र आतङ्कमा उत्रन थाले । दासढुङ्गा हत्याकाण्ड, संसदबाट जनताका समस्या समाधान हुन नसक्ने अनुभवका साथ अघि बढेको नेकपा माओवादीको जनयुद्धको घोषणा पश्चात भएको त्याग, बलिदान र सङ्घर्ष एवम् त्यसले उब्जाएको हत्याहिंसा र आतङ्कको स्थिति यस अवधिका स्थूल परिवेश हुन् ।[५९] यसका साथै मध्यावधि निर्वाचन, संसदमा एमालेको अग्रस्थान, अल्पमतको एकमना सरकार त्यसपछि बनेका विभिन्न सरकारहरू, विहारी चुनाव शैलीको प्रभाव, सांसद किनबेचको प्रकरण, पजेरो संस्कृतिले राजनेताहरूमा देखिएको नैतिक सङ्कट तथा चारित्रिक पतन, सामाजिक, राजनीतिक एवम् आर्थिक विकृति, एमाले पार्टी विभाजन, मुलुकमा व्याप्त भ्रष्टाचार, कमिसनतन्त्र र खुलेआम तस्करीको वृद्धि, निजीकरण-उदारीकरण तथा विश्वव्यापीकरणले राष्ट्रिय अर्थतन्त्रमा पारेको दुष्प्रभाव[६०], आर्थिक संयन्त्र विदेशीको नियन्त्रणमा पुगी देश परावलम्बी बन्न पुगेको यथार्थ, दैनिक उपभोग्य वस्तुहरूमा अत्यधिक मूल्य वृद्धि, जनताको जीवन र प्रजातान्त्रिक मर्ममाथि नै प्रहार गरेर मुलुकलाई अधोगतितर्फ पुऱ्याएको यथार्थतालाई पनि बिर्सन मिल्दैन । काङ्ग्रेस

---

[५९] हेमनाथ पौडेल, 'प्रगतिवादी नेपाली कविता पृष्ठभूमि, प्रारम्भ र विकास' **भिसमिसे**, (वर्ष २९, पूर्णाङ्क ४१, २०६४), पृ. २७ ।

[६०] अशोक सुवेदी, **नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत**, काठमाडौं : शारदा सुवेदी, वर्षा/विकास आचाई, २०६२ पृ. ३२ ।

पार्टीभित्रको फुट, तत्कालीन राजा वीरेन्द्रको वंशनाश, सङ्कटकालको घोषणा, सेना परिचालन, संसद विघटन र २०५९ असोज १८ गतेको तत्कालीन राजा ज्ञानेन्द्रको प्रतिगामी कदम, सरकार-माओवादी युद्धविरामको घोषणा, पटक-पटक वार्ताका प्रयासहरू र वार्ताभङ्ग सम्मका राजनीतिक-सामाजिक प्रसङ्गहरूलाई पचासको दशकका कविताहरूले आफ्ना विषय बनाएका छन् । ठूलो संख्यामा युवाशक्तिको विदेश पलायन, जनतामा बढ्दै गएको निराशाबोध, हतोत्साह र उदासीनतालाई पनि यो अवधिका कविताले प्रस्तुत गरेका छन् । यिनै सामाजिक, राजनीतिक परिस्थितिजन्य घात प्रतिघात, अन्तर्विरोध र सम्झौता, शोषण, दमन र उत्पीडन, अन्याय, अत्यचार, लैङ्गिक असमानता, काला बजारिया, माफियातन्त्र, विश्वका विभिन्न ठाउँमा घटेका घटना र नेपाली जनविद्रोह आदिले सिर्जना गरेका यथार्थहरूको अभिव्यक्ति नै यस समयका नेपाली प्रगतिवादी कविताहरूमा भएको पाइन्छ ।

## ३.२ पचासको दशक (वि.सं. २०५०-५९) का कवितासङ्ग्रहहरूको सर्वेक्षण

पचासको दशक (२०५०-५९) मा प्रकाशनमा आएका तथा शोधका क्रममा उपलब्ध कवितासङ्ग्रहहरू यस प्रकारका छन्-

| | कवितासङ्ग्रह | कवि | प्रकाशन साल | प्रकाशक |
|---|---|---|---|---|
| १. | बैसालु वर्तमान | पारिजात | २०५० | नेपाल साहित्य गुठी, काठमाडौं |
| २. | गोविन्दले ठीक भन्यो | पूर्णविराम | २०५० | विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौं |
| ३. | क्षितिजभित्रका गाउँहरू | बलभद्र भारती | २०५० | लेखक स्वयम् |
| ४. | बन्दी आस्थाहरू | कृष्णविनोद लम्साल | २०५० | श्रीमती जानुका लम्साल, इटहरी |
| ५. | बोको खस्यो | देवीप्रसाद किसान | २०५० | गोविन्दप्रसाद शर्मा, पोखरा |
| ६. | राष्ट्रले शोक धुन बजाएको छ | अनिल श्रेष्ठ | २०५१ | चिन्तन प्रकाशन प्रा.लि., काठाडौं |
| ७. | सङ्कल्प | चन्द्रा शर्मा थानी | २०५१ | चक्रपाणि शर्मा, काठमाडौं |
| ८. | सरोज ओलीका कविता | सरोज ओली | २०५१ | केशवमणि ओली, झापा |
| ९. | रगतको मूल्य | बी. कौडिन्य | २०५१ | श्रीमती गीता न्यौपाने, काभ्रे |
| १०. | आकुञ्चन | जगत प्रेक्षित र अन्य | २०५१ | कविहरू स्वयम् |

| | | | | |
|---|---|---|---|---|
| ११. | लहरिएका आकाङ्क्षाहरू | गायत्री विष्ट | २०५२ | अभिव्यक्ति प्रकाशन, काठमाडौं |
| १२. | असमर्थ श्लोक | राजव | २०५२ | साझा प्रकाशन, काठमाडौं |
| १३. | म उभिएको ठाउँ | कुन्ता शर्मा | २०५२ | अनुराग प्रकाशन, काठमाडौं |
| १४. | हुरीका स्पन्दनहरू | ईश्वरचन्द्र ज्ञवाली | २०५२ | चिन्तन प्रकाशन, प्रा.लि., काठमाडौं |
| १५. | यक्ष प्रश्नहरू | मनरूप नेप्चुन | २०५३ | संयुक्त प्रकाशन, काठमाडौं |
| १६. | तानाशाहलाई प्रश्न | गङ्गा श्रेष्ठ र अन्य | २०५३ | कविहरू स्वयम् |
| १७. | आजका स्वरहरू | सुरेन उप्रेती | २०५३ | तारा उप्रेती, काठमाडौं |
| १८. | सृष्टिकर्ता | मित्रलाल पंज्ञानी | २०५४ | साझा प्रकाशन, काठमाडौं |
| १९. | शङ्कैशङ्का | केवलपुरे किसान | २०५४ | लेखक स्वयम् |
| २०. | बाघले घाँस खायो | पुण्य कार्की | २०५४ | रेणुका कार्की, उदयपुर |
| २१. | तुवाँलोभित्र र तुवाँलोबाहिर | आर.आर. चौलागाईं | २०५४ | लेखक स्वयम् |
| २२. | समयान्तर/दुर्घटनाहरू | यज्ञराज प्रसाईं | २०५४ | कृष्ण प्रसाई, काठमाडौं |
| २३. | परिवेश र म | नम्रता गुरागाईं | २०५५ | लेखक स्वयम् |
| २४. | मृत्युपर्व होइन मेरो देश | अनिल श्रेष्ठ | २०५५ | पारिजात स्मृति पुस्तकालय, तनहुँ |
| २५. | युद्धघोष | अशोक सुवेदी | २०५५ | बर्षा सुवेदी, काठमाडौं |
| २६. | पाइलाहरू शिखरतिर उकासिंदै गर्दा | मोदनाथ मरहट्टा | २०५५ | लेखक स्वयम् |
| २७. | यात्रा मुक्ति शिखरको | चेतकान्त चापागाई | २०५५ | कमल, तुलसी र प्रकाश चापागाईं, चितवन |
| २८. | म प्रतिध्रुवीय यात्री | गङ्गा श्रेष्ठ | २०५५ | चिन्तन प्रकाशन प्रा.लि., काठमाडौं |
| २९. | घाम छेक्ने पहाड | अमर गिरी | २०५५ | जनमत प्रकाशन, काभ्रे |
| ३०. | मनका गुनासा | चन्द्रप्रसाद न्यौपाने | २०५६ | श्रीमती होममाया न्यौपाने, काठमाडौं |
| ३१. | इतिहासको यस घडीमा | कृष्ण सेन 'इच्छुक' | २०५६ | अखिल नेपाल जनसांस्कृतिक संघ, काठमाडौं |
| ३२. | सेतो दरबारको छेउबाट | मातृका पोखरेल | २०५६ | सिर्जनशील प्रकाशन, काठमाडौं |

| | | | | |
|---|---|---|---|---|
| ३३. | अभिव्यक्तिका सूत्रहरू | सिर्जना दुवाल | २०५६ | जनमत प्रकाशन, काभ्रे |
| ३४. | देश कहाँ छ? | थोमस पीडित | २०५७ | लेखक स्वयम् |
| ३५. | हातहरू | अनिल पौडेल | २०५७ | जनमत प्रकाशन, काभ्रे |
| ३६. | यसपल्ट पनि बाली लागेन | लीला उदासी | २०५७ | शान्ता/सुशान्त खनाल, काठमाडौं |
| ३७. | माफ गर बहिनी चिन्न सकिन | आत्माराम शर्मा | २०५७ | साहित्य सदन नेपाल, काठमाडौं |
| ३८. | जुनको देशबाट | गङ्गा श्रेष्ठ | २०५७ | प्रगतिशील अध्ययन केन्द्र, काठमाडौं |
| ३९. | फिलिङ्गो | दिल साहनी | २०५७ | लेखक स्वयम् |
| ४०. | नालिस | सीता शर्मा | २०५७ | सिर्जनशील प्रकाशन, काठमाडौं |
| ४१. | शहीदको सम्झना | केशव नेपाल | २०५७ | निरन्तर प्रकाशन, काठमाडौं |
| ४२. | युग नृत्य | मोहनविक्रम सिंह | २०५७ | जन शिक्षा गृह, काठमाडौं |
| ४३. | यात्रा | रामहरि लम्साल | २०५८ | गोमादेवी लम्साल, काठमाडौं |
| ४४. | कुहिरो र काग | बलभद्र भारती | २०५८ | सिर्जनशील प्रकाशन, काठमाडौं |
| ४५. | अचेतन मनहरू | बद्रीविशाल पोखरेल | २०५८ | नेपाल बुद्धिजीवी परिषद, सुनसरी |
| ४६. | अराजक अक्षरहरू | विजय सुब्बा | २०५८ | साझा प्रकाशन, काठमाडौं |
| ४७. | बगिरहेको सुनकोशी | मणि थापा | २०५८ | बिहानी प्रकाशन, काठमाडौं |
| ४८. | आमाछोरी | नर्मदेश्वरी सत्याल र जयन्ती स्पन्दन | २०५८ | साहित्य सन्ध्या नेपाल, काठमाडौं |
| ४९. | जिन्दगीको सन्धिसर्पन | मधुसूदन गिरी | २०५८ | मध्यपश्चिमाञ्चल साहित्य परिषद, काठमाडौं |
| ५०. | आस्था, ओ मेरी प्रिया | शीतबिन्दु | २०५९ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| ५१. | प्रहर | डम्बर पहाडी | २०५९ | नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, साथी प्रकाशन, काठमाडौं |
| ५२. | पुतली र भुसिल्किरा | रामप्रसाद ज्ञवाली | २०५९ | भुँडीपुराण प्रकाशन, काठमाडौं |
| ५३. | शताब्दीको पहिलो बिहानी | झलनाथ खनाल | २०५९ | कञ्चनजङ्घा प्रकाशन, काठमाडौं |
| ५४. | परिवेश | पृथ्वीबहादुर सिंह | २०५९ | श्रीमती प्रेमकुमारी सिंह, काठमाडौं |
| ५५. | यसरी देश मरिरहेछ | ईश्वरचन्द्र ज्ञवाली | २०५९ | रेनु ज्ञवाली, काठमाडौं |

उपर्युक्त कवितासङ्ग्रहहरूको प्रवृत्तिगत सर्वेक्षण तल क्रमशः गरिएको छ ।

### ३.२.१ बैंसालु वर्तमान (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**बैंसालु वर्तमान** कवि पारिजातद्वारा लिखित प्रगतिवादी कविताहरूको सङ्ग्रह हो । कुल २६ वटा कविताहरू रहेको यस कृतिमा विपन्न वर्गीय जीवनको वस्तुसम्मत इतिवृत्त प्रस्तुत गरिएको छ ।[६१] निम्नवर्गीय समाजको उत्थानलाई सर्वोपरि ठानेर समतामूलक समाजको स्थापनाका निम्ति नारी र पुरुषको समान तथा सहअस्तित्वको मूल मर्मलाई 'बैंसालु वर्तमान' भित्र मुख्य उद्देश्य बनाइएको छ । मान्छेले यथास्थिति र दासता होइन परिवर्तन चाहन्छ, जीवनरक्षाका निम्ति उसले युद्धको बाटो समेत रोजिरहेको हुन्छ अनि उसले लड्ने युद्ध भनेको वर्गीय युद्ध हो भन्ने तथ्यलाई यसरी प्रस्तुत गरिएको छ-

होश गर्नुपर्छ यतिखेर
निर्धाका मुटु निचोर्नेहरूले
शक्तिशालीका मुटु निचोर्ने हातहरू यता पनि तयार छन्
एकपछि अर्को लस्कर लागेर (आन्दोलन, पृ. ७)

मार्क्सवादलाई आत्मसात् गर्दै समाजको उत्थान र परिवर्तनका निम्ति लेखिएका सङ्ग्रहका कविताहरूले जीवन र समाजका अनेकौं पक्ष र पाटाहरूलाई अघिव्यक्ति दिने क्रममा नारी समस्यालाई मुख्य केन्द्रविन्दु बनाएका छन् । मार्क्सवादले नारीमाथि हुने आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक शोषण एवम् भेदभावलाई निरपेक्ष नारी समस्याका रूपमा मात्र नलिएर वर्गीय मुक्ति आन्दोलनसँग जोड्ने काम गर्दछ । नारीमाथि पुरुषको शोषण व्याप्त छ भन्ने कुराप्रति असहमति नरहे पनि यसको मूल कारण वर्गयुक्त शोषणमूलक समाज नै भएकाले मार्क्सवादले वर्गमुक्तिसँगै मात्र नारीमुक्ति सम्भव छ भन्ने कुरा मान्दछ ।[६२] बैंसालु वर्तमानभित्रका आधा दर्जनभन्दा बढी कविताहरू नारी केन्द्रित छन् र यिनमा अभिव्यक्त नारीस्वर प्रगतिवादी चिन्तन र नारीवादी दृष्टिले प्रखर पनि रहेका छन् । 'मानुषी', 'प्रेमकथा', 'एउटी स्वास्नी मान्छेको अन्तर्वार्ता', 'बलात्कृतको बयान', 'जुठी दमिनीको अभिव्यक्ति', 'गढतीरको ढुङ्गामा आमाको सम्झना' र 'आमा' लगायतका कविताहरूमा पुँजीवादी समाजभित्र महिलाले बेहोर्नु परेका विभिन्न अवस्था र तिनको मुक्तिका लागि गरिने प्रयत्नहरूबारे अभिव्यक्ति प्रकट

[६१] गोपिन्द्र पौडेल, 'वैशिष्ठ्यगत सर्वेक्षणका सन्दर्भमा पारिजातको बैंसालु वर्तमान', **गरिमा** (वर्ष १३, पूर्णाङ्क १५४, २०५२), पृ.६९ ।

[६२] हेमनाथ पौडेल, 'बैंसालु वर्तमान सङ्ग्रहभित्रका कवितामा अभिव्यक्त नारीस्वर' **जनमत** (वर्ष २३, पूर्णाङ्क १०९, २०६२) पृ. ७।

गरिएको छ । साथै अन्य कविताहरूमा शोषित मजदुरहरूको अधिकारप्रति विशेष ध्यान पुऱ्याइएको छ । गरिब-धनीकाबीचको भेद र मानिसको जात चिनाउने सङ्कल्पबाट कविता वैचारिक र गरिब पक्षीय बनेको छ ।[६३]

जातीय शोषणको घेराबाट मुक्ति खोज्नु, नारीमाथि पुरुषद्वारा हुने जातीय, आर्थिक, शारीरिक, मानसिक शोषणको तस्वीर उतार्नु, नारी र पुरुषको समान तथा सहअस्तित्वको आवश्यकतालाई प्रस्तुत गर्नुका अलावा विगत र वर्तमानको राजनीतिक, आर्थिक एवम् सामाजिक संरचनाको जटिलता तथा विषमताका कारण सिर्जिएका अन्यौल, अराजकता तथा असमानताको विरूप यथार्थतालाई देखाउनु, नेपाली समाज, शासन व्यवस्था र प्रशासन संयन्त्रमा देखापरेको विसङ्गतिप्रतिको तीखो व्यङ्ग्य प्रहार गर्नु, सर्वहारा वर्गीय दृष्टिकोण अनुरूप क्रान्ति चेतलाई देखाउँदै परिवर्तनधर्मी विचार सञ्चार गर्नु लगायतका प्रगतिवादी चिन्तनअनुरूप प्रस्तुत सङ्ग्रह तयार भएको छ । नेपाली समाजमा विद्यमान वर्गीय संरचना र त्यस अन्तर्गतका विसङ्गतिको सशक्त चिरफार गरिएको यो कवितासङ्ग्रह क्रान्तिचेत, सर्वहारा वर्गीय दृष्टिकोण, नारी मुक्तिको स्वर तथा विसङ्गत यथार्थप्रति वितृष्णा र वस्तुनिष्ठ परिवर्तनधर्मी विचारको उद्बोधनका दृष्टिले उत्कृष्ट प्रगतिवादी कवितासङ्ग्रह हो ।

### ३.२.२ गोविन्दले ठीक भन्यो (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**गोविन्दले ठीक भन्यो** प्रगतिवादी कवि पूर्णविरामद्वारा लिखित उत्कृष्ट प्रगतिवादी कवितासङ्ग्रह हो । कुल २३ वटा गद्य लयात्मक कविताहरू रहेको यस सङ्ग्रहका सबै कविताहरू प्रगतिवादी चेतनाले भरिएका छन् । कविताका कथ्य वा विचारमा गणतन्त्रवादी वा समाजवादी चेतनाको धारिलो अभिव्यक्ति प्रकट भएको छ ।[६४] मुलुकको राजनीतिक परिवेश, सामाजिक स्थिति, सांस्कृतिक चेतना र परिवेश, जागिरे जीवन, ग्रामीण जनजीवन तथा नागर जीवनका विविध पाटाहरूलाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । **गोविन्दले ठीक भन्यो** भित्रका कविताहरूमा वर्तमान पीडामय देखिन्छ र पीडामय वर्तमानप्रति तीव्र असन्तुष्टि र आक्रोश व्यक्तिएको पाइन्छ ।[६५] २०४६ सालको जनआन्दोलनपछि पनि सामन्तवाद ढलिनसकेको यथार्थ प्रस्तुत गर्दै सत्ताधारी शक्तिहरू अझै पनि निरङ्कुशता लाद्न

---

[६३] सुकुम शर्मा, **पारिजातका कविताको अध्ययन**, (काठमाडौं : सनलाइट पब्लिकेसन, २०६२), पृ. १२० ।

[६४] ताराकान्त पाण्डेय, ''गोविन्दले ठीक भन्यो' : प्रवृत्तिगत विश्लेषण तथा मूल्याङ्कन', **कला साहित्यको भूमिका र मूल्याङ्कन** (काठमाडौं : चिन्तन प्रकाशन, २०५३), पृ. ६८ ।

[६५] ऐजन ।

तम्तयार भइरहेका छन् भन्ने निष्कर्ष यस सङ्ग्रहका कविताहरूले निकालेका छन् । समकालीन यथार्थतालाई प्रस्तुत गर्ने कविताहरूमा 'लेखापाल', 'जाडो घटेको छैन प्रिय मानिस', 'पागलहरू किन मुद्दा दायर गर्छन्', 'मरुभूमिमा एक थोपा पानी खस्यो', 'यत्रो हल्ला किन', 'मालिकको रौं-रौं हेर्न उज्यालोलाई पर्ख !', 'फूलको कविता शब्दको रमिता' र 'एउटा गोली खर्च गर नयाँ हावाका पहरेदारहरू' आदि रहेका छन् । उत्पीडक वर्तमानप्रति घृणा र असन्तुष्टि अनि उत्पीडक वर्गप्रति आक्रोश व्यक्त गर्दै कवितामा जनताको रगत चुसेर राता भएका महाजनहरूप्रति यसप्रकारको तीव्र रोष प्रकट गरिएको छ -

पद दलितका पसिनाहरूमा मोज गरेर
प्राणायाम गरिरहेका महाजनहरूका वैठकहरूमा जाऊ
बन्दुकलाई बोल्न लगाऊ
टाटहरूमा तिनका रगतका
थोपाहरूको बुट्टा बनाऊ

(पूर्णाङ्क प्राप्त गर्न लायक छन् कप्तानका आदेशहरू, पृ. ४५)

प्रगतिवादी कला चेतनाद्वारा निर्मित कवितासङ्ग्रहभित्र मूलतः मार्क्सवादप्रति अटल आस्था र वर्गदुश्मनप्रति तीव्र घृणा व्यक्त गरिएका छन् । निष्कर्षमा भन्नुपर्दा क्रान्ति बारेको मार्क्सवादी चेतनाको चोखो रूप यस सङ्ग्रहका कविताले प्राप्त गरेका छन् र यसमा द्वन्द्व चेतनाको प्रखरता, क्रान्तदर्शी अभिचेतना एवम् वर्गीय सङ्घर्षप्रति आस्था रहेको पाइन्छ ।[६६]

### ३.२.३ क्षितिजभित्रका गाउँहरू (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

जम्मा २८ वटा प्रगतिवादी कविताहरूको सङ्गृहीत रूप **क्षितिजभित्रका गाउँहरू** कवि बलभद्र भारतीद्वारा लिखित कवितासङ्ग्रह हो । हाम्रै गाउँबस्तीका बहुसंख्यक जनसमुदायले भोग्नुपरेको पीरमर्का, सामन्ती शासकहरूको क्रूर व्यवहार, सामाजिक असमानताको डरलाग्दो खाडल, आफ्ना अधिकारका लागि सङ्घर्षशील जनताहरूमाथि सामन्ती शासकहरूबाट गरिने पाशविक दमन लगायतलाई समेटेर प्रस्तुत सङ्ग्रह तयार भएको छ । प्रायः कवितामा संस्कृतका छन्दहरूलाई आजको युगचेतना र जनआकाङ्क्षाको अभिव्यक्तिकरणका निम्ति प्रयोग गरिएको छ भने केही कविताहरू गद्य लयमा लेखिएका छन् । शोषित वर्गको उज्ज्वल भविष्य र

[६६] नरेन्द्र चापागाई, 'चालीसका दशकका केही प्रगतिशील कविताहरूको विहङ्गावलोकन', **गरिमा**, वर्ष १३, अङ्क ९, (२०५९), पृ. २२ ।

अन्तिम विजयमा अटल विश्वास, दिनदुःखीहरूलाई एकताबद्ध भई सङ्घर्षमा जुट्न आह्वान, भोक, रोग र शोक एवम् अभावले ग्रस्त नेपाली जनजीवनको यथार्थ चित्रण, जनभावना र क्रान्तिकारी चाहानाको अभिव्यक्ति यस कृतिमा प्रस्तुत गरिएका छन् । कविताहरूमा सामन्तवादी शासक वर्गले जनताका छोराछोरीलाई बाँधा र गोठालो बनाउने परम्पराको प्रतीत गराउँदै सामन्तवादी शोषक शासक वर्गप्रति क्षोभ, आक्रोश र घृणाका साथै सामन्तवादका पर्खाल ढाल्ने चुनौती समेत दिइएको छ ।[६७]

हिमाल जस्ता दरबार भत्के
श्रीपेच ओढ्ने शिर लाख लत्रे
बिलाउँदैछन् अवेश आज
एक्-एक् गर्दै इतिहासबाट । (जल्लादहरूलाई चुनौतीपत्र, पृ. १३)

सङ्ग्रहभित्रका अधिकांश कविताहरूमा सामन्ती अत्याचारका विरुद्ध खुलेर प्रहार गर्दै निरङ्कुश राजतन्त्रको अवशेष क्रमशः बिलाउँदै गएको सङ्केत गरिएको छ । दुई गाँस खानका लागि ज्यानकै बाजी लगाएर श्रम गरिरहेका नेपाली किसान, ज्यामी-कामदार, महिला र लाहुरे दाजुभाइहरूको पीडा वर्तमान नेपाली समाजको अस्तव्यस्तता र दुर्दशा, विकृत बन्दै गएको प्रजातान्त्रिक संस्कार लगायतलाई पनि कविताभित्र समेटिएको छ । विषयवस्तु र विचार चेतनाका दृष्टिले **क्षितिजभित्रका गाउँहरू** उत्कृष्ट प्रगतिवादी कवितासङ्ग्रह हो ।

### ३.२.४ बन्दी आस्थाहरू (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**बन्दी आस्थाहरू** कवि कृष्णविनोद लम्सालद्वारा रचित प्रगतिवादी कवितासङ्ग्रह हो । वि.स.. २०२३ देखि २०५० सम्मका राजनीतिक र सामाजिक घटनाका विकृत र स्वीकृत स्वरूपहरूले घच्घचिएर रन्थनिएको कवि हृदयले चित्रण गरेको प्रतिविम्बि यस कवितासङ्ग्रहका कविताहरूमा देखिन्छ । विचार, क्रान्ति, प्रजातन्त्र, प्रकृतिको अनिश्चितता, राष्ट्रियता, मुक्तिका लागि गर्नुपर्ने सङ्घर्ष, तानाशाही शासन व्यवस्था, शोषित-पीडितका आवाज, चाकडी मोह र भ्रष्टाचारी प्रवृत्ति, देशले भोगेको पीडा र सहिदप्रतिको स्मरण लगायतका प्रवृत्तिहरू यस सङ्ग्रहका कविताहरूमा रहेका छन् -

मुठ्ठीहरूमा साहसका मसाल बोकेर
छातीहरूमा अदम्य साहस उब्जाएर

---

[६७] जगदीशचन्द्र भण्डारी, 'जनआन्दोलनपछिका कविताको स्वर' **गरिमा** (वर्ष १३, अङ्क ११, २०६०), पृ. ६८ ।

यात्रालाई बढाइ रहनुपर्छ

यात्रा यात्रा हो निरन्तर जारी रहनुपर्छ

कोलम्बसका पाइताला भएर बढ्नुपर्छ (आस्था-यात्रा, पृ. ६)

'गाली र ताली', 'उमेदवारी', 'भोक र जुलुस', 'यौटा पीडाबोध' र 'उद्योग' शीर्षकका कवितामा सामाजिक चेतनाको उद्‌बोध गर्दै राजनीतिक व्यङ्ग्यको मीठो प्रयोग गरिएको छ । 'यो जीवन', 'यस्तो प्रजातन्त्र', 'क्रान्ति र शान्ति' भित्र राजनीतिक अन्यौलको चिरफार भेटिन्छ । 'मडारिएको ज्वाारभाटा' मा दासढुङ्गा दुर्घटनामा परी निधन भएका योद्धाहरूप्रति समर्पण भाव व्यक्त गरिएको छ । यसरी हेर्दा मार्क्सवाद, कम्युनिष्ट घोषणापत्र, द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद, पुँजीवादी शासन प्रक्रिया लगायतलाई कविताका विषयवस्तुभित्र समेटिएका सङ्ग्रहका सम्पूर्ण कविताहरू प्रगतिवादी मान्यताका कसीमा रचिएका छन् ।

### ३.२.५ बोको खस्यो (२०५०) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि केवलपुरे किसानद्वारा लिखित **बोको खस्यो** २०५० अघि नै रचना भएका कविताहरूको सङ्कलित सङ्गालो हो जसको प्रकाशन गोविन्दप्रसाद शर्माले गरेका हुन् । सङ्ग्रहभित्र जम्मा २१ वटा कविताहरू सङ्कलित छन् । नेपाली ग्रामीण समाजको जीवन्त चित्रण भएको यसमा शासनव्यवस्था, जिल्ला प्रशासन र गाउँका प्रधानपञ्चहरूको न्याय प्रणालीप्रति तीव्र व्यङ्ग्य र विरोधको झटारो हान्दै दमित विद्रोहको स्वरलाई आदर्श र समानताको नारा दिने नेताहरूको नाकैमुनि विरोध र विद्रोहको झण्डा उठाउन आह्वान गरेको पाइन्छ ।[६८] यसभित्र विश्व अर्थतन्त्र र साना तथा विपन्न देशमाथि साम्राज्यवादी र विस्तारवादी मुलुकले गरेको अतिक्रमणको यथार्थ समेत देखाइएको छ । यसैगरी किसानका पीडाको प्रस्तुति, देशमा चलेको राजनीतिक भाँडभैलोप्रति प्रहार, नेताहरूको टुट्ने र जुट्ने प्रवृत्तिप्रति व्यङ्ग्य, पिछडिएका जाति र नारीको दयनीय स्थितिको चित्रण लगायतका विषयवस्तुको संयोजन गरिएको छ । नेपाली उत्पीडित वर्गको मुक्तिका निम्ति सिर्जिइएका सङ्ग्रहका कविताहरू लोकलयात्मक शैलीमा रहेका छन् । कविताभित्र ज्यानमारा सामन्तवादी व्यवस्थाका विरुद्ध अझै क्रान्ति हुन नसकेको तथ्य देखाउँदै सामन्ती-पुँजीवादी राजनीतिक संरचना र तिनीहरूद्वारा सिर्जित अन्याय, अत्याचारका प्रतिरोधमा सङ्घर्ष गर्न आह्वान गर्दै संसारमा वास्तविक क्रान्ति सर्वहारावर्गले मात्र गर्न सक्ने[६९] तथ्य प्रकट गरिएको छ ।

[६८] तेजविलास अधिकारी, 'जनताका कवि : केवलपुरे किसान बोको खस्यो कवितामा', **जनमत** (वर्ष २१, पूर्णाङ्क ९५, केवलपुरे किसान विशेष, २०६०), पृ. ४६ ।

[६९] डा. जगदीशचन्द्र भण्डारी 'केवलपुरे किसान', **जनमत** (वर्ष २१, पूर्णाङ्क ९५, २०६०), पृ. ३२ ।

सोझा मान्छे जिनतिन बरा जिन्दगी यो गुजार्छन्
माथिका यी शकुनिहरूले गोली ठोकेर मार्छन्
देशै डुब्ला कि त भन कसो तथ्य यो जान्नुपर्छ
अर्को क्रान्ति अब सुरु हुँदा डङ्डडी हान्नुपर्छ (डङ्डडी हान्नुपर्छ, पृ. ११)

'फेरि रन्को लाग्यो', 'ठुस्स गनाउँछ' जस्ता कवितामा संसदीय प्रणालीप्रति अविश्वास प्रकट गरिएका छन्, 'सङ्घर्षको ठीक गर' मा देशमा व्याप्त अत्याचार, शोषण र दमनका विरुद्ध तथा आफ्नो अधिकार प्राप्तिका निम्ति मोर्चा तयार गरेर सङ्घर्ष गर्नुपर्ने कुरा व्यक्त भएको छ । 'काल आयो नजाती' मा भोका नाङ्गा जनताको छातीमा टेकेर शासन गर्ने शासकहरूप्रति रोष प्रकट गरिएको छ । समग्रमा प्रगतिवादी कविताको विशेषता अनुरूप समाजमा हेपिएका, अभाव-दुःख, कष्ट र पीडाले पिल्सिएका हली, गोठाला, मजदुर, किसान, महिला र अछुत भनिने जातिहरूको उत्थानका लागि यस कवितासङ्ग्रहमा आवाज उठाइएको छ ।

### ३.२.६ राष्ट्रले शोक धुन बजाएको छ (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**राष्ट्रले शोक धुन बजाएको छ** कवि अनिल श्रेष्ठद्वारा लिखित प्रगतिवादी कविताहरूको सङ्गृहीत रूप हो । यसमा जम्मा २७ वटा गद्य लयात्मक कविताहरू रहेका छन् । यसभित्र कटुतापूर्ण वर्तमान र कालो साम्राज्यको यथार्थ चित्रण गरिएको छ । सामन्तवादी शोषणमूलक अत्याचारको खुलेर विरोध जनाइएको यसभित्रका कविताहरूमा राष्ट्रियता दिन-प्रतिदिन असुरक्षित बन्दै गएकोमा चिन्ता प्रकट गरिएको छ । देशका नागरिकका साथै सगरमाथा र सगरमाथाको आकाश समेत असुरक्षित भएको वर्तमान पीडादायी यथार्थ कवितामा यसरी प्रकट भएको छ-

खै ? कहिले म सगरमाथा भएर बाँच्न सकें ?
कहिले सगरमाथा भएर उठ्न सकें ?
म त सधैं
खालि सिसी र पुराना कागज भएर बाँचेको छु ।
(म सगरमाथा खोजिरहेछु, पृ. २०)

वर्ग समाजमा वर्ग युद्धबाटै शान्तिको स्थापना हुन सक्ने यथार्थता प्रकट गर्दै कविताभित्र निर्णायक युद्धको घोषणा गर्न अबेर गर्नु हुन्न भन्ने भाव व्यक्त गरिएको छ । वैचारिकता र कवित्वका दृष्टिले त्यति सबल नभए तापनि कटु वर्तमानको अभिव्यञ्जना, वर्गचेतना, वर्गयुद्धको आवश्यकताबोध, क्रान्तिकारी शक्तिप्रति आस्था,

राज्य आतङ्कको विरोध, असुरक्षित राष्ट्रियताप्रति चिन्ता लगायतका प्रगतिवादी चेतनालाई महत्त्वका साथ कविताहरूमा प्रयोग गरिएको छ । कविताभित्र निकै कष्ट र सङ्कटको अवस्थामा गुज्रिरहेको वर्तमान अवस्थाको यथार्थ तस्वीर प्रस्तुत गरिएको छ । कवितामा निरङ्कुश र स्वेच्छाचारी शासकहरूको उत्पीडनबाट ग्रसित जनताका तीता भोगाइहरू प्रस्तुत गर्दै वर्तमानको कुरूपतालाई ज्वलन्त रूपमा देखाइएको छ । कवि श्रेष्ठले राष्ट्रिय अस्तित्व रक्षाका लागि सबैलाई जिम्मेवार बन्न आग्रह गरेका छन् जातीय तथा लैङ्गिक विभेदप्रति असन्तुष्टि तथा सदियौंदेखि चलिरहेको राजनीतिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक शोषण र उत्पीडनका विरुद्ध आमूल परिवर्तनको अपेक्षा गर्दै सङ्ग्रहभित्र न्याय र समानताका लागि सङ्घर्षका आवाजहरूलाई समेटिएका छन् । यसरी समाजमा देखापरेका समस्या समाधानका लागि मार्क्सवादी विश्व दृष्टिकोणलाई अगाडि सारेर लेखिएका यस भित्रका सबै कविताहरू विचार र चेतनाका दृष्टिले उत्कृष्ट ठहर्न पुग्दछन् ।

### ३.२.७ सङ्कल्प (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि चन्द्रा शर्मा थानीद्वारा लिखित **सङ्कल्प** कवितासङ्ग्रहमा जम्मा ५१ वटा कविताहरू सङ्कलित रहेका छन् । नेपाली समाजमा देखापरेका शोषण, उत्पीडनका यथार्थ रूप प्रकट गरिएको सङ्ग्रहभित्र देशमा असमानताको पर्खाल खडा गर्नेहरूलाई चोटिलो प्रहार गर्दै साम्राज्यवादी शासकहरूप्रति तीव्र रोष प्रकट गरिएको छ । निम्न वर्गको पक्ष लिंदै शोषण र उत्पीडनको उन्मूलन गर्ने अठोट कवितामा यसरी गरिएको छ -

चुसाहा र फटाहालाई अब चिन्नुपर्छ
गरिबलाई धोका दिने ठेक्का तोड्नुपर्छ
त्यसपछि मात्र हाम्रो शत्रु ढल्ने गर्छ
शत्रु ढलिसकेपछि उठ्न मुस्किल पर्छ (अठोट, पृ. ५७)

आर्थिक विपन्नता र रोजगारको आवश्यकताका कारण विदेशी भूमिमा शरण लिन पुगेका नेपाली युवाहरूको व्यथा, बामपन्थी नेताहरूको षडयन्त्रपूर्ण हत्याप्रति आक्रोश, नारीलाई कमजोर र उपेक्षित बनाउने कुरीति र कुसंस्कारप्रति विद्रोह, सहिदको रगतप्रति सम्मानभाव, सत्तासीनहरूको विकृत आचरणको पर्दाफास, नेपाली सिमानामाथि भएको अतिक्रमणप्रति चिन्ता लगायतका विषयवस्तुहरूलाई पनि यसभित्र कविताका रूपमा प्रस्तुत गरिएको छ । वर्गीय प्रतिबद्धता, साम्यवादप्रतिको आकर्षण, नयाँ समाज सिर्जनाको चाह, सर्वहारावादी चिन्तन प्रभृति प्रगतिवादी प्रवृत्तिहरू यस कवितासङ्ग्रहमा रहेका छन् ।

### ३.२.८ सरोज ओलीका कविता (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**सरोज ओलीका कविताहरू** कवि सरोज ओलीद्वारा लिखित प्रगतिवादी कवितासङ्ग्रह हो । जम्मा ५२ वटा गद्य कविताहरू सङ्गृहीत सङ्ग्रहभित्रका कविताहरूले सामाजिक असमानता, सांस्कृतिक ह्रास तथा आर्थिक मनपरीका विरुद्ध सशक्त प्रस्तुति गरेका छन् । पुँजीपति मालिकहरूद्वारा गरिब मजदुरहरूमाथि हुने गरेको थिचोमिचो र अत्याचार, प्रजातन्त्र पुनर्स्थापना पश्चात पनि राज्य व्यवस्था पुरानै ढङ्गमा चलिरहेको यथार्थ, युग परिवर्तनको दिशालाई सामाजिक तथा राजनीतिक व्यवस्थाले भेट्न नसकेको तथ्य, नेपाली जनताको सङ्घर्षको सही मूल्याङ्कन नभएको तीतो यथार्थ, बढ्दै गएको राजनीतिक खिचातानी र नेताहरूको कुर्सी मोह तथा सत्तामा पुगेपछि हावी हुने गरेको सामन्तवादी आचरण, जनमुक्ति र जनक्रान्तिको उपेक्षा, साम्राज्यवादी शक्तिहरूको शोषणमूलक आचरण, जातीयताका आधारमा मानव सिर्जना र श्रममाथि हुने उपेक्षा, सामाजिक कुरीति र अन्धकारले गाँज्दै गएको मानवीय स्वतन्त्रता लगायतलाई कविताका विषयवस्तु बनाइएको छ ।

परिश्रमीका श्रमबाट निस्केका
पसिनाका फल चोरहरू
सुपर जेटमा चढेर
संसार भ्रमण गर्दैछन् । (देश यसरी नै चलेको छ, पृ. २०)

कविताभित्र गरिब सुकुम्बासीहरूको पसिनासँग रोमान्स साट्न पल्केका नालायकहरूप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । राष्ट्रले भोगेका कष्टहरूको यथार्थ अभिव्यक्तिमा विद्रोहात्मक स्वर समेटिएका सङ्ग्रहका कविताहरू प्रगतिवादी काव्य चेतनाका दृष्टिले उल्लेख्य रहेका छन् ।

### ३.२.९ रगतको मूल्य (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि बी. कौडिन्यद्वारा लिखित कवितासङ्ग्रह **रगतको मूल्य**भित्र ८२ वटा लामा छोटा गद्य लयात्मक कविताहरू रहेका छन् । यसभित्र आजको घाइते समय, छट्पटाएका मान्छेहरू, समयलाई हेर्न बुझ्न र परिवर्तन गर्न उद्यत मानवीय चाहनाहरूलाई सरल र सहज ढङ्गमा प्रस्तुत गरिएको छ । दासढुङ्गा हत्याकाण्डको स्मरण, महान् नेपाली महिलाद्वय पासाङ र पारिजातको महानताको वर्णन, तथा वर्तमान क्रूर यथार्थको सचित्र प्रस्तुति यसमा भएको छ । प्रजातन्त्रले गरिबका झुप्राका अभावहरूलाई पूरा गर्न नसकेकोमा चिन्ता प्रकट गर्दै कविताहरूमा राष्ट्रियता र माटोप्रति आस्था, श्रमिक, गरिब, मजदुरहरूप्रति सम्मानभाव व्यक्त

गरिएको छ । साथै सङ्ग्रहका प्रायः सबै कविताहरू मानवीय स्वतन्त्रता र मानवीय मुक्तिका पक्षमा लेखिएका छन् । आफ्नो छोरो जन्मँदा मुक्ति योद्धाहरूको लाभ बढेको र छोरी जन्मँदा युद्ध मोर्चामा बन्दुक समाउने हात थपिएको महशुश गर्दै कवि न्याय र समानताका पक्षमा उभिएका छन् । कविताभित्र निरङ्कुश सामन्तवादी व्यवस्थाको अन्त्यका लागि आँफू जनसमरमा हिंडेको उद्घोष गर्दै कविले जीवन र मृत्युको दोसाँधमा चल्ने लडाइँमा जीवन रह्यो भने आफ्नी प्रियसीलाई अवश्य भेट्न आउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

लडाइँ हो- जीवन र मृत्युको दोसाँधमै चल्छ
र त्यही साँधमा उभिएर लडिरहेछु लडाइँ
बाँच्न पनि सक्छु नबाँच्न पनि सक्छु
बाँचे भने मेरी प्रिये
मायाले फेरि तिमीलाई
म सुम्सुम्याउन आउँला । (जिते भने आँशु पुछ्न आउँला, पृ. २४)

यसप्रकार वर्गयुद्ध नचर्काइ सामन्तवादी, पुँजीवादी संरचना ध्वस्त हुन सक्तैन भन्ने मार्क्सवादी वैज्ञानिक दृष्टिकोणलाई कलात्मक रूपमा अवलम्बन गर्दै लेखिएको **रगतको मूल्य** सबल प्रगतिवादी कवितासङ्ग्रहको कोटिमा दरिन पुगेको छ ।

### ३.२.१० आकुञ्चन (२०५१) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**आकुञ्चन** चार जना कविहरूद्वारा लिखित प्रगतिवादी कवितासङ्ग्रह हो । बाबुराम शर्मा 'हेमन्त', जगत उपाध्याय 'प्रेक्षित', ईश्वरी शर्मा र प्रभात सापकोटाको संयुक्त लेखनमा तयार भएको सङ्ग्रहभित्र प्रत्येक कविका ४/४ वटा कविताहरू समेटिएका छन् । सामाजिक विकृति, विसङ्गति र अकर्मण्यताकाबीच राष्ट्रिय स्थायित्व जोगाउन गर्नुपर्ने प्रयासहरूलाई कवितामार्फत् बोध गराइएको छ । नयाँ युगलाई पथ प्रदर्शन गर्ने प्रतिभापुन्ज नवयुवकलाई व्युँझन आह्वान गर्ने 'शुभकामना' होस् अथवा वर्तमान आणविक सन्त्रास र युद्ध एवम् प्रतिस्पर्धाको होडलाई प्रतिविम्बित गर्ने 'मान्छेहरू' होस् सबैमा विचारको प्रवलता रहेको छ । कविताभित्र श्रमको मूल्यहीनता र नेपाली भूमि व्यवस्थाको असमान वितरणलाई औंल्याइएको छ । कविताहरूमा सर्वहारावर्गको पक्ष लिंदै शोषण, उत्पीडन, दमन, अन्याय अत्याचारका विरुद्ध विद्रोह र क्रान्तिको आह्वान गरिएको छ । त्यसैगरी देश र जनताका निम्ति प्राण आहुति गर्ने वीर सहिदहरूप्रति श्रद्धा भाव पनि व्यक्त गरिएको छ -

सामन्ती अवशेष दुर्गहरू यी भत्काउँछौ रे तिमी

क्रान्ति ज्वर समस्त दिलहरूमा सल्काउँछौ रे तिमी ॥ (शहीद, पृ. ९)

अधिकांश कविताहरू मुक्त लयमा सिर्जना गरिएका 'आकुञ्चन' भित्रका केही कविताहरू भने छन्दका नियमभित्र रहेर लेखिएका छन् । बढ्दै गएको युगीन विकृतिहरूलाई विषयवस्तु बनाइएको सङ्ग्रहका सम्पूर्ण कविताहरू प्रगतिवादी साहित्य चिन्तनकै सापेक्षतामा सिर्जना भएका छन् ।

### ३.२.११ लहरिएका आकाङ्क्षाहरू (२०५२) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि गायत्री विष्टद्वारा लिखित कवितासङ्ग्रह **लहरिएका आकाङ्क्षाहरू** भित्र ५२ वटा फुटकर कविताहरू सङ्कलित छन् । सामाजिक अन्याय, अत्याचारको विरोध गर्दै मानवीय मुक्ति र स्वतन्त्रताका पक्षमा यी कविताहरू लेखिएका हुन् । राष्ट्रियता, प्रजातन्त्र, नारी स्वतन्त्रता, धार्मिक अन्धताको विरोध, सहिदप्रति सम्मानभाव, २०४६ सालको बहुदलीय व्यवस्थाको आगमन पश्चात पनि देशमा उल्लेख्य प्रगति हुन नसकेको यथार्थता, नागरिक स्वतन्त्रतामाथि लाग्ने गरेका बन्देजहरू, न्याय र समानताका क्षेत्रमा भएका हस्तक्षेपहरू, चेलीबेटी बेचविखन, गरिब निमुखहरूमाथि पैसावालहरूबाट हुने गरेका शोषण र दमन, युवापुस्तामा बढ्दै गएको विकृत प्रवृत्ति लगायतका विषय परिधिमा रहेर सङ्ग्रहका कविताहरू तयार भएका छन् ।

कैयौं सपूतहरूको बलिदानले ल्याएको

मुक्तिको न्यानो किरणलाई

खबरदार ! साँपहरू फणा उठाएर

ढाक्ने कोशिश नगर, स्वार्थका बादलले ।

(मुक्तिको न्यानो किरणलाई, पृ. ४५)

गद्य लयात्मक संरचनामा तयार भएका यी कविताहरू सामाजिक विकृतिका ज्वलन्त नमुना हुन् । परिवर्तन र नवनिर्माणको चाह राख्दै लेखिएका यी कविताहरूले पुरानो व्यवस्थामा रहेका युद्ध, रोग, भोक आदि सङ्कटबाट मुक्तिका लागि सङ्घर्ष नै अपरिहार्य भएको जनाएका छन् । सङ्ग्रहका केही कविताहरू प्रगतिवादी चिन्तनबाट अभिप्रेरित रहेका भए पनि प्रायः कविताहरूले प्रगतिवादको सिद्धान्त र विचारलाई समात्न सकेका छैनन् ।

### ३.२.१२ असमर्थ श्लोक (२०५२) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

राष्ट्रिय, अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा देखिएका आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक र सामाजिक विकृतिहरूको शृङ्खलाबद्ध प्रस्तुति **असमर्थ श्लोक** कवि राजवद्वारा लिखित कवितासङ्ग्रह हो । तनाशाही शासकहरूको शोषक चरित्र, विकृत र भयग्रस्त बन्दै गएको वर्तमान, आधुनिक यन्त्र र प्रविधिले गाँजेको मानवसभ्यता, मौलिकताप्रतिको आस्था, प्रशासनिक क्षेत्रमा बढ्दै गएको भ्रष्टाचार र घुसखोरी, राजनीतिक खिचातानी, पुँजीवादी राष्ट्र अमेरिकाको हरसमय साना देशहरूलाई त्रस्त बनाइरहने साम्राज्यवादी सोंच, गरिब, किसान, श्रमिक र मजदुरहरूको पसिनामाथि हुने गरेको व्यापार लगायतका विषयवस्तुहरूलाई यस सङ्ग्रहका कविताहरूले समेटेका छन् । तानाशाही शासकहरू सदैव दासता मात्र लाद्न खोज्छन्, मानव अधिकार र स्वतन्त्रताका कुराहरू उनीहरू सुन्न सक्दैनन् भन्ने कुरा कविता मार्फत् यसरी देखाइएको छ -

मान्छेको अधिकारको कुरा
स्वतन्त्रताको कुरा
दासताको विरोध
मान्दैनन् तानाशाहका वाहकहरू ।

(पढाऊ तानाशाहका वाहकहरूलाई प्रजातन्त्र, पृ. ६५)

कुल २४ वटा लामा छोटा गद्य लयका कविताहरू समेटिएको 'असमर्थ श्लोक' प्रगतिवादी काव्य कलाका दृष्टिले सार्थक कवितासङ्ग्रहका रूपमा देखापर्छ ।

### ३.२.१३ म उभिएको ठाउँ (२०५२) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**म उभिएको ठाउँ** कवि कुन्ता शर्माद्वारा लिखित प्रगतिवादी कवितासङ्ग्रह हो । यसभित्र जम्मा २५ वटा गद्य लयात्मक कविताहरू सङ्कलित छन् । न्याय र समानताका पक्षधर कविले कवितामार्फत् असमान सामाजिक नीति-नियम र परम्पराप्रति आक्रोश व्यक्त गरेका छन् । आम नेपालीले भोग्नुपरेको रोग, भोक, अभाव र अनिकालको चित्रण गर्दै कवितामा क्रान्तिकारी युवाहरूलाई शासक वर्गको अन्याय, अत्याचारलाई छिन्नभिन्न पार्नका लागि सधैं जागरुक बन्न आग्रह गरिएको छ । गरिब, किसान, मजदुर, सुकुम्बासी तथा शोषित-पीडित नारीहरूलाई अधिकार प्राप्तिका लागि मोर्चा बोकेर वर्गयुद्धको महाअभियानमा लाग्नका लागि जनआह्वान गरिएको छ । सामाजिक विकृति, विसङ्गति र सामन्ती अत्याचारप्रति चोटिलो प्रहार

गरिएको यस सङ्ग्रहका कविताहरूमा नारी भावना र भोगाइलाई अत्यधिक स्थान दिइएको छ ।

ऊ युद्धका मैदानहरूमा पुग्छ

काँधमा भिरिने बन्दुक भएर

ऊ ग्रह र उपग्रहहरूमा पुग्छ

आकाशमा उड्छ र सागरको गर्भ छाम्छ (ऊ पग्लँदैन, पृ. ११)

निम्नवर्गीय जीवनप्रति आस्था र प्रेम प्रकट गर्दै लेखिएका सङ्ग्रहका प्रायः सबै कविताहरूमा मानवीय श्रम र शक्तिप्रति श्रद्धाभाव व्यक्त गरिएका छन् । साथै जातीय भेदभाव, वर्णव्यवस्थाजन्य धार्मिक असमानता आदिले नेपाली बहुसंख्यक उत्पीडित वर्गलाई ग्रसित बनाएको यथार्थ पनि कविताहरूमा प्रस्तुत भएका छन् । समग्रमा हेर्दा प्रगतिवादी काव्यकलाका दृष्टिले **म उभिएको ठाउँ** उत्कृष्ट कवितासङ्ग्रह हो ।

### ३.२.१४ हुरीका स्पन्दनहरू (२०५२) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि ईश्वरचन्द्र ज्ञवालीद्वारा लिखित कवितासङ्ग्रह **हुरीका स्पन्दनहरू** भित्र २४ वटा गद्यलयात्मक कविताहरू रहेका छन् । नेपाली समाज, जनजीवन र सिङ्गो युगको यथार्थता खिचिएको यस सङ्ग्रहमा २०४६ को ऐतिहासिक जनआन्दोलन यताका घटनालाई प्रस्तुत गरिएको छ । देश र जनताको वास्तविक मुक्तिका लागि क्रान्ति अत्यन्तै आवश्यक भएको भाव कविताहरूमा पोखिएका छन् । अवसरवादी र प्रतिक्रियावादीहरूप्रति कडा आक्रोश व्यक्त गर्दै कविताभित्र जनताको सार्वभौम अधिकारका पक्षमा वकालत गरिएको छ ।

जो शत्रु थियो त्यो आफ्नो

र आफ्नाहरू सब शत्रु भए

जसलाई सराप्न मुर्दावाद र इन्कलाबका नारा घन्किन्थे

त्यसैको पवित्र मन्दिरमा भजनका वेद-ध्वनि गाउन शुरु भयो ।

(अदृश्य जालको बन्धन, पृ. ७३)

द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणको आलोकमा रचिएका सङ्ग्रहका कविताहरूले सर्वहारावर्गीय मुक्तिका पक्षमा धेरै शब्दहरू खर्चिएका छन् । समाजमा अन्तर्विरोध र सङ्घर्ष कायम रहेसम्म क्रान्ति भइरहने तथ्य उजागर गर्दै कवितामा शोषण, दमन र उत्पीडनका विरुद्ध जागरुक बन्न

आमसर्वहारा वर्गलाई आग्रह गरिएको छ । क्रान्ति र परिवर्तनबाट नै नयाँ र समुन्नत राज्य व्यवस्थाको सुरुवात हुने अपेक्षा सहित लेखिएका सङ्ग्रहका सम्पूर्ण कविताहरूले मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनलाई आत्मसात गरेका छन् ।

### ३.२.१५ यक्ष प्रश्नहरू (२०५३) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि मनरूप नेप्च्युनद्वारा लिखित कवितासङ्ग्रह **यक्ष प्रश्नहरू** मा ३२ वटा प्रगतिवादी कविताहरू सङ्गृहीत छन् । असङ्ख्य नेपाली जनताले भोग्न बाध्य अन्याय, अत्याचार र पीडालाई विद्रोहात्मक रूपमा यसभित्र सङ्गृहीत गरिएको छ । नेपालकै कर्णाली अञ्चलका बासिन्दाहरू डोरीमा जीवन झुन्ड्याएर खोला तर्न विवश छन्, रिङ्गटा लाग्ने ओरालीहरूमा धुलो उडाउँदै झर्नु तथा हात टेकी उकाली ओराली गर्नु उनीहरूको नियति हो, पसिनै पसिना गन्हाउने टालेका कपडा लगाएर जिन्दगी काट्नु पनि उनीहरूको यथार्थ हो । यी सबै यथार्थहरू नेप्च्युनका कविताहरूमा सचित्र देखिन्छ । राजनीतिक, सामाजिक तथा अन्य उत्पीडन विरुद्ध समाजलाई ब्युँझाउनु, गरिब किसान र मजदुरहरूको अधिकारका लागि सङ्घर्ष गर्नु, सहिदहरूप्रति श्रद्धा भाव प्रकट गर्नु, आधुनिक समाजमा देखापरेका विकृतिहरूको पर्दाफास गर्नु, महिला अधिकारका पक्षमा वकालत गर्नु, प्रजातन्त्रप्राप्ति पछि बढ्दै गएका विसङ्गतिहरूको चिरफार गर्नु आदि पनि यस कवितासङ्ग्रहका काव्यगत वैशिष्ठ्यहरू हुन् ।

गाउँ बस्तीहरूमा
प्रजातन्त्र पुगेको छैन
उत्पीडनका पञ्जाहरू सिवाय
पहाडका खोचहरूमा झनै
प्रजातन्त्र छैन (यक्ष प्रश्नहरू, पृ. ५०)

परिवर्तन र चेतनाका पक्षमा लेखिएका सङ्ग्रहका कविताहरूले ग्रामीण नेपाली जनताले भोग्नुपरेका व्यथाहरूलाई मूल विषयवस्तु बनाएका छन् ।

### ३.२.१६ तानाशाहलाई प्रश्न (२०५३) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कविहरू गङ्गा श्रेष्ठ, रामबहादुर रायमाझी र बलराम तिमिल्सिनाको संयुक्त कृति कवितासङ्ग्रह **तानाशाहलाई प्रश्न** भित्र जम्मा ३२ वटा कविताहरू सङ्कलित छन् । सामाजिक विसङ्गति र विकृतिको चित्र उतारिएको यसभित्र शोषित पीडित जनताका आवजलाई मुख्य रूपमा प्रस्तुत गरिएको छ । किसान, मजदुर, दलित, सुकुम्बासीहरूलाई आफ्नो समुज्वल भविष्यका लागि युद्धमा होमिन आग्रह गरिएको

सङ्ग्रहका कविताहरूमा जनताकोरगत र पसिना चुस्ने शासकहरूप्रति विद्रोह प्रस्तुत गरिएको छ । प्रतिक्रियावादी, सामन्तवादी, पुँजीवादी र साम्राज्यवादी शक्तिहरूका कारण राष्ट्रियता धराशयी बनेको तथ्य कविताहरूले उजागर गरेका छन् ।

समानता र मुक्तिको लागि
स्वर्णिम भविष्यको लागि
धर्तीमा मात्रै होइन, आकाशमा पनि विद्रोह हुनुपर्छ
विद्रोह हाम्रो अधिकार हो ।

(आकाशमा पनि विद्रोह हुनुपर्छ, पृ. ११)

वर्गीय समानता, लैङ्गिक समानता र जातीय समानतालाई प्रमुख मुद्दा बनाउँदै कविताहरूले सर्वहारा वर्गीय शासनसत्ताको अपरिहार्यतालाई स्वीकार गरेका छन् । शोषित, पीडित जनताको अधिकार रक्षार्थ क्रान्ति नै अपरिहार्य रहेको बताउँदै कविताभित्र सामन्तवाद र पुँजीवादको अधिनायकत्व रोक्न बन्दुकलाई अस्त्र बनाउनु क्रान्तिकारीहरूको बाध्यता भएको बताइएको छ । गद्य लयात्मक संरचनामा रचित सङ्ग्रहका सम्पूर्ण कविताहरूले मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनलाई आत्मसात गरेका छन् ।

### ३.२.१७ आजका स्वरहरू (२०५३) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

सुरेन उप्रेतीद्वारा लिखित कवितासङ्ग्रह **आजका स्वरहरू**भित्र जम्मा ४८ वटा कविताहरू रहेका छन् । राष्ट्रिय स्वतन्त्रता र अस्मिता रक्षाका लागि गरिनुपर्ने पहलहरू, आर्थिक-सामाजिक परिवर्तन, जनताका मौलिक हक अधिकारहरू, मुलुकमा न्यायोचित लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना जस्ता सर्वाधिक जनअभिरुचिका विषयहरूलाई कविताका विषयवस्तु बनाइएका छन् । यसका साथै सामाजिक-आर्थिक शोषणमा पिल्सिएका तथा सङ्घर्षमय जीवन बाँच्न बाध्य अधिकांश नेपालीका जीवनका पीडाहरू, २०४६ पछिको नेपालको यथार्थ स्थितिहरू, नेपाली महिला, बालबालिका र युवाहरूमा बढ्दै गएको विदेशी संस्कृतिको नक्कल गर्ने प्रवृत्ति, प्रजातन्त्रको आडमा भइरहेका तस्करी, भ्रष्टाचार, हत्या, लुटपाट, आर्थिक भ्रष्टीकरण, महङ्गी, बेरोजगारी, नेताहरूको सत्तामोह, पदलोलुपता र जनताका समस्यालाई सत्तामा पुगेपछि बिर्सने कुसंस्कार, कोशी, गण्डकी र टनकपुर सम्झौता, सहिदहरूको बलिदानीप्रति बेवास्ता लगायतका वर्तमान वास्तविकताहरू कविताभित्र पाइन्छन् ।

साधुलाई सुली चढाएर
तस्करलाई तक्मा बाँड्दै
एक गाँस र एक धरोका लागि
युद्ध गर्नेलाई
दुहाइ दिने यो प्रजातन्त्र (यो प्रजातन्त्र, पृ. ५५)

सामन्ती अत्याचारलाई छरपष्ट देखाइएका सङ्ग्रहका कविताहरूमा प्रजातन्त्र पुनर्स्थापना पश्चात् झन् देशमा सामाजिक, आर्थिक र राजनीतिक विकृति तीव्रतर बन्दै गएका तथ्यहरू मूल रूपमा प्रकट भएका छन् । यसप्रकार **आजका स्वरहरू** भित्रका सबै कविताहरू प्रगतिवादी काव्यिक मान्यताको सेरोफेरोमा रचिएका छन् ।

### ३.२.१८ सृष्टिकर्ता (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि मित्रलाल पंज्ञानीद्वारा लिखित कवितासङ्ग्रह **सृष्टिकर्ता** नेपाली जनजीवनको यथार्थ प्रतिबिम्बित भएको उत्कृष्ट प्रगतिवादी कवितासङ्ग्रह हो । छन्दोबद्ध लय र सुललित शब्द संरचनामा तयार भएका सङ्ग्रहभित्र कुल ४७ वटा कविताहरू समावेश गरिएका छन् । युगौंदेखि दासताको जञ्जालमा बाँधिएर बाँच्न विवश अपहेलित मानवजातिको कथा हो **सृष्टिकर्ता** । अधिकारका लागि सङ्घर्ष नै अनिवार्य भएको तथ्य अगाडि सार्दै मृत्युदेखि डराउनेहरूले सङ्घर्ष गर्न नसक्ने कुरा कविताभित्र अभिव्यक्त गरिएका छन् । मानवीय सभ्यताको विकास, जनआन्दोलन २०४६ को सन्दर्भ, श्रमप्रति आस्था र सम्मान, सामाजिक क्रान्ति, रुढिवादको विरोध, वर्गीय क्रान्ति, धार्मिक अन्धताको विरोध, सत्तासीनहरूको कुर्ची मोह लगायतका विषयहरू कविताभित्र समाविष्ट गरिएका छन् ।

थाले उत्तरपूर्वमा शुरु गरे दक्षीण पश्चीममा
फाले बन्धनको विचार अडिए यै यूगको शानमा
निर्धाको फल जानझेल छलले त्यो खान पो हुन्न र
जोत्ने काम छ पोख्नुपर्छ पसिना के पाप लाग्दो छ र

(जोतेर जात जाँदैन, पृ. १८)

कविताभित्र ज्यामी, किसान, मजदुर जस्ता बहुसंख्यक श्रमजीवीहरूको श्रममा ऐश, आराम गर्दै तिनको पसिनामा मोज गर्नेहरूप्रति तीव्र असन्तुष्टि व्यक्त गरिएको छ । यसप्रकार सङ्ग्रहका सम्पूर्ण कविताहरू मार्क्सवादी विश्वदृष्टिकोणलाई आत्मसात गर्दै रचना भएका छन् ।

### ३.२.१९ शङ्कैशङ्का (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**शङ्कैशङ्का** कवि केवलपुरे किसानको प्रथम रचनादेखि २०५४ सालसम्म सिर्जित कविताहरूको सङ्कलित सँगालो हो । निरङ्कुश राणा शासकदेखि जनताप्रति उत्तरदायी मानिएका कथित प्रजातन्त्रवादीहरू सम्मले पनि सत्तामा पुगेपछि आफूलाई सत्तामा पुऱ्याउँने तिनै जनताका ढाडमा कुल्चन पुगेका तीता घटनाहरूले यसभित्र धेरै ठाउँ पाएका छन् । गरिब किसान र मजदुरको हित गर्ने व्यवस्था ल्याउन क्रान्ति जरुरी भएको कुरा कवितामा व्यक्त गरिएको छ । किसानका समस्याहरूलाई प्रस्तुत गर्दै जमिन्दारहरूले उनीहरूमाथि गरेका शोषण, दमन, अन्याय, अत्याचारको भण्डाफोर[७०] पनि गरिएको छ । कुल ४१ वटा कविताहरूलाई समेटिएको यसभित्रका केही कविताहरू 'बोको खस्यो' कवितासङ्ग्रहबाट नै दोहोरिएर आएका छन् ।

क्रान्ति ज्वाला पटपट्टि फुट्नुपर्छ
मेचीकाली सँगसँगै उठ्नुपर्छ ॥
सम्झौताहीन क्रान्ति नै गर्नुपर्छ ।
धेरै धेरै क्रान्ति फूल छर्नुपर्छ । (शङ्कैशङ्का पृ. ७१)

कविताहरूमा विदेशी हस्तक्षेप, देशमा बढ्दै गएको अन्याय, अत्याचार, हत्या-हिंसा, शोषण, दमन एवम् नेपाली समाजको सामाजिक, आर्थिक, सांस्कृतिक राजनीतिक पक्षको उद्घाटन गर्दै समाजमा व्याप्त वर्गीय द्वन्द्वप्रति सहानुभूति र सामन्त वर्गप्रति तीव्र घृणा व्यक्त गरिएको छ । जनक्रान्तिप्रति आस्था र सम्मान व्यक्त गर्दै सामाजिक यथार्थ चित्रण पनि यस सङ्ग्रहका कविताभित्र भएका छन् । केही गद्य लय र अधिकांश छन्दका संरचनामा रचिएका यी कविताहरूमा मार्क्सवादी चिन्तनभित्र विचार र कलाको सशक्त प्रस्तुति भरिएका छन् । कविताभित्र सामाजिक निरिहता, उकुसमुकुस वा छट्पटीलाई टिपेर शोषणको उछितो पार्दै शोषितप्रति सहानुभूति र क्रान्तिको हुटहुटी मच्याउँदै समानता, स्वतन्त्रता र जनतन्त्रका पक्षमा[७१] वकालत गरिएको छ ।

### ३.२.२० बाघले घाँस खायो (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि पुण्य कार्कीद्वारा लिखित **बाघले घाँस खायो** उत्कृष्ट प्रगतिवादी कवितासङ्ग्रह हो । ३२ वटा गद्य लयात्मक कविताहरूको सङ्कलित रूप यसभित्र

[७०] चन्द्रमान श्रेष्ठ, 'कवि किसानको 'शङ्कैशङ्का' भित्र अभिव्यञ्जित यथार्थ चेतना' **जनमत**, ऐजन, पृ. ४९ ।

[७१] सुकुम शर्मा, 'शङ्कै शङ्काका पृष्ठभूमिमा कवि किसानलाई खोतल्दा' **जनमत**, ऐजन, पृ. ९२ ।

वर्गीय उत्पीडन र सामाजिक असमानताका विरुद्ध तिखो प्रहार गरिएको छ । कविताभित्र अत्याचारी र निरङ्कुश शोषक वर्गका विरुद्ध चलाइएको क्रान्तिले सारा नेपालीको जीवनमा उथलपुथल वा हेरफेर ल्याउने अभिलाषा व्यक्त गरिएको छ । सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा सताइएका, हेपिएका र लुटिएका उत्पीडित वर्गका मान्छेहरू आफ्नो अधिकारका लागि स्वयम् सङ्घर्षरत भई युद्धमा सामेल हुनुपर्ने कुरा पनि कवितामा प्रस्तुत गरिएको छ ।

महाशयहरू । तिमीहरूमाथि हात मिलाओकि/गाथ

मिलाओ/हाम्रो गाउँमा त अनि स्वभाविक रूपले युद्धको

घोषणा भएको छ (महाशयहरू पृ. ३४)

साम्राज्यवाद र विस्तारवादद्वारा पोषित पुँजीवादी व्यवस्थामा असुरक्षा, दमन र गरिबी बढ्दै गएको र बहुसंख्यक नेपाली जनता भोका-नाङ्गा हुँदै गएको यथार्थतालाई प्रस्तुत गरिएका सङ्ग्रहका सम्पूर्ण कविताहरूमा मार्क्सवादी वैज्ञानिक दृष्टिकोणलाई कलात्मक रूप दिइएका छन् ।

### ३.२.२१ तुवाँलोभित्र र तुवाँलोबाहिर (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि आर.आर. चौलागाईद्वारा लिखित **तुवाँलोभित्र र तुवाँलोबाहिर** कवितासङ्ग्रहमा कुल २० वटा कविताहरू समावेश छन् । सरल, सहज भाषामा लेखिएका यी कविताहरू नेपालका सामान्य नरनारीहरूले देखेका सुमधुर सपना र तिनको मनमा बरोबर खेल्ने गरेका आशा-निराशाको यौटा काव्यात्मक अभिलेख हुन् । २०३९ देखि २०५२ को अवधिभित्र रचिएका यी कविताहरू केही छन्दोबद्ध झ्याउरे लयमा छन् भने केही मुक्त लयमा रचिएका छन् । देशमा भइरहेको अमानवीय दमनचक्रका विरुद्ध थालिएको बलिदानपूर्ण सङ्घर्ष, प्रतिक्रियावादी शक्तिहरूको चरम भ्रष्टाचार, प्रशासनिक आर्थिक क्षेत्रमा देखापरेका विकृति, अशान्ति र असुरक्षाका वातावरणमा बाँच्नुपर्ने जनताको दुर्दशामय जीवनलाई चित्रित गर्दै कविताहरूमा प्रजातन्त्र प्राप्तिपछि पनि सामन्ती शासकहरू जनतालाई छल्ने, ठग्ने र चुस्ने षडयन्त्रमा लागिरहेका तथ्यलाई देखाइएको छ -

यो सिङ्गै नेपाललाई

एउटा नयाँ साँचोमा ढाल्नुपरेको छ

हाम्रो यो अँध्यारो बस्तीमा

एउटा रक्तिम सूर्यलाई निम्त्याउनुपरेको छ (भाइको अठोट, पृ. ७)

नेपाललाई नयाँ साँचोमा ढाल्न देशभरि उठ्न थालेको प्रचण्ड आँधी-बेहरीलाई हार्दिक स्वागत गर्दै कवि आँधीपछि मुलुकका अँध्यारा बस्तीहरूमा उज्यालो फैलने आशा लिएर वीरयोद्धाहरूले थालेको महान् जनसङ्घर्षमा सम्मिलित हुन जनआह्वान गर्दछन् । जनआन्दोलनपछि पनि देशमा बढ्दै गएको सांस्कृतिक विचलन, प्रजातन्त्र विरोधीहरूको षडयन्त्रको तानावाना, जनप्रतिनिधिहरूमा उत्पन्न भएको सत्ता मोह, महिला शोषण, श्रमजीवीहरूको दमन आदि विसङ्गतिहरूलाई कविताका विषय क्षेत्र बनाइएको छ । सामाजिक जागरण र जनसङ्घर्षका निम्ति लेखिएका सङ्ग्रहका सम्पूर्ण कविताहरूले प्रगतिवादी काव्यिक मूल्यलाई आत्मसाथ गरेका छन् ।

### ३.२.२२ समयान्तर/दुर्घटनाहरू (२०५४) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि यज्ञराज प्रसाईंका २८ वटा कविताहरूको सङ्कलित रूप हो कवितासङ्ग्रह **समयान्तर/दुर्घटनाहरू** । समाजमा विद्यमान सङ्गत र विसङ्गत क्रियाकलापहरूलाई यथार्थ रूपमा कविताभित्र समेटिएका छन् । कृतिभित्र मूल रूपमा नेपालको आर्थिक र सामाजिक संरचनामा हावी भएर रहेको सामन्ती संस्कार, धार्मिक र सांस्कृतिक क्षेत्रमा जरो गाडेर बसेको रुढिवाद, भूमिव्यवस्थामा रोगी बनेर बसेको मुखिया र जमिन्दारी प्रथालाई प्रस्तुत गरिएको छ । मान्छेलाई विभिन्न वर्ग, समूह र सीमामा विभाजित गरेर समाजविकासलाई पछाडि धकेल्ने जाति, वर्ण, लिङ्ग, छुवाछुत लगायतका व्यवस्था र तिनले पारेको प्रभावलाई पनि सङ्ग्रहभित्र कवितात्मक रूप दिइएको छ ।

योद्धाको शालिकमा अजस्र हातले भावना हाल्न सक्छन्
तर योद्धा भावना मात्र पनि त होइन,
योद्धा अर्थात्, परिवर्तन हो,
योद्धा अर्थात्, मुक्ति हो । (योद्धा भावना मात्र होइन : परिवर्तन हो, पृ. ४०)

तत्कालीन युग, युगजन्य घटना र घटना-सम्बन्धहरूका सापेक्षतामा सिर्जना भएका सङ्ग्रहभित्रका सम्पूर्ण कविताहरूले असमानता, अन्याय, अत्याचार र अज्ञानताका विरुद्ध आमूल परिवर्तनधर्मी क्रान्तिचेतना प्रकट गरेका छन् । वर्गीय प्रतिबद्धता, साम्यवादप्रति आकर्षण, समतामूलक समाज सिर्जनाको चाह, सर्वहारा वर्गको अधिकारका लागि सङ्घर्ष लगायतका प्रगतिवादी प्रवृत्तिहरू सङ्ग्रहभित्र सशक्त रूपमा प्रकट भएका छन् ।

### ३.२.२३ परिवेश र म (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि नम्रता गुरागाईंद्वारा लिखित कवितासङ्ग्रह **परिवेश र म** भित्र वर्तमानका अप्ठ्यारा एवम् विकृति र विसङ्गतिविरुद्धको विद्रोहलाई कवितात्मक रूप दिइएको छ । ३९ वटा कविताहरूको सङ्गृहीत रूप यसभित्र नेपाली समाजमा व्याप्त आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक असमानतालाई निर्मूल पार्ने प्रयास गरिएको छ । सामाजिक जडका रूपमा रहेका अन्धविश्वास, सामन्तवादी चालचलन, रीतिस्थिति, जातभात आदिको अवलोकन विश्लेषण गर्दै यस्तो संस्कृतिको विनाशका निम्ति नयाँ चेतना, व्यवहार र विचारको आवश्यकताबोध गरिएको छ ।

जात परखालभित्र छ

जात परखालबाहिर छ

भूगोलले खुम्च्याएको मेरो देश

मात्र

मेची र कालीभित्र कैद छ । (जात, पृ. ३२)

प्रजातन्त्रमा भएका विकृति, सहिदहरूको त्यागप्रति श्रद्धाभाव, जातीय भेदभावगत कुसंस्कार, नेपाली सिमानामाथि दिनप्रतिदिन भइरहेका अतिक्रमण, राष्ट्रिय अस्तित्व रक्षाका लागि गर्नुपर्ने प्रयासहरू, गरिबीले आक्रान्त नेपालीहरूको यथार्थ र संस्कृतिको नाममा भइरहेका विकृतिहरूलाई पनि कविताका विषयवस्तुहरू बनाइएका छन् । यसप्रकार हेर्दा सङ्ग्रहका सम्पूर्ण कविताहरूले मार्क्सवादी चिन्तनलाई आत्मसात गरेका छन् ।

### ३.२.२४ मृत्युपर्व होइन मेरो देश (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

सशक्त प्रगतिवादी कवि अनिल श्रेष्ठद्वारा लिखित **मृत्युपर्व होइन मेरो देश** समकालीन यथार्थता प्रकट भएको कविता कृति हो । जम्मा ३० वटा कविता समाविष्ट रहेका यस सङ्ग्रहमा २०५० देखि २०५५ सम्मको अवधिमा लेखिएका कविताहरूलाई समेटिएको छ । २०४६ सालपछि आम जनताले जस्तो चाहना गरेका थिए त्यसका विपरीत सत्तामा पुगेकाहरूले हत्या, आतङ्क, असुरक्षा, महङ्गी र भ्रष्टाचार सिवाय केही दिन नसकेका यथार्थतालाई[७२] नै कविताका विषय बनाइएको छ । प्रजातन्त्र प्राप्ति पछि पनि राज्य आतङ्क र जनहत्याका श्रृङ्खलाहरू कायम नै रहेको, आमाहरूले छोराछोरी गुमाएका अनि कलिला बालबालिकाका छातीमा समेत

[७२] ऋषिराज बराल, 'सौन्दर्यको खोजीतर्फ उद्यत कविताहरू', **जनादेश** (वर्ष ९, अङ्क १, २०५६), पृ. ४ ।

सरकारी आतङ्क बर्सिरहेको दृश्य तथा बलात्कृत चेलीबेटीका पीडादायी आँशु अनि रगतपच्छे भएर लडिरहेका कर्मठिला युवाका लाशहरूलाई नजिकबाट नियालेका कविले यस्ता अँध्यारोलाई चिर्ने उज्यालोतर्फ लाग्न आमसङ्घर्षशील व्यक्तिहरूलाई आह्वान गरेका छन् ।

अब म निर्बाध बोकेर हिंडिरहेको छु
केही आगोका शब्दहरू
र शब्दहरूबाटै
म निरन्तर प्रहार गरिरहेको छु - युद्ध अस्त्र (शब्द युद्ध, पृ. ४७)

सत्ताको दुनिर्यतको चिरफार गरिएका कविताभित्र मुक्ति अभियानलाई असफल पार्न साम्राज्यवादी शक्तिहरू क्रियाशील भइरहेका कुरा देखाउँदै निरङ्कुश तानाशाही शासकका विरुद्ध उत्रन आग्रह गरिएको छ । सुन्दर बिहानीको घाममा मुस्कुराउँदै, आफ्नै मुक्त धरतीको निर्माणमा जुटेका जनसमरकर्मीहरूलाई बुट र सङ्गीनले क्षतविक्षत पारिन्छ, जब गोलीका पर्राले रक्त रञ्जित पारिन्छ, कविभित्रको मुक्ति चेतना घोषणा गर्दछ- **मृत्यु पर्व होइन मेरो देश** । मार्क्सवादी सौन्दर्यशास्त्रलाई सम्पूर्ण रूपमा समावेश गरेर लेखिएको यो कवितासङ्ग्रह प्रगतिवादी साहित्यको उत्कृष्ट कृति हो ।

### ३.२.२५ युद्धघोष (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**युद्धघोष** कवि अशोक सुवेदीद्वारा लिखित प्रगतिवादी कविताहरूको सङ्गृहीत रूप हो । प्रस्तुत कवितासङ्ग्रहले नेपाली जनताका पीडा, व्यथाका साथै उनीहरूमाथि भइरहेको अन्याय, अत्याचार, शोषण र दमनका यथार्थ प्रतिबिम्बहरूलाई सशक्त रूपमा प्रस्तुत गरेको छ । वर्गीय लडाइँमा सामेल क्रान्तिकारी योद्धाहरूका निम्ति तानाशाहहरूको दमन केही होइन भन्दै कविताभित्र एउटा सिङ्गो युग नै आन्दोलित भएको अवस्थामा शासकहरूको प्रहार दुर्वल हुन पुग्छ भन्ने अभिव्यक्ति प्रकट गरिएको छ :

युगले हामीलाई
दह्रो छाती दिएको छ
जसले तानाशाहका सङ्गीन र
बुट थेग्न सक्छ/छेक्न (जल्लादका बस्तीहरूमा बम पड्काऊ, पृ. २६)

वर्गीय प्रतिबद्धता, सामाजिक परिवर्तनको समरप्रति निष्ठा, भ्रष्ट प्रशासन संयन्त्र, प्रजातन्त्रका नाममा आएका विकृति, विसङ्गति तथा साम्राज्यवादी शक्तिको

अगुवा अमेरिकाले डलरको लोभ देखाएर साम्यवादी आन्दोलनलाई भाड्न खोजेको यथार्थ, देशभित्रका सामन्त, विदेशी दलाल, पुँजीपति र भारतीय विस्तारवादका विरुद्ध सङ्घर्षरत हुन गरिएका आह्वान आदि कवितासङ्ग्रहका विषय सामग्रीहरू हुन् ।

कवितभित्र धार्मिक अन्धताको आस्थामा रुमलिएका मान्छेहरू, प्रेमप्रलाप र रुढिवादलाई टेवा पुऱ्याउन लेख्ने लेखकहरू एवम् सदियौंदेखि श्रम शोषणमा परेर जिन्दगी समाप्त गर्न पुगेका हजारौं श्रमजीवीहरूप्रति श्रद्धाभाव व्यक्त गर्नुका साथै दासताको जञ्जीरमा बाँधिएर भाग्यवादको शरणमा पिल्सिएका नेपाली समाजका बहुसंख्यक नारीहरूलाई सम्बोधन गरिएको छ । कवितामार्फत् वर्तमान युद्ध नवचेतना, नवनिर्माण र नवसंस्कृतिको सिर्जनाका लागि थालिएकाले सबैलाई आफ्नो अधिकारका लागि युद्धघोष गर्न आग्रह पनि गरिएको छ । कुल ३९ वटा गद्य लयात्मक कविताहरू सङ्कलित **युद्धघोष** का सम्पूर्ण कविताहरू मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनको कसीमा कसिएका छन् ।

### ३.२.२६ पाइलाहरू शिखरतिर उकासिदै गर्दा (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि मोदनाथ मरहट्टाद्वारा लिखित **पाइलाहरू शिखरतिर उकासिदै गर्दा** सङ्ग्रहभित्र २९ वटा फुटकर प्रगतिवादी कविताहरू सङ्कलन गरिएका छन् । जनयुद्धसित सम्बन्धित क्रान्तिकारी रोमान्सवाद र वर्गसङ्घर्षको भावना तीव्र रूपमा पोखिएका कविताहरूमा भोका नाङ्गा जनताको स्थिति सुधार गर्ने तर्फ पाइला नचालेकोमा आक्रोश पोख्दै सङ्घर्ष नगरी अधिकार प्राप्त हुन नसक्ने यथार्थता प्रकट गरिएको छ ।

त्यो आलोक ढाक्ने जालो बढार्न
एउटा प्रकम्पित आँधी बनेर
सलाम मेरो प्यारो तारा
म युद्ध बनेर आउँदैछु (म युद्ध बनेर आउँदैछु, पृ. ३४)

कविताभित्र सामाजिक, राजनीतिक, आर्थिक विषमता र अन्यायमा बाँचेका बहुसंख्यक उत्पीडित शोषित वर्गलाई जीवनको यथार्थबाट सत्यको खोजी गर्न आग्रह गरिएको छ । वर्गीय उत्पीडन र उत्पीडनकारी संरचनाका कारण दुःखपूर्ण सामाजिक अवस्थाको निर्माण भएको तथ्य सङ्केत गर्दै बहुसंख्यक नेपालीहरूको जीवन आर्थिक अभावका कारण नै दुःखदायी भएको तथ्य कविताभित्र प्रस्तुत

गरिएको छ । 'देश खोतल्दा', 'सिङ्गो देश मेष विखु', 'प्रजातन्त्र' लगायतका कवितामा राष्ट्रिय अस्तित्व रक्षाका लागि सङ्घर्षशील हुन आग्रह गरिएको छ भने 'क्रान्ति', 'बिउँझने याम आयो', 'नयाँ प्रयोगशालाबाट', 'म युद्ध बनेर आउँदैछु', 'को रोक्दछ', 'म लेख्छु क्रान्तिको गीत' आदि कविताहरूले निरङ्कुश शासन संयन्त्रको खुलेर विरोध गरेका छन् । नेपाली धर्तीका अधिकांश शोषित पीडितहरूका मर्मलाई सशक्त रूपमा प्रस्तुत गरिएका कविताहरूले प्रगतिवादी चिन्तनलाई पूर्ण रूपमा अवलम्बन गरेका छन् ।

### ३.२.२७ यात्रा मुक्तिशिखरको (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि चेतकान्त चापागाईंद्वारा लिखित कवितासङ्ग्रह **यात्रा मुक्तिशिखरको** उत्कृष्ट प्रगतिवादी कविताहरूको सङ्कलित कृति हो । सङ्ग्रहभित्रका ६७ वटा कविताहरूले मार्क्सवादी सौन्दर्यशास्त्रलाई पूर्ण रूपमा आत्मसात गरेका छन् । वर्तमानका विविध समय र सन्दर्भलाई सचित्र प्रस्तुत गरिएका कविताभित्र राष्ट्रियताको प्रखर चेतना प्रवाहित हुनुका साथै नेपाली भूमिमाथि भारतीय अतिक्रमणको गहिरो निन्दा गरिएको छ ।

"कोशी पूर्वै सगुन सरि त्यो दिल्लीमा गै चढाए
मेची साख्खै गुरु सकुनिका हातमा थम्थमाए
सुस्ता खाए मरु सरि बने गण्डकीका किनार
आमा ! रुन्छिन् टनकपुरमा तड्पदै बारबार" (अस्मिता गुम्न लाग्यो, पृ. ५८)

प्रजातन्त्रका नाममा स्थापित अप्रजातान्त्रिक तथा दमनकारी शासन व्यवस्थाको चित्रण पनि कवितामा गरिएको छ । उत्पीडित जनताहरू आफ्नो मुक्तिका लागि स्वयम् शस्त्र लिएर मैदानमा उत्रिएका छन् भन्दै कवितामा सामन्ती अत्याचारको खुलेर विरोध गरिएको छ । सामाजिक विसङ्गति र विकृतिको यथार्थ चित्रण भएका कविताभित्र असमानता, अन्याय, अत्याचार र अज्ञानताका विरुद्ध लडिरहेका मुक्ति योद्धाहरूलाई उभ्याएर आमूल परिवर्तनधर्मी क्रान्ति चेतना प्रकट गरिएको छ ।

उत्पीडित जनता र अधिकारको लागि उनीहरूले गरेको सङ्घर्षका कथालाई लोकलयात्मक र वर्णमात्रिक छन्दको प्रयोगद्वारा प्रस्तुत गरिएका सम्पूर्ण कविताहरू प्रगतिवादी काव्यिक मान्यताभित्र रहेर लेखिएका छन् ।

### ३.२.२८ म प्रतिध्रुवीय यात्री (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

युगीन विकृतिहरूको छरपष्ट रूप कवितासङ्ग्रह **म प्रतिध्रुवीय यात्री** का रचयिता गङ्गा श्रेष्ठ हुन् । बन्दुक किसान, मजदुरहरूको विद्रोहको परिणति भएको बताउँदै सङ्ग्रहका कविताहरूले तानाशाही अत्याचारको खुलेर विरोध गरेका छन् । अधिकारका लागि सङ्घर्ष र युद्धको अपरिहार्यतालाई सङ्ग्रहभित्रका सबैजसो कवितामा व्यक्त गरिएको छ । विद्रोह र क्रान्तिलाई सशक्त रूपमा प्रस्तुत गरिएका कविताहरूले शोषित पीडित जनताका पक्षमा वकालत गरेका छन् ।

मेरा प्यारा कमरेडहरू !
तिमीहरूका ओजिला मृत्युबाट
रगतले लत्पतिएका मृत शरीरहरूबाट
मैले मान्छे भएर जिउने दर्शन सिकेको छु

(सलामी दिन्छु म तिमीहरूलाई, पृ. ६)

सामन्तवाद, पुँजीवाद र साम्राज्यवादको तीव्र विरोध गरिएको सङ्ग्रहका कविताहरूले क्रान्ति र सङ्घर्षविना पुरानो व्यवस्था नष्ट नहुने कुरा अभिव्यक्त गरेका छन् । कुल ३० वटा गद्यलयात्मक संरचनामा आधारित कविताहरूले वर्गीय मुक्ति र सर्वहारा वर्गीय शासन सत्ताका पक्षमा वकालत गरेका छन् । मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनको प्रतिछवि सङ्ग्रहका सम्पूर्ण कविताहरू उत्कृष्टताको कोटीमा पर्दछन् ।

### ३.२.२९ घाम छेक्ने पहाड (२०५५) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि अमर गिरीद्वारा लिखित **घाम छेक्ने पहाड** कवितासङ्ग्रहभित्र २०३७ देखि २०५५ सालसम्मका विभिन्न समय, सन्दर्भ र परिवेशमा रचना गरिएका ३३ वटा कविताहरू सङ्गृहीत छन् । यसभित्र शोषण र अत्याचारले आक्रान्त ग्रामीण नारीको दुःखद अवस्था, उनीहरूले भोग्नुपरेको श्रम शोषण र यौनशोषणको दोहोरो पीडा, आधुनिकताको विकाससँगै साँघुरिएको मानसिकता र व्यक्तिवादी प्रवृत्ति[७३], समाजमा व्याप्त रहेको वर्गीय समस्या, प्रजातन्त्र प्राप्तिपछि पनि नेपालीहरू उन्मुक्तिभित्र बन्दी बन्न भएको यथार्थ, क्रान्तिको भोकले विसङ्गत समाजलाई ध्वस्त बनाउँछ भन्ने आत्मविश्वास, एक जुझारु युवक सत्तालोलुपता र अवसर वादीताको मोहका कारण अन्धकारको सुरुङमा पस्दै गरेको दृश्य, ग्रामीण परिवेशमा रहेका

[७३] लक्ष्मीकुमारी सुवेदी, **अमर गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६०), पृ. १२ ।

साहुहरूको सामन्तवादी प्रवृत्ति, समाजमा विद्यमान शोषण, असमानता, अन्याय, विद्रुपताप्रति तीव्र आक्रोश, नेपाली राजनीतिमा भित्रिएको विसङ्गति र विकृति, नेपाली संस्कृति र परम्परामा परेको पाश्चात्य अन्धानुकरण, शासक वर्गहरू जनउत्तरदायी नभएका यथार्थ, वर्तमान राष्ट्रिय, अन्तर्राष्ट्रिय विकृति लगायतका विषयवस्तुहरूलाई **घाम छेक्ने पहाड**भित्र कवितात्मक रूप दिइएका छन्-

मृत्युसँग कुनै डर थिएन
जब सिपाही
छातीमा बन्दुक ताक्थ्यो
विश्वासले गर्विलो छातीलाई
निर्भिकताका साथ हामी अगाडि थाप्थ्यौं (नग्नता, पृ. ६४)

कविताभित्र निरीह जनतालाई निसङ्कोच गोली चलाएर आतङ्कवादीको लाइसेन्स थमाइदिने तत्कालीन समयका यथार्थ प्रस्तुतिहरू एकातिर छ भने अर्कोतिर महान् सङ्कल्प बोकेका योद्धाहरूमा देखापरेको अकर्मण्य व्यवहारलाई[७४] देखाइएको छ । समग्रमा विसङ्गतपूर्ण परिवेशका बीच बढ्दै गएको हत्या, लुटपात, विध्वंश र अराजकताका दृश्यहरूलाई प्रगतिवादी काव्य मान्यताभित्र बाँधेर प्रस्तुत सङ्ग्रह तयार पारिएको छ ।

### ३.२.३० मनका गुनासा (२०५६) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**मनका गुनासा** कवि चन्द्रप्रसाद न्यौपानेको लेखनमा तयार भएको कविता कृति हो । जसमा २६ वटा फुटकर कविताहरू सङ्कलित छन् । मुलुकमा बर्षौदेखि सामन्तवादी उत्पीडनले जरो गाडेकाले त्यसका विरुद्ध नेपाली जनताले क्रान्तिको सुरुवात गर्नुपर्ने भाव कविताहरूमा व्यक्त भएका छन् । आमूल परिवर्तनकारी चेतनाको अभिव्यक्ति तथा परिवर्तन निम्ति प्राणोत्सर्ग गर्नेहरूप्रति उच्च सम्मान गर्दै कवितामा मान्छेको विशिष्ट शौर्य र उदात्त चरित्रको उद्घाटन गरिएको छ साथै देशभक्तिपूर्ण चेतना, सामन्तवाद, साम्राज्यवाद विस्तारवाद र पुँजीवादको विरोधजस्ता स्वरहरू सङ्ग्रहका कविताहरूमा मुखरित भएका छन् ।

के हो तन्त्र प्रजा कता कुन दिशा जादू-कला सूत्रमा
खै सम्मान शहीदको श्रमिकको आतङ्क छन् देशमा
व्याख्या गड्बड गर्दछन् पटहरू आदर्शमा शून्य यो
सक्ने कुद्छ जित्यो उही पर पुग्यो यस्तो प्रजातन्त्र हो ? (प्रजातन्त्र ? पृ. १३)

---

[७४] ऐजन ।

धार्मिक अन्धताप्रति विद्रोह, सामाजिक मुक्तिका लागि वर्गयुद्ध नै अपरिहार्य भएको तथ्य, शैक्षिक तथा प्रशासनिक विकृति, जनहत्या तथा राज्यआतङ्कको निन्दा, जनयुद्ध र सडक क्रान्तिप्रति विश्वास लगायतलाई **मनका गुनासा** भित्रका कविताहरूले समेटेका छन् । साम्यवादी शासन व्यवस्थाप्रति वैचारिक रूपमा प्रतिबद्ध हुँदै तत्कालीन आर्थिक, सामाजिक र राजनीतिक यथार्थताको अभिव्यक्तिलाई कविताहरूमा प्रस्तुत गरिएको छ । सङ्ग्रहभित्रका सबै कविताहरू छन्दमा रचना भएका छन् । निम्नवर्गीय किसानहरूमाथि भएका विविध किसिमका थिचोमिचो र अन्याय तथा २०४६ सालपछिको विसङ्गत राजनीतिक परिवेशलाई कथ्य बनाएर रचिएका सङ्ग्रहका सम्पूर्ण कविताहरूले प्रगतिवादी काव्यिक मान्यतालाई पूर्ण रूपमा अवलम्बन गरेका छन् ।

### ३.२.३१ इतिहासको यस घडीमा (२०५६) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि कृष्ण सेन 'इच्छुक' द्वारा रचित **इतिहासको यस घडीमा** सशक्त प्रगतिवादी कविताहरूको सङ्कलित सङ्गालो हो । २०३८ देखि २०५५ सम्ममा रचिएका कुल एकतीसवटा कविताहरू यसभित्र रहेका छन् । सङ्ग्रहमा शोषित वर्गका मर्म, उनीहरूका जीवनचर्या र जनयुद्धका पक्षमा रहेर समग्र मुक्तिगीत ध्वनित भएको छ । यसभित्र राष्ट्रियता, जनयुद्ध, विश्वबन्धुत्व, वर्गसङ्घर्ष, शोषित-पीडितका मर्म र शासकीय प्रताडनाका विरुद्धको क्रान्तिप्रति नेपाली जनताले देखाएका प्रतिबद्धताहरू छताछुल्ल  भएको छ । महिला, बालबालिका, दलित, कमैया, मजदुर, किसान आदि समाजका पीडित पक्षसँग कविताहरूले प्रत्यक्ष सरोकार राखेका छन् । सामाजिक द्वन्द्व, वर्गसङ्घर्ष, शोषण, उत्पीडन, सामन्तवादी व्यवस्थाप्रतिको आक्रोश, पुँजीवादी र साम्राज्यवादी अधिनायकत्वप्रतिको क्रोधलाई मार्क्सवादी दर्शन अनुसार व्याख्या गरिएका यी कविताहरूले स्वतन्त्र र न्यायपूर्ण सुन्दर समाज प्राप्तिको चाहना राखेका छन् । इतिहासको बाहिरी संरचना केही फेरिए पनि सबै कुरा यथास्थितिमा नै रहेको र शासनसत्ता फेरिए पनि राज्यसत्ताको बागडोर पुरानै वर्गको हातमा रहेको यथार्थता कवितामा खिचिएका छन् । क्रान्ति र क्रान्तिको सञ्चालक शक्तिप्रति अगाध निष्ठा र विश्वास अभिव्यक्त गरिएका कविताहरूमा अन्ततः सङ्घर्ष गर्नेहरूकै जीत हुने अपेक्षा व्यक्त गरिएको छ । दुश्मनका कडा भन्दा कडा दमन, बीभत्स हत्या र राज्य आतङ्कका घडीहरूमा होस् चाहे युद्धमैदानमा होस् वा काल कोठरीहरूमा चाहे क्रान्तिकारी योद्धाहरूमा होस् अथवा उनीहरूको परिवारमा यी कविताहरू उच्च त्याग, वीरता र बलिदानका

उदात्त जीवनगाथा अङ्कन गर्न समर्थ छन् ।[७५] कविताहरूमा उत्पीडित ज्यामी, मजदुर, कमैया एवम् गरीब शोषित किसानहरूको श्रमको सम्मान गर्दै उत्पीडक पुँजीपति तथा जमिन्दारहरूप्रति तीव्र घृणा अभिव्यक्त गरिएको छ । श्रमिक जनतालाई इतिहासको निर्माताका रूपमा लिइएको छ । समग्रमा हेर्दा विषयवस्तुमा विविधता पाइए पनि वर्गीय अन्तरसङ्घर्षलाई प्रमुख महत्त्व दिइएका कविताहरूमा विचार, भाव, जीवनमूल्य, प्रवृत्ति र संस्कारमा द्वन्द्वात्मकता पाइन्छ । वर्गीय मुक्ति, जनसङ्घर्ष र वर्गयुद्धलाई मूल विषय बनाइएका कविताहरूमा शोषण र दासताका विरुद्ध गरिएको जनयुद्धमा उत्पीडित जाति, जनजाति र दलितहरू एकाकार बन्दै गएका तथ्य प्रस्तुत गरिएको छ । सामन्तवादी बर्बर अत्याचारका विरुद्ध स्वतन्त्रता, समानता र मुक्तिका निम्ति आम सर्वहारा वर्ग बन्दुक बोकेर हिंड्न बाध्य भएका यथार्थ सङ्ग्रहका थुप्रै ठाउँमा प्रस्तुत भएका छन् ।

इतिहासको यस सङ्क्रमणकालीन घडीमा
भोको पेटका उर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पुछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ, भद्र पुरुष
तिमी भने झुक्किनु हुन्न
कहाँ फुलेको छ र डाँडाको फेदमा रातै लालीगुराँस
तिमी भने यो फेदीमै अल्मलिनु हुन्न (इतिहासको यस घडीमा, पृ. ३३)

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोण र समाजवादी यथार्थवादको सिद्धान्तद्वारा कवितासङ्ग्रह परिपुष्ट बनेको छ । नेपाली प्रगतिवादी कविताको इतिहासमा कालजयी कृति 'इतिहासको यस घडीमा' लाई नेपाली क्रान्ति, वर्गसङ्घर्ष, राजनीतिक खिचातानी र जनयुद्धको उत्कृष्ट साहित्यिक सङ्ग्रह मानिन्छ ।

### ३.२.३२ सेतो दरबारको छेउबाट (२०५६) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि मातृका पोखरेलद्वारा लिखित कवितासङ्ग्रह 'सेतो दरबारको छेउबाट' १९ वटा प्रगतिवादी कविताहरूको सङ्गृहीत रूप हो । २०४५ देखि २०५६ सालसम्मको परिवेशमा सृजित घटना बृत्तहरू यस सङ्ग्रहका कविताभित्र आएका छन् । नेपाली समाजको इतिहासमा शताब्दीयौंदेखि जरा गाडेर बसेका सामन्तीगत

[७५] चैतन्य, 'इच्छुकरचित इतिहासको यस घडीमा' शीर्षक कवितासङ्ग्रहबारे, **क्रान्ति र सौन्दर्य**, काठमाडौं : प्रगतिशीलल अध्ययन केन्द्र, २०६४, पृ. १४६ ।

विकृत संस्कार, आध्यात्मिक आस्थाका नाममा भइरहेका विकृति तथा यथास्थितिक पक्षपोषक सङ्कीर्णता जस्ता प्रदूषणलाई पन्छाउनुपर्ने कुरा[७६] कविताभित्र रहेका छन् । मानवीय श्रम र पसिनामाथि मोज गर्न पल्केका सामन्तीहरूप्रति चर्को विद्रोह गर्दै यथास्थितिपरक राज्यसत्ता र अन्धविश्वासग्रस्त जीवनपद्धतिलाई विस्थापित गर्दै जानुपर्छ भन्ने चिन्तन सङ्ग्रहका कविताहरूले प्रकट गरेका छन् । समाज रूपान्तरणको अभियानमा जुटेका राजनीतिकर्मीहरूलाई हत्या गरेर आफ्नो केन्द्रीय अस्तित्व लम्बाइ राख्ने सपना देख्ने शासकले एउटा आजाद मारेर लाखौं आजाद जन्माइरहेको हुन्छ ।[७७] भन्ने तथ्य पनि कवितामा देखाइएको छ ।

सेतो दरबार
प्रत्येक रात
हेलम्बुको बैंसलाई बलात्कार गर्छ
काले कामी र गोरे घर्तीको
पसिनाले नुहाउँछ (सेतो दरबार, पृ. २६)

कविताभित्र कथित प्रजातन्त्रको नाममा प्रशासनतन्त्रमा देखापर्दै गएको विसङ्गति र दरबारियाहरूको निरङ्कुश तथा शोषक प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरिएको छ । गद्य लयात्मक संरचनाभित्र विश्व परिवेशले निम्त्याएका विसङ्गतिमा पिल्सिएका नेपाली जनजीवनका यथार्थ प्रतिबिम्बहरू, सङ्घर्षबाट नै लक्ष्य प्राप्त हुने तथ्य राष्ट्रप्रति युवाहरूको त्याग र लगानी, माथिल्लो वर्गद्वारा तल्लो वर्गमाथि गरिने अत्याचार, क्रान्तिकारी विचार, सर्वहारा वर्गप्रति सम्मान, सहिदहरूप्रति श्रद्धा भाव तथा सामाजिक रूपान्तरणका लागि गर्नुपर्ने सङ्घर्ष आदिलाई कविताका विषयवस्तु बनाइएको छ । समसामयिक प्रवृत्ति र समकालीन पर्यावरणको सम्वाहक चेतनामा प्रगतिवादी चिन्तन घोलेर कथ्यलाई प्रस्तुत गरिएका सङ्ग्रहका कविताहरू उत्कृष्टताको कोटिमा पर्दछन् ।

### ३.२.३३ अभिव्यक्तिका सूत्रहरू (२०५६) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि सिर्जना दुवालद्वारा लिखित **अभिव्यक्तिका सूत्रहरू** कवितासङ्ग्रहभित्र जम्मा २१ वटा कविताहरू सङ्कलित छन् साथै केही गजलहरूलाई पनि यसभित्र ठाउँ दिइएको छ । प्रगतिवादी काव्य चेतनाले अनुप्राणित सङ्ग्रहका कविताहरूमा

[७६] राजेन्द्र सुवेदी, 'मातृका पोखरेल : समसामयिक कथ्यका कवि', **जनमत,** (वर्ष २४, पूर्णाङ्क १२६, मातृका पोखरेल विशेष) २०६, पृ. ३७ ।

[७७] ऐजन ।

नारी संवेदना, राष्ट्रप्रेम, मानवतावाद र सामाजिक क्रान्तिलाई प्रमुख स्थान दिइएको छ । सङ्ग्रहभित्रका अधिकांश कवितामा नारी स्वतन्त्रता माथिको अपहरणलाई यथार्थ चित्रण गरिएको छ । पितृसत्तात्मक समाजमा नारीमाथि हुने शोषण र अत्याचारलाई देखाउँदै उक्त शोषण उत्पीडनबाट मुक्त हुन नारी आफैं जागरुक र सङ्घर्षशील हुनुपर्ने तथ्य यी कविताहरूमा सङ्केत भएका छन् । सामाजिक शोषण र अन्यायप्रति विद्रोह गर्दै कविताहरूमा स्वच्छ र समुन्नत समाज निर्माणका लागि सामन्तवादी अवशेषहरूलाई पूर्ण रूपमा निर्मूल पार्नुपर्ने आवश्यकता बताइएको छ । समसामयिक युगीन यथार्थ नारी शोषण, वर्गीय दृष्टिकोण र पुरानो संरचनालाई ध्वस्त पार्दै नयाँ क्रान्तितर्फ अग्रसरता जनाउनु पर्ने कुराहरूलाई यसभित्रका कविताहरूले प्रस्तुत गरेका छन् ।

रूप र गुणको युद्धझैं आज
धनी र गरिबको युद्ध हुन्छ
खान नपाउँदा गरिब
भोक खाएर बस्छ
पैसा धेरै भएर धनी
पैसाको सपना देख्छ । (भावना, पृ. ३)

नेपाली समाजमा व्याप्त आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक असमानताप्रति आक्रोश पोख्दै ज्यामी, किसान, मजदुर जस्ता बहुसंख्यक श्रमजीवीहरूको श्रमलाई कविताभित्र आत्मसम्मान गरिएको छ । नेपाली समाजका बहुसङ्ख्यक पराधीन नारीहरूको कारुणिक जीवनलाई देखाउँदै पितृसत्तात्मक सामाजिक संरचनालाई ध्वंश नगरी नारी जातिले स्वतन्त्रता, समानता र सामाजिक न्यायप्राप्त गर्न नसक्ने यथार्थतालाई कविताहरूमा देखाइएको छ । नारी समस्यालाई वर्गीय समस्याका रूपमा चित्रण गर्दै विविध किसिमका सामन्ती संस्कारको चिरफार गरिएका सङ्ग्रहका प्रायः कविताहरूले प्रगतिवादी मान्यतालाई आत्मसाथ गरे पनि केही कविताहरू प्रगतिवादी चिन्तनका दृष्टिबाट निकै पछाडि छन् ।

### ३.२.३४ देश कहाँ छ ? (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

युवाकवि थोमस पीडितद्वारा लिखित कवितासङ्ग्रह **देश कहाँ छ ?** सशक्त प्रगतिवादी कविताहरूको सङ्कलित सङ्ग्रह हो । नेपाली समाजमा देखापर्दै गएका विकृति र विसङ्गतिहरूमाथि कवितामा कतै आक्रोश पोखिएको छ, कतै व्यङ्ग्य प्रहार भएको छ र कतै शब्दहरू विष्फोट भएर मुखरित हुन पुगेको छ । जनताका

घरदैलोमा देश छैन, नागरिकका पहिचानमा देश छैन नेपालीका आत्मसम्मानमा देश छैन आखिर देश कहाँ छ त ? कवि प्रश्न गर्दछन् -

के देश !

राजाका दरबारमा छ ?

देश राजदूतावासमा छ ?

देश मन्त्रीका साथमा छ,

अथवा पैसावालको हातमा छ ? (देश कहाँ छ ? पृ. २)

देशको अस्मितामा परेड खेल्नमा आनन्द अनुभूत गर्ने इतिहासका खलपात्रहरूले देशभक्तिको अभिनय गर्न भने छाडेका छैनन् । प्रजातन्त्र ठूलालाई चैन र सानालाई ऐन मात्र भएको छ । शासकहरूका लागि प्रजातन्त्र आर्जन, अमनचैन र सोख बनेको छ भने आम नागरिकहरू भोक, रोग, अपमान र शोषणमा नै बाँचिरहेका छन् । जनताका समस्या समाधान गर्ने कसम खाएर सत्तामा पुगेकाहरूले शासन संयन्त्रलाई भ्रष्टाचारको अखडा बनाएका छन् भन्ने यथार्थ कविताहरूमा सचित्र देखाइएको छ । सामन्ती शोषणमूलक व्यवस्थाजन्य अन्धकारमय परिवेशलाई प्रतिध्वनित गरिएका यी कविताहरूमा सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा पछाडि पारिएका बहुसंख्यक उत्पीडित वर्गका मान्छेहरूलाई शासकवर्गसित प्रतिशोधको युद्धमा सामेल हुन आह्वान गरिएको छ । नेपाली धरतीका लागि आफ्नो जीवन बलिदान गरेका आम सहिदहरूप्रति सम्मान भाव व्यक्त गर्दै कविताभित्र सामन्तवादी र पुँजीवादी शोषण दमनका विरुद्ध आमूल परिवर्तनकामी क्रान्तिधर्मी चिन्तनलाई प्रस्तुत गरिएको छ ।

जम्मा २२ वटा गद्य लयात्मक कविताहरू रहेका सङ्ग्रहका सम्पूर्ण कविताहरूले प्रगतिवादी काव्य चिन्तनलाई पूर्ण रूपमा आत्मसात गरेका छन् ।

### ३.२.३५ हातहरू (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि अनिल पौडेलद्वारा लिखित कवितासङ्ग्रह **हातहरू** भित्र ३२ वटा फुटकर कविताहरू सङ्गृहीत छन् । राष्ट्रियता र प्रजातन्त्रका पक्षमा लेखिएका कविताभित्र सबै प्रकारका राष्ट्रिय समस्याहरूलाई प्रस्तुत गरिएका छन् । प्रवासी नेपालीहरूप्रति आत्मीयता साट्दै कविता मार्फत् राजनीतिक विसङ्गतिका विरुद्ध झटारो हानिएको छ विचारमा कम्युनिष्ट राजनीतिप्रति प्रतिबद्ध भएको देखाउने तर व्यवहार सामन्ती र पुँजीवादी चरित्रको प्रदर्शन गर्नेहरूकाप्रति रोष प्रकट गरिएको छ । आफूमा मार्क्सवाद-लेनिनवादको सिद्धान्त छ भन्ने भ्रम पालेर सिद्धान्तको बेवास्ता गर्ने

कमरेडहरूप्रति तीव्र असन्तुष्टि व्यक्त गरिएको छ र जननेताहरूप्रति आक्रोश पोख्दै उनीहरूलाई आफूले टेकेको धरातल सम्झन आग्रह गरिएको छ । यसप्रकार कविताहरूले सम्पूर्ण राष्ट्रिय समस्याहरू राजनीतिक विकृतिकै कारण प्रादूर्भाव भएका हुन् भन्ने निष्कर्ष समेत प्रस्तुत गरेका छन् ।

हाम्रो आस्थाको अबिर

तपाईको निधारमा रङ्गिएको छ

हाम्रो विश्वासको माला

तपाईको गलामा झुण्डिएको छ

हामी सारा मान्छेहरूको भविष्य

तपाईको इमान्दारितामा अनुवाद भएको छ । (कामरेड मन्त्रीलाई, पृ. ४२)

'जन्तरेलाई चिठी', 'विचलन', 'कामरेड मन्त्रीलाई', 'होइन हामीलाई के भयो ?', 'तिम्रो प्रचारको तुल' आदि कविताहरूमा समसामयिक राजनीतिप्रति आलोचना गरिएको छ । त्यसैगरी मार्क्सवादी विचारप्रति पूर्ण प्रतिबद्ध भएर लेखिएका कविताहरूमा 'आगो', 'हलो', 'पहाड', 'हातहरू' आदि पर्दछन् । यी कविताहरूले क्रान्ति र सङ्घर्षमा जोड दिएका छन् । यसप्रकार सङ्ग्रहका कविताहरूले सबल र समुन्नत राज्य व्यवस्थाको अपेक्षा गरेका छन् । **हातहरू** भित्रका प्रायः कविताहरू प्रगतिवादी चिन्तनमा केन्द्रित भएर लेखिएका छन् ।

### ३.२.३६ यसपल्ट पनि बाली लागेन (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

लीला उदासीद्वारा लिखित **यसपल्ट पनि बाली लागेन** कवितासङ्ग्रहभित्र ३२ वटा कविताहरूलाई सङ्कलन गरिएका छन् । मुलुकमा व्याप्त बेथिती, मनपरीतन्त्र तथा सङ्घर्षका विषयवस्तुभित्र रहेर यो कवितासङ्ग्रह तयार भएको छ । प्रजातन्त्र प्राप्तिपछि पनि नेपलाी धर्तीमा केही नौला प्रगतिहरू नभएको यथार्थतालाई सङ्ग्रहभित्रका प्रायः कविताहरूले सङ्केत गरेका छन् । रोग, भोक, अभाव र अनिकालग्रस्त ग्रामीण जनजीवनको चित्रणलाई मुख्य कथ्य बनाउँदै कवितामा शोषित-पीडित जनताका पक्षमा वकालत गरिएको छ । संसदीय शासन व्यवस्थामा बढ्दै गएको व्यभिचारी र सत्तालोलुपताको विकृत संस्कारलाई प्रस्तुत गर्दै आम जनताले दुःख-कष्ट, महङ्गी र भोकमरी सिवाय केही नपाएका यथार्थ प्रस्तुत गरिएका छन्-

अहिले देशले त्यता हेरेको छ

आँखाभरि शंका भरेको छ

भोक पनि फक्रेको छ

आज त आफैं लजाएको छ

संसदभरि-सांसदको सुविधा सजाएको छ

(सांसदहरू त्यहाँ बसेका छन्, पृ. २१)

नेपाली सिमानामाथि विदेशी हस्तक्षेप, बढ्दै गएको भ्रष्टाचारी कुसंस्कार, महङ्गीले अस्तव्यस्त बनाएको जीवनपद्धति, विकृत बन्दै गएको मानवीय आचरण, राष्ट्रियताप्रतिको मोहकता, राजनेताहरूको जिम्मेवारी वहनबाट पन्छिने प्रवृत्ति लगायतका विषयवस्तुभित्र लेखिएका सङ्ग्रहका सम्पूर्ण कविताहरू प्रगतिवादी मान्यताका कसीमा रचिएका छन् ।

### ३.२.३७ माफ गर बहिनी चिन्न सकिन (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि आत्माराम शर्माद्वारा लिखित **माफ गर बहिनी चिन्न सकिन** कवितासङ्ग्रहमा जम्मा २८ वटा फुटकर कविताहरूलाई सङ्गृहीत गरिएको छ । युगका यथार्थसँग प्रत्यक्ष सरोकार राख्न सफल कविताहरूमा तद्युगीन सत्ताधारीहरूको ढोंग र पाखण्डका नौटङ्की दृश्यहरूले वाक्क दिक्क, मर्माहत र उद्वेलित भएको युवा मानसिकतालाई प्रखर रूपमा प्रस्तुत गरिएको छ । भूमिहीन परिश्रमी मानिसहरूको सपना, जिजीविषा र कर्मशीलताको जुन आवेगपूर्ण चित्रण छ, त्यसले कवितालाई प्रतिष्ठा प्रदान गरेको छ । लामो सङ्घर्षपछि झुल्केको 'पूर्वको घाम' ले न्यानो राप दिन नसक्दा पीडित बनेका गरिबहरूको यथार्थता, असंख्य सहिदहरूको सपना कुल्चेर अघि बढिरहेका अराजक तत्त्वहरू, निम्नवर्गीय जनताका सपनाहरूमाथि ठूलाबडाहरूबाट हाकाहाकी हुने गरेका डकैतीका घटनाहरू कवितामा प्रस्तुत भएका छन् ।

देश, उनीहरू भन्ने गर्छन् हाम्रो

तिनीहरू भन्ने गर्छन् मेरो

हामी भन्ने गर्छौं देश हाम्रो

वास्तवमा देश कसको ?

जन-अदालतमा मुद्दा चलिरहेको छ

वादी र प्रतिवादी लडिरहेका छन् (देश कसको ? पृ. १२)

देश कसको हो भन्ने कुरामा नै प्रश्न चिन्ह लागिरहेको समयमा महानताको सपना बोकेर मुक्तिको गीत गुन्गुनाइरहेका आम योद्धाहरूलाई राष्ट्रिय अस्तित्व

संरक्षणमा लाग्न कविताभित्र आह्वान गरिएको छ । कालापानीको बलात्कार र लक्ष्मणपुरको विवशताको कथा पनि सङ्ग्रहभित्र प्रस्तुत भएका छन् । सामन्ती शोषण, विस्तारवादी र साम्राज्यवादी विदेशी शत्रुहरूको प्रवेश, जातीय भेदभाव, वर्णव्यवस्थाजन्य धार्मिक अज्ञानता आदि व्यवस्थाले नेपाली बहुसंख्यक उत्पीडित वर्गलाई ग्रसित पारेको यथार्थ प्रस्तुत गरिएका यसभित्रका कविताहरूले मार्क्सवादी सौन्दर्यशास्त्रलाई अवलम्बन गरेका छन् ।

### ३.२.३८ जुनको देशबाट (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि गङ्गा श्रेष्ठद्वारा लिखित **जुनको देशबाट** कवितासङ्ग्रह ३२ वटा प्रगतिवादी कविताहरूको सङ्कलित सङ्गालो हो । देश र जनताको मुक्तिका लागि सङ्घर्षशील योद्धाहरू कसरी हरेक यातना र दमनलाई पचाउँदै आफ्नो यात्रालाई जारी राख्छन् भन्ने उदाहरण प्रस्तुत भएको यस सङ्ग्रहमा जाली, सामन्त, शोषक, भ्रष्ट, लुटेरा र प्रतिक्रियावादीहरूको सुनियोजित षडयन्त्रलाई देखाइएको छ । यातना, सन्त्रास, अभाव, हत्या, आतङ्क, बलात्कार, लुट र बेइमानीका बीच बाँच्न विवश आम जनताका पीडाहरू सङ्ग्रहभित्र छरपष्ट देखिन्छन् । २०४६ पछि जनताले देखेका सबै सपना चकनाचुर भएको प्रष्ट्याउँदै कवितामा ग्याँस च्याम्बर भित्र हिटलरले झैं फासिवादले नागरिकहरूलाई बस्तीभित्र डढेलो लाएर वा घरभित्र थुनेर आगो सल्काइ हत्या गरेको असह्य पीडा लेखिएको छ -

जनताले यातनाको आकाश थामिरहेको बेला
हिटलरहरूले मुलुक ग्याँस च्याम्बरमा गालिरहेको बेला
जब तिमी मन्दिरको देउताझैं मौन रहने कुरा गर्छौ
जब तिमी चौबाटोको सालिकझैं अचल रहने प्रयास गर्छौ
तब तिमीप्रति मभित्र घृणा जागेर आउँछ (तब तिमीप्रति ....., पृ. १२)

एकातिर देश पीडाबीच उकुसमुकुस भएर बाँचिरहेको छ भने अर्कोतिर सहिदको बलिदान माथि खेलवाड भइरहेको छ । संविधान र कानुनको कुनै लेखाजोखा छैन, प्रजातन्त्र देखाउने दाँत मात्र बनेको छ । व्यक्तिगत नाफा तथा पदप्रतिष्ठाको स्वार्थबाट मुक्त भएमा मात्र एउटा व्यक्ति सच्चा क्रान्तिकारी बन्न सक्छ भन्दै कवितामा परिवर्तनका लागि स्वयम् सङ्घर्षशील हुनुपर्ने यथार्थता प्रकट गरिएको छ । सर्वहारा वर्गीय व्यवस्था, जनवादी क्रान्ति, वर्गीय युद्ध, सामन्तवाद र प्रतिक्रियावादबाट मुक्ति लगायतलाई समेटेर लेखिएका सम्पूर्ण कविताहरू मार्क्सवादी सौन्दर्यशास्त्रबाट अभिप्रेरित छन् ।

### ३.२.३९ फिलिङ्गो (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि दिल साहनीद्वारा लिखित **फिलिङ्गो** ५२ वटा अणु कविताहरूको सङ्कलित सङ्गालो हो । यसभित्रका कविताहरूमा स्वार्थी, क्रान्तिविरोधी, जनविरोधी तथा राष्ट्रविरोधी नेताहरूको विरोध गर्नुका साथै साम्राज्यवादी शक्तिहरूको इशारामा नाच्ने बुर्जुवा शक्तिको राइँदाइँ सधैं नचल्ने र जनतामा सल्कँदै गएको वर्गीय युद्धले अन्ततः निश्चित गन्तव्य फेला पार्ने अभिव्यक्ति व्यक्त गरिएको छ । कविताभित्र आर्थिक असमानताबाट गरिबी जन्मिने तथा गरिबी र अन्यायद्वारा नै क्रान्तिको ढोका खोलिने तथ्य सङ्केत गरिएको छ । **फिलिङ्गो** भित्रका सबै कविताहरूले शोषणहीन, अन्यायहीन र शान्त समाज सिर्जनाको अदम्य चाहना राखेका छन् । साथै निम्नवर्गीय किसान, मजदुरहरूमाथि भएका विविध किसिमका थिचोमिचो र अन्यायलाई पनि सशक्त ढङ्गमा प्रस्तुत गरेका छन् । निरङ्कुशतावादीहरूका बुट र सङ्गीनले मानवअधिकार र स्वतन्त्रताका कुराहरूलाई समेत पर्वाह नगरेको तीतो यथार्थ पनि सङ्ग्रहका कविताहरूमा रहेका छन् ।

एउटा बृद्ध लेखकका छातीमा बुट बजार्दै
एउटा युवा कविका जिउमा नील डाम पार्दै
एउटी चेलीको आँङको चोली च्यात्दै
हेर मानव अधिकार
पुच्छर हल्लाउँदै
सिंहदरबार पस्यो । (मानव अधिकार, पृ. ४३)

प्रतिगमन र निरङ्कुशतन्त्रलाई मुख्य कथ्य बनाउँदै सामन्ती अत्याचारका विविध पाटाहरूलाई प्रस्तुत गरिएका **फिलिङ्गो** भित्रका सम्पूर्ण कविताहरूले आम नेपालीका पक्षमा वकालत गरेका छन् । वर्गयुद्धको अपरिहार्यतातर्फ सङ्केत गरिएका सम्पूर्ण कविताहरू प्रगतिवादी काव्य चेतनाका दृष्टिले उल्लेख्य रहेका छन् ।

### ३.२.४० नालिस (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि सीता शर्माद्वारा लिखित **नालिस** पचासको दशकमा प्रकाशित प्रगतिवादी कवितासङ्ग्रह हो । पितृसत्तात्मक समाजमा नारीमाथि हुने हैकमवादी प्रवृत्तिलाई कविताहरूमा विद्रोहात्मक रूपमा प्रस्तुत गर्नु यस सङ्ग्रहको मूलभूत प्रवृत्ति हो । 'भो मलाई पूजा गरेर कैद नगर', 'म त्यो नारी होइन', 'म मेरा कदमहरूमा तिम्रो गति भर्न सक्तिन', 'नालिस', 'मन त बाँध  हो फुट्न सक्छ', 'आमाको अनुभव : छोरीलाई शिक्षा', 'आँसु र रगतले संसार ढाकेकी छु' लगायतका

कविताहरूले नारी अस्मिता र महत्ताको प्रतिनिधित्व गरेका छन् । पितृसत्तात्मक समाज व्यवस्थाले नारीहरूलाई धर्म, नियम, कानुन, परम्पराका दासताका असंख्य साङ्लाहरूले बाँधेको कुरालाई यसभित्र प्रस्तुत गरिएका छन् । समान कामका लागि समेत नारीलाई कम ज्याला दिएर श्रम शोषण भइरहेको तिक्तता पनि यसभित्र छ । सांस्कृतिक रूपबाट समेत नारीहरू परवर्तित हुनुपर्ने आवश्यकता औंल्याउँदै नीति, धर्म, परम्परा र चालचलनले नारीहरूलाई पराधिन बनाएको कुरा उल्लेख गरिएको छ ।

मातृत्व र सहनशीलताको विशालतालाई हत्या गरेर
अनुचित अर्थ लगाई
अवला र नामर्द जस्ता शब्दले नघोच
चट्टान, पानी र काँढाभित्र पनि फुलिदिन सक्छु
मातृहृदयको महानताले
तिम्रो खुसीमा
आफूलाई मिटाइदिन पनि सक्छु । (भो, मलाई पूजा गरेर कैद नगर पृ. १२)

सामाजिक मुक्तिका पक्षमा लागि विद्यमान असमानता र विभेद अन्त्य गर्न कविताभित्र आम जनतालाई आग्रह गरिएको छ । शैक्षिक, प्रशासनिक र राजनीतिक विसङ्गतिहरूलाई प्रस्तुत गरिएका कविताहरूमा साम्राज्यवादी शक्तिहरूको पतन गराउँन सबैले एकजुट भई आ-आफ्नो स्थानबाट क्रान्ति गर्नुपर्ने अपरिहार्यता जनाइएको छ । २०४६ सालको आन्दोलनले राजनीतिक व्यवस्थाको स्वरूप परिवर्तन गरेपनि सामन्तवादी प्रवृत्ति यथावत रहेको कुरा कवितामा देखाइएको छ । जीवनप्रति मूल्यबोध, श्रमप्रति आस्था, उत्पीडित नारीप्रति प्रेम, शोषक वर्गप्रति घृणा जस्ता विषयवस्तुभित्र रहेर सङ्ग्रहका कविताहरू रचना भए पनि प्रायः कविताहरूले समाजमा महिलाहरूले भोग्नुपरेका उपेक्षा र उत्पीडनलाई मुख्य कथ्य बनाएका छन् । समग्रमा हेर्दा यी सम्पूर्ण कविताहरू मार्क्सवादी सौन्दर्यशास्त्रप्रति प्रतिबद्ध भएर लेखिएका छन् ।

### ३.२.४१ शहीदको सम्झना (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि केशव नेपालद्वारा लिखित **शहीदको सम्झना** पचासको दशकमा प्रकाशित प्रगतिवादी कवितासङ्ग्रह हो । कुल २९ वटा गद्य लयात्मक कविताहरू यसभित्र रहेका छन् । २०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्था प्रादुर्भाव भए पनि त्यो मुठीभर, शोषक, सामन्त, जाली फटाहारहरूको व्यवस्थाका रूपमा

परिणत भएको यथार्थ कवितामा देखाइएको छ । प्रतिक्रियावादी व्यवस्थामा हुने गरेका अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, दमन, यातना, हत्या, लुट र बलात्कार जस्ता घटनाहरूको चित्रण कविताहरूले गरेका छन् । कविताहरूले प्रतिक्रियावादी व्यवस्थाका विरुद्ध मुक्ति युद्धमा सामेल भई सर्वहारा वर्गीय सुन्दर र समुन्नत समाज निर्माण गर्न आम जनतालाई आह्वान गरेका छन् ।

श्रमिकहरूको रगत र पसिनामा बाँच्नेहरू
श्रम लुट्ने काला ब्वाँसाहरू
साँच्चै तिनीहरूको मरण स्याल र गिद्धहरूको जस्तै हुन्छ
त्यो मृत्यु कपास भन्दा ज्यादै हलुका हुन्छ (गर्छौं मृत्यु मर्न सिकौं, पृ. ३४)

निम्नवर्गीय श्रमिकहरूमाथि भएका थिचोमिचो र अन्यायका विरुद्ध कवितामा विद्रोह प्रकट गरिएको छ । सामन्ती उत्पीडनबाट मुक्त हुन चाहने नेपाली जीवनको यथार्थ व्यक्त गर्दै कविताहरूमा शासक वर्गका प्रताडनाका शब्दचित्रहरू देखाइएका छन् । साम्राज्यवाद, पुँजीवाद, प्रतिक्रियावाद र विस्तारवादको विरोध, क्रान्ति र सङ्घर्षप्रति ऐक्यबद्धता एवम् वर्गीय मुक्ति तथा सर्वहारा मानवतावादलाई महत्त्व दिई लेखिएका सम्पूर्ण कविताहरूले मार्क्सवादी दर्शनलाई आत्मसाथ गरेका छन् ।

### ३.२.४२ युग नृत्य (२०५७) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि मोहनविक्रम सिंहद्वारा लिखित **युग नृत्य** कवितासङ्ग्रहमा ३३ वटा कविताहरू सङ्कलित छन् । त्यस्तै फुटकर कविताहरूकै बीचमा 'आदि विद्रोही', 'झिमरुक नदी र चिबे चराको कथा' र 'गंगा कावेरी एक्सप्रेस' खण्डकाव्यलाई समेत प्रस्तुत गरिएको छ । प्रायः लामा आयतनमा लेखिएका यी कविताहरू कविले जेल जीवन बिताउँदाका क्षणमा रचना गरेका हुन् । धार्मिक, राजनीतिक, प्रशासनिक विविध तहमा सामन्तहरूद्वारा गरिब किसान वर्गको शोषण भइरहेको र उक्त शोषणको प्रतिरोधका लागि क्रान्ति नै अनिवार्य भएको तथ्य कवितामा प्रस्तुत भएका छन् । सामन्तवर्ग र अभिजात्यवर्गको उत्पीडनका स्वरूपलाई चित्रण गर्दै कवितामा सामन्तवादी सामाजिक व्यवस्थाको तीव्र विरोध गरिएको छ । नेपाली समाज सामन्तवादी सामाजिक, सांस्कृतिक, राजनीतिक स्वरूपबाट निर्मित भएको हुँदा त्यसको निर्मूलबाट मात्र समतायुक्त प्रगतिशील समाज निर्माण हुन सक्छ भन्ने भावनाद्वारा अभिप्रेरित हुँदै कविताहरूमा सामन्ती समाजका शोषक वर्गप्रति आक्रोश व्यक्त गरिएको छ । आर्थिक क्षेत्रमा साम्राज्यवादले विश्वका मानवहरूलाई पराधीन बनाउँदै आएको छ भन्दै कवितामा साम्राज्यवाद तथा पुँजीवादका लुटाहा प्रवृत्तिप्रति

घृणा र विद्रोह प्रकट गरिएको छ । मानवीय स्वतन्त्रता र मुक्तिको बाधकका रूपमा साम्राज्यवादी शक्ति देखिएको छ भन्दै कविताभित्र शोषित-उत्पीडित सर्वहारा वर्गका पक्षमा वकालत गरिएको छ । शोषक सामन्तहरूका क्रूर, पाखण्डी, दानवीय व्यवहार र क्रियाकलाप तथा पुँजीको आश्रयमा श्रमजीवी मजदुरहरूको शोषण गर्ने रक्त चुसाहा प्रवृत्तिलाई कविताहरूमा नङ्ग्याइएको छ । सामाजिक व्यवस्था परिवर्तनका लागि जनतालाई जागरुक बनाउनु, पुरानो व्यवस्थाप्रति वितृष्णा जगाउनु र आमूल परिवर्तनकारी सङ्घर्षमा उत्रन उत्प्रेरित गर्नु पनि यसको काव्यगत वैशिष्ठ्य हो । सहिदहरूप्रति सम्मान, युद्ध र क्रान्तिप्रति विश्वास, सामन्ती उत्पीडनका विरुद्ध सङ्घर्ष, विदेशमा काम गर्ने नेपाली युवाहरूको पीडा एवम् मातृभूमिप्रति अगाध आस्थालाई प्रमुख कथ्य बनाइएका सङ्ग्रहभित्रका खण्डकाव्यहरूले पनि सुन्दर, समुन्नत र उज्यालो संसारको चाहना राखेका छन् ।

गरीबका आँसुमाथि बिहार गर्ने जन
ढुंगामाथि चढी हाँस्छौ अझै किन भन
झुल्किसके नयाँ सूर्य लालकिरण फिंजाई
आइरहेछ ऊ हेर क्रान्ति नदी गड्गडाई ।
फर्क फर्क ........ (पर्ख पर्ख लाहुरे दाइ, पृ. १३)

पूर्ण रूपमा प्रगतिवादी चिन्तनबाट अभिप्रेरित कवितासङ्ग्रह 'युग नृत्य' सामन्ती सत्ताको समुल नष्ट पार्नका लागि रचित एक क्रान्तिकारी दस्तावेज नै बनेको छ ।

### ३.२.४३ यात्रा (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि रामहरि लम्सालको २९ वटा कविताहरूको सङ्कलित सँगालो **यात्रा** पचासको दशकको प्रगतिवादी काव्य साहित्यको एक सबल कृति हो । प्रायः जसो छन्दका नियमभित्र रहेर सृजना भएका कविताहरू भए पनि कृतिभित्रका केही कविताहरू गद्य लयमा रचिएका छन् । सामन्ती सामाजिक व्यवस्थाप्रति तीव्र आक्रोश पोख्दै रचना भएका कविताहरू मार्फत् निरङ्कुश शासन व्यवस्थाको मारमा नेपाली समाजको जीवन कष्टकर र पीडादायी बनेको यथार्थ प्रकट गरिएको छ । सङ्ग्रहका कविताहरूमा सामन्ती सत्ताले लादेको राजनीतिक, सांस्कृतिक, आर्थिक, जातीय र लिङ्गीय दमनको विरोध गर्दै सशक्त क्रान्तिकारी विचार मार्फत् नेपाली समाजलाई मुक्तिको बाटोतर्फ अग्रसर गराइएको छ ।

मुट्ठीभित्र छ वर्ग शोषण गरी ज्यूँने ठूलाठालू जो ।
छैन अन्त स्वतन्त्र देश भनिने नेपाल हो विश्वको ।
निस्केला जनक्रान्तिको मूल ठूलो सङ्घर्षको भेषमा ।
अर्को युद्ध अझै बाँकी सबले राखौं सधैं सम्झना ।

(राखौं सधैं सम्झना, पृ. ४)

नेपाली जनजीवनका मर्म, पीडा, व्यथा, आवश्यकता र बाध्यतालाई सौन्दर्यात्मक रूप दिई तयार पारिएका कविताहरूमा श्रमिक वर्गको हक सुरक्षित गर्नका लागि क्रान्ति नै अपरिहार्य हुने तथ्य देखाइएको छ । वीर सहिदहरूको स्मरण गर्दै वर्ग शोषणका विरुद्ध मुट्ठी कसी जनक्रान्तिमा उत्रन कविताभित्र आम जनसमुदायलाई आग्रह गरिएको छ । राष्ट्रिय सिमान सुरक्षाका लागि सबै सजग रहनुपर्ने, नारी मुक्तिका लागि प्राचीन दासतालाई तोडेर अगाडि बढ्नुपर्ने तथ्य प्रस्तुत गर्दै प्रजातन्त्र र नागरिक स्वतन्त्रता तथा प्रशासनिक क्षेत्रमा देखापरेका विकृति आदिलाई पनि कविताका विषय बनाइएका छन् । यसप्रकार सङ्ग्रहभित्रका सम्पूर्ण कविताहरूले मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनलाई अवलम्बन गरेका छन् ।

### ३.२.४४ कुहिरो र काग (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि बलभद्र भारतीद्वारा लिखित **कुहिरो र काग** कवितासङ्ग्रहमा जम्मा जम्मी सैतीसवटा कविताहरू समावेश छन् । नेपालको शोषणमुखी समाज व्यवस्थालाई परिवर्तन गरी मानवमाथि मानवद्वारा हुने सबै किसिमको शोषणबाट मुक्त समाज व्यवस्था सिर्जनाको अपेक्षा यी कविताहरूमा गरिएको छ । 'क्रान्तिको माग', 'एउटा मान्छेको बलिदानी गीत', 'रोल्पाली दाइ', 'क्रान्तिकारीसँग', 'तिमी अनि तिम्रा रक्तबीजहरू', 'कुहिरो र काग', 'युद्ध र क्रान्ति' जस्ता कविताहरूले क्रान्ति, क्रान्तिकारी शक्ति, परिवर्तनको चाहना, सङ्घर्षको आवश्यकता र सङ्घर्षशील चेतनाको समर्थन गरेका छन् । यसभित्रका कतिपय कविताहरू २०५२ यता सञ्चालित जनयुद्धको प्रभावमा रचना भएका छन् । 'रोल्पाली दाइ', 'यौटा मान्छेको बलिदानी गीत', 'मृत्युञ्जयी योद्धा', 'क्रान्तिकारीसँग' कविताहरू यसै कोटीमा पर्दछन् । उत्पीडित जनताको विजयमाथि पूर्ण विश्वस्त हुँदै 'संसार हामीहरूको हुनेछ', 'गुमेको दुनियाँ हाम्रो' र 'चराहरूलाई आफ्नो वासस्थानमा जानदेऊ' जस्ता कविताहरू रचिएका छन् । 'पानीमा कलम चोपेर' कविताले मेची-महाकालीमा भएको भारतीय सीमा अतिक्रमणका सन्दर्भमा नेपाली सिमाना खोजी गरिरहेको छ । त्यसैगरी सदियौंदेखि दासताको जञ्जिरमा बाँधिएका मजदुरहरूको वास्तविकतालाई पनि कविताहरूले व्यक्त गरेका छन् -

फलाम, कोइला र तेलखानीहरूमा ज्यूँदै मृत्युवरण गर्नुपऱ्यो
त्यसैले आज पनि दाम्लामा बाँधिनु कठिन छैन
किनकि चुँडाल्नका लागि जन्जिर सिवाय केही छैन
जब कि पाउनका लागि यो सारा संसार छ । (वसन्त ऋतुको विहान)

प्रायः कविताहरू मजदुर र किसानका पक्षमा लेखिएका छन् र अर्कोतर्फ दासप्रथा र सामन्तवादका मालिक तथा राजा महाराजाहरू कुनै विशिष्ट अवतार नभएका कुरा पनि व्यक्त गरिएका छन् । कविताभित्र मुक्ति योद्धाहरूको शूरता र वीरताको मुक्तकण्ठले प्रशंसा गर्दै अन्याय, अत्याचार, असमानता र क्रुरताका विरुद्ध तीव्र प्रहार गरिएका छन् । वैदेशिक रोजगारमा जान बाध्य नेपालीहरूको पीडा, पितृसत्तात्मक समाजमा नारीमाथि गरिने भेदभाव, शैक्षिक-प्रशासनिक विकृति लगायतलाई पनि कविताहरूले समेटेका छन् । मार्क्सवादी सौन्दर्यशास्त्र वा प्रगतिवादलाई पछ्याउँदै रचना गरिएका सङ्ग्रहका सम्पूर्ण कविताहरूले समसामयिक युगीन विकृतिहरूको पर्दाफास गरेका छन् ।

### ३.२.४५ अचेतन मनहरू (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि बद्रीविशाल पोखरेलद्वारा लिखित **अचेतन मनहरू** पचासको दशकमा प्रकाशित प्रगतिवादी कवितासङ्ग्रह हो । कुल ३३ वटा गद्य लयात्मक कविताहरू सङ्गृहीत सङ्ग्रहभित्रका कविताहरूले युगका यथार्थसँग तीव्र सरोकार राखेका छन् । वर्गीय उत्पीडन र उत्पीडनकारी संरचनाका कारण दुःखपूर्ण सामाजिक अवस्थाको निर्माण भएको तथ्यतिर सङ्केत गर्दै कविताभित्र नेपाली समाजमा विद्यमान वर्गीय संरचना र त्यस अन्तर्गतका विसङ्गतिको चिरफार गरिएका छन् । जीवनजगत्लाई हेर्ने द्वन्द्वात्मक पद्धति अनुरूप सिर्जिएका कविताभित्र तानाशाही शासकको बर्बर दमन, आर्थिक विपन्नता र बेरोजगारी समस्याले पीडित बहुसंख्यक जनताका कारुणिक यथार्थ एवम् प्रजातन्त्र पुनर्स्थापना पश्चात देशमा सामाजिक, आर्थिक र राजनीतिक विकृति तीव्रतर बन्दै गएका शब्दचित्रहरू छरपष्ट देख्न सकिन्छ । सामन्तवाद र पुँजीवादको विरोध गर्दै लेखिएका कविताहरूमा जनसङ्घर्षबाट नै नयाँ बिहानीको उदय हुने कुरामा निश्चिन्तता प्रकट गरिएका छन् । राष्ट्रिय अस्मिता रक्षाका लागि सबै चनाखो हुनुपर्ने विचार प्रस्तुत गर्दै लेखिएका कविताहरूमा मानवीय मुक्ति, क्रान्ति, देशप्रेम, नारीवादी चेत एवम् युद्धजन्य विभीषिकाहरूलाई समय सापेक्ष रूपमा प्रस्तुत गरिएका छन् ।

तिमी आन्दोलनको गर्भमा हुर्कियौ
तिमी तानाशाहको शारीरिक र मानसिक पीडामा जन्मियौ
नेपाल आमाको छातीमा तानाशाहको ताण्डव नृत्य भएको समयमा
तिमी जन्मियौ
मेरो बालक मेरी छोरी
तिमीलाई क्रान्तिकारी अभिवादन । (२०४७ सालका बालकहरू, पृ. २८)

२०४६ सालको जनआन्दोलन र त्यसले नेपाली समाजमा पारेको प्रगति र दुर्गतिका कथाहरू नै **अचेतन मनहरू** कवितासङ्ग्रहको मूल कथ्य सामग्री हुन् । प्रगतिवादी विचार र चिन्तन अनुरूप सिर्जिएको यस कृतिलाई पचासको दशकको एक महत्तम कृति मानिन्छ ।

### ३.२.४६ अराजक अक्षरहरू (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि विजय सुब्बाद्वारा लिखित कवितासङ्ग्रह **अराजक अक्षरहरू** भित्र युगीन विकृतिका स्पष्ट छायाँहरू देखिन्छ । लामा छोटा ६६ वटा गद्य लयात्मक कविताहरूको सङ्गृहीत सङ्गालो यस भित्र नेपाली सामाजिक जीवनमा आएका घात-प्रतिघात, विवशता, विडम्बनाहरूलाई प्रस्तुत गरिएका छन् । नेपालीहरू तीसबर्षे निरङ्कुश व्यवस्था विरुद्ध सङ्घर्षको मैदानमा थिए उनीहरूका सपनामा सुन्दर प्रजातन्त्रसहितको समतामुखी र समृद्ध नेपाल नाचिरहेको थियो त्यस लक्ष्यमा पुग्न उनीहरू जस्तोसुकै कष्ट सहन र आत्मबलिदान दिन समेत तयार भए । लामो सङ्घर्षपछि २०४६ सालको जनआन्दोलनले नयाँ व्यवस्थालाई जन्म दियो तर छोटो समयमा नै प्रजातन्त्रमा विकृतिहरू देखापर्दै जान थाल्यो । बढ्दो सत्ता खिचातानी, निरङ्कुश सामन्ती अत्याचार, पुँजीवादी-साम्राज्यवादी शोषण, भ्रष्टाचार र तस्करीहरूको जगजगी, निम्नवर्गीय जीवनप्रति श्रद्धाभाव, शासकीय प्रताडना लगायतलाई पनि कविताभित्र समेटिएका छन् ।

यो समयको 'समय' ले
समयलाई मनपरी हल्लाएर
चाल्नोमा बुङ्बुङ्ती चाल्न सक्छ
सहिदहरूलाई धितो राखेर
वेश्यासिरानी हाल्न सक्छ (समयको समय, पृ. १)

सामाजिक परिवर्तन र जनचाहनाका पक्षमा लेखिएका सम्पूर्ण कविताहरूले समसामयिक यथार्थलाई प्रतिबिम्बन गरेका छन् । नयाँ र समुन्नत समाज स्थापनाका लागि आम जनता सडकमा उत्रनैपर्ने आशय कविताभित्र व्यक्त भएका छन् । राजनेताहरूको विकृत आचरण, जनसङ्घर्षको उपेक्षा, सहिदहरूका रगतको विस्मृति, निरङ्कुश र सामन्ती शासकहरूको चुसाहा प्रवृत्तिलाई मूल कथ्य बनाइएका सङ्ग्रहका कविताहरू प्रगतिवादी काव्यिक मान्यताको परिधिभित्र रहेका छन् ।

### ३.२.४७ बगिरहेको सुनकोशी (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि मणि थापाद्वारा लिखित **बगिरहेको सुनकोशी** पचासको दशकमा प्रकाशित प्रगतिवादी कवितासङ्ग्रह हो । जम्मा २७ वटा कविताहरू सङ्गृहीत सङ्ग्रहका कविताहरूले नेपाल र नेपालीको सुन्दर भविष्य निर्माणको सपना साँचेर सर्वहारा वर्गको मुक्तिका लागि वर्गदुश्मनहरूसँग लड्ने अभियानमा लाग्न आमजनतालाई उत्प्रेरित गरेका छन् । निरङ्कुशतावादीहरूको ताता गोलीले देशलाई रक्तमुछेल बनाइरहेका बेला मृत्यु, गिरफ्तारी र यातनालाई जितेर जनयोद्धाहरूले आफ्नो वीरता र महानताको परिचय दिइरहेका छन् भन्दै कवितामा जनसमरका महायोद्धाहरूले वर्ग दुश्मनका अघि कहिल्यै आत्मसमर्पण नगर्ने अभिव्यक्ति व्यक्त गरिएको छ । वर्गदुश्मनहरूप्रति खबरदारी गर्दै देश र जनताका लागि रगत बगाउनेहरूप्रति कवितामा सम्मान भाव व्यक्त गरिएको छ ।

'हान, तिमी बर्बरताका गोलीहरू
ताकी ताकी हान
कलिला मनहरूमा हान
सिउँदोका सिन्दुरहरूमा हान
छातीका धुकधुकीहरूमा हान
गुराँसका थुंगाहरूमा हान
बाँसका कलिला मुनाहरूमा हान
तर भोलि यी सबको हिसाब किताब बुझाउन
पर्छ कि पर्दैन/याद गर !' (याद गर, पृ. ६४)

सङ्ग्रहका सबै कविताहरू जनसङ्घर्ष, वर्गयुद्ध एवम् पुरानो संसारलाई बदलेर नयाँ संसारको निर्माणमा जुटिरहेका सङ्घर्षशील जनयोद्धा र जनताका पक्षमा लेखिएका छन् । साथै कविताहरूले क्रान्तिको आवश्यकता, त्यसको निष्ठा र

प्रतिबद्धतामा जोड दिएका छन् । जनसमरले नेपाली माटोमा विकास गरेका नवीन यथार्थ र त्यही नवीन यथार्थको जीवन अभिव्यक्ति हो **बगिरहेको सुनकोशी** बहुसंख्यक उत्पीडित मानवको मुक्तिका निम्ति मृत्युसँग पनि पराजय स्वीकार नगर्ने आम योद्धाहरूको जीवन यथार्थ पनि हो प्रस्तुत सङ्ग्रह । क्रान्तिलाई केन्द्रमा राखेर रचना भएका सङ्ग्रहका सम्पूर्ण कविताहरूले नेपाली जनसमर र त्यसबाट विकसित नवीन यथार्थलाई सौन्दर्यबोधका आधार बनाएका छन् । यसप्रकार सङ्ग्रहका सम्पूर्ण कविताहरूले मार्क्सवादको वैचारिक आस्थालाई प्रतिध्वनित गरेका छन् ।

### ३.२.४८ आमाछोरी (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**आमाछोरी** आमा नर्मदेश्वरी सत्याल र छोरी जयन्ती 'स्पन्दन'का २५-२५ वटा गद्य कविताहरूको सङ्कलित सङ्गालो हो । प्रगतिवादी क्रान्तिकारी चिन्तनमा आधारित सिद्धान्त र व्यवहारमा सन्तुलन कायम राख्न सदैव प्रयत्नशील दुई आमा छोरीका साना र मझौला आकारका कविताहरू सङ्कलित यस सङ्ग्रहमा परम्परागत कुरीति विरुद्ध सङ्घर्षरत बन्न जन आह्वान गरिएको छ । नारीलाई प्रगतिपथमा उक्लनबाट रोक्ने प्राचीन सामाजिक, धार्मिक रुढिवादी अन्धताको यसभित्र पर्दाफास गरिएको छ । समाजमा एकातिर असमानता, छुवाछुत, शोषण र उत्पीडनको जरा झनै विकराल बन्दै गएको र अर्कोतिर साम्राज्यवादी शोषकहरूका कारण शासन व्यवस्था तहसनहस बन्दै गएको तथ्यलाई कविताहरूले समेटेका छन् । 'नैतिकता' देशभित्र मौलाइरहेको अन्याय, भ्रष्टाचार, दुराचारप्रति कडा प्रहर गरिएको कविता हो । 'सहिदका नाममा' कवितामा सहिदप्रति समर्पण भाव व्यक्त गरिएको छ । शोषणजन्य क्रान्ति चेतनको उत्कृष्ट अभिव्यक्ति 'कूचो' हो । युगौदेखि सामन्ती वर्गको स्वार्थका निम्ति निर्ममतापूर्वक जोतिएका शोषितहरूले सामन्ती संस्कारको हलो भाँच्न गरेको अठोटलाई कवितामा यसरी प्रस्तुत गरिएको छ -

भोको पेटले रातैभरि<br>
भए जागा दुवै थरि<br>
चिन्तामग्न भई सोच गरे<br>
भोलिपल्टै<br>
हलो भाँच्ने अठोट गरें (गोरु, पृ. ४६)

राजनीतिक र प्रशासनिक विसङ्गत परिवेशप्रति आक्रोशपूर्ण व्यङ्ग्य प्रहार गरिएका प्रायः कविताहरूमा मुलुकमा व्याप्त भ्रष्टाचारी क्रियाकलापप्रति चोटिलो प्रहार गरिएको छ भने कतिपय कविताहरूमा समसामयिक विकृतिका यथार्थ तस्वीर

खिचिएका छन् । ‘आन्दोलन’, ‘जनआह्वान’, ‘आभास’, ‘आत्मानुभव’ लगायतका कविताहरूमा क्रान्ति, विद्रोह र  प्रगतिशीलताका स्वरहरू सम्प्रेषित भएका छन् र यी कविताहरूले सामन्ती अत्याचारका विरुद्ध क्रान्ति यात्राको थालनी नै अपरिहार्य भएको बताएका छन् । प्रचलन, परम्परा र संस्कृतिका नाउँमा समाजमा देखिँदै आएका गलत मान्यताप्रति वितृष्णा जगाई परिवर्तित नयाँ समाजको स्थापना गर्ने उद्देश्य बोकेका यी कविताहरू साँच्चै युगका आवाज हुन् । यसरी हेर्दा युगीन विसङ्गति र विकृतिका जीवन्त चित्र उतारिएका कविताहरू प्रगतिवादी काव्य मान्यताकै सापेक्षतामा सिर्जना भएका छन् ।

### ३.२.४९ जिन्दगीको सन्धिसर्पन (२०५८) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि मधुसूदन गिरीद्वारा लिखित **जिन्दगीको सन्धिसर्पन** समसामयिक विकृतिको यथार्थ चित्रण गरिएको कवितासङ्ग्रह हो । समाज, राजनीति, धर्म, संस्कृति, प्रजातन्त्र, नागरिक स्वतन्त्रता आदिमा देखापरेका विसङ्गतिहरूको चित्रण यसभित्र भएको छ । सामन्ती शासकहरूका विरुद्ध सोझै आक्रोश नपोखिए पनि सङ्ग्रहभित्र सामन्ती सत्ताधारीहरूको लुटाहा प्रवृत्तिप्रति तीव्र असन्तुष्टि भने पोखिएको छ । युगीन यथार्थको स्पष्ट चित्र उतारिएको कवितासङ्ग्रहमा विदेशी साम्राज्यवादी शक्तिशाली राष्ट्रहरूको गरिब राष्ट्रहरूलाई शोषण गर्ने प्रवृत्तिप्रति पनि घृणा अभिव्यक्त गरिएको छ । अधिकारप्राप्तिका लागि युद्धको अपरिहार्यता, शोषकहरूका विरुद्ध सामूहिक ऐक्यबद्धता, आफ्नो माटोको रक्षाका लागि सशस्त्र सङ्घर्षको जरुरी, अँध्याराविरुद्ध उज्यालो प्राप्तिका लागि लड्नुपर्ने लडाइँ लगायतलाई कविताले आफ्नो विषय बनाएका छन् । प्रतीकात्मक ढङ्गमा लेखिएका सङ्ग्रहका कविताहरूमा निरङ्कुशतावादीका गिद्दे दृष्टिबाट सबै सतर्क रहनुपर्ने कुरा प्रस्तुत गरिएको छ । पहाडको चट्टान फोर्ने काम गर्दा पनि जनताहरूलाई दुई छाक खान धौ धौ परिरहँदा सामन्तहरू भने तिनै दिनदुःखीहरूलाई ऋण र व्याजका नाममा लुटिरहेका यथार्थ चित्र कविताहरूले समेटेका छन् ।

म युद्ध लड्छु
र फुत्किएर नृसिंही औंलाहरूबाट
म विजयका झण्डा हल्लाउँछु । (आधार शिविर, पृ. ७०)

जनताको शोषण गरेर ठड्याएका सामन्ती महलहरू भत्काउनका लागि बन्दुक बोकेर वर्गीय लडाइँमा सामेल हुन कविताहरूले आग्रह गरेका छन् । राष्ट्रियताप्रति आत्मसम्मान, गरिबहरूलाई चुस्ने धार्मिक कुसंस्कारहरूप्रति विद्रोह,

पीडितमाथि मात्र अत्याचार लादिरहने युगप्रति आक्रोश लगायतलाई पनि यसभित्रका कविताका विषयक्षेत्र बनाइएको छ । सङ्ग्रहभित्र प्रायः लामा आयतनमा लेखिएका ३७ वटा कविताहरू रहेका छन् । साथै सबै कविताहरू प्रगतिवादी मूल्य मान्यताका सापेक्षतामा रचिएका छन् ।

### ३.२.५० आस्था, ओ मेरी प्रिया (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**आस्था, ओ मेरी प्रिया** कवि शीतबिन्दुद्वारा लिखित प्रगतिवादी कवितासङ्ग्रह हो । जम्मा २८ वटा कविताहरू सङ्गृहीत सङ्ग्रहका कविताहरू गल्ती सुधारेर तथा त्यसलाई हटाएर संसार सुन्दर पारौं र मानवीय ढङ्गले बाँचौ भन्ने तीव्र चाहनाले लेखिएका छन् । यसभित्र ग्रामीण यथार्थता, निरङ्कुश राजतन्त्रप्रति विरोध, पुँजीवादीहरूको गरिब मजदुरहरूप्रति शोषणको नजर, सामन्तका पहरेदारका कारण जीवन सन्त्रस्त बनेको वास्तविकता लगायतलाई कवितात्मक रूप दिइएका छन् । साथै शासकीय उत्पीडनप्रति तीव्र विद्रोह, निरङ्कुशताप्रति खेद, प्रियसीसँगको प्रितभित्र क्रान्तिकारी स्वर, क्रान्ति योद्धाको संस्मरण, नारी मुक्ति आन्दोलनका स्वरहरू, साम्राज्यवाद, पुँजीवाद, विस्तारवाद र यथास्थितिवादप्रति तीव्र असन्तुष्टि, देशको परिवर्तित राजनीतिक अवस्था, सङ्कटापन्न वर्तमान, प्रतिक्रियावादी शक्तिका विरुद्ध विद्रोहलगायतका शब्दजालभित्र सङ्ग्रहका कविताहरू सिर्जित भएका छन् ।

अट्टालिकाहरूद्वारा घाम छेकिँदै गरेको बेला
एउटा इतिहास विस्तार मेटिँदै गरेको बेला
आस्था, मेरी हृदयकी रानी !
तिमीलाई पनि कुनै दिन जीवन भारी-भारी लाग्ला
अँध्यारो लाग्ला संसार दिन पनि खाली-खाली लाग्ला
सम्हाल्नु पाउ प्रिया, जमाना अर्कै भएको छ अचेल !

(आस्था, ओ मेरी प्रिया, पृ. ३९)

समसामयिक यथार्थताभित्र प्रियसी र प्रेमका विम्बहरूलाई कैद गरिएका कविताहरूमा सामन्तवादी आर्थिक उत्पीडनको संस्कृतिबाट देश इतिहासदेखि नै ग्रसित थियो र वर्तमानमा त्यो राजनीतिक कठोरता झनै तीव्र बनेको छ भन्ने भाव देखाइएको छ । 'बिहानीको प्रतीक्षामा भञ्ज्याङ्गको चौपारीबाट', 'मलाई कुहिरो मन पर्दैन', 'चिता जलिरहेछ', 'ओ यात्री', 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ', 'आस्था, ओ मेरी प्रिया', 'उज्यालो हुनुअघि सङ्कटकाल', 'तिम्रो क्रान्तिको मृत्यु', 'एकादेशमा' लगायतका कविताहरूले युद्ध, क्रान्ति र मानवीय मुक्तिका

आवाजहरूलाई समेटेका छन् । बाहिरी आवरणमा कम्युनिष्ट बनेर सामन्तवाद र पुँजीवादप्रति विद्रोहको नारा लगाए पनि कमरेडहरू सुविधा भोगी बन्दै गएकामा कविताभित्र चिन्ता व्यक्त गरिएको छ । साथै क्रान्तिप्रति आस्था गुमाउँदै गएका व्यक्ति र प्रवृत्तिका विरुद्ध गम्भीर असहमति पनि जनाइएको छ । मार्क्सवादी विचारप्रति प्रतिबद्ध हुँदै लेखिएको यो कवितासङ्ग्रह नेपाली प्रगतिवादी काव्यिक भण्डारको यौटा अंश बनेको छ ।

### ३.२.५१ प्रहर (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि डम्बर पहाडीद्वारा लिखित कवितासङ्ग्रह **प्रहर**भित्र जम्मा जम्मी ५८ वटा फुटकर कविताहरू सङ्गृहीत छन् । शोषक, सामन्त र फटाहाहरूका दुराचार, दुर्व्यवहार तथा निम्नवर्गीय जनताले भोग्नुपरेका उपेक्षा र तिरस्कारका पीडाहरूलाई कविताहरूले समेटेका छन् । वर्षौंदेखि जातीयताका आधारमा पछाडि पारिएका दलित उत्पीडितहरूका इच्छा, आशा, सपना र चाहनाहरूलाई सङ्ग्रहका प्रायः कविताहरूले प्रतिध्वनित गरेका छन् । वर्षभरी गरेको श्रमको ठूलो हिस्सा सामन्त जमिन्दारलाई सुम्पेर भोकभोकै जीवन धान्न बाध्य बहुसंख्यक नेपालीहरूको दुर्दशा कविताभित्र आएका छन् । गरिब वर्गकै श्रमको परिणामस्वरूप बन्दुक र गोली जन्मेका हुन् भन्दै कवितामा रगत र पसिनाद्वारा कमाइएको सम्पत्ति लुट्ने शासक वर्गको प्रतिरोधमा उठ्न पनि जनआह्वान गरिएको छ । कवितामा सामन्तवादी व्यवस्था र संस्कृतिबाट मुक्त वर्गविहीन समाजको चाहना राख्दै राष्ट्रिय विकासको बाधक पुरानो सामन्ती संस्कृति र समाज भएको बताइएको छ ।

यो देशको निर्माणमा
हाम्रो रगत चल्यो
सोधी हेर माटोलाई
हाम्रो श्रम चल्यो
बुद्धि, विवेक, श्रम, सीप
सबै सबै चल्यो
तर,
दुष्ट मानवहरूलाई
पानी चलेन (जदौ हजुर भन्दै, पृ. ६)

वैज्ञानिक दृष्टिकोण, वर्गीय पक्षधरता, सङ्घर्षप्रति ऐक्यबद्धता, क्रान्तिकारी शक्तिप्रति आस्था र सर्वहारा वर्गीय मानवतावाद जस्ता प्रगतिवादी प्रवृत्तिमा आवद्ध यी कविताहरूले तत्कालीन युग जीवनको गतिशील यथार्थलाई प्रस्तुत गरेका छन् ।

गद्य लयात्मक संरचनामा आबद्ध सङ्ग्रहका केही कविताहरू भने मार्क्सवादी सौन्दर्यशास्त्रीय दृष्टिकोणबाट परै रहेका छन् ।

### ३.२.५२ पुतली र भुसिल्किरा (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

कवि रामप्रसाद ज्ञवालीद्वारा लिखित **पुतली र भुसिल्किरा** लघुकाव्य र फुटकर कविताहरूको सङ्कलित सङ्गालो हो । यसभित्र जम्मा ७ वटा लघुकाव्य र १४ वटा फुटकर कविताहरू सङ्गृहीत छन् र सबै अनुष्टुप छन्दमा रचिएका छन् । समकालीन नेपाली यथार्थता प्रकट भएका कविताहरूमा सामन्ती राज्य व्यवस्थाका अन्धकारमय परिवेशलाई प्रस्तुत गरिएका छन् । नेपाली समाजमा व्याप्त आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक असमानताका विरुद्ध विद्रोहात्मक प्रहार गरिएका कविताहरूमा सामन्तवादी, पुँजीवादी शोषण र दमनका विरुद्ध आमूल परिवर्तनकामी, क्रान्तिधर्मी चिन्तनलाई प्रस्तुत गरिएको छ । सत्तासीन नेताहरूको गैरजिम्मेवारीपूर्ण प्रवृत्तिलाई पर्दाफास गर्दै कविताहरूमा जनतालाई ढाँटेर आफूहरू भने मोजमस्तीको दुनियाँमा ऐश, आराम गर्ने राजनेताहरूप्रति घृणा व्यक्त गरिएका छन् । जनतालाई दासका रूपमा प्रयोग गर्ने निरङ्कुश सत्ताधारीहरूप्रति कवितामा तीव्र रोष प्रकट गरिएको छ । सामन्त र शोषक सत्ताधारीहरूको रजाइँ धेरै लामो समय टिक्न नसक्ने उल्लेख गर्दै साम्यवादप्रति आकर्षण वर्गीय प्रतिबद्धता, नयाँ समाज सिर्जनाको चाह र सर्वहारावादी जीवनदृष्टिमा आधारित भएर सङ्ग्रहका कविताहरू सिर्जना भएका छन् ।

नसोचेस् दास हुँ तेरो
जे भने पनि मान्दछु
तँलाई भासमा गाडी
म फेरि लड्न जान्दछु (आक्रोश, पृ. ३३)

क्रान्तिकारीहरूप्रति सम्मान, क्रान्तिको आह्वान, शोषण दमन र उत्पीडनको विरोध, उत्पीडितहरूप्रति सहानुभूति, संसदीय विकृतिप्रति व्यङ्ग्य, राष्ट्रद्रोही कार्यको विरोध आदि प्रवृत्ति पनि यस सङ्ग्रहका कविताहरूमा रहेका छन् । सङ्ग्रहका प्राय: कविताहरूले प्रगतिवादी काव्यिक मान्यताको अनुसरण गरेका भए पनि एकाध कविताहरूलाई प्रगतिवादी कोटिमा राख्न सकिँदैन ।

### ३.२.५३ शताब्दीको पहिलो बिहानी (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**शताब्दीको पहिलो बिहानी** झलनाथ खनालद्वारा लिखित प्रगतिवादी कविताहरूको सङ्कलित सङ्गालो हो । देशमा देखापरेको भ्रष्टाचार, कुशासन,

हिंसा-हत्या र मानवीय मूल्यहरूको अवमूल्यनका विरुद्ध जनतालाई सजग पार्ने एवम् नेतृत्व पङ्क्तिमा पुगेका शासक प्रशासकहरूलाई खबरदारी गर्ने काम सङ्ग्रहका कविताहरूले गरेका छन् । कविले कविताहरूमा आफ्नै पारिवारिक जीवनका घटना-दुर्घटना, जेल-जीवन र राजनीतिक सङ्घर्ष, कम्युनिष्ट पार्टीमा संलग्नता, अन्तर्राष्ट्रिय परिप्रेक्ष्य, स्वतन्त्रता, प्रजातन्त्र राष्ट्रियता, आर्थिक-सामाजिक विकास, महिला मुक्ति, सामन्तवादी-पुँजीवादी शासकहरूको अत्याचार लगायतलाई समावेश गरेका छन् । कविताभित्र देशका बहुसंख्यक श्रमजीवी, कामदार, बालबालिका र महिलाहरूको हकहितका लागि आवाज उठाइएको छ । साम्राज्यवादी शक्तिका अगुवा देशहरूले साना राष्ट्रहरूमाथि गरेका थिचोमिचोका यथार्थ चित्रसमेत कविताहरूमा देखाइएका छन् ।

आउने उकालीका जङ्गलहरूमा
भोकाएका बाघहरूसँग
निर्मम युद्ध लड्न बाँकी नै छ
आउने पर्वतका श्रृङ्खलाहरूमा
हिमपातका आँधीहरूसँग जुध्न बाँकी नै छ

(चार पहाडका तालुमा टेक्दै, पृ. ४१)

समय अनुसार सिर्जना हुने नयाँ विचारलाई सत्ताधारी शक्तिले रोक्न-छेक्न सक्दैनन् शोषण-दमन हुने समाजमा विद्रोह वा क्रान्ति हुनु इतिहासको अनिवार्य नियम हो र पुरानो सामन्तवादी सत्तालाई पतन गराएर आम सर्वहारा वर्गको हितको नयाँ संरचना निर्माण यसको आधारभूत नियम हो भन्ने विचार कविताहरूले व्यक्त गरेका छन् । मानवीय स्वतन्त्रता र मुक्तिका बाधकका रूपमा साम्राज्यवादी शक्ति देखापरेका कुरालाई कवितामा उल्लेख गरिएका छन् । राष्ट्रिय रूपमा सामन्तवादी पुँजीवादी शक्तिहरू र अन्तर्राष्ट्रिय रूपमा साम्राज्यवादी, प्रभुत्ववादी शक्तिहरू शोषित-उत्पीडित सर्वहारा वर्गका दुश्मनका रूपमा रहेका कुरा कविताहरूले व्यक्त गरेका छन् । केही गीत र छन्दोबद्ध रचनाहरूका साथै लामाछोटा ४२ कविताहरू सङ्गृहीत यस कवितासङ्ग्रहको सम्पादन तथा सङ्कलन नरनाथ लुइँटेलले गरेका हुन् । क्रान्ति र सङ्घर्षप्रति समर्पित यस सङ्ग्रहका सम्पूर्ण कविताहरूमा मार्क्सवादी विचार र कलाको समुचित समन्वय भएको देखिन्छ ।

### ३.२.५४ परिवेश (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

**परिवेश** पृथ्वीबहादुर सिंहद्वारा लिखित प्रगतिवादी कवितासङ्ग्रह हो । अन्याय-अत्याचारका विरुद्ध तथा सामाजिक जागरणका खातिर लेखिएका सङ्ग्रहका

कविताहरूले मार्क्सवादी चिन्तनलाई मुख्य केन्द्रविन्दु बनाएका छन् । कुल ३८ वटा कविताहरू सङ्गृहीत **परिवेश** भित्र सामाजिक उपेक्षा, धार्मिक अन्धता, सामन्तवादी पुँजीवादी संस्कार, राष्ट्रिय महिमा, किसान र मजदुरका अधिकार, नारी स्वतन्त्रता, प्रजातन्त्र प्राप्ति लगायतलाई प्रमुख विषय बनाइएको छ । जागरणधर्मी र परिवर्तनकारी विषयवस्तु समाविष्ट कवितासङ्ग्रहका कविताहरूले आमजनताका पीडाहरूलाई सशक्त ढङ्गमा प्रस्तुत गर्दै निरङ्कुशतावादी अत्याचारका विरुद्ध सदैव चनाखो हुन आग्रह गरेका छन् ।

चाप्लुसी र दलालीलाई यो देशबाट भगाऊ
आफ्नो देशको सीप, मिहिनेत आफ्न देशमा लगाऊ

(मलाई नोकरी चाहिंदैन, पृ. २५)

प्रजातन्त्र पुनर्स्थापना पश्चात पनि जनताको अवस्था ज्यूँका त्यूँ रहेको यथार्थ प्रस्तुत गर्दै चाकडी र चाप्लुसी गर्ने तथा दलाली गरेर देशै बेच्न समेत पछि नपर्ने फटाहाहरूको राज अझै चलिरहेको कुरालाई कवितामा प्रस्तुत गरिएको छ । बहुराष्ट्रिय निगमका दलाल बनेका सत्ताधारीहरू देशमा प्रजातान्त्रिक वातावरण कायम हुन नदिई दमन, हत्या, घुस, कमिशन र राजश्व लुट्ने डकैती जन्य कार्यतर्फ उन्मुख हुँदै गएका यथार्थता कविताहरूले प्रस्तुत गरेका छन् । शिक्षा, स्वास्थ्य, संस्कृति, विदेशमा नेपालीले भोग्नुपरेको अपमान र वादी महिलाहरूको पीडालाई पनि कविताका विषयवस्तु बनाइएका छन् । सङ्ग्रहका सबैजसो कविताहरूले सामन्ती अत्याचारका विरुद्ध तीव्र आक्रोश पोख्दै आम नेपाली सर्वहारा वर्गलाई शोषणका विरुद्ध जनलहर उराल्न आह्वान गरेका छन् । यसप्रकार कवितासङ्ग्रह **परिवेश** मार्क्सवादी चिन्तनप्रति प्रतिबद्ध भएर लेखिएको कृति हो ।

### ३.२.५५ यसरी देश मरिरहेछ (२०५९) कवितासङ्ग्रहको प्रवृत्तिगत सर्वेक्षण

ईश्वरचन्द्र ज्ञवालीद्वारा लिखित **यसरी देश मरिरहेछ** पचासको दशकमा प्रकाशित प्रगतिवादी कवितासङ्ग्रह हो । क्रान्ति, मुक्ति र सामाजिक आडम्बरका कुसंस्कारहरूलाई यसभित्रका कविताहरूले मूल रूपमा प्रस्तुत गरेका छन् । परिवर्तन र क्रान्तिप्रति अगाध आस्था प्रकट गरिएका सङ्ग्रहका कविताभित्र सामाजिक उत्पीडन र अन्यायविरुद्ध विद्रोह गर्दै वर्गसङ्घर्षका आवाजहरूलाई बुलन्द पारिएको छ । सामन्ती, प्रतिक्रियावादी शक्तिहरूको शोषणकै कारण समाजमा भोक, रोग, गरिबी, अभाव र विकृति बढ्दै गएका यथार्थ, प्रजातन्त्रका नाममा सत्ताधारी शक्तिहरू जनताकै पसिना पिउन थालेका तथ्य, चेलीबेटी बेचविखनको दर्दनाक

वास्तविकता, बढ्दै गएको पजेरो संस्कृति, भ्रष्टाचार र घुसखोरीहरू आदि वर्तमानका यथार्थहरूको प्रतिविम्बन हो कवितासङ्ग्रह **यसरी देश मरिरहेछ** । जनताका मुक्तिका लागि जीवन बलिदान गर्ने सपुतहरूलाई सङ्ग्रहभित्र स्मरण गरिएको छ । सामन्ती अत्याचारका विरुद्ध क्रान्ति अनिवार्य भएको र सङ्घर्षपछि सामाजिक रूपान्तरण अवश्य हुने तथ्य कविताहरूमा प्रकट भएका छन् । सर्वहारा वर्गको हातमा अधिकार र स्वतन्त्रता आउनुपर्छ भन्दै कविताहरूमा साम्राज्यवादी, विस्तारवादी शक्तिहरूलाई पूर्ण निर्मूल पार्नु पहिलो आवश्यकता भएको ठहऱ्याइएको छ । यथास्थितिका विरुद्ध विद्रोह र क्रान्तिकारी वर्ग चेतनालाई प्रस्तुत गर्दै वर्गसङ्घर्ष विना सामाजिक परिवर्तन तथा शोषित उत्पीडितवर्गको मुक्ति हुन नसक्ने यथार्थता कविताहरूमा प्रकट भएका छन् । सामान्तवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसको विरोध, साम्राज्यवाद-पुँजीवादको चित्रण र त्यसको विरोध, धार्मिक अन्धता तथा रुढिको विरोध, सामाजिक यथार्थता र वर्गसङ्घर्षको चित्रण, नारीशोषणको चित्रण र पितृसत्ताको विरोध, राष्ट्रियताप्रति प्रेम, समतायुक्त सामाजिक व्यवस्था निर्माणको आह्वान, आमूल परिवर्तनप्रति विश्वास तथा सर्वहारा मानवतावादी दृष्टिकोणलाई यस सङ्ग्रहका कविताहरूले समेटेका छन् ।

घेरैघेराहरूको शोषणको चक्रव्यूहबीचमा
कैद गरिएकोले म गरीब भएँछु-भन्ने बुझेपछि
भर्खरै मात्र साहूको हलोबाट फाली थुतेर
आरने दाइलाई खुकुरी बनाउन भनेको छु
भर्खरै मात्र हलोको अनौ झिकेर आफै पनि
बन्दूकको बींड ढाल्न थालेको छु । (यस घडी, पृ. ४०)

प्रायः लामा आयतनका कुल २९ वटा कविताहरूलाई सङ्ग्रहले समेटेको छ । साथै सङ्ग्रहका सम्पूर्ण कविताहरू मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तन अनुरूप सिर्जना भएका छन् ।

## चौथो परिच्छेद

# पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी खण्डकाव्य

### ४.१ पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी खण्डकाव्यहरू

पचासको दशक (वि.सं. २०५०-५९) मा प्रकाशनमा आएका तथा शोधका क्रममा उपलब्ध भएका प्रगतिवादी खण्डकाव्यहरूको विवरण यसप्रकार छन् :

| | खण्डकाव्य | खण्डकाव्यकार | प्रकाशन साल | प्रकाशक |
|---|---|---|---|---|
| १. | मुक्तिका मुटु | ऋषिराम न्यौपाने | २०५० | एकता प्रकाशन प्रा.लि., काठमाडौं |
| २. | गतिमान् गण्डकी | मित्रलाल पंज्ञानी | २०५० | रामशरण घिमिरे, काठमाडौं |
| ३. | लाली | ऋषिराम न्यौपाने | २०५३ | न्यौपाने प्रकाशन, ललितपुर |
| ४. | विजयका बाँसुरी | ऋषिराम न्यौपाने | २०५३ | न्यौपाने प्रकाशन, ललितपुर |
| ५. | श्रद्धाञ्जली | देवी नेपाल | २०५७ | दायित्व वाङ्मय प्रकाशन, काठमाडौं |
| ६. | आगोको यात्रा | सुकुम शर्मा | २०५७ | निरन्तर प्रकाशन प्रा.लि., काठमाडौं |
| ७. | बन्दी र चन्द्रागिरि | कृष्ण सेन 'इच्छुक' | २०५८ | प्रगतिशील अध्ययन केन्द्र, काठमाडौं |

उपर्युक्त खण्डकाव्यहरूको प्रवृत्तिगत सर्वेक्षण तल क्रमशः गरिएको छ :

### ४.२ पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी खण्डकाव्यहरूको सर्वेक्षण

२०५० सालदेखि २०५१ सालसम्ममा सार्वजनिक प्रकाशनमा आएका र यस शोधार्थीका निम्ति उपलब्ध रहेका प्रगतिवादी खण्डकाव्य कृतिको प्रवृत्तिगत सर्वेक्षण तल क्रमशः गरिएको छ-

#### ४.२.१ मुक्तिका मुटु (२०५०) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**मुक्तिका मुटु** कवि ऋषिराम न्यौपानेद्वारा लिखित प्रगतिवादी खण्डकाव्य हो । यो खण्डकाव्य २०५० साल जेठ ३ गते चितवन जिल्लाको दासढुङ्गामा घटेको घटनामा परी निधन भएका ने.क.पा. (एमाले) का तत्कालीन महासचिव मदनकुमार

भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको सम्भनामा लेखिएको खण्डकाव्य हो । दिवङ्गत भएका दुई नेताहरूको सम्भनामा लेखिएकाले यसमा प्रमुख पात्र पनि स्व.भण्डारी र स्व.आश्रित नै रहेका छन् । दुवै प्रमुख पात्रहरू राजनीतिक व्यक्तित्व भएकाले काव्यमा उहाँहरूद्वारा अवलम्बित राजनीतिक-सैद्धान्तिक विचार, धारणा र दृष्टिकोणलाई स्थान दिइएको छ ।[७८] नेपाली जनताले परापूर्व कालदेखि नै सामन्तवादी शोषण, अन्याय, अत्याचार, थिचोमिचो र असमानताबाट पीडित हुँदै आइरहेको परिप्रेक्ष्यमा यिनका विरुद्धमा भण्डारी र आश्रितले नेपाली जनतालाई सङ्गठित गर्दै अगाडि बढ्दा प्राप्त गरेको सफलतालाई काव्यमा समेटिएको छ । सङ्गठन कुशल, निडर, निष्पक्ष, सिद्धान्तकार, देशभक्त, क्रान्तिकारी दुई व्यक्तित्वहरू नेपाल र नेपालीका आशालाग्दा नेता थिए ।[७९] भण्डारी र आश्रितले अवलम्बन गरेको बाटो अत्यन्त कठिन भए पनि उनीहरूलाई त्यसमा प्राप्त हुँदै गएको सफलताका आधारमा यी दुवै नेपाल र नेपाली जनताका लागि मुक्ति दिने महान् व्यक्ति हुने कुरामा शङ्का थिएन भन्दै नेताद्वयलाई नेपाल र नेपालीका मुक्तिदाताका रूपमा चित्रण गरिएको छ । हरेक प्राणीको रक्तसञ्चारका लागि मुटुको सर्वाधिक महत्त्व भएझैं सारा नेपालीलाई शोषण, अन्याय, अत्याचार र असमानताबाट मुक्ति दिलाउनका लागि प्रयत्नशील नेताद्वय मुटु जत्तिकै अपरिहार्य थिए भनी प्रस्तुत काव्यमा वर्णन गरिएको छ ।

यस काव्यमा सामन्तवादी संस्कृति र परम्परा, चरित्र एवम् समाजमा व्याप्त अन्याय, अत्याचार, असमानता, शोषण, थिचोमिचो लगायतलाई मूल रूपमा प्रस्तुत गरिएको छ ।

शोषित आज रोए झैं भोलि शोषक रुनेछन्  
शोषित जुटी सँगाली शक्ति मसाल हुनेछन् । (पृ. २३)

जम्मा तेह्र परिच्छेदमा संरचित यसमा पहिलो परिच्छेदमा एक्काइस, दोस्रोमा तेइस, तेस्रोमा तेत्तीस, चौंथोमा बाइस, पाँचौंमा तेइस, छैटौंमा छब्बीस, सातौंमा चौंतीस, आठौंमा साढेतीस, नवौंमा बीस, दशौंमा चौबीस, एघारौंमा अठार, बाह्रौंमा त्रिचालीस, तेह्रौंमा बयालीस गरी जम्माजम्मी तीनसय साढे उनान्साठी पद्यभित्र कविले आफ्ना शोक भावना प्रस्तुत गरेका छन् ।

---

[७८] शङ्करकुमार रायमाझी, **ऋषिराम न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५८), पृ. १०९ ।

[७९] ऐजन ।

खण्डकाव्यभित्र न्याय, समानता र परिवर्तनको पक्षपोषण सत् पात्रले गरेका छन् भने असत् पात्रको भूमिका सत् पात्रको अवसान गराउनमा केन्द्रित छ । काव्यका नायकद्वय वैचारिक हिसाबले शोषित-पीडित र निमुखा जनताको मुक्तिका लागि लडिरहेका पात्रहरू हुन् । यिनै दुई पात्रका लक्ष्य, उद्देश्य, कल्पना, त्याग, तपस्याका भावनालाई यस काव्यमा समेटिएको छ । त्यसैगरी जननेताहरूका भावनाको अनुसरण गर्न पनि यस काव्यले थप ऊर्जा प्रदान गरेको छ ।[८०] नेपाल र नेपालीको मुक्तिकामी लडाइँको नेतृत्व गरिरहेका दुई देशभक्त सपुतहरूको सम्झनामा लेखिएको प्रगतिवादी खण्डकाव्य मुक्तिका मुटुमा सामन्तवादी संस्कृति र परम्परा, चरित्र, प्रवृत्ति एवम् समाजमा व्याप्त अन्याय, अत्याचार, असमानता, शोषण, थिचोमिचो जस्ता कुराहरूलाई प्रशस्त समावेश गरिएको छ । करुण रस प्रधान यस काव्य नेपाली लोकलयमा रचित शोककाव्य हो । यसमा लोकछन्दको सुन्दर संयोजन पाइन्छ ।[८१] विभिन्न किसिमका अलङ्कारको प्रयोग भएको यसभित्र उपमा अलङ्कारको प्रयोग बढी देखिन्छ ।

गुनेर मैले गर्नु छ काम उनले सोचेको
बाँचेर मैले लिनु छ बाटो उनले रोजेको । (पृ. १६)

नेपाली समाजमा जनताले चाहेको दिन ल्याउन वा न्यायपूर्ण र समतामूलक समाज स्थापना गर्न, गराउन सबै नेपालीहरू एकजुट हुनुपर्ने विचार यसभित्र प्रकट भएको छ । देश र जनताको मुक्ति यात्रामा निःस्वार्थ एवम् इमान्दारीका साथ समाहित हुन सबै नेपालीलाई आग्रह पनि गरिएको छ । श्रमजीवी नेपाली जनताका पक्षमा वकालत गर्दै वर्गीय सचेतताका लागि सदा सङ्घर्षशील नायकहरूको जीवनकथाको एउटा पूर्ण दस्तावेज प्रस्तुत काव्य मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यताको कसीभित्र रहेर सृजना भएको छ ।

### ४.२.२ गतिमान् गण्डकी (२०५०) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**गतिमान् गण्डकी** मित्रलाल पंज्ञानीद्वारा लिखित खण्डकाव्यात्मक कृति हो । नेपालको प्राचीन यथार्थको चित्रण देखि लिएर अङ्ग्रेजहरूसँगको लडाइँ हुँदै आजका युगीन यथार्थहरू यसमा प्रस्तुत भएका छन् । सामन्तवादी-पुँजीवादी शासकहरूको अत्याचार, परिवर्तनका निम्ति उर्लिएको जनलहरलाई तुहाउन निरङ्कुशतावादीहरूले गरेका षड्यन्त्र, पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था प्राप्तिपछिका शासन

[८०] चेतन जङ्गली, 'न्यौपानेका काव्यमा मदन-आश्रित', **युगसम्वाद** सा. (मङ्गलबार, चैत्र २६, २०५३), पृ. ४ ।

[८१] जीवेन्द्रदेव गिरी, 'कवि ऋषिराम न्यौपानेका काव्य नियाल्दा', **दृष्टि** सा. वर्ष १३, अङ्क २४, २०५३, पृ. ६

प्रक्रियाहरू र सामाजिक मुक्ति एवम् नवीन क्रान्तिका लागि लम्किरहेका नेपाली जनताका जागरुकता आदिका सत्रवटा सुन्दर कडीहरू जोडिएर यो खण्डकाव्य तयार भएको छ । खण्डकाव्य मूल रूपमा देश, जनता र सम्पूर्ण मानव जातिका समस्यातिर केन्द्रित रहेको छ । लाखौं जनताको सङ्घर्ष र कयौंको आत्म बलिदानीबाट प्राप्त प्रजातन्त्र मुट्ठीभर राजनीतिज्ञहरूको मोजमस्ती र मनपरीतन्त्र बनेको छ, जहींतहीं हुने खानेहरूको मात्रै राज चलिरहेको छ, गरिब, किसान, मजदुर र सुकुम्बासीहरूलाई दुई छाक टार्न पनि धौ-धौ छ तर नेतृत्व वर्गले जनताका समस्या समाधान गर्नुको बदला उल्टै उनीहरूमाथि गोली र लाठी वर्षाइरहेका छन् । यसप्रकार प्रजातान्त्रिक शासन पद्धतिमा देखापरेका यावत विकृतिहरूको भण्डाफोर यसभित्र गरिएको छ । खण्डकाव्यभित्र जथाभवी मनपरी गर्नेहरूको आदेशमा नचली विवेकको आधारमा चल्न प्रहरी र सैनिकहरूलाई अनुरोध गरिएको छ, नेताहरूलाई गलत बाटोमा नहिंड्न चेतावनी दिइएको छ र नेपाली जनतालाई क्रान्तिका निम्ति निर्भीक र अटल भएर गण्डकी जस्तै सदा गतिशील हुन आह्वान गरिएको छ । यो देशको नेतृत्व सम्हालेकाहरूबाट पटक-पटक नेपाली जनतामाथि विश्वासघातको इतिहास दोहोरिएको छ, विकासका कुराहरू निकै पछाडि परेका छन्, बेरोजगारी समस्या विकराल बन्दै गएको छ तर शासक वर्गलाई त्यसको कुनै पर्वाह छैन ।

भागेनौं रणबाट निर्भय लड्यौं त्यै शस्त्रले हानियो
आस्था आँट अनन्त उर्वर थियो, नेपाल यो धानियो (पृ. १)

जनताकै रगत र पसिनाले आज नेपालको पहिचान रहिरहेको छ । यदि नेपाली जनता बलिदानीका साथ लडाइँमा समर्पित नभएको भए नेपाल-अङ्ग्रेजको उपनिवेश भइसक्थ्यो तर साम्राज्यवादी दुश्मनहरूसँग लडेर आफ्नो प्रिय मातृभूमिलाई जोगाए पनि नेपाली जनताले कहिल्यै सुख पाएनन् । उनीहरूका लागि फेरि राणाहरूको सङ्घर्षका दिनहरू सुरु भए । अझै पनि उनीहरू सामन्तवादी अत्याचारका विरुद्ध सङ्घर्ष र क्रान्तिको लडाइँ लडिरहेका छन् । सामन्ती संस्कारका क्लेषहरूलाई पूर्ण रूपमा निर्मूल पार्ने अभिलाषा उनीहरूमा अझै घटेको छैन । दलहरूबीचको आपसी लडाइँबाट निरङ्कुश पञ्चायती व्यवस्था प्रादुर्भाव भएको तथ्य खण्डकाव्यले व्यक्त गरेको छ । पञ्चायती हैकमवादी आतङ्कका विरुद्ध जनताहरू एकजुट भई लागिरहेका छन् तर उनीहरूमाथि पटक-पटक दमन भइरहेको छ । यसरी देशभक्त नेपालीहरूलाई दिइएका यातना र दमन विरुद्ध सङ्घर्षरत हुँदै वर्गीय मुक्तिका लागि क्रान्तिको अपरिहार्यता अत्यावश्यक भएको खण्डकाव्यले देखाएको छ । फटाहाहरूको हैकम ढाल्ने माध्यम भनेको जनसङ्घर्ष र

जनक्रान्ति हो भन्दै खण्डकाव्यले २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापश्चात जनताहरूको अमूल्य मतबाट सत्तामा पुगेका जनप्रतिनिधिहरूले एकपछि अर्को जनविरोधी कार्यहरू देखाउँदै जनताका चाहनाहरूलाई निमोठ्न थालेकोमा गम्भीर आक्रोश पोखिएको छ । अन्ततः सामन्तवादी-पुँजीवादी अत्याचारको विरुद्ध युग परिवर्तनका लागि क्रान्तिको आगो ओकल्न तयार हुन नेपाली क्रान्तिकारी योद्धाहरूलाई खण्डकाव्यले आह्वान गरेको छ ।

हाम्रो मालिक छैन क्वै अब सधैं आफैं भयौं मालिक
थाले फोर्न शहीदले अब ढले सामन्तका सालिक
भिक्षा होइन उन्नतिपथ कुनै थापिन्न झोली अब
हाम्रो स्वाधिनता रहन्न घरकै धन्दा नखोली अब । (पृ. १०)

संस्कृत शास्त्रीय छन्दमा रचित **गतिमान् गण्डकी** भित्र जम्मा सत्र सर्गहरू रहेका छन् । प्राचीनकालदेखि चलिरहेको सामन्ती अत्याचारका शब्दचित्रहरू प्रस्तुत गर्दै काव्यले युग परिवर्तनका लागि क्रान्तिको अपरिहार्यतालाई मुख्य कथ्य बनाएको छ । प्रगतिवादी काव्य मान्यताका सापेक्षतामा रहेर लेखिएको **गतिमान् गण्डकी** पचासको दशकमा प्रकाशित सबल प्रगतिवादी खण्डकाव्य हो ।

### ४.२.३ लाली (२०५३) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**लाली** ऋषिराम न्यौपानेद्वारा नै लिखित अर्को प्रगतिवादी खण्डकाव्य हो । यसमा एक क्रान्तिकारी नेपाली महिलाको जीवनगाथा र उनले क्रान्ति सम्पन्न गर्नका लागि दिएको योगदानको काव्यात्मक संस्मरण गरिएको छ । लाली एक दुर्घटनामा परी निधन भएकी क्रान्तिकारी महिला हो । यिनी खण्डकाव्यकी प्रमुख पात्र हुन् । शिक्षा आर्जनका क्रमसँगै क्रान्तिकारी बाटोतिर लागेकी लालीले क्रान्तिकारी नेताहरूको निर्देशनानुसार विद्यार्थी राजनीतिको नेतृत्व गर्दै आफूलाई सामन्तवादी शोषण, अन्याय, अत्याचार, थिचोमिचो र असमानताका विरुद्धमा उभ्याएकी छिन् । नेपाल र नेपाली जनताका निम्ति परिवर्तन गर्ने कार्यमा लाग्दा खण्डकाव्यकी नायिका लालीले समातेको बाटो अत्यन्त कठिन भए पनि उनले त्यसमा सफलता प्राप्त गर्दै गएकी थिइन् । क्रान्तिकारी विचारधाराकी नारी लालीले नेपाल र नेपाली जनताको मुक्ति कार्यमा सफलता प्राप्त गर्दै गइरहेको सन्दर्भमा हठात् दुर्घटनामा परी तिनको निधन भएको कुरा प्रस्तुत काव्यमा वर्णन गरिएको छ ।[८२]

---

[८२] शङ्करकुमार रायमाझी, पूर्ववत्, पृ. ११६ ।

न्याय, समानता र क्रान्तिकारी नेतृत्वका लागि नेपाली महिलाहरूले गरेको सङ्घर्ष, समाजमा व्याप्त शोषण, अन्याय, अत्याचार, उत्पीडन, प्रताडना र असमानताको विरोध एवम् क्रान्तिको आह्वान, पञ्चायती प्रशासकहरूको सामन्ती चरित्र, निम्नवर्गीय परिवारका मानिसहरूको पीडादायी कथा, हातमुख जोर्नका लागि गाउँठाउँ छोडेर तराइ झर्नुपर्ने बाध्यात्मक अवस्था, पञ्चायती शासनको अन्त्य भई देशमा प्रजातन्त्र स्थापना भएको घटनाक्रम, देशमा भइरहेका पुँजीवादी, सामन्तवादी, प्रतिक्रियावादी र विस्तारवादीहरूको अधिनायकत्व, भ्रष्टाचार, परनिर्भरता, थिचोमिचो, पछौटेपन जस्ता विकृति, विसङ्गतिहरूको सापेक्षतामा खण्डकाव्य सिर्जना भएको छ । खण्डकाव्यभित्र रहेका गाउँका जाली फटाहाहरू, जेल प्रशासनका मान्छेहरू आदि असत् पात्रका रूपमा रहेका छन् भने अन्य सबै पात्रहरूलाई सत् पात्रका रूपमा प्रस्तुत गरिएको छ । प्रजातन्त्र पुनः स्थापना पूर्वका पञ्चायती शासनका दिनहरूमा क्रान्तिकारीहरू सँगसँगै काम गर्ने र गाउँघरबाट खानपिनका वस्तुहरू सङ्कलन गरी क्रान्तिकारीहरूका निम्ति खानपिनको व्यवस्था गर्ने, समाजमा व्याप्त शोषण, अन्याय, अत्याचार, उत्पीडन, प्रताडना र असमानताको विरोध गर्दै क्रान्तिको आह्वान गर्ने पात्रका रूपमा लालीलाई काव्यमा प्रस्तुत गरिएको छ ।[८३] राष्ट्रप्रति ममताभाव राख्दै काव्यमा सामाजिक अवस्थाप्रति विद्रोह गरिएको छ । परिवर्तनका लागि गाउँ-गाउँबाट जागरणको आन्दोलन सुरु गर्नुपर्ने विचार यसरी प्रकट भएको छ-

चहारी कुना-कन्दरा गाऊँ-गाऊँ
उठाई सबैलाई चाँडै जगाऊँ
जगाई सबैलाई साँचो बताए
सबै क्रान्तिमा लागि पर्छन् तताए । (पृ. ३७)

२०४६ सालको परिवर्तनपछि देशमा परिवर्तनका पदचिन्हहरू देखापर्ने कुरामा सबै आशावादी थिए । न्याय र समानताका उज्याला किरणहरूले समाजका हरेक क्षेत्र समुन्त हुने आशा भए पनि शासन सत्तामा पुनः पुरानै प्रवृत्तिका वाहकहरू पुगेका र परिवर्तनपूर्वको अवस्था झैं जनताको हालत झन् दुर्दशापूर्ण स्थितिमा पुगेको कुरा खण्डकाव्यभित्र व्यक्त भएका छन्-

पुरानै प्रथा ऐन छन् लादिएका
नयाँ चाहने खोरमा खाँदिएका

[८३] ऐजन, पृ. ११७ ।

हिजोभैं अवस्था नराम्रो हुँदैछ

गुनी दुर्दशा अन्तरात्मा रुँदै छ । (पृ. ३)

यसभित्र रुढिवादी परम्परा र जातीय भेदभाव एवम् असमानताप्रति कडा विरोध गरिएको छ । लाली मार्फत् क्रान्तिकारी परिवर्तनको अपेक्षा गर्दै व्यक्तिगत स्वार्थलाई छोडेर सामाजिक स्वार्थमा सबै दत्तचित्त भएमा पुरानो संरचना स्वतः भत्किने विचार अभिव्यक्त गरिएको छ ।

प्रस्तुत काव्यमा जम्मा नौ परिच्छेद रहेका छन् । जसमध्ये पहिलोमा आठ, दोस्रोमा सोह्र, तेस्रोमा चौध, चौथोमा एघार, पाँचौमा तेह्र, छैटौंमा बाइस, सातौंमा नौ, आठौंमा पन्ध्र र नवौंमा त्रिचालीस गरी काव्यमा जम्मा जम्मी एकसय एकाउन्न श्लोकहरू रहेका छन् । सम्पूर्ण काव्य भुजङ्ग-प्रयात छन्दमा रचना भएको छ । वीररस मूल रूपमा आए पनि प्रसङ्ग अनुसार करुण, वीभत्स, शान्त र रौद्र रसहरू पनि आएका छन् ।

क्रान्तिकारी नारी चरित्रका माध्यमबाट समाजमा व्याप्त आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक शोषणका विरुद्ध रणसङ्ग्राममा उत्रन काव्यभित्र आमजनतालाई आह्वान गरिएको छ । मुक्तिका लागि लड्ने साहसी योद्धा मार्फत् खण्डकाव्यले समाजको आमूल परिवर्तनका लागि काव्यकी नायिका लाली जस्तै सङ्घर्षशील बन्न सन्देश दिएको छ । सामाजिक विषयवस्तु, क्रान्तिकारी तथा राष्ट्रवादी चेतनाभित्र वर्गद्वन्द्वलाई समेत समेटेर प्रस्तुत काव्य तयार भएको छ । मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनलाई पूर्ण रूपमा अवलम्बन गरेर लेखिएको **लाली** खण्डकाव्यभित्र प्रगतिवादी विचार चेतनाको उल्लेख्य प्रयोग भएको छ ।

### ४.२.४ विजयका बाँसुरी (२०५३) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**विजयका बाँसुरी** खण्डकाव्य ऋषिराम न्यौपानेद्वारा लिखित प्रगतिवादी खण्डकाव्य हो । खण्डकाव्यमा विजय नामक एक क्रान्तिकारी युवक नायक रहेका छन् । देशमा भइरहेको अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, थिचोमिचो आदिले व्यापकता पाई राष्ट्रमा अनेकौं विकृति र विसङ्गतिहरूले मलजल पाइरहेको तत्कालीन परिवेशमा यी सबैबाट देश र जनतालाई मुक्ति दिलाई परिवर्तन ल्याउनका निमित्त क्रान्तिकारी युवक विजय आफूलाई सक्रिय पारिरहेका हुन्छ ।[८४] देश र जनताका लागि विजयले थालेको जनचेतनामूलक अभियानलाई सबै जनताले साथ दिन्छन् । विजयको इशारामा सबै जनता एक ढिक्का भई तत्कालीन

[८४] ऐजन, पृ. १२२ ।

व्यवस्थाका विरुद्ध सक्रिय भएकाले त्यस व्यवस्थाले २०४६ सालमा विदा लिन पुग्छ । यसरी शासन व्यवस्थामा परिवर्तन ल्याउन नेतृत्व प्रदान गर्ने नेता विजयले बोलेका कुरा आम नेपाली जनतालाई बाद्यवादनको साधन बाँसुरीबाट निस्किएझैं लाग्दछ र सोही अनुसार जनताहरू जनआन्दोलनमा सक्रिय भएकाले जन चाहनानुरूप शासन व्यवस्थाको स्थापना हुन पुग्छ । यसप्रकार प्रस्तुत काव्यमा नायक विजयको बोलीलाई बाँसुरीको धुनका रूपमा चित्रण गरिएको छ र विजयको त्यही सङ्गीतमय आह्वानबाट देशमा परिवर्तन आएको धारणा प्रस्तुत गरिएको छ । यसभित्र प्रमुख पात्र विजय मार्फत् समाजको बिग्रँदो अवस्थाको चित्रण गर्दै पञ्चायती व्यवस्था परिवर्तनको अपेक्षा गरिएको छ । काव्यमा विजयका सहयोगी पात्रका रूपमा कवि, विजयकी आमा, जय र नेपाली जनता रहेका छन् भने असहयोगी पात्रका रूपमा रहेका तत्कालीन व्यवस्थाका पृष्ठपोषक एवम् विकृति र विसङ्गतिका वाहकहरू, समाजका सामन्त वर्गहरू, मुखिया, जमीनदार, धनीमानी, ठूलाठालूहरूबाट समाज आक्रान्त भइरहेको छ । सो अवस्थाबाट मुक्ति पाउनका लागि नेपाली जनता आतुर भइरहेको स्थितिलाई आत्मसात गरी खण्डकाव्यको नायक अगाडि बढेको छ ।[८५] नायक विजय समाजमा व्याप्त अन्याय, अत्याचार, थिचोमिचो र असमानताको अन्त्य चाहन्छ । त्यसैले नेपाली जातीय चेतना जगाउने, राष्ट्रिय पीडाबाट मुक्ति पाउने, समाजमा विद्यमान आर्थिक विपन्नताको अन्त्य गर्ने, न्यायपूर्ण समाजको स्थापना गर्ने कार्यमा विजयलाई उसकी आमा र सम्पूर्ण नेपाली जनताले सक्रिय साथ दिएका छन् । यसर्थ विजय समाजका शोषित-पीडित दलित र न्यायका पक्षपातीहरूको प्रतिनिधिमूलक पात्रका रूपमा चित्रित छ । यसका विपरीत खण्डकाव्यमा सङ्केत गरिएका मुखिया, जमीनदार, धनीमानी शासक आदि पात्रहरूले समाजका नकारात्मक चिन्तन र प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् ।[८६] यी दुई बीचको अन्तर्द्वन्द्वलाई काव्यमा प्रत्यक्ष चित्रण गरिएको छ ।

**विजयका बाँसुरी** ले मूलतः २०४६ भन्दा अघिदेखि २०४६ सम्मको समयावधिलाई समेटेको छ । यस खण्डकाव्यमा हाम्रो देश र समाजका खास समयका सरगमहरू प्रकट भएका छन् ।[८७] सामन्ती अत्याचार, नवधनाढ्यहरूको शोषण, थिचोमिचो, तडकभडक, आर्थिक विपन्नता, वैदेशिक निर्भरता, संस्कृतिको क्षयीकरण, बेरोजगारी समस्या र पछौटेपन आदिको अभिव्यक्ति यसभित्र भएको छ ।

---

[८५] ऐजन, पृ. १२३ ।

[८६] ऐजन ।

[८७] विदुर चालिसे, 'विजयका बाँसुरी नियाल्दा', **गोलार्ध** (वर्ष १, अङ्क १, असोज-कार्तिक, २०५३), पृ. २९ ।

विकृति र विसङ्गतिबाट आक्रान्त सामाजिक परिस्थितिको व्यञ्जना प्रस्तुत गर्दै खण्डकाव्यभित्र तत्कालीन सामाजिक, राजनीतिक परिवेशमा न्याय र समानताको युद्धमा विजयले विद्रोहको बाँसुरी फुकेको छ । राजनीतिक असक्षमता, विदेशीहरूको गिद्दे दृष्टि, आर्थिक विपन्नताले देश वर्वाद हुँदै गइरहेकोमा चिन्ता प्रकट गरिएको छ ।

थाहा पायौ कति छ मनमा शक्ति सामर्थ्य हाम्रो
पाखा लाग्छन् जबर मुखिया सल्किए क्रान्ति राम्रो
लाली छाए हिमशिखरमा हुस्सु रोएर ढल्छ
विश्वै खाने सलह नढलुञ्जेल सङ्घर्ष चल्छ । (पृ. १९)

जनशक्तिमा विश्वास राख्दै काव्यभित्र सङ्घर्षमय क्रान्तिबाट न्याय र समानता स्थापित हुने धारणा व्यक्त गरिएको छ । साम्राज्यवादी शक्तिहरूलाई चुनौती दिँदै काव्यकार विश्वका सम्पूर्ण शोषित पीडितहरूको पक्षमा आवाज उठाउँछन् र २०४६ सालमा प्रजातन्त्र पुनर्वहाली भए पनि अवस्था उस्तै रहेको तथ्य व्यक्त गर्दछन्-

माग्छन् हामीसित मन तिनै फेरी आए चुनाव
चुँड्ने ऐले घरघर डुली लाल लाली गलाब
खुल्दाखुल्दै दिन धमिलिँदै बादलैमा हरायो
दुःखीलाई अरू दुःख दिने के प्रजातन्त्र आयो । (पृ. १२)

खण्डकाव्य जम्मा बीस परिच्छेदमा संरचित छ । प्रत्येक परिच्छेदलाई भिन्नाभिन्नै शीर्षक पनि दिइएको छ । प्रस्तुत काव्यमा पहिलोमा पन्ध्र, दोस्रोमा बाह्र, तेस्रोमा आठ, चौथोमा दश, पाँचौमा बाह्र, छैटौंमा आठ, सातौंमा दश, आठौंमा एघार, नवौंमा नौं, दशौंमा दश, एघारौंमा दश, बाह्रौंमा एघार, तेह्रौंमा नौ, चौधौंमा बाह्र, पन्ध्रौंमा आठ, साह्रौंमा एघार, सत्रौंमा नौं, अठारौंमा दश, उन्नाइसौंमा बाह्र र विना उपशीर्षकको बीसौंमा पाँच श्लोकहरू छन् । यसरी खण्डकाव्य **विजयका बाँसुरी** जम्मा दुईसय दुई श्लोकमा पूर्ण भएको छ ।

वीर रस र करुण रसको प्राधान्य रहेको यस काव्यले राजनीतिक विषयवस्तुमा आधारित भई समाजका विभिन्न पक्षहरूलाई पर्यवेक्षण गरेको छ । काव्यको नायक परिवर्तनका निम्ति उत्साहका साथ लगनशील भई निरन्तर लागेर परिवर्तन गरेरै छाडेकाले काव्यमा देशभक्तिको भावना प्रभावकारी ढङ्गमा आएको छ । काव्य सुरुदेखि अन्त्यसम्म मन्दाक्रान्ता छन्दमा रचिएको छ र अलङ्कारहरूको

उपयुक्त प्रयोग भएको छ । लामो समयदेखि समाजमा जरो गाडेर रहेको सामन्ती शोषण, अन्याय, अत्याचार, थिचोमिचोले समाज आक्रान्त रहेको यथार्थ वस्तुस्थितिलाई काव्यमा चित्रण गरिएको छ र त्यसबाट उन्मुक्ति पाउन समानता स्थापित गर्न क्रान्तिको अपरिहार्यतालाई स्पष्ट रूपमा अभिव्यक्त[८८] गरिएको छ । वर्गीय मान्यताको स्थापना र आदर्शका आलोकमा प्रस्तुत **विजयका बाँसुरी** प्रगतिवादी काव्यका क्षेत्रमा एउटा सबल कृति बनेर रहेको छ ।

### ४.२.५ श्रद्धाञ्जली (२०५७) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**श्रद्धाञ्जली** खण्डकाव्यका रचनाकार देवी नेपाल हुन् । एक जोडी नवदम्पती र उनीहरूको एउटा अबोध शिशुको मार्मिक गाथालाई काव्यको विषयवस्तु बनाइएको छ । **श्रद्धाञ्जली** नयाँ संसारको रङ्गीन सपना बुनेका दम्पती र तिनको शिशुको कथा भए पनि यसभित्र मानवीय श्रम र पसिनाको मूल्य नबुझ्ने शोषक सामन्तहरूप्रति चर्को विद्रोह प्रकट गरिएको छ । खण्डकाव्यको कथा प्रारम्भ नायक गोरे र नायिका भुन्टीको सरल र निर्धन दाम्पत्य जीवनका यथार्थताहरूका बीचबाट गरिन्छ । अभाव र पीडाका बीच पनि प्रकृतिले मान्छेलाई आमाबाबु बन्ने गुण प्रदान गरेकै हुन्छ जसअनुसार भुन्टी नवजात शिशु जन्माएर आफू भने संसारबाट विदा हुन्छे । नायक गोरे र नवजात शिशुको अप्ठ्यारा यात्राका दिनहरू सुरु हुन्छन् । आमाविनाको टुहुरो छोरालाई खाना र आराम जुटाउने कार्यमा गोरेले निकै सङ्घर्ष गर्न पुग्छ । नवजात छोराकै लागि गोरेले आफ्नो आश्रय रहेको जमिन र छाप्रो पनि साहुलाई जिम्मा लगाउँछ । यसैबीच गोरेको नवजात सन्तान पनि गोरेलाई एक्लै छोडी संसारबाट टाढा हुन्छ । तत्पश्चात गोरेको विषाद्पूर्ण जीवन सुरु हुन्छ । आफ्नो जायजेथा सबै साहुलाई सम्पेर ऊ शहरको बाटो लाग्दछ । निकै दुःखकष्ट, यातना र पीडा खप्दै गोरे शहरको गल्लीमा बेवारिसे जीवन बिताउन बाध्य हुन्छ । खातेबालकहरूका आश्रयमा श्रम गरेर खाँदै जीवन यात्रामा अघि बढिरहेको गोरेको इहलीला पनि सडकमा नै समाप्त हुन्छ । यसप्रकार काव्यको वस्तु वर्गीय विसङ्गतिको शिकार बनेका नेपाली समाजबाट लिइएको छ ।

नेपाली सामाजिक संरचनामा रहेका आर्थिक विसङ्गति र निम्नवर्गीय श्रमिक, मजदुर किसानहरूमाथि भएका विविध किसिमका थिचोमिचो र अन्यायलाई खण्डकाव्यको मुख्य कथ्य बनाइएको छ । वैचारिक दृष्टिले वर्गीय मुक्तिका निमित्त निम्न वर्गीय पक्षले क्रान्ति गर्नुपर्ने अवस्था विद्यमान रहेको देखाइएको प्रस्तुत काव्य

---

[८८] शङ्करकुमार रायमाझी, पूर्ववत्, पृ. १२६ ।

नेपाली समाजका सामन्ती परम्पराका विरुद्धमा उभिएको छ । श्रमको ठूलो हिस्सा सामन्त जमिन्दारलाई सुम्पेर सडकमा बेवारिसे जीवन बाँच्ने र त्यही सडकमा मृत्युवरण गर्ने बहुसंख्यक नेपालीको यथार्थलाई यसभित्र समेटिएको छ । समाजका सामन्त र अभिजातका जाँतोमा दिनप्रतिदिन गोरेजस्ता असंख्य निर्धनहरू पिसिएका छन्, भुण्टी जस्ता अनेकौं नारी प्रसव पीडाबाट मरेका छन् । सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा सताइएका, हेपिएका र लुटिएका उत्पीडित वर्गका मान्छेहरूलाई शासकवर्गासित प्रतिशोधको युद्धमा सामेल हुन यस भित्र आग्रह गरिएको छ ।

कोहो बस्ने सहन नसकी दासताको खडेरी
पर्दा भैगो निरस युगको सिर्जनामा तरेली ।
भोका निर्धा सब हृदयमा सृष्टिको हुन्छ ज्योति
हेर्दा कालो जलधितलमा बस्दछन् बास मोती ॥ (पृ. १६)

आफ्ना भूमिमा पाइला राख्ने ठाउँ नभएर भोकभोकै जीवन धानिरहेका नेपालीहरू पनि 'भोका सहिद' हुने र बाँच्ने इच्छा हुँदाहुँदै पेटका समस्याले सडकमा मर्नेहरू पनि अघोषित सहिद हुन् भन्दै खण्डकाव्यमा तिनै शोषित, पीडित र दमित आत्माहरूप्रति **श्रद्धाञ्जली** शीर्षक दिएर श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

हे मान्छे हो ! अब सहिदको अर्थघेरा बढाओ
हाम्रो गोरे पनि अमर भो रक्तधारा बगायो ।
आस्था बोकी कुसुम करमा लम्कियो अञ्जली यो
यौटा थोपा नयनजलका साथ श्रद्धाञ्जली भो ॥ (पृ. ५७)

जबसम्म शोषित-पीडित जनता आर्थिक शोषण र दासताबाट मुक्त हुँदैनन् तबसम्म नेपाली समाजमा शासक वर्गका पक्षधर गाउँका ठूलाठालू, साहु, महाजनहरूबाट उत्पीडित नै रहन्छन् भन्ने विद्रोहात्मक चेतनाको अभिव्यक्ति यसभित्र भएको छ ।

यस काव्यलाई प्रस्तावना, पहिलो पाइलो, दोस्रो र तेस्रो पाइलो संज्ञा दिएर जम्मा चारवटा अध्यायमा प्रस्तुत गरिएको छ । प्रस्तावना खण्डमा विषयवस्तुको विषमताबारे सङ्केत गरिएका जम्मा १९ वटा पद्यहरू छन् त्यसपछि तिनवटा पाइलाहरू क्रमशः ८२, ६५ र ७३ पद्यमा रचित छन् । जम्मा जम्मी २३९ वटा पद्यमा खण्डकाव्य तयार भएको छ । सम्पूर्ण काव्य शिखरिणी, मालिनी र मन्दाक्रान्ता छन्दमा रचना भएको छ । काव्यभित्र वीररस र करुण रसलाई सँगसँगै हिंडाइएको छ ।

आर्थिक विषयमताप्रति तिखो असहमति देखाइएको काव्यभित्र आर्थिक असमानताबाट गरिबी जन्मिने एवम् गरिबी र अन्यायद्वारा नै क्रान्तिको ढोका खोलिने तथ्य अगाडि सारिएको छ । प्रगतिवादी काव्यिक मान्यतालाई केही मात्रामा अनुसरण गरिएको भए पनि यस काव्यमा आलोचनात्मक यथार्थवादी चिन्तनको बढावा देखिन्छ ।

### ४.२.६ आगोको यात्रा (२०५७) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**आगोको यात्रा** सुकुम शर्माद्वारा लिखित प्रगतिवादी खण्डकाव्य हो । युगीन सामाजिक विकृतिका यथार्थ चित्र यस खण्डकाव्यमा उतारिएको छ । प्रतीकात्मक शीर्षकमा लिखित यस खण्डकाव्यले सामन्ती समाजका विसङ्गत यथार्थलाई प्रस्तुत गरेको छ । आफ्नो श्रम र पसिनाको उपयोग गर्दै समतामूलक समाज निर्माणमा जुटेका सङ्घर्षशील वर्गीय योद्धाहरूको साहसलाई यहाँ सम्मान गरिएको छ । प्रजातन्त्र र नागरिक स्वतन्त्रताका कुरा गर्ने सरकार स्वयम्ले शान्ति सुरक्षाका नाममा जनताका घरमा आगो लगाएकोमा आक्रोश पोखिएको छ । युगौंदेखि सामन्ती व्यवस्थाद्वारा उत्पीडित र दमित रहेको सामाजिक जीवनको यथार्थ चित्रण र पुँजीवादी शोषणका विविध रूपहरूको उद्घाटन गर्नु यस खण्डकाव्यको मूल उद्देश्य रहेको छ । राणाकालपछि पनि धार्मिक, राजनीतिक, प्रशासनिक विविध तहमा सामन्तहरूद्वारा गरिब किसान वर्गको शोषण भइरहेको देखाउँदै खण्डकाव्यभित्र सामन्ती समाजका नायकहरूप्रति आक्रोश अभिव्यक्त गरिएको छ । त्यसैगरी खासा र अनेकोटका कथा र व्यथालाई पनि काव्यमा देखाइएको छ । सत्ताका निरङ्कुश र बर्बर दमनको प्रतिरोध स्वरूप रचना भएको **आगोको यात्रा** मा देश र जनताका लागि प्राणोत्सर्ग गर्ने सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ । पुँजीवादी शक्तिको स्वार्थपूर्ण क्रियाकलाप र साम्राज्यवादी शक्तिको शोषणधर्मी प्रवृत्तिको विरोध खण्डकाव्यले गरेको छ । शक्तिको उन्मादमा निरङ्कुश शासकका भरौटेहरूले जनताले साह्रै दुःख र यातना दिएका कुरा पनि खण्डकाव्यमा अभिव्यक्त भएका छन् । त्यसैगरी परम्परावादी र रुढिवादी विचारहबाट मुक्त भई स्वच्छ र समुन्नत नवयुग निर्माणका लागि सङ्घर्षको मैदानमा उत्रन काव्यकारले जनआह्वान गरेका छन् । नेपाली भूमि र प्राकृतिक सौन्दर्यमाथि विदेशीहरूले आँखा गाडिरहेका तर सत्तासीनहरूलाई त्यसको कुनै प्रवाह नभएकोमा चिन्ता व्यक्त गरिएको छ । २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापश्चात् राष्ट्रिय राजनीति झनै विकृत बन्दै गएको, शोषण अन्याय र अत्याचार बढेको, भ्रष्टाचार, तस्करी र अनैतिकतामा वृद्धि भएका कुराहरूलाई काव्यको विषयवस्तुभित्र समेटिएको छ ।

ए अर्थयुक्त युद्धका बाहकहरू !

ए मेरा कोखका तूफानी योद्धाहरू !

फूलमा बास्ना भर्न जुट !

माटोमा सिर्जना उमार्न जुट ! (पृ. १४)

नेपाली जनताहरू शासकहरूबाट पटक-पटक ठगिएका, प्रजातन्त्रमा विकृति फैलँदै गएको, सहिदका सपनाहरू अपहरित भएको, मातृभूमिमाथि ज्यादती वर्षिरहेको र राजनीतिक खिचातानी यथावत रहेकाले शोषण, अन्याय र अत्याचारका विरुद्ध आगो बनेर भीषण युद्धमा उर्लनुपर्ने अपरिहार्यता काव्यमा देखाइएको छ । सिस्ने र जलजलाका पहाडबाट वर्ग युद्धको आरम्भ भए पनि निरङ्कुश सत्ताधारीहरूले क्रान्तिको गतिलाई रोकिदिएकोमा काव्यमा आक्रोश पोखिएको छ र क्रान्तिपरिवर्तनको आवश्यकतालाई देखाउँदै विचार र आस्थामा दृढ भएको खण्डमा क्रान्तिले पूर्णता प्राप्त गर्ने कुरामा कुनै संशय नरहेको धारणा पनि व्यक्त गरिएको छ । युद्धभूमिमा कयौं नेपाली नारीहरू यातना र शोषणको शिकार भएका, न्याय र समानताको उद्देश्य बोकेर वर्गयुद्धमा सामेल योद्धाबीरकी पत्नीले योद्धालई शक्ति, बल र साहस थपेका कुरालाई देखाउँदै खण्डकाव्यले चेतनालाई थुनेर र विचारलाई बाँधेर मुक्ति युद्ध नरोकिने भाव प्रस्तुत गरेको छ । क्रान्तिकारी योद्धाहरू रोग, भोक र शोकको लडाँइमा विजय प्राप्त गरी आउनेछन् भन्दै आगोका हुँकार बोकेर युद्धमा सामेल क्रान्तिकारी योद्धाले नयाँ युग ल्याउने र सामन्ती अत्याचार समुल नष्ट पार्ने कुरामा खण्डकाव्यकार विश्वस्त देखिन्छन् ।

प्रत्येक स्वतन्त्र जन्महरू

पराधीन भएर बाँच्दैनन्

कुरीतिमा सम्झौता गर्दैनन्

चेतना भरेर शब्दहरूमा

चेतना भरेर लयहरूमा

उनीहरूले मानवताको गीत गाउँछन्

पसिना/परिश्रमीको गीत गाउँछन् । (पृ. ३९)

युगीन परिवेशको यथार्थ चित्रहरूले भरिएको **आगोको यात्रा** १५ खण्डमा विभाजित छ । गद्य लयमा रचना गरिएको आख्यानविहीन आधुनिक खण्डकाव्य यसभित्र कुनै विषेश व्यक्तिलाई पात्र बनाइएको छैन । लेखकीय समाख्यानका रूपमा कथ्य प्रस्तुत गरिएको यस काव्यमा मानवीय स्वतन्त्रता र मुक्तिको बाधकका रूपमा

देखिएका साम्राज्यवाद र पुँजीवादको लुटाहा प्रवृत्तिप्रति विद्रोह प्रकट गरिएको छ । वर्गयुद्ध नचर्काई सामन्तवादी पुँजीवादी संरचना ध्वस्त हुन सक्तैन भन्ने मार्क्सवादी वैज्ञानिक दृष्टिकोणलाई कलात्मक रूपमा प्रस्तुत गरिएको **आगोको यात्रा** पचासको दशकमा प्रकाशित सबल प्रगतिवादी खण्डकाव्य हो ।

### ४.२.७ बन्दी र चन्द्रागिरि (२०५८) खण्डकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**बन्दी र चन्द्रागिरि** पचासको दशकमा प्रकाशित सशक्त प्रगतिवादी खण्डकाव्य हो । जसको रचना कृष्ण सेन 'इच्छुक' बाट भएको हो । द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणलाई आत्मसात गर्दै समाजमा विद्यमान शोषण, उत्पीडन, अन्याय-अत्याचार, वर्ग विषमता आदिको पर्यवेक्षण यसभित्र गरिएको छ । काव्यको नायक (म) भद्रगोल जेलमा बन्द छ भने चन्द्रागिरि 'म' पात्रकी खुसी र वेदनाकी सहभागी, स्नेहमयी प्रेयसी, सहयात्री एवम् सहयोद्धाका रूपमा प्रस्तुत छे । काव्यको नायक 'म' वा कविलाई सधैं मीठो मुस्कान साथ हौसला दिइरहने अभिन्न मित्र चन्द्रागिरि समक्ष वर्तमान अनुभूतिलाई कवितामा अङ्कित गरेर वर्तमान युगको युगीन काव्य लेख्ने प्रण गरिएको छ । एकपछि अर्को गर्दै थिचिँदै, मिचिँदै, चुडिँदै र खण्डित हुँदै गरेको आफ्नो मातृभूमिको मायामा बन्दी नायकको मुटु चिरिएर आक्रोशपूर्ण गर्जन निस्कन्छ । निरङ्कुशतावादीहरूको अत्याचारप्रति आक्रोशित हुँदै व्यक्ति जेलमा बन्दी भए पनि देशभक्तिको भावना र युगको गति बन्द नहुने कुरा कवि व्यक्त गर्दछन्-

के मलाई थुनेर मेरो देशभक्ति थुनिन्छ र ?
के नेल-हत्कडीले युगको गति रोकिन्छ र ? (पृ. ८)

आफूलाई जस्तोसुकै यातना र प्रताडना दिए पनि साम्राज्यवादी-प्रभुत्ववादी शोषकहरूका विरुद्ध सदा सङ्घर्ष गरिरहने अठोट कवि व्यक्त गर्दछन् । वर्गयुक्त समाजमा सर्वहारा र उत्पीडित वर्गले शोषकवर्गद्वारा थिचिनु, मिचिनु र लुटिनु पर्ने बाध्यताबाट मुक्तिका लागि सशस्त्र आन्दोलनको अपरिहार्यतालाई खण्डकाव्यमा स्वीकार गरिएको छ । काव्यको नायक 'म' ले छामेको देशमा प्रजातन्त्र हाँडी गाउँको जात्रा भएको छ, चुनावमा मात्र गाउँ पुग्ने नेता सफल अभिनेताझैं आश्वासनका विषाक्त पोका जनतालाई बाँड्छन् र चुनाव जितेपछि राष्ट्रको ढुकुटीमा धुरिएर दास मालिकको आँखाले तिनै जनतालाई हेर्ने गर्छन् ।[८९] भद्रगोल जेलबाट चन्द्रागिरिलाई सम्बोधन गरिरहे पनि नायकले संसारको पीडालाई

---

[८९] डा. नन्दीश अधिकारी, 'बन्दी र चन्द्रागिरिमा 'इच्छुक' को कवित्व', **कलम**, (वर्ष ९, अङ्क २) २०५७-५८, पृ. ५६ ।

आत्मसात गर्दै एक पेट खाने र एक आङ लाउने आशामा आफ्नो मुटुलाई धरौटी राख्ने नेपालीको विवश जीवन, आफ्नै देशका क्रान्ति कुण्डमा उत्सर्ग भइरहेका युवाहरूको जीवन, विदेशी भूमिमा पानी सरह बगिरहेको नेपाली रगत सबैलाई सम्झन पुगेका छन् । सामन्तवादी क्रूर शासकहरूलाई आफ्नै पसिना र श्रममा रातदिन बिताउने तमाम जनताका पीडा देखाउँदै खण्डकाव्यमा यसरी प्रश्न गरिएको छ -

नेपालीलाई बाँच्नका निम्ति
नेपालकै एकटुक्रा जमिन पर्याप्त छैन ?
के नेपालीलाई मर्नका निम्ति
देशकै एकटुक्रा बगर उपलब्ध छैन ? (पृ. २५)

वर्गीय विश्वबन्धुत्वले ओतप्रोत नायक अब्दुल्लाह ओजोलानको सम्झनाका टर्की पुग्छ, हेल्वारेवको सम्झनामा कुर्दिस्थान पुग्छ र आफ्नै देशका भुटानी शरणार्थीका पीडामा मर्माहत बन्छ, संसारभरि मुक्ति युद्ध चलेका ठाउँमा पुग्छ, त्यहाँ योद्धा नायकहरूसँग आपसमा पीडा बाँड्न खोज्छ र गुनासाहरू सुनाउँछ । मुक्ति युद्धका नायकहरू मण्डेला, यासेर अराफात, गोञ्जालो, फिलिसियानो आदिलाई उसले भेट्छ । अधुरो स्वाधिनतामा मण्डेलाको भ्रम र अधुरो मुक्तिमा यासेर अराफातको भ्रमलाई गुनासोका रूपमा राख्न पुग्छ ।[९०] नायक विस्मित छ, चकित छ लेनिन-स्टालिनको सोभियत संघ भत्केकोमा र लाल बादशाहहरूले आफू उभिएको रुखको हाँगो काटेकोमा । पेन्टागनको आतङ्क र क्लिन्टनको दादागिरी, कोसोभोमाथि नेटोको हमला केही पनि पचाउन नसकेको नायक एण्डिज पर्वतदेखि श्रीकाकुलम र दण्डकारण्यसम्मका मुक्ति यात्राका पाइलाहरू नरोकिने कुरामा समेत विश्वस्त छ ।

राजनीतिमा रहेको यथास्थितिवादी सोचाइ र सामन्तवादी चिन्तनशैली, सर्वहारा वर्गको मुक्तिका लागि गर्नुपर्ने क्रान्ति, मान्छेको शोषण मान्छेद्वारा नै भइरहेको र सर्वहारावर्गीय क्रान्तिकारी शक्तिको नेतृत्वमा हुने सङ्घर्षबाट मात्र सर्वहारावर्गको मुक्ति हुने कुरालाई 'म' पात्रले चन्द्रागिरि समक्ष सार्वजनिक गरेका छन् । सबै किसिमका शोषणको अन्त्य र सर्वहारावर्गको मुक्ति गर्ने अगुवा शक्ति भनेको नै सर्वहारावर्गीय शक्ति हो भन्ने मार्क्सवादी विचारलाई खण्डकाव्यले प्रस्तुत गरेको छ । पङ्क्ति-पङ्क्तिमा अन्तर्लय, भाषिक सीपभित्र मार्क्सवादी वैचारिक संवेदना, वर्गीय र सांस्कृतिक दृष्टिकोण, लिङ्गीय र नारीसम्मानको दृष्टिकोण,

[९०] ऐजन, पृ. ५८ ।

अभिजात र जनसांस्कृतिक संस्कारगत दृष्टिकोण, आर्थिक र प्रशासनिक विसङ्गति र तिनबाट आविर्भाव हुने प्रभावलाई प्रस्तुत गरिएको छ ।[९१]

काव्य ग्रीष्म ऋतुको अन्तबाट सुरु भएर वर्षा हुँदै शरदको थालनीमा टुङ्गिएको छ । सम्लापीय ढाँचामा प्रस्तुत यस काव्यका परिवेशमा गृहीत इतिहासदेखि वर्तमानसम्मको काल सङ्केत, स्थानीयतादेखि विश्वस्तरसम्मको परिवेश सङ्केत, सामन्तदेखि प्रगतिवादसम्मको वैचारिक सङ्केतहरूको प्रस्तुतिलाई देखाइएको छ । **बन्दी र चन्द्रागिरि** लाई जम्मा नौवटा प्रकरणका खण्डहरूमा वितरण गरिएको छ । जसअनुसार पहिलो प्रकरणमा १४९ पङ्क्ति, दोस्रोमा १८५ पङ्क्ति, १८० पङ्क्ति तेस्रोमा, चौथोमा १५२ पङ्क्ति, पाँचौमा २५१ पङ्क्ति, छैठौंमा २१३ पङ्क्ति, सातौंमा १८५ पङ्क्ति, आठौंमा १४६ पङ्क्ति र नवौंमा २४२ पङ्क्तिहरू रहेका छन् । वर्तमान युगीन यथार्थ अर्थात् सामन्तवाद पुँजीवाद, साम्राज्यवाद र प्रभुत्ववादद्वारा उत्पीडित शोषित सर्वहारा वर्गलाई मुक्तिपथतिर अग्रसर गराउँदै साम्यवादी समाजको गन्तव्यतर्फ उन्मुख गराउनु यसको मूलभूत उद्देश्य हो ।

[९१] राजेन्द्र सुवेदी, ‘‘बन्दी र चन्द्रागिरि’ का कवि इच्छुक विचार, कला र संवेदनाका सङ्गममा’ **नौलो बिहानी**, वर्ष ११, अङ्क १, पृ. ९०, २०६५ ।

## पाँचौं परिच्छेद

# पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी महाकाव्य

### ५.१ पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी महाकाव्यहरू

पचासको दशक (२०५०-५९) मा प्रकाशनमा आएका तथा शोधका क्रममा उपलब्ध भएका महाकाव्यहरूको विवरण यसप्रकार छन् :

| | महाकाव्य | महाकाव्यकार | प्रकाशन साल | प्रकाशक |
|---|---|---|---|---|
| १. | सोल्मू | चन्द्रप्रसाद न्यौपाने | २०५३ | लेखक स्वयम् |
| २. | औंसीका फूलहरू | रामप्रसाद ज्ञवाली | २०५४ | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं |
| ३. | पुष्पाञ्जलि | ऋषिराम न्यौपाने | २०५७ | पुष्पलाल स्मृति प्रतिष्ठान, काठमाडौं |
| ४. | शहीद गाथा | पोषराज पौडेल | २०५७ | भीमराज पौडेल, चितवन |
| ५. | सिमाना | चन्द्रप्रसाद न्यौपाने | २०५८ | लेखक स्वयम् |
| ६. | गौरी शङ्कर | नरेन्द्र पराशर | २०५८ | लेखक स्वयम् |

उपर्युक्त महाकाव्यहरूको प्रवृत्तिगत सर्वेक्षण तल क्रमशः गरिएको छ ।

### ५.२ पचासको दशक (वि.सं. २०५०-५९) का नेपाली प्रगतिवादी महाकाव्यहरूको सर्वेक्षण

माथि ५.१ मा उल्लेख गरिएअनुसार पचासको दशकमा छ वटा प्रगतिवादी महाकाव्यहरू रचिई प्रकाशनमा आएका देखिन्छन् । तिनको प्रवृत्तिगत सर्वेक्षण तल क्रमशः गरिएको छ -

#### ५.२.१ सोल्मू (२०५३) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण

चन्दप्रसाद न्यौपानेद्वारा लिखित महाकाव्य **सोल्मू** ले नेपाली परिवेशमा हुने गरेको चेलीबेटी बेचबिखनको घटनालाई मुख्य कथ्य बनाएको छ । पशुपतिशमशेर नामको युवक चुनावप्रसारको निउँमा सिन्धुपाल्चोक जिल्लाका विभिन्न स्थानहरू घुम्दै हेलम्बु पुग्दछ । त्यहाँकी रूपवती युवती सोल्मूलाई अनेक प्रपञ्चको जालमा पारी विवाहको स्वाङ गरी भगाएर बम्बइको कोठीमा लगेर बेच्दछ । त्यहाँको कोठी मालिक प्रताप शाहले अत्यन्त निर्मम यातनाका साथ सोल्मूलाई देह व्यापारमा

संलग्न गराउँछ । केही समयपछि सोल्मूले त्यही वेश्यालयमा शमशेरले बोकाएको गर्भबाट बच्चा जन्माउँछे । सोल्मू प्रसव वेदनापछि मूर्छित भएको बेला प्रतापले सोल्मूको बच्चालाई नालीमा फ्याँक्छ । फ्याँकिएको बच्चालाई बूढी नोकर्नी राधाले संरक्षण गर्न भनी लुकाएर आफ्नो घर पुऱ्याउँछे । सोल्मू वेश्यालयबाट उम्कन सफल भई आफू जस्तै पीडित नारीहरूको सङ्गठन खोलेर नारीमुक्ति मोर्चाको गठन गर्छे । धेरै पीडित नारीहरूको सहयोग पाएर उसको मोर्चामा क्रान्तिकारी लालसेनाको जत्था अत्यधिक बढ्छ । उनीहरूले चारैतिरबाट आफ्नो सङ्गठन विस्तार गर्छन् । बच्चा सोल्मूलाई जिम्मा लगाएर फर्कन लागेकी राधा र उसको छोरालाई जङ्गलको जम्काभेटमा प्रताप र शमशेरका सेनाले मार्छन् । शमशेर र प्रताप सेनाका साथ सोल्मू र उसका सैन्यजत्थालाई खोज्दै हिंडेको अवस्थामा सोल्मूका लालसेनाले शमशेरका सेनालाई परास्त गरी प्रताप र शमशेर दुवैलाई बन्दी बनाउँछन् । अन्त्यमा सारा शोषक र सामन्ती शासकको अन्त्य हुन्छ र सोल्मूले सुरु गरेको जनमुक्ति लालसेनाको विजयपछि साम्यवादी शासन सत्ताको स्थापना हुन्छ । समाजका हरेक क्षेत्रमा क्रान्तिकारी परिवर्तनको सुरुआत भई महाकाव्य अन्त हुन्छ ।

प्रस्तुत महाकाव्यले निम्नवर्गीय समाजमा रहेका रोग, भोक, अशिक्षा, अज्ञानता तथा शोषण, तिरस्कार, अन्याय एवम् पीडाका कथाहरूको उद्घाटन गरेको छ । भारतीय वेश्यालयमा बेचिएका चेलीबेटीहरूको कारुणिक स्थिति तथा त्यसबाट सिर्जित क्रान्तिचेत र सङ्गठन निर्माण एवम् उनीहरूले सिर्जना गरेको[९२] क्रान्तिकारी प्रदर्शनलाई यसभित्र यथार्थ रूपमा प्रस्तुत गरिएको छ । नारीजातिको शोषण, दमन र उत्पीडनको चित्रण गर्दै उनीहरूप्रति सम्मानभाव व्यक्त गरिएको यस महाकाव्यले उत्पीडनका विरुद्ध विद्रोह गर्नुपर्ने सन्देश प्रदान गरेको छ । ग्रामीण परिवेशमा साहु, महाजन, शोषक समन्तहरूद्वारा महिलाहरूमाथि हुने यौन शोषण र मायाप्रेमको नाटक रचेर गरिने तस्करीको सचित्र प्रस्तुति यस महाकाव्यमा भएको छ । सोल्मूको सङ्घर्षमय जीवन, क्रान्तिचेतना, वेश्यालयबाट मुक्ति र क्रान्तिकारी सङ्गठनको विस्तार, व्यापक जनसमर्थन तथा शमशेर र प्रतापलाई परास्त गरी बन्दी बनाएका घटनाहरूले शोषक सामन्तीहरूको अन्यायका विरुद्ध सङ्घर्ष गरेको खण्डमा सर्वहारा वर्गको जीत भई साम्यवादी शासनसत्ता प्राप्त हुने कुरामा काव्यकार निश्चिन्त देखिन्छन् ।

---

[९२] डिल्लीकुमार देवकोटा, **चन्द्रप्रसाद न्यौपानेको महाकाव्यकारिता**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय, २०६४), पृ. २१ ।

महाकाव्यले आर्थिक, सामाजिक, राजनीतिक, जातीय तथा लैङ्गिक असमानताको चिरफार गर्दै नारी हकहितका पक्षमा सशक्त आवाज उठाएको छ । वेश्यालयमा पुगेका र त्यहाँबाट फर्केका युवतीहरूप्रति गरिने सामाजिक घृणा अन्त्य गर्नुपर्ने भाव यहाँ व्यक्त भएको छ । त्यसरी बाध्यतामा फसाइएका नारीहरू भ्रष्ट आचरणका नभई मुक्तिकामी, सङ्घर्षशील र समाज परिवर्तनका सम्वाहक जुझारु योद्धा हुन सक्छन् भन्ने कुरा प्रस्तुत गर्दै महाकाव्यमा वर्गीय, जातीय र लैङ्गिक उत्पीडनबाट मुक्तिको सन्देश दिइएको छ ।

जम्मा १४ सर्गमा विभाजित यस महाकाव्यमा सर्गहरूको नामाकरण गरिएको छैन । श्लोक संख्या १२२८ रहेका छन् । मूलभूत रूपमा वीर, करुण र श्रृङ्गार रसको प्रयोग भएको यसमा सबै किसिमका अलङ्कारहरूको प्रयोग देखिन्छ ।

रणभूमिकी जहर अग्निबाँण हुँ, अपवित्र द्योतकहरू ! म काल हूँ ।
म त बल्छु धप्धप ज्वाला मसाल हुँ प्रताप शमका म हाल हूँ ।

समाजमा विद्यमान चेलीबेटी वेचबिखनलाई विषयवस्तु बनाएर लेखिएको यस महाकाव्यले वर्गीय उत्पीडन र सामन्ती पुँजीवादी संस्कारको खुलेर विरोध गरेको छ । अत्याचारी शासक/शोषक वर्गका विरुद्धमा बलेको क्रान्तिले सारा नेपालीको जीवनमा उथलपुथल ल्याउने हुँदा शोषक वर्गका शोषणका विरुद्ध प्रतिशोधको युद्धमा सामेल हुन आमजनसमुदायलाई आग्रह गरिएको छ । सामाजिक-आर्थिक-राजनीतिक र सांस्कृतिक क्षेत्रमा भएका शोषण-उत्पीडनका विरुद्ध सचेत र सङ्गठित हुन आह्वान गरिएको यस काव्यले मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनलाई अवलम्बन गरेको छ । वैज्ञानिक दृष्टिकोण, वर्गीय पक्षधरता, सङ्घर्षप्रति ऐक्याबद्धता, क्रान्तिकारी शक्तिप्रति आस्था र सर्वहारावर्गीय मानवतावाद जस्ता प्रगतिवादी प्रवृत्तिमा आबद्ध यस महाकाव्य पचासको दशकको एक महत्त्वपूर्ण प्रगतिवादी महाकाव्य हो ।

### ५.२.२ औंसीका फूलहरू (२०५४) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण

पचासको दशकका प्रकाशित **औंसीका फूलहरू** महाकाव्यका रचनाकार राम्रसाद ज्ञवाली हुन् । प्रगतिवादी धाराको क्रान्ति गीतले भरिपूर्ण महाकाव्य **औंसीका फूलहरू** तत्कालीन युगीन यथार्थ हो । पञ्चायतकालीन औंसीरूपी कालरात्रीका अन्धकारमा भूमिगत रूपमा सञ्चालित जनसङ्घर्षमा आत्मा-उत्सर्ग गर्ने बलिदानी कुसुम-फूलहरू-परागहरू कतिपय वनका फूल बने, वनमा बिलाए

तापनि उनीहरूको स्पन्दन नै प्रजातन्त्र प्राप्तिको कारण बन्यो ।[९३] परिणाम प्राप्तिपछि आफूलाई बलिदान गर्ने ती वीर सहिदहरूले सम्मान पाउन सकेनन् । मानवीय उन्मुक्ति, स्वतन्त्रता अनि निरङ्कुशताप्रतिको विद्रोह प्रकटीकरण यस महाकाव्यको मूल विषयवस्तु हो । **औंसीका फूलहरू** ले उद्घाटन गर्न चाहेको विषय २०४६ सालमा सम्पन्न निर्णायक जनसङ्घर्षका पृष्ठभूमिको केही अंश हो भने जनअधिकार प्राप्तिका लागि गरिएका बलिदानको उत्कर्ष परिणति पनि हो ।[९४] यो महाकाव्यले जनअधिकार प्राप्तिका लागि नेपाली जनताले गरेका क्रान्ति र सङ्घर्षका यथार्थ चित्रहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेको छ । सामन्ती शोषण, विस्तारवादी र साम्राज्यवादी विदेशी शत्रुहरूको प्रवेश, जातीय भेदभाव, वर्णव्यवस्था जन्य धार्मिक असमानता आदि व्यवस्थाले नेपाली बहुसंख्यक उत्पीडित वर्गलाई ग्रसित पारेको यथार्थ चित्र प्रस्तुत गर्दै आमूल परिवर्तनप्रति उत्कट् अभिलाषा राखिएको छ । लाखौं जनताको सङ्घर्षबाट २०४६ सालको जनआन्दोलनले सफलता प्राप्त गरेपनि समाजमा व्याप्त आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक असमानतालाई निर्मूल पार्न नसकेको यथार्थलाई प्रस्तुत गरिएको छ । बर्षौंदेखि दलित, उत्पीडित, किसान, मजदुर, सुकुम्बासी लगायत बहुसंख्यक श्रमजीवी जनताहरू आफ्ना अनगिन्ति इच्छा, आशा, सपना र चाहनाहरू साँच्दै रित्तो हात, भोको पेट, नाङ्गो खुट्टा र जीर्ण शरीर लिएर बाँच्न विवश भएको दर्दनाक पीडा महाकाव्यभित्र देखाइएको छ । साथै सामाजिक, राजनीतिक, आर्थिक विषमता र अन्यायमा बाँचेका बहुसंख्यक उत्पीडित शोषित वर्गलाई जीवनको यथार्थबाट सत्यको खोजी गर्न आग्रह गरिएको छ । असमान सामाजिक नीतिनियम र परम्पराप्रति आक्रोश पोख्दै काव्यमा शक्तिका लागि सङ्घर्षको अपरिहार्यतालाई प्रस्तुत गरिएको छ । त्यसैगरी विदेशी भूमिमा आफ्नो श्रम पोख्न बाध्य नेपाली युवाहरूको समस्यालाई पनि यसले उजागर गरेको छ । समग्रमा हेर्दा महाकाव्यले युगीन यथार्थ र वर्तमान चाहनालाई प्रस्तुत गर्दै सामन्तवादी संस्कृतिबाट मुक्त वर्गहीन समाजको चाहना राखेको छ । मूल रूपमा महाकाव्यले २०१७ देखि २०४६ सम्मको तीन दशकलाई परिवेशका रूपमा चित्रण गरेको छ । साथै सङ्घर्षकारी र क्रान्तिकारी चेतनाद्वारा नेपाली जनतालाई मुक्तियुद्धमा अग्रसर हुन प्रतीकात्मक रूपमा आग्रह समेत गरेको छ । महाकाव्यमा शिक्षक र सुशीलाले निर्माण गरी छाडेका जनसङ्घर्षका पृष्ठभूमिमा नायक कमल तथा नायिका पुतलीको क्रान्ति चेत

[९३] पूर्णप्रकाश नेपाली 'यात्री', 'औंसीका फूलहरू : एक विंहगावलोकन', **जनमत** (वर्ष १४, अङ्क ११, २०५४), पृ. ५ ।
[९४] ऐजन ।

उज्यालोतिर समर्पित हुन्छ ।[९५] साथै दिन प्रतिदिन विदेशीहरूबाट अतिक्रमित भइरहेको नेपाली भूमिको दुर्दशाप्रति चिन्ता व्यक्त गरिएको छ । राष्ट्रियता जोखिममा पर्दै गएको, सीमाहरू अतिक्रमण हुँदै गएका, प्रजातन्त्र र नागरिक स्वतन्त्रता सङ्कटमा परेको र सामाजिक विकृति-विसङ्गतिहरू चरम रूपले बढ्दै गएका कुराहरूलाई पनि महाकाव्यले समेटेको छ ।

झापाका बलेर, पिस्करमा अल्झेर
सुस्तामा तम्केर, सुखानीमा टन्केर
भीमानमा उम्लेर छिनताङ हर्रेबर्रे हुँदै
उफ् ! देशको घाउ
घाउ अब रगत जमेर फुट्न थालेको छ
घाउ अब पीप बनेर दुख्न थालेको छ । (पृ. ११२)

**औंसीका फूलहरू** १९ वटा शास्त्रीय छन्दमा रचना भएको भए पनि अनुष्टुप छन्दको प्रयोग ज्यादा देखिन्छ । यसका अलावा स्रग्धारा, शार्दूलविक्रीडित, शिखरिणी र मन्दाक्रान्ता आदि छन्दको पनि प्रयोग भएको पाइन्छ । महाकाव्यभित्र वीरोचित वर्णन र विद्रोह, विभीषिक तथा वीभत्सताको वर्णन प्रायः ठाउँमा भए पनि श्रृङ्गारिक रसको उपयोग पनि कतिपय ठाउँमा गरिएका छन् । प्राकृतिक सौन्दर्य र कारुणिकतालाई समेत यसले समाएको छ । युगको नकारात्मक र कुरूप यथार्थलाई अभिव्यञ्जित गरिएको यस महाकाव्यले तत्कालीन युगलाई अँध्यारो र कालो रातको संज्ञा दिएको छ । वर्गीय उत्पीडन र उत्पीडनकारी सामाजिक संरचनाहरूका कारण दुःखपूर्ण सामाजिक अवस्थाको निर्माण भएको तथ्य महाकाव्यले पहिल्याएको छ । यसप्रकार महाकाव्यले प्रगतिवादको सैद्धान्तिक अवधारणालाई पूर्ण रूपमा अवलम्बन गरेको छ ।

### ५.२.३ पुष्पाञ्जलि (२०५७) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**पुष्पाञ्जलि** महाकाव्यको रचना महाकाव्यकार ऋषिराम न्यौपानेबाट भएको हो । नेपालको साम्यवादी आन्दोलनका एक अग्रणी र प्रखर व्यक्तित्व पुष्पलाल श्रेष्ठ (१९८१-२०३५) का सङ्घर्षमय जीवनलाई महाकाव्यात्मक रूप दिई यसको रचना गरिएको हो । नयाँ जनवादी युगको आमन्त्रणका पक्षमा वैचारिक प्रतिबद्धता कायम गर्नु पनि यसको अर्को उद्देश्य हो ।

---

[९५] ऐजन ।

**पुष्पाञ्जलि** महाकाव्यको मुख्य विषयवस्तु नेपाली कम्युनिष्ट आन्दोलनका अग्रणी व्यक्तित्व पुष्पलालको जीवनगाथा भएकाले उनकै सिङ्गो जीवन, दर्शन र नेपाली राजनीतिमा उनको भूमिकामा महाकाव्यलाई केन्द्रित गरिएको छ । पुष्पलालमा पुँजीवाद र पुँजीवादी संस्थाप्रति कसरी वितृष्णा जाग्यो र उनी कसरी मार्क्सवादी विचार एवम् कम्युनिष्ट सङ्गठनतिर प्रेरित भए त्यसको निकै प्रभावशाली चित्रण महाकाव्यमा भएको छ । पुष्पलालको जन्म, बाल्यावस्था र युवावस्थाको चित्रणका साथै प्रौढावस्थामा प्रवेश गर्दा-नगर्दै हुन गएको दुःखद मृत्युसमेतको चित्रण महाकाव्यमा गरिएको छ । पुष्पलालको चवन्नवर्षे जीवनयात्रा विश्वपरिप्रेक्ष्यमा प्रथम विश्वयुद्धोत्तर उपनिवेशवादी युग र त्यसका विरुद्धका राष्ट्रवादी सङ्घर्ष हुँदै द्वितीय विश्वयुद्ध र त्यसपछिका उपनिवेश-विघटन र राष्ट्रवादको अभ्युदय क्रमसँग पनि जोडिएको छ ।[९६] भारतीय स्वतन्त्रतासङ्ग्राम सफल भई व्रिटिश उपनिवेशबाट भारत मुक्त भएको र माओत्सेतुङको नेतृत्वमा भएको नौलो जनवादी क्रान्तिमार्फत् चीन समाजवादी व्यवस्थातर्फ फड्को हानेको कुरालाई पनि महाकाव्यमा प्रस्तुत गरिएको छ । अमेरिकी विश्वप्रभुत्ववाद र सोभियत सामाजिक साम्राज्यवादजस्ता दुई विश्वशक्तिको उदय एवम् तिनका बीचको होडबाजीबाट पैदा भएको शीतयुद्धकालीन विश्ववातावरणलाई पनि[९७] महाकाव्यमा देखाइएको छ । पुष्पलालको जीवन र उनले आफ्नो जीवनमा गरेका कार्यसँग अन्तर्राष्ट्रिय राजनीतिले समेत प्रभाव पारेको कुरालाई महाकाव्यले प्रस्तुत गरेको छ ।

नेपालको जहानियाँ राणाशासनकालको समयमा निरङ्कुश सामन्ती दमनका विरुद्ध क्रान्तिकारी नेपाली युवाहरूले गरेको सङ्घर्ष, २००७ सालको राजनीतिक परिवर्तन र त्यसपछिको अवस्था, २०१७ सालको राजनीतिक परिवर्तन र त्यसपछिको दलविहीन पञ्चायतकालका २०३५ सालसम्मका हुकुमी शासन, निरङ्कुश राजतन्त्रका बर्बर दमनहरू, राजनीतिक पार्टीमाथि लगाइएको प्रतिबन्ध, पुष्पलालको भारत-प्रवास र नेपाली काङ्ग्रेसका नेता बी.पी. कोइरालासँग रोखेको संयुक्त सङ्घर्षको प्रस्ताव, बी.पी.ले सो प्रस्तावमा समर्थन नगर्नु, श्रमिक नेपाली जनतालाई सङ्गठित गरी दीर्घकालीन रूपमा सञ्चालन गरिने दृढ सङ्घर्षद्वारा मात्र नेपाल र नेपालीलाई स्वतन्त्र, समृद्ध र सुखी बनाउन सकिन्छ भन्ने पुष्पलालको सोंच, काङ्ग्रेसका दम्भ एवम् सम्झौता परस्त नीति, कम्युनिष्ट पार्टीभित्रको फुट,

---

[९६] महादेव अवस्थी, ''पुष्पाञ्जलि' महाकाव्यको पर्यवेक्षण', **कुञ्जिनी** (वर्ष ९, अङ्क ६, २०५८), पृ. ३५ ।

[९७] ऐजन ।

निर्दलीय पञ्चायती सामन्ती शासनको दमन र उत्पीडन विरुद्ध जनसङ्घर्ष, क्रान्तिद्वारा नै सामन्ती व्यवस्था पल्टाई शोषित-पीडित नेपाली जनताको सामाजिक, आर्थिक र राजनीतिक स्वतन्त्रता प्राप्त गर्ने पुष्पलालको अठोट, पुष्पलालका जीवनका जटिलता र उनको क्रान्तिकारी चरित्र, उनको दाजु गङ्गालालको सहादत, जीवनमा भोगेका आर्थिक सङ्कट, गम्भीर बिरामी भई भारतमा उपचारका क्रममा मृत्यु, उनको नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको नव नेतृत्व पत्नी साहना प्रधानद्वारा ग्रहणसम्मका घटनाक्रमलाई महाकाव्यले समेटेका छ ।

अन्याय जति गर्दछन् त्यति सङ्घर्ष चर्किन्छ
शोषित हात मिलाई उठे शोषक थर्किन्छ
कायर खोज्छन् अरूको भाग खोसेर जिउँन
पौरखी वीर पौरख गरी खोज्छन् जिउँन ।    (पृ. १५३)

निरङ्कुश शासकहरूको उग्र दमनका विरुद्ध पुष्पलालले साहसपूर्ण सङ्घर्ष गरेका छन् । षड्यन्त्रकारी र शोषणमूलक शासनका विरुद्ध न्यायपूर्ण व्यवस्था सञ्चालनको क्रान्तिकारी सोच, उनका क्रान्तिकारी चेत र देशभक्तिपूर्ण भावना, शोषित-पीडित र भोकानाङ्गा जनताको उन्नतिका लागि समाज-विकासको ऐतिहासिक भौतिकवादी दृष्टिका साथै द्वन्द्ववादी दृष्टि अँगाल्नुका तथा वर्गसङ्घर्षको बाटो मार्फत् शोषित-पीडित नेपाली जनताको नेतृत्व लिन पुग्नु लगायतका घटनाहरूबाट **पुष्पाञ्जलि** महाकाव्यले उच्चता प्राप्त गरेको छ ।

जम्मा २१ सर्गमा विभाजित यस महाकाव्य मूलतः नेपाली लोकछन्दमा आधारित छ र अन्तिम सर्गका अन्त्यमा मात्र उपजाति, भुजुङ्गप्रयात एवम् मालिनीजस्ता शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग भएको छ । वीर, करुण, वीभत्स, रौद्र, शृङ्गार रसहरूको प्रयोग गरेको यसमा विविध अलङ्कारहरूको प्रयोग गरिएका छन् ।

नेपाली बामपन्थी आन्दोलनका नेतृत्वकर्ता पुष्पलाललाई नायकका रूपमा उभ्याई उनकै जीवनमा सङ्घर्षशील एवम् वैचारिक योगदानको सशक्त चित्रण महाकाव्यमा भएको छ । सङ्घर्षशील कुशल क्रान्तिकारी योद्धा पुष्पलालले देश र जनताका लागि गरेका योगदान, शोषक र सामन्तहरूका विरुद्ध गरेका जनसङ्घर्ष लगायतका प्रस्तुति यसमा रहेका छन् । राजनीतिक क्रान्तिद्वारा नेपालका सामाजिक-आर्थिक क्षेत्रको न्यायपूर्ण पुनर्रचना गर्ने क्रान्तिकारी आदर्शप्रति जुन प्रतिबद्धता प्रकट गरिएको छ त्यसले यस महाकाव्यलाई प्रगतिवादी[९८] विचार चेतनाले संरचित सशक्त कृतिका रूप प्रस्तुत गरेको छ ।

[९८] ऐजन ।

### ५.२.४ शहीद गाथा (२०५७) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**शहीद गाथा** पोषराज पौडेलद्वारा लिखित महाकाव्य हो । पञ्चायती व्यवस्थाको कालरात्रीदेखि बहुदलीय व्यवस्थासम्म भएका यथास्थितिवादको विरोध यसभित्र गरिएको छ । नेपाली जनताको महान् सङ्घर्षबाट प्राप्त बहुदलीय व्यवस्थापछि शोषित पीडितहरूको जनजीविका झनै सङ्कटमा परेको यथार्थलाई महाकाव्यभित्र प्रस्तुत गरिएको छ । सामन्ती अत्याचारको बिगबिगी बिकराल बनेको तथ्यलाई चित्रण गर्दै महाकाव्यमा नेपाली जनताको मुक्तिका लागि शहादत प्राप्त गर्ने ज्ञात अज्ञात सहिदहरूका जीवनी र योगदानलाई मुख्य विषय बनाइएको छ । महाकाव्यले आमजनतालाई शोषण विरुद्धको महासमरमा एक भई लागि सहिदहरूप्रति सच्चा सम्मान दर्शाउन पनि आग्रह गरेको छ । साम्राज्यवादी थिचोमिचो, सामन्ती शोषण, दमन, अन्याय र अत्याचारका विरुद्ध युद्ध मैदानमा लड्दालड्दै वीरगति प्राप्त गर्ने साहसिला योद्धाहरूको महानताको कथा हो **शहीद गाथा** । शोषणरहित समाजको स्थापनाका लागि वर्गीय लडाइँमा सामेल क्रान्तिकारी युवाहरूको जीवन यथार्थ पनि हो **शहीद गाथा** । बहुदलीय व्यवस्थाको आगमन पश्चात सत्तासीन जनप्रतिनिधिहरूमा देखापरेको सामन्ती आचरण, भ्रष्टाचार र कमिशन खोरी प्रवृत्तिलाई महाकाव्यले स्पष्ट रूपमा देखाएको छ । प्रजातन्त्र पुनर्स्थापना पश्चात पनि रोग, भोक, शोकको पीडामा जनताहरू छट्पटाइरहेका, राष्ट्रियता धराशयी अवस्थामा पुगेको, प्रजातन्त्रप्रति जनतामा निराशा भाव पैदा भएको, शक्तिका लागि जनता आफैंले बन्दुक उठाएका र भिडन्तमा हजारौं वीर योद्धाहरूले सहादत प्राप्त गरेका कुराहरूलाई विषयवस्तु बनाएर **शहीद गाथा** महाकाव्य तयार भएको छ ।

यौटामा सुख, चैन छन् र सुनका थाली, मणी, हार छन्
अर्कोमा कटु दासता र दुःखका अन्यायका राप छन् । (पृ. २०)

व्यक्तिगत स्वार्थभन्दा पर रहेर देश र जनताका निम्ति प्राणोत्सर्ग गर्ने वीर शहीदहरूप्रति नतमस्तक हुँदै महाकाव्यमा लखन थापाको विद्रोहदेखि जनयुद्ध सञ्चालन भएपछि मुक्तिकामी जनताले चलाउँदै आएका देशभक्तिपूर्ण आन्दोलनहरू र ऐतिहासिक घटनाक्रमहरूलाई विषयक्षेत्र बनाइएको छ । आफ्नो हक अधिकारका लागि उत्पीडित जनसमुदाय र तिनले चलाउँदै आएका वर्गसङ्घर्षप्रतिको सचेत प्रतिबद्धताको कलात्मक अभिव्यक्ति यस महाकाव्यमा सामन्ती शोषणका साङ्लाहरू चुडाल्न जनता स्वयम्ले गरेका सङ्घर्षका कथाहरूलाई प्रस्तुत गरिएको छ । **शहीद गाथा** समाजका हुने खानेहरूद्वारा गरिब जनतालाई दासको रूपमा प्रयोग गरेर र

उनीहरूको श्रम लुटेर आफू अझै सम्पन्न बन्न गरिएका अत्याचारी प्रवृत्तिको यथार्थ हो । दास विद्रोही युवक सन्तेले सामन्तीहरूका विरुद्ध गरिएको सङ्घर्षबाट आरम्भ भई शोषणहरूकै जञ्जीरमा जन्मेर हुर्कँदै गरेको बालक युद्धको बन्दुक बोक्ने दृढ सङ्कल्पका साथ महाकाव्य अन्त्य भएको छ । मूल रूपमा हेर्दा यो महाकाव्य सदियौंदेखि सामन्ती अत्याचारमा पिल्सिदै आएका उत्पीडित नेपाली जनताहरूले त्यस व्यवस्थाप्रति विद्रोही बन्दै वर्गीय मुक्तिका लागि गरेका जनसङ्घर्षमा आधारित रहेको छ ।

नेपालको प्राकृतिक, सामाजिक र सांस्कृतिक परिवेशको समेत चित्रण भएको यसभित्र वर्गसङ्घर्षका विविध रूपहरूलाई प्रस्तुत गर्दै दुश्मनहरूको अत्याचारको बदला लिन क्रान्तिकारीहरूले गरेको दृढताको वर्णन गरिएको छ । साम्यवादी समाज व्यवस्था स्थापनाका लागि क्रान्तिमा होमिएको युवक जीवनको बुढी आमासँग भेट र बूढी आमाको क्रान्तिप्रतिको आकर्षणलाई देखाउँदै काव्यमा सबै उमेर, वर्ग र पेशाका व्यक्तिहरू एकजुट भएर लागेको खण्डमा सामन्ती व्यवस्था एकदिन समुल नष्ट हुने विचार अभिव्यक्त गरिएको छ । क्रान्तिकारी योद्धा जीवनको सहादत, अन्यायका विरुद्ध सङ्घर्ष गर्दागर्दै आशाको काराबास र कारागरभित्रै जन्मिएको बालक युद्धको अन्यायका विरुद्ध बन्दुक उठाउने प्रतिज्ञासँगै काव्यले पूर्णता पाएको छ । उत्पीडित वर्गद्वारा सञ्चालन गरिएको युद्धप्रति सद्भाव, वर्ग दुश्मनप्रति तीव्र घृणा र अमर सहिदहरूप्रति अगाध आस्था प्रकट गरिएको यो काव्य परिवर्तन र नवनिर्माणका लागि पुरानो संरचनालाई किनारा लगाउनै पर्ने मार्क्सवादी सिद्धान्त अनुरूप सिर्जना भएको हो ।

अन्यायको मूल विनाश गर्ने
　　आगो बनेको जनभावनामा
गोली दिई रोक्न कहाँ सकिन्थ्यो
　　आगो झनै उग्र बनेर लप्क्यो । (पृ. १०१)

शास्त्रीय छन्द, लोकलय र गद्यलयको प्रयोग गरी लेखिएको यो महाकाव्यको आयतन १६ सर्गसम्म फैलिएको छ र काव्यमा प्रकृति, सामाजिक यथर्था, आख्यान विविधता र अन्वितिका यथासम्भव तालमेल रहेको छ । वर्गसङ्घर्ष र वर्गयुद्धका अमर शहीदहरूले निर्माण गरेको नयाँ समाज र संस्कृतिको प्रारूपीकरणलाई बोध गर्दै क्रान्तिका लागि जनसङ्घर्ष अत्यावश्यक भएको तथ्यको उजागर महाकाव्यभित्र गरिएको छ । मार्क्सवादी चिन्तनअनुरूप सृजित यस महाकाव्यमा वर्गीय

असमानताकै कारण नारी शोषण भइरहेको, धार्मिक अन्धता गरिबहरूमाथि लादिएको कुसंस्कार भएको ग्रामीण साहु मुखियाहरूको सामन्ती अत्याचार बढ्दै गएको र क्रान्ति योद्धाको लक्ष्य क्रान्ति प्राप्ति नभएसम्म यथावत रहिरहने तथ्यहरूलाई पनि खिचिएका छन् ।

### ५.२.५ सिमाना (२०५८) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण

चन्द्रप्रसाद न्यौपानेद्वारा लिखित महाकाव्य **सिमाना** ले घरभित्रको पारिवारिक अंशवण्डादेखि लिएर राष्ट्रिय र अन्तर्राष्ट्रिय साँध, सीमाको विषयवस्तुलाई कथ्य बनाएको छ । मैत्री गाउँका कृष्णप्रसाद र उनका चार सन्तानका बारेमा जानकारी दिँदै काव्यको कथानक आरम्भ भएको छ । बाबुले छोराहरूलाई बराबरी आफ्नो अंश बाँडिदिन्छन् तर जेठा र माहिलाका बीचमा अंशसम्बन्धी विषयलाई लिएर झगडा पर्छ । कान्छो प्यान्टेले सो झगडा मिलाउन खोज्छ तर कसै गरे पनि मिलाउन नसकेपछि ऊ शान्तिको खोजीमा जङ्गल पस्छ । परिवारमा दाजुहरूको अपहेलना सहन नसकी उनीहरूकी एकमात्र बहिनी कलावती पनि एकान्तस्थल खोज्दै जङ्गलतर्फ हिँड्छे । त्यहीं उसको सुजनसँग भेट हुन्छ र दुवै विवाह बन्धमा बाँधिन्छन् । छोरी सरिताको जन्म हुन्छ । प्यान्टेले कविताको आराधना गर्दै हिँड्दा नेपाली समाजमा विद्यमान् द्वन्द्व, भ्रष्टाचारी शासकहरू र नेपालको दुरावस्थालाई कवितामार्फत् देखाएको छ । यसैबीच भारतीयहरूले नेपाली सीमाको अतिक्रमण गर्छन् । देशभित्र शोषक र शोषितबीच युद्ध चल्छ  कलावती त्यही युद्धमा मर्छे । उनीहरूकी छोरी सरिताको विवाह दार्जिलिङको प्रतापसँग हुन्छ । दार्जिलिङमा भारतले आफ्नो सीमा बाँधे पनि त्यहाँका नेपालीहरू नेपाली भाषा र साहित्यकै लागि लड्न तत्पर हुन्छन् । प्यान्टे समाजसेवामा लाग्दछ र नागरिक सचेतना जगाउन नेपालको हिमाल, पहाड, तराई सवैतिर डुल्छ । यसरी डुल्ने क्रममा हिमालमा उसका सहयोगी साथीका साथै प्यान्टेको पनि मृत्यु हन्छ । नेता, पत्रकार त्यहाँ पुगे पनि देशका लागि लड्ने उनीहरूको कसैले वास्ता गर्दैनन् । नेताहरूको मनपरीतन्त्र र राष्ट्रिय हित चाहनेहरूको दुःखद अन्त्य देखाउँदै कथानक दुःखान्तमा टुङ्गिएको छ ।

अन्यायका विरुद्ध सङ्घर्ष गरेमा मात्र शक्ति प्राप्त हुन्छ भन्ने तथ्यलाई महाकाव्यमा देखाइएको छ । समाजमा व्याप्त भ्रष्टाचार, सम्पत्तिका कारण हुने सङ्घर्ष तथा जनताको समस्या समाधान गर्ने कसम खाएर सत्तामा पुगेका नेताहरूको पुँजीवादी आचरणलाई यसभित्र यथार्थ ढङ्गमा प्रस्तुत गरिएको छ । पैतृक सम्पत्तिको विषयलाई लिएर समाज र परिवारमा हुने गरेको दाजुभाइको झगडा

बढ्दै गई राष्ट्रिय कलहका रूपमा परिणत भएको छ । भारतीयहरूले नेपाली भूमिमाथि आँखा गाडेर दिनप्रतिदिन सिमाना मिच्दै गएका छन् तर सत्तासीन राजनेताहरूलाई त्यसको कुनै पर्वाह छैन । राष्ट्रिय अस्तित्व रक्षाका लागि आत्मबलिदानी गर्नेहरूको कुनै मूल्य छैन । काव्यमा प्रतीकात्मक रूपमा जनताको श्रम र पसिनामा मोज गरेर पेट भर्न पल्केका शासकहरूप्रति पनि तीव्र व्यङ्ग गरिएको छ ।

काटे सिमाना कविले यताको
बिर्सेर सारा जनको कथा त्यो
यो क्रान्तिकारी नव सिर्जनाका
छ लेख्नुपर्ने इतिहास पाना । (पृ. २३८)

मान्छेभित्रका नीच र स्वार्थी भोगविलास र अहम्लाई आफूभित्रै दबाएर राष्ट्रिय अस्तित्व रक्षा र मानव कल्याणमा लाग्नुपर्ने कुरा महाकाव्यभित्र व्यक्त भएको छ ।

सर्गहरूलाई आँखा नाम दिइएको यसमा १५ आँखाहरू रहेका छन् । यसका सम्पूर्ण श्लोकहरू शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएका छन् । शृङ्गार, वीर, शान्त र करुण जस्ता विविध रसहरूको प्रयोग भएको यसमा १३ प्रकारका छन्दहरूको प्रयोग भएको छ । महाकाव्यले प्रगतिवादको सैद्धान्तिक मान्यतालाई अवलम्बन गरेको छ ।

### ५.२.६ गौरीशङ्कर (२०५८) महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण

**गौरीशङ्कर** महाकाव्यका लेखक नरेन्द्र पराशर हुन् । पौराणिक शङ्करलाई सर्वहारावर्गीय वैचारिकता प्रदान गरी बहुसंख्यक मानवसागरको नेताका रूपमा यस महाकाव्यमा प्रस्तुत गरिएको छ । पौराणिक शिवपार्वतीलाई नवीन ढङ्गमा प्रस्तुत गरेर सामन्ती वर्गका विरुद्ध विद्रोहको कथालाई देखाइएको छ । पुराणसँग मिल्ने पात्र पर्वतराज र मेनकाका चरित्रमा सामन्ती स्वरूप यथावत देखिन्छ । सामन्तीका नाइके वा नेताका रूपमा विष्णु र इन्द्र आएका छन् । शिवका भूतप्रेतजस्ता गणहरूलाई शोषित र उत्पीडित जनताका पक्षमा सङ्गठित भएका सर्वहारावर्गीय शिवसेनाका रूपमा प्रस्तुत गरिएको छ । नयाँ किसिमको वैज्ञानिक दृष्टिकोण अनुरूप सिर्जना भएको यस महाकाव्यमा प्रत्येक वस्तुभित्र शोषित-पीडित मानव समुदायका श्रम, सीप, ज्ञान, सिर्जना र संवेदनाको सञ्चार गरिएका छन् । निजी सम्पत्ति र व्यक्तिवादको आदर्शनमा स्थापित बुर्जुवा मानवताभन्दा भिन्न सर्वहारा मानवतावादका पक्षमा यस महाकाव्यले वकालत गरेको छ । कृतिको नाम र

आवरणमा पौराणिक पात्र राखिए पनि यो महाकाव्य मानवीय यथार्थपरक, प्रगतिशील र सन्देशमूलक चरित्रमा आधारित छ । महाकाव्यको नायक परिश्रमी, विवेकी हुनुका साथै जीवनजगत्का सङ्कट र सङ्घर्षसँग जुध्ने जुझारु प्रकृतिको देखिन्छ । बहुसंख्य मानवका पक्षमा प्रतिबद्ध र सक्रिय पात्र शिवले आम जनताको विकास, स्वतन्त्रता र मुक्तिका लागि सर्वप्रथम उत्पीडित श्रमजीवी जनताको मुक्तिका पक्षमा जनक्रान्ति नै अपरिहार्य भएको बताएका छन् । सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, जातीय लगायत सबै किसिमका सामन्ती शोषण समाप्त गर्नका लागि सांसारिकताबाट नै मुक्त हुनुपर्छ भन्ने चेतना शिवमा आउँछ । फलस्वरूप आफ्ना गुरुसँग विद्रोह गरी उनी सामाजिक मुक्तिको अभियानमा लाग्दछन् । न्यायप्रेमी, समतामूलक समाजका पक्षपाती शिवको निरङ्कुश सामन्तीहरूसँग लडाइँ नै चल्दछ । शिव पार्वतीका प्रेमप्रसङ्गहरूलाई पनि नयाँ ढङ्गमा महाकाव्यमा राखिएको छ । शिव मार्फत् महाकाव्यमा निरङ्कुश सत्ताधारीहरूप्रति चर्को विद्रोह गर्दै बहुसंख्यक जनताको मुक्तिका पक्षमा आवाज उठाइएको छ । मान्छेको स्वतन्त्रता, श्रम, सीप र सिर्जनाको सम्मान गर्दै यसभित्र अन्यायका विरुद्ध दृढ र सङ्घर्षशील हुन आमयोद्धाहरूलाई आग्रह गरिएको छ । सामाजिक असमानता र राजनीतिक आर्थिक शोषणको कडा विरोध यसमा भएको छ । अर्कोतर्फ जनताको शोषण गरी आफ्ना साम्राज्य विस्तार गर्न खोज्ने राजामहाराजा एवम् कुलीन वर्गप्रति आक्रोश पोखिएको छ ।

जम्मा पन्ध्र सर्गमा संरचित यस महाकाव्यमा अनुष्टुप, मालिनी, भुजङ्गप्रयात, वसन्ततिलका, शार्दूलविक्रीडित, शिखरिणी, उपजाति, पञ्चचामर, स्रग्धरा, स्वागता र मन्दाक्रान्ताजस्ता अनेक छन्दहरूको उपयोग गरिएको छ । वीर, करुण, शृङ्गार लगायत विविध रसहरूको प्रयोग गरिएका महाकाव्यभित्र प्रसङ्ग अनुसार सबै प्रकारका अलङ्कारहरूको उपयोग गरिएका छन् ।

यस्ता बात सुनेर रन्किन पुगे क्रोधाग्नि दन्के शिव
तिम्रो यो दरबार बाहिर सबै रै ती कहाँ छन् सुखी ?
जाऊ यो परखाल पल्तिर सबै भोका र नाङ्गा जन
पानी खान नपाइ आँसु पिउँछन् धक्कू नलाउँ सुन !
हामी काम गरेर मात्र जिउँछौं, जुका बुझ्यौ होइनौं ?
हामीलाई चुसेर हेर तिमीले च्याँसे बनायौ सदा ! (पृ. १८९)

अज्ञानता, अचेतना, शोषण, अन्धविश्वास, सामन्ती थिचोमिचाका विरुद्ध सशक्त विद्रोह **गौरीशङ्कर** महाकाव्यमा भएको छ । अन्याय, अत्याचार र सामन्ती शोषणका विरुद्ध आम जनसागरलाई सङ्गठित पार्नु यसको अर्को उद्देश्य हो । वर्तमान नेपाली राज्यसंरचना, शासन संयन्त्र र सत्तासीनहरूको सामन्ती संस्कारलाई महाकाव्यले प्रस्तुत गरेको छ । महाकाव्यले पुँजीपति सामन्तवादीहरूप्रति पूर्ण रूपमा खुलेर विद्रोह गर्न भने सकेको छैन । वर्गीय मुक्ति र क्रान्तिका पक्षमा सशक्त आवाज उठाउनु भन्दा अलोचना मात्र पोखेका कारण यसलाई पूर्ण प्रगतिवादी महाकाव्य मान्न सकिँदैन । प्रगतिवादी काव्यिक मूल्यलाई केही मात्रामा अनुशरण गर्दै आलोचनात्मक भाव तीव्र रूपमा पोखिएका कारण यसलाई आलोचनात्मक यथार्थवादीकै कोटीमा राख्न सकिन्छ ।

# छैटौं परिच्छेद

# निष्कर्षात्मक उपसंहार

नेपाली प्रगतिवादी कविताको विकास प्रक्रियामा पचासको दशक (२०५०-२०५९) निकै उपलब्धिपूर्ण समयावधिका रूपमा देखिएको छ । त्यसैले यस शोधमा उक्त दशकका नेपाली प्रगतिवादी कविताहरूको प्रवृत्तिगत सर्वेक्षणमा आधारित अनुसन्धानात्मक अध्ययन गरिएको हो । यस शोधका दोस्रो परिच्छेद देखि पाँचौ परिच्छेदसम्म क्रमशः प्रगतिवादी साहित्य शास्त्रीय सैद्धान्तिक अवधारणाका साथै पचासको दशकका नेपाली प्रगतिवादी कवितासङ्ग्रह, खण्डकाव्य र महाकाव्यको प्रवृत्तिगत सर्वेक्षण गरिएको छ । त्यस सर्वेक्षणबाट प्राप्त निष्कर्षलाई तल प्रस्तुत गरिएको छ । यस परिच्छेदका अन्त्यमा उपसंहारका रूपमा पचासको दशकमा प्रगतिवादी धाराको वरण गरी फुटकर कविता सिर्जनामा साधनारत कविहरूका सम्बन्धमा थप सूचना दिइएको छ ।

## ६.१ उपसंहार

स्नातकोत्तर तहको शोधकार्यको सीमाले गर्दा प्रस्तुत अध्ययनमा पचासको दशक (२०५०-५९) का पुस्तकाकार (कवितासङ्ग्रह, खण्डकाव्य र महाकाव्य) रूपमा उपलब्ध प्रगतिवादी नेपाली कविताको मात्र प्रवृत्तिगत सर्वेक्षण गरियो । यस दशकमा फुटकर कविता रचि नेपाली प्रगतिवादी कवितालाई विकासशील तुल्याउनमा निकै कविहरूको उल्लेखनीय भूमिका रहेको छ । त्यसैले उपसंहारका रूपमा ती प्रगतिवादी कविहरू पनि नाम उल्लेख गर्नु जरुरी भएको छ । जसले उक्त दशकमा फुटकर कविता रची नेपाली कविताको प्रगतिवादी धारालाई अग्रगति दिँदै आएका छन् ।

पचासको दशकको प्रगतिवादी नेपाली काव्यका सन्दर्भमा यस शोधपत्रमा उल्लिखित सबै कृतिहरू स्मरणीय भए तापनि सबै कृतिहरू उत्तिकै मूल्यवान् ठहर्न भने सक्तैनन् । त्यसैले कतिपय कृतिहरूलाई यस दशकको आधार स्तम्भका रूपमा लिइएको छ भने कतिपय कृतिहरूले प्रगतिवादको आंशिक सङ्केत मात्र गरेका छन् । पचासको दशकको प्रगतिवादी काव्यको विकासमा आर्थिक, सामाजिक, राजनीतिक र साहित्यिक पृष्ठभूमि कारकका रूपमा रहेको देखिन्छ । २०४६ सालको जनआन्दोलनलाई पचासको दशकको प्रगतिवादी काव्यको पृष्ठभूमिका रूपमा लिइन्छ । त्यसैगरी नेपालमा भएका साम्राज्यवादविरोधी मुक्ति आन्दोलनहरूका अन्तः प्रभाव र प्रेरणाबाट यस दशकका काव्यकृतिहरू प्रभावित बनेका छन् ।

यस दशकमा अघिल्लो चरणदेखि नै लेखिरहेका कविहरूका साथै नयाँ कविहरू पनि देखापरेका छन् । सर्वेक्षणका क्रममा प्रकाशन मितिलाई आधार मानिएकाले २०५० अघि नै लेखिएका भए पनि प्रकाशन २०५० पछि मात्र भएका कारण २०५० अघिकै रचनाहरू पनि यस अवधिमा परेका छन् । प्रकाशित सङ्ग्रहहरूका अतिरिक्त यस चरणमा अन्य धेरै कविहरू साधनारत भएको पाइन्छ । अघिल्लो चरणमा सङ्ग्रह प्रकाशित गरिसकेका कतिपयय कविहरू पचासको दशकमा आइपुग्दा फुटकर रूपमा देखापरेका छन् भने कतिपय सशक्त कविहरू पनि फुटकर कविता प्रकाशनतर्फ मात्र लागेका छन् । यस्ता कविहरूमा गोविन्द वर्तमान, रुद्र खरेल, खगेन्द्र सङ्ग्रौला, पूर्ण इन्फादा, लोकेन्द्र विष्ट, नारायण ढकाल, इस्माली, अरूण मिश्र, शार्दूल भट्टराई, सुधा त्रिपाठी, जीवेन्द्रदेव गिरी, घनश्याम कंडेल, श्रवण मुकारुङ, खुसीराम पाख्रिन, नेत्र एटम, रमेश भट्टराई, हेमनाथ पौडेल, ऋषिराज बराल, कपिल लामिछाने, नरनाथ लुइँटेल, कृष्णज्वाला देवकोटा, सुकुम शर्मा, रविकिरण निर्जीव, आहुति, डा. जगदीशचन्द्र भण्डारी, प्रोल्लास सिन्धुलीय, मोदनाथ प्रश्रित, वासुदेव अधिकारी, अग्निशिखा, गङ्गाप्रसाद उप्रेती, आर.आर. चौलागाई, ताराकान्त पाण्डेय, विमल निभा, अनिरुद्ध तिमसिना, ललिजन रावल, मोहन सिटौला, जनक हुमागाई, गोविन्द भट्ट, घनश्याम ढकाल, श्यामल, कविताराम, रायन, निर्मल श्रेष्ठ, आर.एम. डंगोल, भागिरथी श्रेष्ठ, भवानी थापा, शोभा गौतम, हरिगोविन्द लुइँटेल, बुँद राना, अर्जुन नेपाल, पुण्य खरेल, शारदारमण नेपाल, हरिहर खनाल, विष्णुप्रभात, कुन्दन अर्याल, सुष्मिता नेपाल, सुरेश किरण, राजेन्द्र पौडेल, दीपकराज पाण्डे, रमेशजङ्ग सिजापति, भूपिन व्याकुल, सरिता तिवारी, टङ्क उप्रेती, त्रिलोचन आचार्य, महेश माक्से, लोचनकुमार कट्टेल, गणेश भण्डारी, रामबहादुर रायमाझी, शिखर परिवेश, मोहन दुवाल, चिन्तु गिरी, हरिदेवी कोइराला, दयाल हिमाली, नरेश शाक्य, दुर्गालाल श्रेष्ठ, मीन द्वन्द्वी, बुद्ध सायमी, ओम सिटौला, शोभा थापा 'छाल', मीनबहादुर विष्ट, देविका तिमिल्सिना, यज्ञबहादर डाँगी, जगन्नाथ खतिवडा, कुसुम ज्ञवाली, सिद्धिश्वरनाथ श्रेष्ठ, अनिल शर्मा, बलराम तिमल्सिना, विष्णु भण्डारी, दीपशिखा, वीरबहादुर के.सी., खड्गसेन ओली, कृष्ण धरावासी, कृसु क्षेत्री, खिलबहादुर भण्डारी, चड्की श्रेष्ठ, जगन्नाथ आचार्य, देवी नेपाल, दाहाल यज्ञनिधि, पदम गौतम, पुण्यप्रसाद खरेल, डा. बेन्जु शर्मा, मणि लोहनी, मञ्जु काँचुली, मणि काफ्ले, लक्ष्मी माली, स्नेह सायमी, अविनाश श्रेष्ठ, आनन्दराम पौडेल, ऋषिराम भुसाल, चेतनाथ धमला, जङ्गब, पुण्य खरेल, पूर्ण वैद्य, मिलन श्रेष्ठ, मनोज न्यौपाने, मुरारी पराजुली, राम विनय, विष्णुविभु घिमिरे, हेमराज अधिकारी प्रभृति रहेका छन् ।

पचासको दशकका नेपाली प्रगतिवादी कविताहरूमा मूलतः दुई किसिमका प्रवृत्तिहरू पाइन्छन् । २०५२ पहिलेका कविता र २०५२ पछिका कविताहरूमा केही भिन्नता देखिन्छ । २०५० देखि २०५२ को अवधिमा रचिएका कविताहरूले बढी आलोचनात्मक यथार्थ र केही समाजवादी यथार्थवादलाई आत्मसात गरेका छन् भने २०५२ पछिका कविताहरूमा परिवर्तनको तीव्र चाहना व्यक्त गर्दै देशमा भएको जनयुद्धका क्रममा घटेका विविध घटनाक्रमहरूलाई मुख्य विषय बनाइएको छ । आमूल परिवर्तनका लागि पुरानो संरचना भत्काउँदै नयाँ सामाजिक व्यवस्था लागू गर्ने अभिलाषा सहित सञ्चालित उक्त जनयुद्धका क्रममा भएका जनताका त्याग र बलिदानलाई कविताहरूले प्रस्तुत गरेका छन् । जनयुद्धको समयमा भएका हत्या, हिंसा र आर्थिक तथा भौतिक विनासप्रति सजगता देखाउँदै शान्तिको कामना साथ अग्रगामी परिवर्तनको चाहनालाई पनि यस दशकका कविताहरूमा मुखरित गरिएको छ । यो समयका कविताहरूमा ग्रामीण-सामाजिक यथार्थका विविध पाटाको अभिव्यक्ति भन्दा सामन्ती राज्यसत्ता, निरङ्कुश राजतन्त्र र त्यसले उत्पन्न गरेको राजनीतिक यथार्थप्रति प्रहार गरिएको छ । त्यसैगरी पञ्चायती व्यवस्थाको पतनप्रति व्यङ्ग्य तथा जनआन्दोलनको उपलब्धिप्रति प्रसन्नता, सामन्तवादी-पुँजीवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसप्रति निन्दा, साम्राज्यवादी शोषण, उत्पीडन र ज्यादतीको विरोध, वर्गीय चेतनाका पक्षमा वकालत र सङ्घर्षप्रति प्रतिबद्धता, सामाजिक तथा राजनीतिक क्षेत्रमा आमूल परिवर्तनको अपेक्षा, श्रमिक वा मजदुरका हक अधिकारप्रति सचेतता, धार्मिक अन्धता र रुढिवादको विरोध, नारी शोषण, दमन र उत्पीडनको चित्र प्रस्तुत गर्दै लैङ्गिक समानतामा जोड, सर्वहारा वर्गको हक अधिकार सुनिश्चितताका लागि क्रणित आह्वान, राष्ट्रियता, प्रजातन्त्र र मानव अधिकारप्रति प्रतिबद्धता व्यक्त गर्दै सामाजिक अग्रगमनका पक्षमा यात्रा तय राजनीतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र प्रादेशिक अखण्डताप्रति सतर्कता, सहिदहरूप्रति श्रद्धा भाव तथा पुँजीवाद र साम्राज्यवादप्रति विरोध जनाउँदै लेखिएका पचासको दशकका प्रगतिवादी कविताहरूले आम जनतालाई वर्गीय चेतनाको पाठ पढाउँदै समतामूलक समाज निर्माणका पक्षमा लाग्न अभिप्रेरणा प्रदान गरेका छन् । वैचारिक प्रतिबद्धता, वर्गीय दृष्टिकोण, युग जीवनका यथार्थका साथै सङ्घर्ष, क्रान्ति र सामाजिक मुक्तिका तथ्यहरू यस दशकका नेपाली प्रगतिवादी काव्यहरूले प्रवाहित गरेको देखिन्छ । आर्थिक सामाजिक जीवनमा भएका विविध असमान पक्षहरूलाई हटाउँदै त्यसबाट मुक्तिका निम्ति सहयोग गर्ने चाहना व्यक्त गर्दै पचासको दशकका नेपाली

प्रगतिवादी काव्यहरूले साम्यवादी समाजको अपरिहार्यतालाई स्वीकार गरेका छन् । यसप्रकार पचासको दशक प्रगतिवादी काव्य लेखन र प्रकाशनका दृष्टिले उल्लेख्य चरणका रूपमा रहेको छ ।

## ६.२ निष्कर्ष

(क) **प्रगतिवादको सैद्धान्तिक मान्यता र कवितामा त्यसको प्रयोगको अध्ययन गर्ने सन्दर्भमा प्राप्त भएका निष्कर्षहरू निम्नानुसार रहेका छन्:**

१. यथार्थवाद हुँदै आलोचनात्मक यथार्थवादको चरण पार गरेर मार्क्सवादको निकटता प्राप्त गरेपछि समाजवादी यथार्थवादका नाममा अर्को वादको उत्पत्ति भयो । यसलाई प्रगतिवाद भनिन्छ ।

२. प्रगतिवाद मार्क्सवादी साहित्यिक मान्यता तथा चिन्तन हो । मार्क्स-एङ्गेल्सका उत्तरवर्ती युगमा विभिन्न दार्शनिक, राजनीतिक विचारक एवम् साहित्य चिन्तक, समीक्षक हुँदै प्रगतिवादी साहित्य चिन्तनको परम्परा अगाडि बढेको हो ।

३. द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई मूल दार्शनिक आधार बनाएको प्रगतिवादले अन्य पदार्थमा झैं कलासाहित्यमा पनि दुई विपरीत तत्त्वका बीच हुने सङ्घर्षलाई स्विकार्दै कलासाहित्यको इतिहासलाई पनि यसै सङ्घर्षको ऐतिहासिकतामा हेर्दछ ।

४. सामन्तवाद, पुँजीवाद, विस्तारवाद र साम्राज्यवादका विरुद्ध हुने सङ्घर्षलाई प्रगतिवादी साहित्यले सघाउँछ ।

५. कलासाहित्यको उपयोगितावादी गुण र सौन्दर्यात्मक गुण वर्गीय हुने कुराको वकालत गर्दै प्रगतिवादले कलासाहित्यमा वर्गीय पक्षधरतालाई महत्त्व दिन्छ ।

६. कलासाहित्यका संरचक तत्त्व अन्तर्वस्तु र रूप हुन् । यी दुई तत्त्वहरूको एकताबाटै उत्कृष्ट साहित्यको निर्माण हुने तथ्य प्रगतिवादले प्रस्तुत गरेको छ ।

७. कलासाहित्यको उद्भव सामूहिक श्रमसँगै भएको हो भन्ने मान्यता प्रगतिवादको हो । श्रम सामूहिक प्रयोजनका निम्ति गरिने हुनाले श्रमशक्तिमा आधारित कलासाहित्यको पनि सामूहिक प्रयोजन हुने कुरो प्रगतिवादको ठम्याइ छ ।

८. सर्वहारा वर्गलाई समाजको क्रान्तिकारी शक्ति मान्ने प्रगतिवादले साहित्य र कलालाई सर्वहारा वर्गको मुक्तिको हतियारका रूपमा लिंदै सर्वहारा मानवतावादी भावनाको उत्थानमा विशेष जोड दिएको छ ।

९. प्रगतिवादी चिन्तनबाट हेर्दा कविताको उत्पत्ति आदिम युगमा सामूहिक श्रमलाई सरल एवम् सहज बनाउने आवश्यकताबाट भएको हो ।

१०. कविता आदिम समुदायको ओजपूर्ण र लयात्मक भाषामा व्यक्त सामूहिक आवेग हो । यो वैयक्तिक नभई सामूहिक श्रमलाई उद्घाटित गर्ने एउटा माध्यम पनि हो ।

११. आदिम वर्गविहीन समाजमा सिर्जित भई आजको जटिल वर्गविभाजित समाजमा बाँचिरहेको कविताले समय सँगसँगै वर्गीय सामूहिक आवेगलाई अभिव्यक्त गरिरहेको छ ।

१२. शासक वर्गको अन्याय, अत्याचार, शोषण र दमनविरुद्ध जागृत हुँदै बहुसंख्यक उत्पीडित वर्गको प्रतिरक्षाका लागि उठाइएका आवाजहरूको लयात्मक अभिव्यक्ति नै प्रगतिवादी कविता हो ।

**(ख) पचासको दशकका नेपाली प्रगतिवादी कवितासङ्ग्रहहरूको सर्वेक्षणबाट प्राप्त निष्कर्षलाई निम्न बुँदामा राख्न सकिन्छ-**

(१) पचासको दशकका नेपाली प्रगतिवादी कवितामा सामन्तवादी समाजको यथार्थ चित्रण गर्दै सामन्त वर्गप्रति घृणा र आक्रोशको भावना प्रबल रूपमा अभिव्यक्त भएको छ ।

(२) साम्राज्यवादी, पुँजीवादी, विस्तारवादी र प्रतिक्रियावादी शक्तिहरूका विरुद्ध यस दशकका कविताहरूले तीव्र विरोध पोख्नुका साथै तिनको शोषणधर्मी चरित्रलाई पनि देखाएका छन् ।

(३) नारी शोषणका विरुद्ध मुक्तिको आवाज उठाउँदै लैङ्गिक समानताको चित्रण यस दशकका कविताकृतिहरूमा पाइएका छन् ।

(४) धार्मिक अन्धता, रुढिवाद र सामाजिक कुरीतिका विरुद्धमा पनि कविताकृतिहरूले आफ्ना अभिव्यक्ति सशक्त रूपमा प्रकट गरेका छन् ।

(५) अर्ध-सामन्ती र अर्ध-पुँजीवादी नेपाली समाजभित्रका वर्गीय अन्तः सङ्घर्षलाई यस दशकका कविताहरूले मुख्य विषयक्षेत्र बनाएका छन् ।

(६) राष्ट्रियताप्रति सम्मान र सद्भाव तथा सहिदहरूप्रति श्रद्धा राख्दै लेखिएका यस दशकका कविताहरूमा राष्ट्रिय अखण्डता रक्षाका लागि सामुहिक ऐक्यवद्धतालाई अपरिहार्य मानिएको छ ।

(७) वर्गीय प्रतिबद्धता, साम्यवादप्रतिको आकर्षण, नयाँ समाज सिर्जनाको चाह, सर्वहारावादी चिन्तनसहित समतामूलक सामाजिक व्यवस्थानिर्माणका निम्ति

क्रान्तिकारी शक्ति र जनताहरूलाई आह्वान यस दशकका कवितासङ्ग्रहहरूले गरेका छन् ।

(८) मार्क्सवादप्रति आस्था, कम्युनिष्ट पार्टीको घोषणा-पत्र, द्वन्द्वात्मक-ऐतिहासिक भौतिकवाद, सामन्तवादी, पुँजीवादी र साम्राज्यवादी शासन प्रक्रियाको विरोध एवम् सर्वहारा वर्गीय शक्तिप्रति विश्वास गर्दै पचासको दशकका प्रगतिवादी कविताहरू रचना भएका छन् ।

(९) व्यक्तिवादी बुर्जुवा मानवतावादका विरुद्ध सर्वहारा मानवतावादको स्थापना गर्नुपर्छ भन्दै शोषित पीडित, मजदुर, किसान र सुकुम्बासीका पीडाहरूलाई यस दशकका कविताहरूले मुख्य रूपमा प्रस्तुत गरेका छन् । सर्वहारा वर्गीय क्रान्ति चेत, जातीय उत्पीडन र अधिकारका लागि सङ्घर्षको अपरिहार्यतालाई बोध गराउनु यी कवितासङ्ग्रहहरूको मूल अभीष्ट हो ।

(१०) भाषा, छन्द, अलङ्कार, विम्ब, प्रतीक र व्यङ्ग्यविधानका दृष्टिले पनि पचासको दशकका प्रगतिवादी नेपाली कविताहरूको आफ्नै विशिष्ट शैली र पहिचान रहेको छ ।

**(ग) पचासको दशकका नेपाली प्रगतिवादी खण्डकाव्यहरूको सर्वेक्षणबाट प्राप्त निष्कर्षलाई निम्न बुँदामा समेटिएको छ :**

(१) नेपाली समाजमा सदियौंदेखि जरो गाडेर बसेको सामन्तवादी व्यवस्था र त्यसका पृष्ठपोषक शक्तिद्वारा आक्रान्त बहुसङ्ख्यक उत्पीडित वर्गको जीवनको भयावह र कारुणिक यथार्थको चित्रण गर्दै त्यसभित्र चर्कँदै गएको द्वन्द्व एवम् आर्थिक र सामाजिक विषमतालाई पचासको दशकका खण्डकाव्यहरूले प्रस्तुत गरेका छन् ।

(२) नेपाली समाजमा व्याप्त धार्मिक अन्धवाद, रुढिवाद, जातीय सङ्कीर्णता आदिको विरोध गर्दै खण्डकाव्यहरूले आर्थिक, सामाजिक र राजनीतिक असमानताप्रति चर्को विरोध गरेका छन् ।

(३) २०५० देखि २०५२ अर्थात् जनयुद्ध सुरु हुनुभन्दा अघि लेखिएका खण्डकाव्यहरूमा सामन्तवाद, पुँजीवाद, साम्राज्यवाद र विस्तारवादका विरुद्ध तत्कालीन यथार्थको अभिव्यक्ति केन्द्रित रहेका छन् भने २०५२ पछि लिखित खण्डकाव्यहरूले जनयुद्ध र जनक्रान्तिलाई नै मुख्य विषय बनाएका छन् ।

(४) निरङ्कुश र स्वेच्छाचारी शासकहरूको उत्पीडनबाट ग्रसित जनताका तीता भोगाइहरू प्रस्तुत गर्दै वर्तमानको कुरूपतालाई पचासको दशकका

खडकाव्यहरूले सचित्र देखाएका छन् । अर्थात् कटुवर्तमानको अभिव्यञ्जना, वर्गचेतना, वर्गयुद्धको आवश्यकताबोध र क्रान्तिकारी शक्तिप्रतिको आस्थालाई मार्क्सवादी सौन्दर्यशास्त्रीय दृष्टिकोणबाट प्रस्तुत गरेर खण्डकाव्यहरू तयार भएका छन् ।

(५) नेपाली किसान, ज्यामी, मजदुर, सुकुम्बासी, दलित तथा महिलाहरूका पीडालाई यस दशकका खण्डकाव्यहरूले आफ्नो विषयक्षेत्र भित्र समेटेका छन् ।

(६) बामपन्थी आन्दोलनका सङ्घर्षशील व्यक्तिहरूको हत्या प्रकरण, साम्राज्यवादी-पुँजीवादी अत्याचारका विरुद्ध उनीहरूले लडेको साहसपूर्ण लडाइँ र समतामूलक समाज निर्माणका लागि आगो र बन्दुक बोकेर जनसमरमा हिडेका युवाहरूको साहस र धैर्यलाई पनि खण्डकाव्यहरूले प्रस्तुत गरेका छन् ।

(७) वर्गीय मुक्ति आन्दोलनमा लागेका सङ्घर्षशील योद्धाहरूका कथा-व्यथा, देश र जनताका लागि लड्दालड्दै मृत्युवरण गर्न पुगेका सहिदहरूका आकाङ्क्षालाई प्रस्तुत गर्दै लेखिएका पचासको दशकका प्रगतिवादी खण्डकाव्यहरूले सामन्तवादी पुँजीवादी संरचनालाई समुल नष्ट पार्ने आधार वर्गयुद्ध नै हो भन्ने मार्क्सवादी वैज्ञानिक दृष्टिकोणलाई कलात्मक रूपमा अवलम्बन गरेका छन् ।

(८) केही बद्ध लय र केही मुक्त लयमा लेखिएका पचासको दशकका नेपाली प्रगतिवादी खण्डकाव्यहरूले सहज, सम्वेद्य र सरल शैलीलाई उपयोग गरेका छन् ।

**(घ) पचासको दशकका नेपाली प्रगतिवादी महाकाव्यहरूको सर्वेक्षणबाट प्राप्त निष्कर्षहरू यसप्रकार छन्:**

(१) पचासको दशकका नेपाली प्रगतिवादी महाकाव्यहरूको लेखन र प्रकाशनमा तत्कालीन आर्थिक, सामाजिक, राजनीतिक र साहित्यिक परिवेशको महत्त्वपूर्ण भूमिका देखिन्छ ।

(२) २०४६ सालको जनआन्दोलनको पृष्ठभूमि र तत्पश्चात स्थापित शासन व्यवस्थामा देखापरेका पुँजीवादी अत्याचार र जनविरोधी-राष्ट्रविरोधी क्रियाकलाप, आचरण र प्रवृत्तिका विरुद्धमा सङ्घर्षरत नेपाली उत्पीडित सर्वहाराहरूको आन्दोलनलाई पचासको दशकका प्रगतिवादी महाकाव्यले मुख्य कथ्य बनाएका छन् ।

(३) शासकीय अत्याचार, दमन र शोषणका विरुद्ध आमजनतालाई जागरुक गराउँदै क्रान्तिकारी विचारको वकालत गर्ने काम पनि यस दशकका महाकाव्यहरूले गरेका छन् । साथै देशमा चलेको जनयुद्धका घटनाहरूलाई समेत महाकाव्यभित्र समाहित गरिएका छन् ।

(४) सामाजिक, जातीय र लैङ्गिक उत्पीडनबाट मुक्त हुन चाहने नेपाली जीवनका यथार्थहरूलाई व्यक्त गर्दै महाकाव्यहरूमा शासक-शोषक वर्गका विरुद्ध क्रान्तिधर्मी विद्रोहात्मक भाव अभिव्यक्ति गरिएको छ ।

(५) समाजका उत्पीडित वर्गका रूपमा रहेका सर्वहारावर्गप्रति अत्यन्त श्रद्धा भाव प्रकट गर्दै पचासको दशकका महाकाव्यहरूले आमूल परिवर्तनकारी, क्रान्तिधर्मी चिन्तन प्रस्तुत गरेका छन् ।

(६) वैज्ञानिक दृष्टिकोण, वर्गीय पक्षधरता, सङ्घर्षप्रति ऐक्यबद्धता, क्रान्तिकारी शक्तिप्रति आस्था र सर्वहारा वर्गीय मानवतावाद जस्ता प्रगतिवादी प्रवृत्तिमा आबद्ध रहेर पचासको दशकका महाकाव्यहरूले तत्कालीन युग जीवनका गतिशील यथार्थलाई मुख्य विषय बनाएका छन् ।

(७) असमानता, अन्याय, अत्याचार र अज्ञानताका विरुद्ध लडिरहेका कर्मशील योद्धाहरूलाई उभ्याएर तथा उनीहरूको जीवनवृत्त प्रस्तुत गरेर यस दशकका महाकाव्यहरूले आम जनतालाई क्रान्तिप्रति आकर्षित गरेका छन् ।

(८) साम्राज्यवाद र विस्तारवादद्वारा पोषित पुँजीवादी व्यवस्थामा असुरक्षा, दमन, हत्या, महङ्गी र भ्रष्टाचार बढ्दै गएको एवम् बहुसंख्यक नेपाली जनता भोका-नाङ्गा हुँदै गएको यथार्थलाई प्रस्तुत गर्दै महाकाव्यहरूले वर्गयुद्ध नचर्काई सामन्तवादी, पुँजीवादी संरचना ध्वस्त हुन सक्तैन भन्ने मार्क्सवादी वैज्ञानिक दृष्टिकोणलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् ।

(९) बद्ध लयात्मक संरचनामा लेखिएका महाकाव्यहरूले विशिष्ट, ओजपूर्ण र सामान्य सबै प्रकारका भाषाको प्रयोग गरेका छन् ।

**पचासको दशक (वि.सं. २०५०-२०५९) का प्रगतिवादी काव्यहरूको सर्वेक्षणबाट प्राप्त मूलभूत निष्कर्षहरूलाई निम्न लिखित रूपमा प्रस्तुत गर्न सकिन्छ-**

(१) प्रगतिवादको दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद हो । मार्क्स, एङ्गेल्स, लेनिन र माओत्सेतुङ्गका साहित्य सम्बन्धी चिन्तनद्वारा प्रगतिवादको सौन्दर्य-

शास्त्रीय स्वरूपको निर्माण भएको हो । वर्गीय पक्षधरता, उद्देश्यपरकता एवम् सिद्धान्त निष्ठता हुनु प्रगतिवादी काव्यका विशेषता हुन् ।

(२) पचासको दशकका नेपाली प्रगतिवादी काव्यले २०५२ अघि सामाजिक विकृति-विसङ्गति र सामन्तवादी-पुँजीवादी अत्याचारलाई ज्यादाजसो आलोचनात्मक यथार्थवादी ढङ्गले र केही मात्रामा मार्क्सवादी काव्य मान्यताका कसीमा रहेर रचना गरेको देखिएको छ । उता २०५२ पछिका काव्यहरूमा पूर्ण रूपमा मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनलाई आत्मसाथ गर्दै नवीन संरचनाको अपेक्षाका साथ जनयुद्धलाई मुख्य विषय बनाइएको छ ।

(३) पचासको दशकका प्रगतिवादी नेपाली काव्य कृतिहरूमा **गोविन्दले ठीक भन्यो**, **बोको खस्यो**, **यसरी देश मरिरहेछ**, **मृत्यु पर्व होइन मेरो देश**, **यात्रा मुक्ति शिखरको**, **जुनको देशबाट**, **इतिहासको यस घडीमा**, **नालिस**, **देश कहाँ छ ?**, **सेतो दरबारको छेउबाट**, **क्षितिजभित्रका गाउँहरू**, **बन्दी र चन्द्रागिरि**, **पुष्पाञ्जलि**, **आगोको यात्रा**, **रगतको मूल्य**, **म उभिएको ठाउँ**, **युग नृत्य**, **औंसीका फूलहरू** आदि उल्लेख्य देखिन्छन् ।

(४) यो समयका प्रगतिवादी कविताहरूले मूल रूपमा सामन्तवाद-पुँजीवाद, साम्राज्यवादप्रति घृणा र तिनको विरोध, वर्ग-सङ्घर्षको चित्रण, साम्यवादप्रति आस्था, उत्पीडितवर्गप्रति प्रेम र शोषक वर्गको विरोध एवम् युगीन यथार्थप्रति सम्वेदनशील हुँदै राष्ट्रविरोधी, जनविरोधी कार्यप्रति विद्रोह गरेका छन् ।

(५) वर्ग समाजमा कला लगायत सम्पूर्ण कुराहरू वर्गीय नै हुन्छ भन्ने प्रगतिवादी मान्यता अनुरूप पचासको दशकका प्रगतिवादी कविताहरूले वर्गीय सामूहिक आवेगलाई व्यक्त गरेका छन् । वर्गीय अनुभूतिलाई व्यक्त गर्ने क्रममा नै कविताको समाजवादी यथार्थवादी रूप देखापर्छ । सामाजवादी यथार्थवादी कविताहरूले व्यक्तिवादलाई पूर्ण रूपमा उपेक्षा गरी उत्पीडित तथा द्वन्द्वरत जनताका जीवन यथार्थहरूलाई व्यक्त गर्दै साम्यवादी समाजको अपेक्षा गरेका छन् ।

(६) फुटकर कविता र कवितासङ्ग्रहका अतिरिक्त यो समयावधिमा कविताका लघुत्तम रूप मुक्तक हाइकूदेखि मझौला र बृहत रूपका खण्डकाव्य र महाकाव्यहरू पनि थुप्रै सङ्ख्यामा प्रकाशित भएका छन् ।

(७) पचासको दशकका प्रगतिवादी कविताहरूले छन्दबद्ध या छन्दमुक्त लयका दुवै सम्भावनालाई स्वीकार गर्दछ तर पनि प्रायः जसो कविताहरू छन्दरहित मुक्त लयमा लेखिएका छन् ।

(८) पचासको दशकमा सिर्जित र प्रकाशित काव्यहरूमा कलाको परिमार्जनमा केही कमी देखापरे तापनि अभिव्यक्तिको सशक्तता र विचारको स्पष्टता उल्लेख्य रूपमा भएको पाइन्छ ।

(९) विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन, साहित्यिक अभियान, जागरण, राजनीतिक परिवर्तन लगायतले पचासको दशकका काव्यहरूलाई निकै प्रभाव पारेका छन् ।

# सन्दर्भग्रन्थसूची

**(अ) अङ्ग्रेजी**

प्लेखानोभ, जर्ज, **आर्ट एण्ड सोसिअल लाइफ**, न्यू दिल्ली : पिपुल्स पब्लिसिङ हाउस, १९५३ ।

थम्सन, जर्ज, **माक्सिज्म एण्ड पोएट्री**, इण्डियन इडिसन, दिल्ली : पिपुल्स पब्लिसिङ हाउस, १९५३ ।

**(आ) नेपाली**

आए, छिङ, **कविताका सम्बन्धमा**, अनु. सञ्जीवदास श्रेष्ठ, काठमाडौं : गुनिलो प्रकाशन, २०४५ ।

आफानास्येभ, भिक्टर, **दर्शनशास्त्रको प्रारम्भिक ज्ञान**, अनु. राजेन्द्र मास्के, मस्को : प्रगति प्रकाशन, सन् १९८५ ।

गौतम, देवीप्रसाद, **प्रगतिवाद : परम्परा र मान्यता**, काठमाडौं : मुना गौतम, २०४९ ।

चापागाईं, निनु, **यथार्थवादी रचना दृष्टि र विवेचना**, काठमाडौं :दिल वरदान र महिम चापागाईं, २०५१ ।

जोशी, कुमारबहादुर, **पाश्चात्य साहित्यका प्रमुख वाद**, दो.सं., काठमाडौं : साझा प्रकाशन, २०५१ ।

जोसेफ, स्तालिन, **द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद**, काठमाडौं : प्रगति प्रकाशन, २०३४ ।

पाण्डेय, ताराकान्त, **कला साहित्यको भूमिका र मूल्याङ्कन**, काठमाडौं : चिन्तन प्रकाशन प्रा.लि., २०५३ ।

________, **प्रगतिवाद र कविता**, काठमाडौं : शीला योगी, २०५६ ।

प्रधान, कृष्णचन्द्रसिंह, **भञ्ज्याङ्निरै**, काठमाडौं : कृष्णचन्द्रसिंह प्रधान, २००८ ।

फास्ट, हावर्ड, **साहित्य र यथार्थ**, दो.सं., अनु. डा. जगदीशचन्द्र भण्डारी र संजीवदास श्रेष्ठ, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६० ।

बराल, ऋषिराज, **प्रगतिवाद**, विराटनगर : हाम्रो साहित्य सदन, २०४९ ।

________, **मार्क्सवाद र उत्तरआधुनिकतावाद**, काठमाडौं : सविता बराल, २०५२ ।

भट्ट, आनन्ददेव, **व्यवहारिक समालोचना**, काठमाडौं : भारद्वाज प्रकाशन, २०४८ ।

भण्डारी, जगदीशचन्द्र, **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण,** काठमाडौं : मुन्नी भण्डारी, २०५५ ।

मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स, **कम्युनिष्ट पार्टीको घोषणापत्र**, अनु. निरञ्जन गोविन्द वैद्य, काठमाडौं : प्रगति प्रकाशन, २०४८ ।

वर्मा, जनेश्वर, **मार्क्सवादको मूल सिद्धान्त**, चौ.सं., अनु. चन्द्रनरसिंह राजभण्डारी, काठमाडौं : विविध पुस्तक भण्डार, २०६३ ।

शर्मा, सुकुम, **पारिजातका कविताको अध्ययन**, काठमाडौं : सनलाइट पब्लिकेसन, २०६३ ।

सुवेदी, अशोक, **नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत**, काठमाडौं : शारदा सुवेदी वर्षा/विकास आचार्य, २०६२ ।

**(इ) हिन्दी**

कडवेल, क्रिस्टोफर, **विभ्रम और यथार्थ,** अनु. भगवान सिंह, नयाँ दिल्ली : राजकमल प्रकाशन प्रा.लि., सन. १९९० ।

कुँवर, नारायण, **सामाजिक यथार्थ और कविताका आत्मसङ्घर्ष** (कविताका जनपद), नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन प्रा.लि., ई.सं. १९९२) ।

फिसर, अर्न्स्ट, **कलाकी जरुरत,** अनु. रमेश उपाध्याय, नयाँ दिल्ली, राजकमल प्रकाशन प्रा.लि., सन् १९९० ।

बेर्बेस्किना ज. र अरूहरू (सम्पा.) **ऐतिहासिक भौतिकवाद क्या है ?,** अनु. ददन उपाध्याय, मस्को : प्रगति प्रकाशन, सन् १९८६ ।

मार्क्स, कार्ल तथा फ्रेडरिक एङ्गेल्स, **साहित्य और कला**, अनु. तथा सम्पा. रमेश सिन्हा, लखनऊ : इन्डिया पब्लिसर्स, सन् १९८४ ।

मिश्र, शिवकुमार, **मार्क्सवादी साहित्यचिन्तन : इतिहास तथा सिद्धान्त,** भोपाल : मध्यप्रदेश हिन्दीग्रन्थ अकादमी, सन् १९७३ ।

रोहिताश्व, **मार्क्सवादी सौन्दर्यशास्त्रकी भूमिका**, नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन प्रा.लि., सन् १९९१ ।

लेनिन, भी. आइ., **सङ्कलित रचनाएँ, खण्ड १**, मस्को : प्रगति प्रकाशन, सन् १९८८ ।

**(ई) शोधपत्रहरू**

अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली समालोचनाको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०५४ ।

देवकोटा, डिल्लीकुमार, **चन्द्रप्रसाद न्यौपानेको महाकाव्यकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६४ ।

पाण्डेय, ताराकान्त, **प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

भण्डारी, जगदीशचन्द्र, **प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास (२000-२0१७)**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०५३ ।

रायमाझी, शङ्ककुमार, **ऋषिराम न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५८ ।

सुवेदी, लक्ष्मीकुमारी, **अमर गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६० ।

**(उ) पत्रपत्रिकाहरू**

अधिकारी, तेजविलास, 'जनताका कवि : केवलपुरे किसान बोको खस्यो कवितामा', **जनमत** (वर्ष २१, पूर्णाङ्क ९५, केवलपुरे किसान विशेष, २०६०) ।

अधिकारी, नन्दीश, 'बन्दी र चन्द्रागिरिमा 'इच्छुक' को कवित्व', **कलम**, (वर्ष ९, अङ्क २) २०५७-५८ ।

अवस्थी, महादेव, ''पुष्पाञ्जलि' महाकाव्यको पर्यवेक्षण', **कुञ्जिनी** (वर्ष ९, अङ्क ६, २०५८) ।

गिरी, जीवेन्द्रदेव, 'कवि ऋषिराम न्यौपानेका काव्य नियाल्दा', **दृष्टि** सा. वर्ष १३, अङ्क २४, २०५३ ।

चापागाई, नरेन्द्र, 'चालीसका दशकका केही प्रगतिशील कविताहरूको विहङ्गावलोकन', **गरिमा**, वर्ष १३, अङ्क ९, (२०५९) ।

चालिसे, विदुर, 'विजयका बाँसुरी नियाल्दा', **गोलार्ध** (वर्ष १, अङ्क १, असोज-कार्तिक, २०५३) ।

जङ्गली, चेतन, 'न्यौपानेका काव्यमा मदन-आश्रित', **युगसम्वाद** सा. (मङ्गलबार, चैत्र २६, २०५३) ।

तिमसिना, अनिरुद्ध, 'समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू', **प्रलेस,** (वर्ष ७, पूर्णाङ्क १३, २०५९) ।

पौडेल, गोपिन्द्र, 'वैशिष्ठ्यगत सर्वेक्षणका सन्दर्भमा पारिजातको बैंसालु वर्तमान', **गरिमा** (वर्ष १३, पूर्णाङ्क १५४, २०५२) ।

पौडेल, हेमनाथ, 'बैंसालु वर्तमान सङ्ग्रहभित्रका कवितामा अभिव्यक्त नारीस्वर' **जनमत** (वर्ष २३, पूर्णाङ्क १०९, २०६२) ।

_______, 'प्रगतिवादी नेपाली कविता पृष्ठभूमि, प्रारम्भ र विकास' **भिसमिसे,** (वर्ष २९, पूर्णाङ्क ४१, २०६४) ।

बराल, ऋषिराज, 'सौन्दर्यको खोजीतर्फ उद्यत कविताहरू', **जनादेश** (वर्ष ९, अङ्क १, २०५६) ।

भण्डारी, जगदीशचन्द्र, 'जनआन्दोलनपछिका कविताको स्वर' **गरिमा** (वर्ष १३, अङ्क ११, २०६०) ।

_______, 'केवलपुरे किसान', **जनमत** (वर्ष २१, पूर्णाङ्क ९५, केवलपुरे किसान विशेषाङ्क, २०६०) ।

'यात्री', पूर्णप्रकाश नेपाल, 'औंसीका फूलहरू : एक विंहगावलोकन', **जनमत** (वर्ष १४, अङ्क ११, २०५४) ।

शर्मा, सुकुम, 'शङ्कै शङ्काका पृष्ठभूमिमा कवि किसानलाई खोतल्दा' **जनमत,** (वर्ष २१, पूर्णाङ्क ९५, केवलपुरे किसान विशेषाङ्क, २०६०) ।

सुवेदी, राजेन्द्र, 'मातृका पोखरेल : समसामयिक कथ्यका कवि', **जनमत,** (वर्ष २४, पूर्णाङ्क १२६, मातृका पोखरेल विशेष) २०६४ ।

_______, ''बन्दी र चन्द्रागिरि' का कवि इच्छुक विचार, कला र संवेदनाका सङ्गममा' **नौलो बिहानी,** वर्ष ११, अङ्क १, पृ. ९०, २०६५ ।

श्रेष्ठ, चन्द्रमान, 'कवि किसानको 'शङ्कैशङ्का' भित्र अभिव्यञ्जित यथार्थ चेतना' **जनमत,** (वर्ष २१, पूर्णाङ्क ९५, केवलपुरे किसान विशेषाङ्क, २०६०) ।

**(ऊ) शोधपत्रमा सर्वेक्षण गरिएका नेपाली प्रगतिवादी कविता सङ्ग्रह, खण्डकाव्य र महाकाव्यहरूको सूची**

'इच्छुक', कृष्ण सेन, **इतिहासको यस घडीमा,** अखिल नेपाल जनसांस्कृतिक संघ, काठमाडौं, २०५६ ।

________ बन्दी र चन्द्रागिरि, **प्रगतिशील अध्ययन केन्द्र,** काठमाडौं, २०५८ ।

उदासी, लीला, **यसपल्ट पनि बाली लागेन**, शान्ता/सुशान्त खनाल, काठमाडौं, २०५७।

उप्रेती, सुरेन, **आजका स्वरहरू**, तारा उप्रेती, काठमाडौं, २०५३।

ओली, सरोज, **सरोज ओलीका कविता**, केशवमणि ओली, झापा, २०५१।

कार्की, पुण्य, **बाघले घाँस खायो**, रेणुका कार्की, उदयपुर, २०५४।

किसान, देवीप्रसाद, **बोको खस्यो**, गोविन्दप्रसाद शर्मा, पोखरा, २०५०।

किसान, केवलपुरे, **शङ्कैशङ्का**, लेखक स्वयम्, २०५४।

कौडिन्य, बी., **रगतको मूल्य**, श्रीमती गीता न्यौपाने, काभ्रे, २०५०।

खनाल, झलनाथ, **शताब्दीको पहिलो बिहानी**, कञ्चनजङ्घा प्रकाशन, काठमाडौं, २०५९

गिरी, अमर, **घाम छेक्ने पहाड**, जनमत प्रकाशन, काभ्रे, २०५५।

गिरी, मधुसूदन, **जिन्दगीको सन्धिसर्पन**, मध्यपश्चिमाञ्चल साहित्य परिषद, काठमाडौं, २०५८।

गुरागाईं, नम्रता, **परिवेश र म**, लेखक स्वयम्, २०५५।

चापागाई, चेतकान्त, **यात्रा मुक्ति शिखरको**, कमल, तुलसी र प्रकाश चापागाई, २०५५।

चौलागाईं, आर.आर., **तुवाँलोभित्र र तुवाँलोबाहिर**, लेखक स्वयम्, २०५४।

थानी, चन्द्रा शर्मा, **सङ्कल्प**, चक्रपाणि शर्मा, काठमाडौं, २०५१।

थापा, मणि, **बगिरहेको सुनकोशी**, बिहानी प्रकाशन, काठमाडौं, २०५८।

दुवाल, सिर्जना, **अभिव्यक्तिका सुत्रहरू**, जनमत प्रकाशन, काभ्रे, २०५६।

नेप्चुन, मनरूप, **यक्ष प्रश्नहरू**, संयुक्त प्रकाशन, काठमाडौं, २०५३।

नेपाल, केशव, **शहीदको सम्झना**, निरन्तर प्रकाशन, काठमाडौं, २०५७।

नेपाल, देवी, **श्रद्धाञ्जली**, दायित्व वाङ्मय प्रकाशन, काठमाडौं, २०५७।

न्यौपाने, ऋषिराम, **मुक्तिका मुटु**, एकता प्रकाशन प्रा.लि., काठमाडौं, २०५०।

________, **विजयका बाँसुरी**, न्यौपाने प्रकाशन, ललितपुर, २०५३।

________, **लाली**, न्यौपाने प्रकाशन, ललितपुर, २०५३।

________, **पुष्पाञ्जलि**, पुष्पलाल स्मृति प्रतिष्ठान, काठमाडौं, २०५७।

न्यौपाने, चन्द्रप्रसाद, **सोल्मू**, लेखक स्वयम्, २०५३।

________, **मनका गुनासा**, श्रीमती होममाया न्यौपाने, काठमाडौं, २०५६ ।

________, **सिमाना**, लेखक स्वयम्, २०५८ ।

पराशर, नरेन्द्र, **गौरी शङ्कर**, लेखक स्वयम्, २०५८ ।

पहाडी, डम्बर, **प्रहर**, नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, साथी प्रकाशन, २०५९

पारिजात, **बैसालु वर्तमान**, नेपाल साहित्य गुठी, काठमाडौं, २०५० ।

पीडित, थोमस, **देश कहाँ छ?**, लेखक स्वयम्, २०५७ ।

पूर्णविराम, **गोविन्दले ठीक भन्यो**, विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौं, २०५० ।

पोखरेल, बद्रीविशाल, **अचेतन मनहरू**, नेपाल बुद्धिजीवी परिषद, सुनसरी, २०५८ ।

पोखरेल, मातृका, **सेतो दरबारको छेउबाट**, सिर्जनशील प्रकाशन, काठमाडौं, २०५६ ।

पौडेल, अनिल, **हातहरू**, जनमत प्रकाशन, काभ्रे, २०५७ ।

पौडेल, पोषराज, **शहीद गाथा**, भीमराज पौडेल, चितवन, २०५७ ।

पंज्ञानी, मित्रलाल, **गतिमान् गण्डकी**, रामशरण घिमिरे, काठमाडौं, २०५० ।

पंज्ञानी, मित्रलाल, **सृष्टिकर्ता**, साझा प्रकाशन, काठमाडौं, २०५४ ।

प्रसाई, यज्ञराज, **समयान्तर/दुर्घटनाहरू**, कृष्ण प्रसाई, काठमाडौं, २०५४ ।

प्रेक्षित, जगत र अन्य, **आकुञ्चन**, कविहरू स्वयम्, २०५१ ।

भारती, बलभद्र, **क्षितिजभित्रका गाउँहरू**, लेखक स्वयम्, २०५० ।

________, **कुहिरो र काग**, सिर्जनशील प्रकाशन, काठमाडौं, २०५८ ।

मरहट्टा, मोदनाथ, **पाइलाहरू शिखरतिर उकासिंदै गर्दा**, कवि स्वयम्, २०५५ ।

राजव, **असमर्थ श्लोक**, साझा प्रकाशन, काठमाडौं, २०५२ ।

लम्साल, कृष्णविनोद, **बन्दी आस्थाहरू**, श्रीमती जानुका लम्साल, इटहरी, २०५० ।

लम्साल, रामहरि, **यात्रा**, गोमादेवी लम्साल, काठमाडौं, २०५८ ।

विष्ट, गायत्री, **लहरिएका आकाङ्क्षाहरू**, अभिव्यक्ति प्रकाशन, काठमाडौं, २०५२ ।

शर्मा, आत्माराम, **माफ गर बहिनी चिन्न सकिन**, साहित्य सदन नेपाल, काठमाडौं, २०५७

शर्मा, कुन्ता, **म उभिएको ठाउँ**, अनुराग प्रकाशन, काठमाडौं, २०५२ ।

शर्मा, सीता, **नालिस**, सिर्जनशील प्रकाशन, काठमाडौं, २०५७।

शर्मा, सुकुम, **आगोको यात्रा**, निरन्तर प्रकाशन प्रा.लि., काठमाडौं, २०५७।

शीतबिन्दु, **आस्था ओ मेरी प्रिया**, विवेक सिर्जनशील प्रकाशन, काठमाडौं, २०५९ ।

श्रेष्ठ, अनिल, **राष्ट्रले शोक धुन बजाएको छ**, चिन्तन प्रकाशन प्रा.लि., काठमाडौं, २०५१ ।

________, **मृत्युपर्व होइन मेरो देश**, पारिजात स्मृति पुस्तकालय, तनहुँ, २०५५ ।

श्रेष्ठ, गङ्गा, र अन्य, **तानाशाहलाई प्रश्न**, कविहरु स्वयम्, २०५३।

श्रेष्ठ, गङ्गा, **म प्रतिध्रुवीय यात्री**, चिन्तन प्रकाशन प्रा.लि., काठमाडौं, २०५५ ।

________, **जुनको देशबाट**, प्रगतिशील अध्ययन केन्द्र, काठमाडौं, २०५७।

सत्याल, नर्मदेश्वरी र जयन्ती स्पन्दन, **आमाछोरी**, साहित्य सन्ध्या नेपाल, काठमाडौं, २०५८ ।

साहनी, दिल, **फिलिङ्गो**, लेखक स्वयम्, २०५७।

सिंह, पृथ्वीबहादुर, **परिवेश**, श्रीमती प्रेमकुमारी सिंह, काठमाडौं, २०५९ ।

सिंह, मोहनविक्रम, **युग नृत्य**, जन शिक्षा गृह, काठमाडौं, २०५७।

सुब्बा, विजय, **अराजक अक्षरहरू**, साझा प्रकाशन, काठमाडौं, २०५८ ।

सुवेदी, अशोक, **युद्धघोष**, बर्षा सुवेदी, काठमाडौं, २०५५ ।

ज्ञवाली, ईश्वरचन्द्र, **हुरीका स्पन्दनहरू**, चिन्तन प्रकाशन प्रा.लि., काठमाडौं, २०५२ ।

________, **यसरी देश मरिरहेछ**, रेनु ज्ञवाली, काठमाडौं, २०५९ ।

ज्ञवाली, रामप्रसाद, **औंसीका फूलहरू**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०५४ ।

________, **पुतली र भुसिल्किरा**, भुँडीपुराण प्रकाशन, काठमाडौं, २०५९ ।